


गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

आवधिक शिक्षा विकास योजना (आर्थिक वर्ष २०८२/०८३-२०८६/०८७)

"कृषि, पूर्वाधार पर्यटकीय नगरी : स्वच्छ, समावेशी, समृद्ध गोदावरी"

## गोदावरी नगरपालिकाको

# आवधिक शिक्षा विकास योजना

## आर्थिक वर्ष २०८२/०८३-२०८६/०८७



गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

# गोदावरी नगरपालिका
## आवधिक शिक्षा विकास योजना
## (आर्थिक वर्ष २०८२/८३ - २०८६/८७)

**प्रकाशक**

**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बज्रवाराही, ललितपुर
फोन नं. : ०१-५५७२५९२, फ्याक्स नं : ०१-५५७०८२४
ईमेलः godawari.nagarpalika@gmail.com,
वेबसाइटः www.godawarimunlalitpur.gov.np

**आवधिक शिक्षा विकास योजना निर्देशक समिति**
श्री गजेन्द्र महर्जन, नगर प्रमुख
श्री मुना अधिकारी, नगर उपप्रमुख
श्री मानबहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत
श्री दीनानाथ पन्थी, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
श्री सुनिता महर्जन, वरिष्ठ विद्यालय निरीक्षक

**योजना निर्माण सहयोग समिति**
श्री शेखर न्यौपाने, संयोजक, सामाजिक विकास समिति
श्री पदमबहादुर कुँवर, शिक्षा अधिकृत

**परामर्शदाता**
ह्युमन डेभलपमेन्ट एन्ड रिसर्च सेन्टर नेपाल प्रा. लि.
खुमलटार, ललितपुर ।

**प्राविधिक टोली**
डा. कृष्णबहादुर राई, टोली प्रमुख/स्थानीय शासन विज्ञ
श्री दिनेशकुमार थापा, शिक्षाविद्
श्री दिलप्रसाद मगर, अर्थशास्त्री तथा तथ्याङ्कशास्त्री

**प्रकाशक**
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
फोन नं. : ०१-५५७२५९२
फ्याक्स नं : ०१-५५७०८२४

**इमेल**
godawari.nagarpalika@gmail.com

**वेबसाइट**
www.godawarimunlalitpur.gov.np

**प्रकाशन**
२०८२ चैत्र

**मुद्रण**
शारदा प्रिन्टिङ्ग प्रेस
९८४१३३६३९४
चापागाउँ, ललितपुर

# नगर प्रमुखको भनाइ



शिक्षा व्यक्ति र समाजको सर्वाङ्गीण विकासको मेरुदण्ड हो । समाज विकासको रणनीति सफल पार्न शिक्षा पहिलो सर्त हो भन्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु । तसर्थ, समतामूलक र गुणस्तरीय शिक्षा प्राप्त गर्नु सबैको आवश्यकता हो ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । राज्यले सबै नागरिकहरूलाई आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षाको पहुँच पुऱ्याउने रणनीति तथा कानुनी व्यवस्था स्पष्ट गरेको छ । माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गर्ने नीति रहेको छ । स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी व्यवस्थापनमा स्थानीय स्तरको विकासका लागि मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ ।

गोदावरी नगरपलिकाको स्थापना कालदेखि नै नगरपालिकाको शिक्षा विकासमा प्रथमिकताका साथ कार्यहरू भइरहेका छन् । यसै क्रममा, राज्यले शिक्षा विकासको लागि अपनाएको नीति तथा कार्यक्रमलाई पछ्याउँदै हामीले गोदावरी नगरपलिकाको समग्र योजनाबद्ध विकासको अङ्गका रूपमा यो पहिलो पञ्चवर्षीय शिक्षा योजना (२०८१-२०८६) तय गरेका छौं। आगामी दिनमा शिक्षा विकासका समग्र कार्यलाई मार्गदर्शन गर्न यस योजनाले सहयोग पुग्ने कुरामा म विश्वस्त छु ।

नगरपालिकाले विद्यालयको भौतिक पूर्वाधारहरू सुधार, नगर स्वयंसेवक शिक्षक नियुक्ति, दिवा खाजामा थप अनुदान, शिक्षक तालिम, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्था, शैक्षिक सामाग्रीहरूको वितरण, स्थानीय भाषामा शैक्षिक सामग्री विकास, परीक्षाको व्यवस्थापन, विद्यार्थीमैत्री वातावरणका लागि पूर्वाधारहरूको विकास लगायतका कार्यक्रमहरू प्राथमिकताका साथ अगाडि बढाइरहेको छ । हामी गोदावरी नगरपालिकालाई शिक्षा क्षेत्रको उत्कृष्ट केन्द्र बनाउन चाहन्छौं । यसै सन्दर्भमा आम नागरिकलाई "गणुस्तरीय तथा गरिखाने शिक्षा" मा पहुँच पुऱ्याउने राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न "गणुस्तरीय शिक्षाको समतामूलक विस्तार, गोदावरीवासीको वा दिगो समृद्धिको आधार" भन्ने दीर्घकालीन सोचसहित यस आवधिक योजनाको विकास गरिएको छ ।

यस पञ्चवर्षीय योजना (२०८२/८३–२०८६/८७) का माध्यमबाट राज्य तथा नगरपालिकाको शिक्षासम्बन्धी रणनीति प्राप्त गर्न गोदावरी नगरपालिका सक्षम र सफल हुने छ भन्ने कुरामा म विश्वस्त छु। शिक्षा योजना तयार पार्ने परामर्शदाता, सहयोग गर्नुहुने सरोकारवाला प्रतिनिधिहरू, शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य सरोकारवाला सङ्घसंस्था र व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद दिन्छु।

**गजेन्द्र महर्जन**

नगर प्रमुख

# नगर उपप्रमुखको भनाइ



गोदावरी नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकास र व्यवस्थापलाई योजनाबद्ध रूपमा अगाडि बढाउन तयार गरिएको यस आवधिक शिक्षा विकास योजना (२०८२/८३-२०८६/८७) निर्माण सम्पन्न भएकोमा खुसी व्यक्त गर्दछु। यस योजनाले नगरपालिकाको आगामी दिनका कार्यहरूमा पूर्ण मार्गनिर्देश गर्ने छ भन्ने कुरामा म विश्वस्त छु ।

गोदावरी नगरपालिकाले संविधान प्रदत्त अधिकार तथा कर्तव्यको प्रयोग गर्दै कानुनसम्मत शिक्षाको विकास, पहुँच र व्यवस्थापनलाई अग्रस्थानमा राख्दै विविध कार्यहरू गर्दै आएको छ । मुख्य गरी, विद्यालयको भौतिक पूर्वाधार, शिक्षक नियुक्ति, बालबालिकाको दिवा खाजा तथा पोषण, महिला शिक्षा, शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यपुस्तक, शैक्षिक सामग्री जस्ता पक्षहरूमा नगरपलिकाले प्राथमिकताका साथ कार्यहरू गरिरहेको छ ।

शिक्षा विकासको पवित्र अभियानमा नीति तथा कार्यक्रम छनौट तथा बजेट विनियोजन गर्न यस पञ्चवर्षीय योजनाले सहयोग गर्ने छ । योजना निर्माणमा संलग्न परामर्शदाता तथा सम्पूर्ण सरोकारवाला सङ्घसंस्था तथा व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद दिन्छु । शिक्षा क्षेत्रका चुनौती तथा समस्याहरूलाई उचित तवरबाट समाधान गरी सबै नागरिकको गुणस्तरीय शिक्षा पाउने अधिकारको प्रत्याभूति गर्न यस योजनाको सफल कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला तथा नगरवासीको वा साथ र सहयोग प्राप्त हुने छ भन्ने अपेक्षा लिएको छु ।

**मुना अधिकारी**

नगर उपप्रमुख

# प्रमुख प्रशासकीय अधिकृतको भनाइ



शिक्षाले व्यक्ति, समाज र राष्ट्रको परिवर्तनको लागि महत्त्वपूर्ण भूमिका खेल्छ । यसर्थ प्रत्येक व्यक्तिलाई समतामूलक रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको दायित्व हुन आउँछ । नेपालमा सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले यसैअनुसार संवैधानिक तथा कानुनी अधिकार र जिम्मेवारी वहन गरिरहेका छन् । यसै सन्दर्भमा, यस गोदावरी नगरपालिका, आवधिक शिक्षा विकास योजना (२०८२/८३-२०८६/८७) गोदावरी नगरपालिकाको शिक्षा विकासका लागि गरिएको महत्त्वपूर्ण उपलब्धि हो ।

विकास योजनाको मूल उद्देश्य नागरिकलाई सुखी र समृद्ध तुल्याउन योजनाबद्ध पहल गर्नु हो । आवधिक शिक्षा विकास योजनाले नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको आकलन, शिक्षा क्षेत्रमा देखिएका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी दिनमा मौजुदा सम्भावना तथा अवसरहरूको उपयोग गर्दै समस्या तथा चुनौतीहरूको समाधानका उपायहरूको खोजी गरी सोको कार्यान्वयनका लागि कार्ययोजना प्रस्तुत गरेको छ । योजनामा प्रस्ताव गरिएका रणनीतिक क्रियाकलापहरू प्रस्तावित समयभित्र कार्यान्वयन गरी अपेक्षित प्रतिफल प्राप्त गर्न सकिने रूपमा समावेश गरिएको छ ।

यस शिक्षा विकास योजना तर्जुमामा सहभागितामूलक तरिकाबाट सूचना, अपेक्षित रणनीति तथा कार्यक्रमहरू सङ्कलन गरिएको छ । यस योजनाले नगरपालिकाले आगामी दिनमा शिक्षा क्षेत्रमा राख्नुपर्ने रणनीति तथा कार्यनीतिहरू, गर्नुपर्ने कार्यक्रमहरू, अपेक्षित उपलब्धिहरू, कार्यक्रमका लागि आवश्यक पर्ने साधन स्रोत तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि प्रस्ट खाका प्रदान गरेको छ ।

गोदावरी नगरपालिकाको शिक्षा क्षेत्रको विकास र व्यवस्थापलाई योजनाबद्धरूपमा अगाडि बढाउन तयार गरिएको यस गोदावरी नगरपालिका, आवधिक शिक्षा विकास योजना (२०८२/८३–२०८६/८७) को सफल कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीवर्गमा हरदम साथ र सहयोगको अपेक्षा गर्दछु । अन्त्यमा, यस योजनाको तर्जुमामा संलग्न परामर्शदाता, विज्ञहरू तथा सरोकारवालाहरू सबैमा हार्दिक धन्यवाद दिन्छु ।

**मानबहादुर खड्का**
प्रमुख प्रशासकीय अधिकृत

# कार्यकारी सारांश

गोदावरी नगरपालिकाको आवधिक शिक्षा विकास योजना (आ.व. २०८२/८३-२०८६/८७) आगामी ५ वर्षको लागि तयार गरिएको छ । गोदावरी नगरपालिकालाई एक्काइसौं शताब्दीको गुणस्तरीय शिक्षाको केन्द्र (A Center for Quality Education of 21st Century) बनाउने र आम नागरिकलाई "**गुणस्तरीय तथा गरिखाने शिक्षा**" मा पहुँच गराउने लक्ष्यका साथ यस योजनामा सोही किसिमका रणनीति तथा कार्यनीति र कार्यक्रमहरू पहिचान गरी समावेश गरिएको छ । योजना तर्जुमा गर्ने क्रममा नेपालको संविधान, प्रचलित ऐन, अन्य कानुनी व्यवस्थाहरूले शिक्षा विकासको क्षेत्रमा नगरपालिकालाई उपलब्ध गराएको अधिकार तथा जिम्मेवारीहरूभित्र रही योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यनीति तोकी आयोजना तथा कार्यक्रमहरू पहिचान गरेर योजनामा समावेश गरिएको छ । योजना तर्जुमा गर्ने क्रममा राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षा क्षेत्रको योजना (२०२१ - २०३०), विद्यालय शिक्षा क्षेत्र योजना (२०७८ - २०८८), नेपाल सरकारको सोह्रौं योजना, बागमती प्रदेशको दोस्रो आवधिक विकास योजना (आ. व. २०८१/८२-२०८५/८६), दिगो विकास लक्ष्यहरू र नगरपालिकाको दोस्रो आवधिक विकास योजना (आ. व. २०८२/८३ - २०८६/८७) लाई मूल रूपमा आधारका रूपमा लिइएको छ ।

हाल गोदावरी नगरपालिकामा सामुदायिक विद्यालय ३५ ओटा, संस्थागत विद्यालय ५४ ओटा, धार्मिक विद्यालय (गोन्पा) १ ओटा, समुदायबाट व्यवस्थित बाल विकास केन्द्र ५ ओटा, संस्थागत बाल विकास केन्द्र १८ ओटा, सामुदायिक क्याम्पस ४ ओटा र संस्थागत क्याम्पस २ ओटा गरी ११८ ओटा शैक्षिक संस्थाहरू रहेका छन् । त्यस्तै गरी, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको लागि ३ ओटा मातृ विद्यालय सञ्चालनमा रहेका छन् । यी शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षाको प्रबन्धगरी नागरिकहरूलाई साक्षर र सिपयुक्त बनाउने जिम्मेवारी नगरपालिकाको काँधमा रहेको छ ।

गोदावरी नगरपालिकाको स्थापनाकालदेखि नै शिक्षामा सबै नागरिकको पहुँच, शैक्षिक गुणस्तर अभिवृद्धि, बालमैत्री शैक्षिक पूर्वाधार विकास, स्थानीय पाठ्यक्रम तयारी तथा कार्यान्वयन, विद्यालय पोषण तथा स्वास्थ्य, शिक्षक व्यवस्थापन जस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा विकासका लागि निरन्तर पहल गरिरहेको छ । गोदावरी नगरपालिका भौगोलिक रूपमा काठमाडौं उपत्यकाभित्र नेपालको सङ्घीय राजधानीसँगै रहेको हुनाले शिक्षा विकासका लागि भौतिक पूर्वाधार र दक्ष जनशक्ति प्राप्त गर्न सहज अवस्थामा रहेको छ । यही कारणले नेपालका अन्य स्थानहरूबाट बसाइँ सरी आउने क्रम तीव्र रहेकोले यहाँ दिनानुदिन जनसङ्ख्या वृद्धि भइरहेको छ । तसर्थ,

बढ्दो जनसङ्ख्या र शिक्षा क्षेत्रमा एक्काइसौं शताब्दीका विषयवस्तुहरू समावेश गर्दै लैजानुपर्ने दुवै चुनौतीका रूपमा रहेको छ । शिक्षा क्षेत्रको विकासमा नगरपालिकाको निरन्तर प्रयासका बाबजुद विपन्न तथा पिछडिएका वर्गका बालबालिकाको विद्यालयमा पहुँच, सहभागिता र टिकाउ दर तुलनात्मक रूपमा कमजोर नै रहेको छ । बहुसङ्ख्यक अभिभावकहरूमा बालबालिकाको शिक्षा सम्बन्धमा चेतना अपेक्षित स्तरभन्दा तल नै रहेको छ । विद्यालयमा परम्परागत शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीहरूको उपयोगमा न्यूनता, खोजमूलक शिक्षण सिकाइमा न्यूनता, विद्यालयको कार्य सम्पादन मूल्याङ्कन तथा स्तरीकरण नहुनु, सक्षमतामा आधारित तालिमप्राप्त शिक्षकको कमी जस्ता समस्या रहेका छन् । यसै गरी सामुदायिक विद्यालयहरूमा पुराना संरचनाहरूको सघनता, संस्थागत विद्यालयहरूको निजी जग्गा तथा भवनको अभावमा उपयुक्त कक्षा तथा खेल मैदानको अभाव, विद्यालयमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री संरचनाहरूको सीमितता, अधिकांश विद्यालयहरूमा सफा खानेपानी र बालमैत्री शौचालयको अभाव, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा कमी जस्ता समस्याहरू रहेका छन् ।गोदावरी नगरपालिकाको शिक्षा विकासमा भौगोलिक दुर्गमता र लामो दुरीमा बसोबास गर्ने घरधुरीका बालबालिकाहरूलाई विद्यालय पहुँच, सहभागिता र टिकाउपनमा चुनौती भएको छ । यस नगरपालिका सुगम क्षेत्रमा अवस्थित भएर पनि पुरुष निरक्षरता १६.८१ प्रतिशत र महिला निरक्षरता २३.८८ प्रतिशत रहनु उक्त परिवारका बालबालिकाको लागि शिक्षामा पहुँच तथा सहभागिता गराउने सन्दर्भमा मूल चुनौतीका रूपमा रहेको छ । यसको फलस्वरूप बालबालिकाको शिक्षामा अभिभावकको सहभागिता र निगरानी कमजोर रहेको छ । सामुदायिक विद्यालयहरूमा रहेका पुराना भवन तथा अन्य संरचनाहरूको व्यवस्थापन तथा पुनर्स्थापना गर्न चुनौतीका रूपमा रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धमा भूमिका स्पष्ट नहुँदा उनीहरूको सरुवा तथा वृत्ति विकासका गतिविधिहरू व्यवस्थापन गर्न चुनौतीका रूपमा रहेको छ । साथै विद्यालय व्यवस्थापनमा प्रत्यक्ष सहभागी हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्यहरूको शिक्षा विकासका क्षेत्रमा चेतनास्तर वृद्धि गर्न विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्ने कार्य चुनौतीका रूपमा रहेको छ ।

माथि उल्लेख गरिएका सम्भावना, अवसर, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी ५ वर्षका लागि यस नगरपालिकाको शिक्षा क्षेत्रमा गर्नुपर्ने रणनीतिक पहलहरूको पहिचान गरेर यस योजना तर्जुमा गरिएको छ । यस आवधिक योजनाको दीर्घकालीन सोच **"गुणस्तरीय शिक्षाको समतामूलक विस्तार, गोदावरीवासीको दिगो समृद्धिको आधार"** राखिएको छ । यस योजनाको मूल लक्ष्य नै सबै गुणस्तरीय शिक्षामा नागरिकहरूको समावेशी तथा

समतामूलक पहुँचको सुनिश्चित गरी उनीहरूको जीवनमा आर्थिक तथा सामाजिक समृद्धि ल्याउने रहेको छ । तसर्थ, यस योजनाले शिक्षामा नागरिकहरूको समतामूलक पहुँच, गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक, शैक्षिक सामग्री आपूर्ति, विद्यालयको भौतिक संरचना तथा वातावरण सुधार, विद्यालय नगएका नागरिकहरूका लागि साक्षरता अभियान, शैक्षिक क्षेत्रमा दिगो संस्थागत विकास तथा सुशासन प्रवर्धन जस्ता क्षेत्रहरूमा केन्द्रित भै शिक्षा विकासका रणनीति तथा कार्यनीतिहरू निर्धारण गरी सोही अनुसारका कार्यक्रम तथा आयोजनाहरू समावेश गरिएको छ । योजनामा मुख्य उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइलाई समावेश गरिएको छ । त्यस्तै, अन्तरसम्बन्धित क्षेत्रहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन; शिक्षक व्यवस्थापन र विकास; शैक्षिक समता र समावेशीकरण; विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम; विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलता; विद्यालय भौतिक पूर्वाधार विकास, र विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई समावेश गरिएको छ । अन्य क्षेत्रमा सुशासन तथा संस्थागत व्यवस्थालाई योजनामा समावेश गरिएको छ ।

प्रारम्भिक बाल विकास र विद्यालय शिक्षामा विपन्न परिवारका बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच र सहभागितामा समस्या रहेको, दिवा खाजा र बालबालिका पोषणमा कम लगानी भएको, शिक्षण सिकाइ विधि परम्परागत रहेको, शैक्षिक सामग्री प्रयोगमा न्यूनता रहेको, शिक्षण सिकाइमा सूचना प्रविधि प्रयोगमा कमी रहेको, सिकाइ उपलब्धि मापन, मूल्याङ्कन तथा परीक्षा प्रणाली परम्परागत भएको र बालबालिकाको शिक्षामा अभिभावकको भूमिका कमजोर रहेको जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूमा सबै बालबालिकाको समतामूलक पहुँचका लागि अभिभावक सचेतनामूलक कार्यक्रम, बालबालिका भर्ना अभियान, विपन्न बालबालिका छात्रवृत्ति, अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ सहयोगी सामग्री वितरण, बालबालिकाका लागि डे-बोर्डर्स जस्ता कार्यक्रमहरू समावेश गरिएको छ । विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सिकाइ सामग्री सहयोग, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, बालबालिकाको शिक्षामा अभिभावकको सहभागिता, पूर्वप्राविधिक शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम, खेलकुद तथा अतिरिक्त क्रियाकलापको निरन्तरता जस्ता कार्यक्रमहरू समावेश गरिएको छ ।

शिक्षामा अन्तरसम्बन्धित विषयहरूमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी कार्यक्रम तथा आयोजनाहरूको छनौट तथा समावेश गरिएको छ । जसमा शिक्षक तथा शिक्षण सामग्रीको आवश्यकतानुसार आपूर्ति वा अनुदानको व्यवस्था, शैक्षिक क्षेत्रमा समता तथा

समावेशीकरण प्रवर्धन गर्ने क्रियाकलापहरू, विद्यालयमा सुरक्षित तथा बालमैत्री पूर्वाधार तथा वातावरण निर्माण, शिक्षण सिकाइमा सूचना प्रविधिको उपयोग वृद्धि जस्ता क्षेत्रमा रणनीति तथा कार्यनीति र कार्यक्रम छनौट गरी समावेश गरिएको छ ।

यस आवधिक शिक्षा विकास योजना कार्यान्वयनका लागि पाँच वर्षको समयावधिमा ससर्त अनुदानसहित जम्मा २ अर्ब, ८२ करोड १२ लाख बजेट अनुमान गरिएको छ । जसमा नगरपालिका तर्फको ४८ करोड २३ लाख ८७ हजार लगानी हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षसम्म ससर्त अनुदानतर्फ बाहेकको कुल व्ययमा ३ प्रतिशतमात्र शिक्षा क्षेत्रमा लगानी भएको छ । आगामी वर्षहरूमा ससर्त अनुदान बाहेकको कुल बजेटमा शिक्षामा ५ प्रतिशत लगानी गर्नुपर्ने अनुमान गरिएको छ ।

# गोदावरी नगरपालिकाको शिक्षा विकासमा प्राथमिकता दिनुपर्ने योजनाहरू

| क सं | क्रियाकलापको नाम | इकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु (हजार) |
| क | **प्रारम्भिक बाल विकास तथा शिक्षा** | | | | | | | | | | | | | |
| १ | सबै बालबालिकालाई पोसाक वितरण | पटक | १ | ४,००० | १ | ४४०० | १ | ४८४० | १ | ५८०८ | १ | ६९७० | ५ | २६,०१८ |
| २ | बालबालिकाका लागि दिवा खाजामा थप अनुदान सहयोग (ECED) | पटक | १ | १०,००० | १ | १०,५०० | १ | ११,०२५ | १ | ११,५७६ | १ | १२,१५५ | ५ | ५५,२५६ |
| ३ | डेबोर्डर्स सहितको नमुनाबाल विकास केन्द्र सञ्चालन | सङ्ख्या | १४ | १४,००० | १४ | १४,००० | १४ | १४,००० | १४ | १४,००० | १४ | १४,००० | ७० | ७०,००० |
| ख | **आधारभूत शिक्षा** | | | | | | | | | | | | | |
| ४ | विपन्न बालबालिकाका लागि टोल सिकाइ कार्यक्रम | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| ५ | विद्यार्थीको दिवा खाजाको लागि विद्यालय अनुदान | पटक | १ | ११,१३५ | १ | १३,३६२ | १ | १६,०३४ | १ | १९,२४१ | १ | २३,०९० | ५ | ८२,८६२ |
| ६ | विद्यालयहरूमा इ-पुस्तकालय सञ्चालन | सङ्ख्या | १० | २,००० | १० | २,००० | १० | २,००० | १५ | ३,००० | १५ | ३,००० | ६० | १२,००० |
| ७ | विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन | पटक | ५ | ५,००० | ५ | ५,००० | ५ | ५,००० | ५ | ६,००० | ५ | ७,२०० | २५ | २८,२०० |
| ८ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम | पटक | ५ | ५०० | ५ | ६०० | ५ | ७२० | ५ | ८६४ | ५ | १,०३७ | २५ | ३,७२१ |
| ग | **माध्यमिक शिक्षा** | | | | | | | | | | | | | |
| ९ | विपन्न बालबालिकाका लागि टोल सिकाइ कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १० | लामो दुरीका बालबालिकाका लागि विद्यालयमा छात्रावास कार्यक्रम | पटक | १ | १,००० | १ | १,०५० | १ | १,१०३ | १ | १,१५८ | १ | १,२१६ | ५ | ५,५२६ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | लामो दुरीका बालबालिकाका लागि यातायात खर्च | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| १२ | बृहत् विद्यालय (Mega School) स्थापना र सञ्चालन कार्यक्रम | पटक | १ | १,००० | १ | १,००० | १ | १,००० | १ | १,००० | १ | १,००० | ५ | ५,००० |
| १३ | विद्यार्थीको दिवा खाजा साझेदारी कार्यक्रम | पटक | १ | १०,००० | १ | ११,००० | १ | १२,१०० | १ | १३,३१० | १ | १४,६४१ | ५ | ६१,०५१ |
| १४ | विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन | सङ्ख्या | २ | १,००० | २ | १,००० | २ | १,००० | २ | १,००० | २ | १,००० | १० | ५,००० |
| १५ | विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला स्थापना र सञ्चालन | सङ्ख्या | २ | २,००० | २ | २,००० | २ | २,००० | २ | २,००० | २ | २,००० | १० | १०,००० |
| १६ | विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन | पटक | ५ | ५,००० | ५ | ५,००० | ५ | ५,००० | ५ | ६,००० | ५ | ७,२०० | २५ | २८,२०० |
| घ | **प्राविधिक शिक्षा तथा व्यवसायिक सिप** | | | | | | | | | | | | | |
| १८ | सामान्य साक्षर र निरक्षर महिला/पुरुष प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ङ | **अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ** | | | | | | | | | | | | | |
| १९ | निरक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन तथा खण्डीकृत विवरण अद्यावधीकरण | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| २० | मौलिक एवं परम्परागत ज्ञान तथा सिपको पहिचान तथा शिक्षण सिकाइ | पटक | १ | २०० | १ | ३०० | १ | ४०० | १ | ५०० | १ | ५०० | ५ | १,९०० |
| | **अन्तरसम्बन्धित विषय क्षेत्र** | | | | | | | | | | | | | |
| २१ | विद्यालयमा पुराना पाठ्यपुस्तक बैङ्क स्थापना र सञ्चालन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | विद्यालयहरूमा इ-पुस्तकालय सञ्चालन | सङ्ख्या | १० | २,००० | १० | २,००० | १० | २,००० | १५ | ३,००० | १५ | ३,००० | ६० | १२,००० |
| २३ | विद्यालयहरूको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण | पटक | १ | १,००० | | | | | | | | | १ | १,००० |
| २४ | शिक्षक दरबन्दी मापदण्ड तयारी तथा कार्यान्वयन | पटक | १ | ५०० | | | | | | | | | १ | ५०० |
| २५ | शिक्षक प्रोत्साहन र पुरस्कार कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| २६ | शिक्षक क्षमता विकास तालिम | पटक | १ | १,००० | १ | १,००० | १ | १,००० | १ | १,००० | १ | १,००० | ५ | ५,००० |
| २७ | शिक्षकलाई कक्षाकोठामा आधारित अनुसन्धान तथा नवप्रवर्धनात्मक कार्य प्रोत्साहन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| २८ | विपन्न, दलित र अल्पसङ्ख्यक विद्यार्थीका लागि इन्जिनियरिङ, एमबिबिएस र बिडिएस छात्रवृत्ति कार्यक्रम (निरन्तर) | पटक | १ | ३००० | १ | ३३०० | १ | ३६३० | १ | ३९९३ | १ | ४३९२ | ५ | १८,३१५ |
| २९ | कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि उपचारात्मक शिक्षण सिकाइ कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ३० | महिला शिक्षा कार्यक्रम | सङ्ख्या | १ | १००० | १ | ११०० | १ | १२१० | १ | १३३१ | १ | १४६४ | ५ | ६,१०५ |
| ३१ | एकीकृत छात्रवृत्ति मापदण्ड तयारी | पटक | १ | ३०० | | | | | | | | | १ | ३०० |
| ३२ | विद्यालयमा प्राथमिक स्वास्थ्य उपचार/ नर्सिङ कक्ष कार्यक्रम | पटक | १ | १००० | १ | ११०० | १ | १२१० | १ | १३३१ | १ | १४६४ | ५ | ६,१०५ |
| ३३ | सबै विद्यालयमा महिनावरी स्वच्छता सहितको शौचालय निर्माण गरी नियमित सरसफाइ कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | एक विद्यालय एक बगैंचा कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ३५ | विद्यालयको स्वमित्वमा रहेका तथा आवश्यक पर्ने खेल मैदान तथा खाली जग्गा उपयोग मापदण्ड निर्माण | पटक | १ | ३०० | | | | | | | | | १ | ३०० |
| ३६ | विद्यालयहरूको भवन तथा भौतिक संरचनाको अवस्था र आवश्यकता सर्वेक्षण तथा ५ वर्षे योजना तयारी | पटक | १ | १००० | | | | | | | | | १ | १,००० |
| ३७ | विद्यालयमा इन्टरनेट जडान र इ-हाजिरी कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | | | | | | | २ | १,००० |
| ३८ | सबै विद्यालयका लागि नगरपालिकास्तरीय एकीकृत डिजिटल/ अनलाइन लाइब्रेरी स्थापना तथा सञ्चालन | पटक | १ | १००० | १ | १००० | | | | | | | २ | २,००० |
| ३९ | विद्यालयमा शिक्षक तथा कर्मचारीको आवश्यकता सर्वेक्षण | पटक | १ | ५०० | | | | | | | | | १ | ५०० |
| | **जम्मा** | | ८३ | ८५,४३५ | ७७ | ८६,७८७ | ७५ | ९०,९२६ | ८५ | १०१,८४९ | ८५ | ११२,१५१ | ४०५ | ४७७,१४८ |

नोटः यस तालिकामा प्रस्तुत गरिएका कार्यक्रमहरू उपक्षेत्रगत तथा अन्तरसम्बन्धित विषयका शीर्षकगत योजना खण्डमा समावेश भएका छन् ।

**विषय सूची** **पृष्ठ**


कार्यकारी साराश IV

तालिका सूची XIX

**परिच्छेद-१**

**परिचय** **१-१०**

१.१ पृष्ठभूमि १

१.२ आवधिक योजनाको अवधारणा २

१.२ योजनाको उद्देश्य ५

१.३ आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा लिइएका नीतिगत आधारहरू ६

१.३.१ राष्ट्रिय शिक्षा नीति तथा योजनाहरू ६

१.३.२ दीर्घकालीन सोच, पन्ध्रौं योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति ६

१.३.३ राष्ट्रिय, प्रदेश र स्थानीय तहको दीर्घकालीन सोच ६

१.३.४ दिगो विकास लक्ष्यहरू ७

१.३.५ शिक्षा विकास योजना तर्जुमासम्बन्धी मार्गनिर्देशन ८

१.३.६ शिक्षा विकाससम्बन्धी स्थानीय नीति,ऐन तथा कार्यविधि ८

१.३.७ स्थानीय तहका प्रमुख समस्या र सम्भावनाहरू ८

१.४ आवधिक शिक्षा योजना तर्जुमा प्रक्रिया ८

१.५ योजना तर्जुमा प्रक्रियाको सीमा १०

**परिच्छेद –२**

**शिक्षा क्षेत्रको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा** **११-३३**

२.१ नगरपालिकाको परिचय ११

२.१.१ भौगोलिक अवस्था र राजनितिक तथा प्रशासनिक संरचना ११

२.१.२ प्राकृतिक संरचना १३

२.१.२.१ नगरपालिकाको भू-बनौट तथा भू-उपयोग १४

२.१.२.२ नगरपालिकाको जैविक विविधता १४

२.१.२.३ गोदावरीको ऐतिहासिक,सांस्कृतिक तथा पर्यटकीय सम्पदा १५

२.१.३ जनसाङ्ख्यिक अवस्था १७

२.१.३.१ जनसङ्ख्या र पारिवारिक विवरण १७

२.१.३.२ उमेरको आधारमा जनसङ्ख्या विवरण १८

२.१.४ सामाजिक तथा सांस्कृतिक अवस्था १९
२.१.४.१ जातजाति र मातृभाषाको आधारमा जनसङ्ख्या विवरण १९
२.१.४.२ धर्मको आधारमा जनसङ्ख्या विवरण २०
२.१.४.३ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण २०
२.१.५ समग्र आर्थिक अवस्था २१
२.१.६ नगरको शैक्षिक अवस्था २२
२.१.६.१ नगरमा सञ्चालित शैक्षिक संस्था २२
२.१.६.२ विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण २३
२.१.६.३ साक्षरताको आधारमा जनसङ्ख्या विवरण २५
२.१.६.४ शैक्षिक योग्यताको आधारमा जनसङ्ख्या विवरण २८
२.१.६.५ शैक्षिक विकासका लागि हालसम्म गरिएका प्रयासहरू २८
२.१.६.६ शैक्षिक सूचकहरूमा नगरपालिकाको वर्तमान अवस्था ३१
२.१.७ दिगो विकास लक्ष्य ३३

**परिच्छेद – ३**
**शिक्षाको दीर्घकालीन सोच तथा विकासको अवधारणा ३४-४७**

३.१ पृष्ठभूमि ३४
३.२ प्रमुख सम्भावना र अवसरहरू ३४
३.२.१ प्रमुख सम्भावनाहरू ३४
३.२.२ प्रमुख अवसरहरू ३५
३.३ शिक्षा क्षेत्रका समस्या र चुनौतीहरू ३५
३.३.१ मुख्य समस्याहरू ३५
३.३.२ मुख्य चुनौतीहरू ३६
३.४ निर्देशक सिद्धान्त ३७
३.५ आवधिक शिक्षा योजनाको दीर्घकालीन खाका ३७
३.५.१ दीर्घकालीन सोच ३८
३.५.२ समष्टिगत लक्ष्य ३८
३.५.३ समष्टिगत उद्देश्य ३८
३.६ मूल शिक्षा नीतिहरू ३८
३.७ परिमाणात्मक लक्ष्य ३९
३.८ समग्र रणनीति तथा कार्यनीतिहरू ४२

**परिच्छेद– ४**

**शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** **४५-९५**


४.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ४८

४.१.१ वर्तमान अवस्था ४९

४.१.२ समस्या तथा चुनौतीहरू ४९

४.१.३ उद्देश्य ५१

४.१.४ रणनीति तथा कार्यनीति ५१

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा ५३

४.१.५.१ प्रमुख उपलब्धि ५३

४.१.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य ५४

४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५६

४.२ आधारभूत शिक्षा ५९

४.२.१ वर्तमान अवस्था ५९

४.२.२ समस्या तथा चुनौतीहरू ६१

४.२.३ उद्देश्य ६२

४.२.४ रणनीति तथा कार्यनीति ६२

४.२.५ प्रमुख उपलब्धि तथा नतिजा ६४

४.२.५.१ प्रमुख उपलब्धि ६४

४.२.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य ६६

४.२.६ मुख्य कार्यक्रम तथा आयोजना ६९

४.३ माध्यमिक शिक्षा ७३

४.३.१ वर्तमान अवस्था ७३

४.३.२ समस्या तथा चुनौतीहरू ७४

४.३.३ उद्देश्य ७५

४.३.४ रणनीति तथा कार्यनीति ७५

४.३.५ प्रमुख उपलब्धि तथा नतिजा ७९

४.३.५.१ प्रमुख उपलब्धि ७९

४.२.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य ८०

४.३.६ कार्यक्रम तथा आयोजना ८२

४.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिम ८५

४.४.१ वर्तमान अवस्था ८५
४.४.२ समस्या तथा चुनौतीहरू ८६
४.४.३ उद्देश्य ८६
४.४.४ रणनीति तथा कार्यनीति ८६
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा ८७
४.४.५.१ प्रमुख उपलब्धि ८७
४.४.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य ८८
४.४.६ कार्यक्रम तथा आयोजना ८९
४.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ९०
४.५.१ वर्तमान अवस्था ९०
४.५.२ समस्या तथा चुनौतीहरू ९१
४.५.३ उद्देश्य ९२
४.५.४ रणनीति तथा कार्यनीति ९२
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ९३
४.५.५.१ प्रमुख उपलब्धि ९३
४.५.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य ९४
४.५.६ कार्यक्रम तथा आयोजना ९५

**परिच्छेद – ५**
**अन्तरसम्बन्धित विषय तथा क्षेत्र ९६-१४६**
५.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन ९७
५.१.१ वर्तमान अवस्था ९७
५.१.२ समस्या तथा चुनौतीहरू ९८
५.१.३ उद्देश्य ९९
५.१.४ रणनीति तथा कार्यनीति ९९
५.१.५ प्रमुख उपलब्धि तथा नतिजा १०१
५.१.५.१ प्रमुख उपलब्धि १०१
५.१.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य १०२
५.१.६ कार्यक्रम तथा आयोजना १०४
५.२ शिक्षक व्यवस्थापन र विकास १०६
५.२.१ वर्तमान अवस्था १०६

| | | |
|---|---|---|
| | ५.२.२ समस्या तथा चुनौतीहरू | १०७ |
| | ५.२.३ उद्देश्य | १०८ |
| | ५.२.४ रणनीति तथा कार्यनीति | १०८ |
| | ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा | ११० |
| | ५.२.५.१ प्रमुख उपलब्धि | ११० |
| | ५.२.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य | १११ |
| | ५.२.६ कार्यक्रम तथा आयोजना | ११२ |
| ५.३ | शैक्षिक समता र समावेशीकरण | ११५ |
| | ५.३.१ वर्तमान अवस्था | ११५ |
| | ५.३.२ समस्या तथा चुनौतीहरू | ११६ |
| | ५.३.३ उद्देश्य | ११७ |
| ५.३.४ | रणनीति तथा कार्यनीति | ११७ |
| | ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा | ११८ |
| | ५.३.५.१ प्रमुख उपलब्धि | ११८ |
| | ५.३.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य | ११९ |
| | ५.३.६ कार्यक्रम तथा आयोजना | १२० |
| ५.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १२१ |
| | ५.४.१ वर्तमान अवस्था | १२२ |
| | ५.४.२ समस्या तथा चुनौतीहरू | १२२ |
| | ५.४.३ उद्देश्य | १२३ |
| | ५.४.४ रणनीति तथा कार्यनीति | १२३ |
| | ५.४.५ प्रमुख उपलब्धि तथा नतिजा | १२५ |
| | ५.४.५.१ प्रमुख उपलब्धि | १२५ |
| | ५.४.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य | १२६ |
| | ५.४.६ कार्यक्रम तथा आयोजना | १२७ |
| ५.५ | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता | १२८ |
| | ५.५.१ वर्तमान अवस्था | १२८ |
| | ५.५.२ समस्या तथा चुनौतीहरू | १२९ |
| | ५.५.३ उद्देश्य | १२९ |
| | ५.५.४ रणनीति तथा कार्यनीति | १३० |

५.५.५ प्रमुख उपलब्धि तथा नतिजा १३१
५.५.५.१ प्रमुख उपलब्धि १३१
५.५.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य १३२
५.५.६ कार्यक्रम तथा आयोजना १३३
५.६ विद्यालय भौतिक पूर्वाधार विकास १३४
५.६.१ वर्तमान अवस्था १३४
५.६.२ समस्या तथा चुनौतीहरू १३५
५.६.३ उद्देश्य १३५
५.६.४ रणनीति तथा कार्यनीति १३६
५.६.५ प्रमुख उपलब्धि तथा नतिजा १३७
५.६.५.१ प्रमुख उपलब्धि १३७
५.६.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य १३८
५.६.६ कार्यक्रम तथा आयोजना १३९
५.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि १४०
५.७.१ वर्तमान अवस्था १४०
५.७.२ समस्या तथा चुनौतीहरू १४१
५.७.३ उद्देश्य १४१
५.७.४ रणनीति तथा कार्यनीति १४२
५.७.५ प्रमुख उपलब्धि तथा नतिजा १४३
५.७.५.१ प्रमुख उपलब्धि १४३
५.७.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य १४४
५.७.६ कार्यक्रम तथा आयोजना १४५

**परिच्छेद – ६**

**सुशासन तथा व्यवस्थापन १४७-१६३**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास १४८
६.१.१ वर्तमान अवस्था १४९
६.१.२ समस्या तथा चुनौतीहरू १५०
६.१.३ उद्देश्य १५१
६.१.४ रणनीति तथा कार्यनीति १५१
६.१.५ प्रमुख उपलब्धि तथा नतिजा १५३

६.१.५.१ प्रमुख उपलब्धि १५३
६.१.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य १५५
६.१.६ कार्यक्रम तथा आयोजना १५८
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध १६१
६.२.१ वर्तमान अवस्था १६१
६.२.२ उद्देश्य १६२
६.२.३ रणनीति तथा कार्यनीति १६२

**परिच्छेद – ७**

**लगानी र स्रोत व्यवस्थापन १६४-१६८**

७.१ वर्तमान अवस्था १६४
७.२ उद्देश्य १६७
७.३ रणनीति १६७
७.४ क्षेत्रगत आयोजना तथा कार्यक्रम र बजेट अनुमान १६७

**परिच्छेद – ८**

**अनुगमन तथा मूल्याङ्कन १७३-१७५**

८.१ वर्तमान अवस्था १७३
८.२ उद्देश्य १७३
८.३ रणनीति १७३
८.४ अपेक्षित उपलब्धि १७४
८.५ अनुगमन तथा मूल्याङ्कनका क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य १७४

**अनुसूचीहरू १७६-१९०**

# तालिका सूची

तालिका १: नगरपालिकाको भौगोलिक स्थिति
तालिका २: नगरपालिकाको राजनीतिक तथा प्रशासनिक विभाजन
तालिका ३: नगरपालिकाको भूउपयोगको अवस्था
तालिका ४: नगरपालिकाको वन क्षेत्रसम्बन्धी विवरण
तालिका ५: नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरू
तालिका ६: वडागत जनसङ्ख्या र परिवार सङ्ख्या
तालिका ७: उमेर समूहका आधारमा जनसङ्ख्या विवरण
तालिका ८: जातजातिको आधारमा जनसङ्ख्याको विवरण
तालिका ९: धर्मको आधारमा जनसङ्ख्याको विवरण
तालिका १०: मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण
तालिका ११: पेसाको आधारमा जनसङ्ख्या विवरण
तालिका १२: गोदावरी नगरपालिकाको औपचारिक शैक्षिक संस्थाको विवरण
तालिका १३: विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०८१)
तालिका १४: साक्षरताको आधारमा जनसङ्ख्या विवरण
तालिका १५: शैक्षिक योग्यताको आधारमा जनसङ्ख्या विवरण
तालिका १६: शैक्षिक सूचकहरूमा नगरपालिकाको वर्तमान अवस्था
तालिका १७: प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य
तालिका १८: प्रमुख रणनीति तथा कार्यनीतिहरू
तालिका १९: प्रारम्भिक बाल विकास तथा शिक्षा क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू
तालिका २०: प्रारम्भिक बाल विकास तथा शिक्षा क्षेत्रका रणनीतिहरू
तालिका २१: प्रारम्भिक बाल विकास तथा शिक्षाका अपेक्षित उपलब्धि र नतिजा खाका
तालिका २२: प्रारम्भिक बाल विकास तथा शिक्षाका मुख्यकार्यक्रम तथा आयोजनाहरू
तालिका २३: आधारभूत तह शिक्षा क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू
तालिका २४: आधारभूत तहको शिक्षा विकासका रणनीति तथा कार्यनीति
तालिका २५: आधारभूत शिक्षा विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका
तालिका २६: आधारभूत शिक्षा विकासका कार्यक्रम तथा आयोजनाहरू

तालिका २७: माध्यमिक तहको शिक्षा क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू
तालिका २८: माध्यमिक शिक्षा विकासका रणनीति तथा कार्यनीतिहरू
तालिका २९: माध्यमिक शिक्षा विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका
तालिका ३०: माध्यमिक शिक्षा विकासका कार्यक्रम तथा आयोजना
तालिका ३१: प्राविधिक शिक्षा तथा व्यावसायिक सिप क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू
तालिका ३२: प्राविधिक शिक्षा तथा व्यावसायिक विकासका रणनीति तथा कार्यनीतिहरू
तालिका ३३: प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका
तालिका ३४: प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रम तथा आयोजना
तालिका ३५: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू
तालिका ३६: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ विकासका रणनीति तथा कार्यनीतिहरू
तालिका ३७: अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका
तालिका ३८: अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ विकासका कार्यक्रम तथा आयोजना
तालिका ३९: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका समस्या तथा चुनौतीहरू
तालिका ४०: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका रणनीति तथा कार्यनीतिहरू
तालिका ४१: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका
तालिका ४२: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री क्षेत्रकाका कार्यक्रम तथा आयोजना
तालिका ४३: शिक्षक व्यवस्थापन तथा विकास क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू
तालिका ४४: शिक्षक व्यवस्थापन तथा विकासका रणनीति तथा कार्यनीतिहरू
तालिका ४५: शिक्षक व्यवस्थापन तथा विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका
तालिका ४६: शिक्षक व्यवस्थापन तथा विकासका कार्यक्रम तथा आयोजना
तालिका ४७: शैक्षिक समता तथा समावेशीकरणका समस्या र चुनौतीहरू
तालिका ४८: शिक्षामा समता तथा समावेशीकरणका रणनीति तथा कार्यनीतिहरू
तालिका ४९: शिक्षामा समता क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५०: शिक्षामा समता तथा समावेशीकरण क्षेत्रका कार्यक्रम तथा परियोजनाहरू

तालिका ५१: विद्यालय पोषण तथा स्वास्थ्य सुधारका समस्या तथा चुनौतीहरू

तालिका ५२: विद्यालय पोषण तथा स्वास्थ्य सुधारका रणनीति तथा कार्यनीतिहरू

तालिका ५३: विद्यालय पोषण तथा स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५४: विद्यालय पोषण तथा स्वास्थ्य क्षेत्रका कार्यक्रम तथा आयोजनाहरू

तालिका ५५: विद्यालय सुरक्षा, विपद् व्यवस्थापनका समस्या तथा चुनौतीहरू

तालिका ५६: विद्यालय सुरक्षा, विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

तालिका ५७: विद्यालय सुरक्षा, विपद् व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५८: विद्यालय सुरक्षा, विपद् व्यवस्थापनका कार्यक्रम तथा आयोजनाहरू

तालिका ५९: विद्यालय भौतिक पूर्वाधार विकास क्षेत्रका समस्या तथा चुनौतीहरू

तालिका ६०: विद्यालय भौतिक पूर्वाधार विकासका रणनीति तथा कार्यनीतिहरू

तालिका ६१: विद्यालय भौतिक पूर्वाधार विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६२: विद्यालय भौतिक पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू

तालिका ६३: विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विकासका समस्या तथा चुनौतीहरू

तालिका ६४: सूचना तथा सञ्चार प्रविधि विकासका रणनीति तथा कार्यनीतिहरू

तालिका ६५: सूचना तथा सञ्चार प्रविधि विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६६: सूचना तथा सञ्चार प्रविधि विकासका कार्यक्रम तथा आयोजनाहरू

तालिका ६७: शिक्षामा सुशासन तथा संस्थागत विकासका समस्या तथा चुनौतीहरू

तालिका ६८: शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू

तालिका ६९: शिक्षा क्षेत्रमा सुशासन क्षेत्रमा अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७०: शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकासका कार्यक्रम तथा आयोजना

तालिका ७१: आवधिक शिक्षा विकास योजना कार्यान्वयन प्रबन्धका रणनीतिहरू

तालिका ७२: गत ५ वर्षको शिक्षामा गरिएको खर्चको प्रवृत्ति अनुमान

तालिका ७३: आगामी ५ वर्षको आय र शिक्षामा गरिने खर्चको अनुमान तथा प्रक्षेपण

तालिका ७४: आगामी ५ वर्षको उपक्षेत्रगत बजेट अनुमान तथा प्रक्षेपण

तालिका ७५: अनुगमन तथा मूल्याङ्कनका रणनीतिहरू

तालिका ७६: अनुगमन तथा मूल्याङ्कनका क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

## अनुसूचीहरू

अनसूची – १: गोदावरी नगरपालिकाको सामुदायिक शैक्षिक संस्थाको सूची
अनसूची – २: गोदावरी नगरपालिकाको संस्थागत शैक्षिक संस्थाको सूची
अनसूची – ३: सन्दर्भ सामग्रीको सूची
अनसूची – ४: योजना निर्माण गर्दा प्राप्त भएको सैद्धान्तिक अन्तर्दृष्टि तथा बुझाइ
अनुसूची – ५: आवधिक शिक्षा योजना तर्जुमा मा गोष्ठी संलग्न विज्ञ सरोकारवाला प्रतिनिधिहरूको नामावली

# परिच्छेद-१
# परिचय

## १.१. पृष्ठभूमि

नेपालमा सङ्घीय गणतान्त्रिक शासन व्यवस्था लागु भएपश्चात संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरूको संरचना रहने व्यवस्था गरिएको छ । यी तीनै तहका सरकारहरूले संविधानमा व्यवस्था भएका अधिकार तथा जिम्मेवारीहरू रूपमा निरन्तर रूपमा वहन गर्नुपर्दछ। संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँड अन्तर्गत उपधारा (४) ले स्थानीय तहको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भएबमोजिम हुने व्यवस्था गरेको छ । त्यस्तै, संविधानको अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था गरिएको छ । संविधानको अनुसूची ८ को क्रम सङ्ख्या ८ मा स्थानीय तहले आधारभूत र माध्यमिक तहको शिक्षा व्यवस्थापन तथा विकास गर्नुपर्ने जिम्मेवारी तोकिएको छ । स्थानीय तहको शिक्षा विकाससम्बन्धी यस अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२), (ज) मा विस्तृतीकरण गरी प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै, अनुसूची-९ को क्रम सङ्ख्या २ मा शिक्षा तथा खेलकुद विकासका गतिविधिहरू तीनै तहका सरकारहरूले साझा रूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसकारण, स्थानीय तहले शिक्षा क्षेत्रमा योजनाबद्ध लगानी तथा गतिविधिहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

स्थानीय तहले समग्र तथा विषयक्षेत्रगत योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरूमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा विकासका लागि आवधिक शिक्षा विकास योजनाको अवधारणा लागु गरेको छ । स्थानीय तहहरूले आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा एकरूपता कायम होओस् भन्ने अभिप्रायले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले "स्थानीय तहको शिक्षा विकास योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९"

जारी गरेको छ । यही मार्गदर्शनलाई अनुसरण गरी यस नगरपालिकाको आवधिक शिक्षा विकास योजना (२०८२/८३ – २०८६/८७) तर्जुमा गरिएको छ ।

स्थानीय तहको आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा नेपाल सरकारद्वारा कार्यान्वयनमा रहेको राष्ट्रिय शिक्षा नीति, २०७६ को दूरदृष्टि, लक्ष्य र उद्देश्यहरूलाई स्थानीयकरण गर्नुपर्ने आवश्यकता रहेको छ । त्यस्तै, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा लागु गरिएको शिक्षा क्षेत्र योजना २०२१-२०३० र विद्यालय शिक्षा क्षेत्र योजना (२०७९ - २०८८) का दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरू र स्थानीय शिक्षा विकास योजनाका दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूबीच तादात्म्यता कायम गर्नुपर्ने हुन्छ । साथै, नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२ - २०८५/८६) र बागमती प्रदेशको दोस्रो आवधिक विकास योजना (२०८१/८२-२०८५/८६) मा शिक्षा विकासको क्षेत्रमा लिएको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरूलाई अङ्गीकार गरी यस स्थानीय शिक्षा विकास योजना तर्जुमा गर्ने प्रयास गरिएको छ ।

## १.२ आवधिक योजनाको अवधारणा

कुनै पनि संस्था वा सरकार वा निकायले आफ्नो लक्ष्य, उद्देश्य तथा कार्यक्षेत्रभित्र निश्चित समयावधिभित्र के कति क्रियाकलापहरू किन कार्यान्वयन गर्ने र यसका लागि कति आर्थिक स्रोत कसरी सङ्कलन गर्ने र कुन कार्यमा कति खर्च गर्ने सम्बन्धमा गरिएको पूर्वतयारी नै योजना हो । वास्तवमा, विकास योजना (Development Plan) को मूल उद्देश्य नै मानव समाजमा सामाजिक तथा आर्थिक समृद्धि बढाउन योजनाबद्ध पहल गर्ने हो । विकास योजनामा समाजलाई सुखी र समृद्ध तुल्याउनका लागि वर्तमान अवस्थाको आकलन, सम्बन्धित क्षेत्रमा देखिएका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरूको विश्लेषण गरी सम्भावना तथा अवसरहरूको उपयोग र समस्या तथा चुनौतीहरूको समाधानका उपायहरू पहिचान गरी सोको कार्यान्वयनका लागि कार्ययोजना तयार गरिन्छ । यसमार्फत योजनामा प्रस्ताव गरिएका रणनीतिक क्रियाकलापहरू प्रस्तावित समयभित्र कार्यान्वयन गर्दा अपेक्षित प्रतिफल प्राप्त हुने सम्भावना अधिक रहन्छ । तसर्थ, योजनामा रणनीतिक क्रियाकलापहरूको छनौट, लगानीको आवश्यकता तथा स्रोतहरूको पहिचान र उपयोग गर्ने तरिकाहरू पत्ता लगाई समावेश गरिन्छ । योजना विभिन्न समयावधिको लागि तयार गरिन्छ । सरकारी तथा अन्य संस्था वा निकायले वार्षिक, त्रिवर्षीय, पञ्चवर्षीय र सोभन्दा लामो अवधिको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रचलन रहेको छ ।

विगतबाटै सरकारी तथा गैरसरकारी संस्थाहरूले योजना तर्जुमा तथा कार्यान्वयन गर्ने प्रचलन रहेको छ । संसारका प्राय: सबै देशहरूले सार्वजनिक जिम्मेवारीका क्षेत्रभित्र रहेका सम्भावना र अवसरहरूको उपयोग गर्न र विद्यमान समस्याहरूको दिगो समाधान गर्न विभिन्न अवधिका योजनाहरू तर्जुमा तथा कार्यान्वयन गर्ने गर्दछन् । सरकार वा संस्थाको आवश्यकतानुसार योजनाहरू दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन प्रकृतिका बनाउने चलन रहेको पाइन्छ । देशमा रहेका प्राकृतिक, मानवीय तथा अन्य स्रोतको उपलब्धता, सम्भावना तथा अवसरहरूको उपयोग गर्न योजनाको आवश्यकता रहन्छ । अर्कोतिर देशमा विद्यमान रहेको आर्थिक, सामाजिक र वातावरणीय समस्या तथा चुनौतीहरूको समाधान गर्नका लागि रणनीतिक तथा वार्षिक योजना तर्जुमा र कार्यान्वयनको अपरिहार्यता रहन्छ । सरकारका योजनामा यिनै विषय वस्तुहरूमा केन्द्रित हुन्छन् ।

हालसम्म नेपालमा पञ्चवर्षीय र त्रिवर्षीय गरी १४ ओटा आवधिक योजनाहरू कार्यान्वयन भइसेकका छन् । आवधिक योजनामा आधारित रहेर हरेक वर्ष वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुँदा तीनै तहका सरकारहरूले वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने हुन्छ । अहिले नेपालमा सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा रहेको छ । त्यस्तै, बागमती प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) पनि कार्यान्वयनमा रहेको छ । स्थानीय तहहरूले पनि आवधिक विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कतिपय स्थानीय तहहरूको प्रथम आवधिक योजनाको अवधि समाप्त हुन लागेको र दोस्रो आवधिक योजना तर्जुमाको क्रममा रहेको छ ।

नगरपालिका तथा गाउँपालिकाहरूले तर्जुमा तथा लागु गरेका आवधिक योजनामा सामाजिक विकास क्षेत्रको एक महत्त्वपूर्ण उपक्षेत्रको रूपमा शिक्षा तथा खेलकुद विकास पर्दछ । स्थानीय तहहरूको शैक्षिक विकासमा भएको प्रगतिले यहाँका नागरिकहरू शैक्षिक रूपमा ज्ञान, सिप तथा प्रवृत्तिका हिसावले सक्षम र नैतिकवान् बन्दछन् । फलस्वरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा उनीहरूले सम्मानित जीवनयापन गर्न सक्षम हुन्छन् । साथै राष्ट्र विकासका लागि आवश्यक सक्षम र सिपयुक्त जनशक्तिको आपूर्ति गर्न सहज हुन्छ । तसर्थ, नेपाल सरकारले शिक्षा क्षेत्रमा दीर्घकालीन विकासका लागि स्थानीय तहले आवधिक शिक्षा विकास योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिएको छ । नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता १४ डिसेम्बर १९५५ मा लिएपश्चात् संयुक्त राष्ट्र सङ्घीय विषयवस्तुहरू राष्ट्रिय योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ । संयुक्त राष्ट्र सङ्घले उठान गरेका र हरेक सदस्य राष्ट्रहरूले साझा विषयको रूपमा कार्यान्वयन गर्नुपर्ने विकासका

सवालहरूलाई आन्तरिकीकरण गर्ने जिम्मेवारी हो । विश्वको परिप्रेक्ष्यमा नेपाल एक अल्पविकसित मुलुक भएको हुँदा यहाँको सामाजिक तथा आर्थिक गरिबी जटिल रहेको वास्तविकतालाई नकार्न सकिन्न । यसकारण, सन् २००० देखि २०१५ सम्मका लागि निर्धारण गरिएको सहस्राब्दी विकास लक्ष्यका कार्यक्रमहरूलाई नेपाल सरकारले आफ्नो आवधिक तथा वार्षिक योजनाहरूमा समावेश गरी कार्यान्वयन गरेको थियो । हाल कार्यान्वयनमा रहेको सन् २०१५ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals - SDGs) पनि नेपाल सरकारले आफ्ना योजनाहरूमा समावेश गरी कार्यान्वयनमा ल्याएको छ । नेपालमा दिगो विकास लक्ष्यका कार्यक्रमहरूलाई हरेक स्थानीय तहले आवधिक तथा वार्षिक योजनाहरूमा स्थानीयकरण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं ४ ले समावेशी तथा न्यायोचित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यान्त सिकाइका अवसरहरू प्रदान गर्ने लक्ष्य लिएको छ । तसर्थ दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्नका लागि पनि नेपाल सरकार, प्रदेश सरकारहरू र स्थानीय तहहरूले शिक्षा विकासका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ । यस धाराले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षासम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न योजनाबद्ध रूपमा शिक्षा प्रणालीको विकास जरुरी भएको छ ।

संविधानले व्यवस्था गरेको शिक्षासम्बन्धी नागरिकहरूको हक संरक्षण गर्दै असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्तिको विकास गर्नु तीनै तहका सरकारहरूको मूल जिम्मेवारीको रूपमा रहेको छ । तसर्थ नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ लागु गरेको छ जसले "शिक्षित, स्वस्थ र सक्षम जनशक्तिः सामाजिक न्याय, रूपान्तरण र समृद्धि" लाई दूरदृष्टिको रूपमा लिई शैक्षिक लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू तयार गरी लागु गरेको छ । यसै शिक्षा नीतिको आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) र विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८८) कार्यान्वयनमा

ल्याएको छ । यस योजनाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रमा योजनाबद्ध विकासका लागि मार्ग निर्देशन गर्दछ । यसै सन्दर्भमा, नेपालमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको र यसअनुसार प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था रहेको छ । शिक्षा विकासका यी मार्ग निर्देशक दस्तावेजहरूको मूल मर्मलाई अङ्गीकार गरी गोदावरी नगरपालिकाले आवधिक शिक्षा विकास योजना (२०८२/८३-२०८६/८७) तर्जुमा गरेको हो । यस नगरपालिकाको शिक्षा विकासका क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरूको विश्लेषण गर्दै समुचित शिक्षा विकास गर्न रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको पहिचान गरी योजनामा समावेश गरिएको छ ।

## १.२ योजनाको उद्देश्य

यस आवधिक शिक्षा विकास योजना तयारी गर्नुको मूल उद्देश्य गोदावरी नगरपालिकाको शिक्षा विकासका क्षेत्रमा रहेका वर्तमान आवश्यकता र सम्भावनाका आधारमा यस क्षेत्रमा दीर्घकालीन सोच तथा लक्ष्य निर्धारण गरी सोहीबमोजिमका रणनीति तथा कार्यक्रमहरू पहिचान गरी कार्यान्वयनका लागि दिशानिर्देश गर्नु हो । यसका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

(क) गोदावरी नगरपालिकाका शिक्षा क्षेत्रका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरू र सबल र कमजोर पक्षहरूको लेखाजोखा गरी उपयुक्त रणनीतिहरूको पहिचान गर्ने,

(ख) नगरपालिकामा आर्थिक स्रोतहरूको उपलब्धता, आयका स्रोतहरूको पहिचान र आय अनुमान गर्ने, (नगरपालिकामा आर्थिक स्रोतहरूको उपलब्धताका आधारमा शिक्षा क्षेत्रका लागि आवश्यक स्रोतहरूको पहिचान तथा व्यय अनुमान गर्ने)

(ग) नगरपालिकामा आर्थिक तथा सामाजिक विकास, भौतिक तथा अन्य पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन आदि क्षेत्रका सवालहरूसँग तादम्य हुने गरी शिक्षा क्षेत्रको विकासका रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने,

(घ) नगरपालिकाका सबै नागरिकहरूका लागि शैक्षिक गुणस्तर अभिवृद्धि गरी आर्थिक तथा सामाजिक समृद्धिमा दिगो योगदान गर्ने ।

## १.३ आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा लिइएका नीतिगत आधारहरूआवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा देहायअनुसारका आधारहरू लिइएको छः

### १.३.१. राष्ट्रिय शिक्षा नीति तथा योजनाहरू

यस आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा सङ्घीय सरकारले लागु गरेको राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) र विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८८) का लक्ष्य, उद्देश्य तथा रणनीतिहरूलाई अङ्गीकार गरिएको छ । शिक्षा विकासका सूचक तथा परिमाणात्मक लक्ष्यहरूलाई यस नगरपालिकाको आवधिक शिक्षा विकास योजनामा समावेश गरिएको छ । यस योजनाले शिक्षामा समानता तथा समावेशिता, शिक्षामा गुणस्तर, प्राविधिक तथा व्यावसायिक शिक्षा, नागरिकहरूमा जीवनपर्यन्त सिकाइ र शिक्षामा दिगो संस्थागत विकास र सुशासनलाई प्राथमिकता दिएको छ ।

### १.३.२ दीर्घकालीन सोच, पन्ध्रौं योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति

यस नगरपालिकाको आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा नेपाल सरकारद्वारा कार्यान्वयन गरेको सोह्रौं योजना (२०८०/८१-२०८५/८६) तथा बागमती प्रदेशको दोस्रो आवधिक योजना (२०८०/८१-२०८५/८६) ले लिएका सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरूलाई आधारको रूपमा लिइएको छ । नेपालको संविधानले व्यवस्था गरेको नागरिकहरूका लागि शिक्षासम्बन्धी हक तथा अधिकारहरूको संरक्षण गर्न यस योजनाका क्रियाकलापहरू केन्द्रित हुने छन् । महिला, दलित लगायतका पछाडि परेका वर्ग तथा समुदायहरूलाई स्थानीय तहको शैक्षिक विकासका कार्यक्रमहरूमा सहभागी गराउने र ती समुदायको सक्षमता वृद्धि गर्ने कार्यमा प्राथमिकता दिने रणनीतिक सोचलाई अङ्गीकार गरिएको छ ।

### १.३.३ राष्ट्रिय, प्रदेश र स्थानीय तहको दीर्घकालीन सोच

यस नगरपालिकाले आवधिक नगर शिक्षा विकास योजना तयार गर्दा सङ्घीय सरकारले सोह्रौं योजना तथा शिक्षा विकाससम्बन्धी दीर्घकालीन योजनामा समावेश गरिएका दीर्घकालीन सोच र त्यसअन्तर्गतका लक्ष्य, उद्देश्य र रणनीतिहरूलाई स्थानीय आवधिक शिक्षा विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति तयारीका लागि आधारको रूपमा लिइएको छ । साथै, प्रदेश सरकारले तयार गरेको शिक्षा विकास क्षेत्रका दीर्घकालीन सोच र त्यस अन्तर्गतका लक्ष्य, उद्देश्य र रणनीतिहरूलाई पनि अवलम्बन गरिएको छ ।

### १.३.४ दिगो विकास लक्ष्यहरू

संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले दिगो शान्ति र समृद्धिका लागि सहकार्य गर्ने क्रममा साझा विषयवस्तुहरू लिई विकास कार्यलाई व्यवस्थित गर्ने प्रयास गर्दै आएको छ । यस क्रममा सन् २००० देखि २०१५ सम्म सहस्राब्दी लक्ष्यहरू तोकी सबै सदस्य देशहरूले उक्त लक्ष्यहरूमा काम गरेका थिए । सन् २०१५ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals-SDGs) तोकिएको छ र कार्यान्वयनमा रहेको छ । यी लक्ष्यहरू पूरा गर्न पहिचान गरिएका रणनीतिक क्रियाकलापहरू नेपाल सरकारले आन्तरिकीकरण गरी सङ्घ, प्रदेश र स्थानीय तहहरूमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । नेपाललाई वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउन स्थानीय तहहरूमा गर्नुपर्ने कार्यहरूलाई समावेश गरी स्थानीय तहको योजना तर्जुमा गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

नेपाल सरकारले दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गरी उक्त लक्ष्यहरू पूरा गर्ने प्रतिबद्धता जनाई कार्य गर्दै आएको छ । सन् २०१६ देखि २०३० सम्ममा दिगो विकासका १७ ओटा लक्ष्यहरूमध्ये लक्ष्य नं ४ लाई केन्द्रमा राखी सोअन्तर्गतका परिमाणात्मक लक्ष्यहरू र सूचकहरू रहेका छन् । गोदावरी नगरपालिकाको आवधिक शिक्षा विकास योजना तयार गर्दा दिगो विकास लक्ष्य र शिक्षा विकास योजनाबिच मातादात्म्यता कायम गर्ने प्रयास गरिएको छ । राष्ट्रिय कार्यढाँचामा उल्लेख गरिएका देहायअनुसारका दिगो विकास लक्ष्यका ७ ओटा लक्ष्यहरूको आन्तरिकीकरण गरिएको छः

(क) सान्दर्भिक सिकाइ उपलब्धि प्राप्तिसहित निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने

(ख) सबै बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बाल हेरचाह, विकास र पूर्वप्राथमिक शिक्षा सुनिश्चित गर्ने

(ग) सबै महिला तथा पुरुषहरूलाई सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा उच्च शिक्षाको अवसर सुनिश्चित गर्ने

(घ) प्राविधिक, व्यावसायिक सिपसहित रोजगारी, उचित काम तथा उद्यमशीलताको सिप प्राप्त गर्ने युवा तथा प्रौढहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने

(ङ) शिक्षामा लैङ्गिक असमानताको अन्त्य गरी व्यावसायिक तालिम लगायत सबै तहका शिक्षामा कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका र जनजाति समुदायका बालबालिकाका लागि समान पहुँच सुनिश्चित गर्ने

(च) सबै युवा तथा प्रौढलाई साक्षरता र गणितीय सिप हासिल गराउने
(छ) सबै सिकारुहरूलाई दिगो जीवनपद्धति, मानव अधिकार, लैङ्गिक समता, शान्ति, अहिंसा, विश्व नागरिक भावना तथा सांस्कृतिक विविधताको सम्मान तथा दिगो विकासमा योगदान गर्ने संस्कृतिको ज्ञान तथा सिप प्राप्तिको सुनिश्चितता गर्ने

### १.३.५ शिक्षा विकास योजना तर्जुमासम्बन्धी मार्गनिर्देशन

यस आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा मूलरूपमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा लागु गरिएको स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गनिर्देशन, २०७९ (परिमार्जित संस्करण, २०८१) मा दिइएका विधिहरू उपयोग गरिएको छ ।

### १.३.६ शिक्षा विकाससम्बन्धी स्थानीय नीति, ऐन तथा कार्यविधि

यस आवधिक योजना तयार गर्दा गोदावरी नगरपालिकाको आवधिक योजना, वार्षिक योजना, शिक्षा ऐन २०७९, शिक्षा नियावली २०७४ र शिक्षा विकाससम्बन्धी अन्य स्थानीय कार्यविधि तथा कार्यपालिकाका निर्णयहरूलाई मूल आधारका रूपमा लिइएको छ ।

### १.३.७ स्थानीय तहका प्रमुख समस्या र सम्भावनाहरू

यस आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा गोदावरी नगरपालिकाको शिक्षा क्षेत्रका समस्याहरूको पहिचान तथा विश्लेषण गरी स्थानीय स्रोत साधनहरूको पहिचान र असल सम्भावनाहरूको खोजी गरिएको छ । यस क्रममा शिक्षाका मुख्य उपक्षेत्रहरू जस्तै, प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ जस्ता विषयहरूमा भएका तयारी र विकासको अवस्था, समस्या र सम्भावनाहरूको विश्लेषण गरिएको छ । शिक्षाका सबै उपक्षेत्रमा अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू जस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपद व्यवस्थापन तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि आदि क्षेत्रहरूमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण गरिएको छ ।

## १.४ आवधिक शिक्षा योजना तर्जुमा प्रक्रिया

आवधिक शिक्षा विकास योजना तर्जुमा कार्यलाई विधिवत् गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले “स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी दिग्दर्शन २०७९” जारी गरेको छ । यसै दिग्दर्शनलाई अनुसरण गरी यो

योजना तर्जुमा गरिएको छ । आवधिक शिक्षा योजना तर्जुमाको प्रारम्भिक बैठक नगरपालिका स्तरमा कार्यपालिका सदस्यहरू, शाखागत कर्मचारीहरू र सरोकारवाला निकायहरूको सहभागितामा गरिएको थियो । सहभागीहरूलाई आवधिक शिक्षा योजना प्रक्रिया सम्बन्धमा अभिमुखीकरण गरेपश्चात् योजना तर्जुमा कार्यतालिका तयार गरिएको थियो ।

आवधिक शिक्षा विकास योजना सम्बन्धमा अभिमुखीकरण बैठकपश्चात् नगरपालिकाका सबै वडाहरूमा वडाका पदाधिकारी तथा कर्मचारीहरू, सबै पक्षका सरोकारवालाहरू तथा स्थानीय नागरिकहरूको सहभागितामा नगरस्तरीय योजना तर्जुमा गोष्ठीहरू सञ्चालन गरिएको थियो । नगर शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र त्यसमा सम्बन्धित सरोकारवाला र स्थानीय नागरिकहरूलाई शिक्षाका उपविषयक्षेत्रगत समितिहरूमा विभाजन गरी उपविषयगत क्षेत्रमा गहन छलफल गराई योजनाका लागि आवश्यक कार्यहरू जस्तै स्थानीय सम्भावना, अवसर, चुनौती, सबल तथा कमजोर पक्षहरूको विश्लेषण गरिएको थियो । यही विश्लेषणको आधारमा आवश्यक रणनीति तथा कार्यनीति र अपेक्षित आयोजना तथा कार्यक्रमहरूको सङ्कलन गरिएको थियो ।

वडास्तरबाट शिक्षा क्षेत्रका सम्भावना, अवसर, चुनौती, सवल तथा कमजोर पक्षहरू र सोको आधारमा सम्भावित रणनीति तथा कार्यनीति सङ्कलन गर्नका लागि कार्यपालिकाको बैठकमा अनुशिक्षण गरी वडास्तरीय योजना बैठक गरिएको थियो । वडातहबाट शिक्षा विकासमा रहेका सम्भावना, अवसर, समस्या तथा चुनौतीहरू र अपेक्षित योजनाहरू सङ्कलन गरी योजनामा समावेश गरिएको छ । साथै सामुदायिक तथा संस्थागत विद्यालयहरूबाट आधारभूत तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली तयार गरी गुगल सिटमा भर्ने गरी सबै विद्यालयहरूलाई उपलब्ध गराइएको थियो । हरेक सामुदायिक विद्यालयबाट शिक्षासम्बन्धी आधारभूत सूचनाहरू सङ्कलन गरी आवधिक योजनामा उपयोग गरिएको छ । गोदावरीको शिक्षा क्षेत्रका द्वितीय तथ्याङ्क एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS) बाट लिइएको थियो । शिक्षा क्षेत्रका राष्ट्रिय तथा स्थानीय तथ्याङ्कहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) बाट प्रकाशन गरिएको फ्लास प्रतिवेदनहरूबाट सङ्कलन गरिएको थियो । त्यसै गरी शिक्षा क्षेत्रमा कार्यान्वयन गरिएका कार्यक्रम तथा बजेटसम्बन्धी सूचनाहरू नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट लिइएको थियो ।

यसरी सहभागितामूलक तरिकाबाट सूचना तथा अपेक्षित रणनीति तथा कार्यक्रम सङ्कलन गरेपश्चात् उक्त योजनाको मस्यौदा तयार गर्ने कार्य गरिएको थियो । योजनाको मस्यौदा तयार गर्ने क्रममा नगरपालिकाका पदाधिकारीहरू तथा कर्मचारीहरू र परामर्शदाताबिचमा सघन

समन्वय तथा सहकार्य गरिएको थियो । यसरी तयार गरिएको आवधिक शिक्षा विकास योजना सहभागितामूलक तथा अनुसन्धानमूलक तरिकाबाट सम्पन्न गरिएको छ । यस योजनाले नगरपालिकालाई दिगो तथा नतिजामुखी शिक्षा विकासतर्फ उन्मुख गराई समृद्ध र सुखी नगरपालिकावासी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## १.५ योजना तर्जुमा प्रक्रियाको सीमा

आवधिक शिक्षा विकास योजना तर्जुमा गर्ने क्रममा नगरपालिकामा उपलब्ध भएका सूचना तथा तथ्याङ्क र जनप्रतिनिधि, विद्यालयका शिक्षक तथा प्रधानाध्यापक, शिक्षाविद् तथा सरोकारवाला निकायका प्रतिनिधि तथा कर्मचारीहरूसँगको कार्यशालाबाट प्राप्त भएका प्राथमिक सूचनाहरूलाई मुख्य आधारका रूपमा लिइएको छ । यस योजना तर्जुमा गर्ने क्रममा देहायका सीमाहरू रहेका थिए :

(क) शिक्षा विकास योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका प्रचलित शिक्षा क्षेत्रका नीति, ऐन तथा अन्य कानुनी व्यवस्थाहरू, आवधिक विकास योजनाहरू, शिक्षा क्षेत्रका रणनीतिक योजनाहरूलाई मूल आधारका रूपमा लिइएको छ । साथै शैक्षिक क्षेत्रका स्थानीय सम्भावना, अवसर, समस्या र चुनौतीहरू सम्बन्धमा नगरका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त भएका सूचना, तथ्याङ्क र राय सुझावहरू प्राथमिक सूचनाका रूपमा लिइएको छ । यस क्रममा प्राप्त सूचनाहरूले सबै सरोकारवालाको आवश्यकता र दृष्टिकोण समेट्न नसकेको हुन सक्दछ ।

(ख) शिक्षा विकास योजना तर्जुमाको क्रममा पहिचान भएका कार्यक्रमहरूका लागि अनुमानित बजेटको स्रोत सुनिश्चित गर्न सम्भव नहुने भएकोले सोको स्रोत खुलाइएको छैन ।

(ग) नगरपालिकाको शिक्षा विकास गर्न असीमित आवश्यकताहरू रहेको तर आर्थिक स्रोत उपलब्धतामा सीमितता भएको हुँदा स्रोतले पुग्ने गरी मात्र कार्यक्रमहरू यस योजनामा समावेश गरिएको छ ।

(घ) सामुदायिक विद्यालय क्षेत्रको व्यवस्थापन नगरपालिकाको प्रमुख दायित्व भएकोले कार्यक्रम तथा आयोजनाको छनौटमा सोही क्षेत्रलाई जोड दिइएको र सुशासन, अनुगमन, सुपरिवेक्षण तथा नियमनको पक्षमा मात्र संस्थागत विद्यालय क्षेत्रलाई समेटेर कार्यक्रममा संलग्न गरिएको छ ।

# परिच्छेद- २

# शिक्षा क्षेत्रको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

गोदावरी नगरपालिका बागमती प्रदेश, ललितपुर जिल्लाको मध्यभागमा अवस्थित रहेको छ । वि. सं २०७१ मा नेपाल सरकारद्वारा ६१ ओटा नगरपालिका थप गर्दा ललितपुर जिल्लाका तत्कालीन ५ ओटा गाउँ विकास समिति (गा. वि. स.) हरू गोदामचौर, विशङ्खुनारायण, गोदावरी, बडिखेल र ठैब समेटेर यस नगरपालिका स्थापना गरिएको थियो । सङ्घीय संरचनापश्चत् २०७३ फाल्गुनमा नेपाल सरकारले गरेको निर्णयअनुसार गोदावरी नगरपालिकामा साविकका गोदावरी नगरपालिकाको सबै क्षेत्र, बज्रवाराही नगरपालिकाको सबै क्षेत्र, कार्यविनायक नगरपालिकाको वडा नं १४ देखि १८ र देवीचौर गा.वि.स. समेत समेटेर भौगोलिक क्षेत्र विस्तार गरिएको हो । यस नगरपालिकाको कुल क्षेत्रफल ९६.११वर्ग किलोमिटर रहेको छ । नगरपालिकाको सदरमुकाम साविकको चापागाउँ गाविसको बज्रवाराही बजारमा राखिएको छ । नागरिकहरूलाई सेवाप्रवाह र प्रशसानिक कार्यमा सहजता ल्याउनका लागि यस नगरपालिकाको भौगोलिक क्षेत्रलाई १४ ओटा वडामा विभाजन गरिएको छ ।

नगरपालिकाको सबै भूभाग मध्यपहाडी क्षेत्रमा रहेको र काठमाडौं उपत्यकाभित्र रहेको हुँदा यहाँको जमिन केही समथर र केही भिरालो किसिमको छ । यहाँको जमिन मलिलो पाँगो माटोले ढाकेको र हावापानी समशीतोष्ण रहेकोले मानवीय बसोबास र कृषि तथा पशुपालनका लागि उपयुक्त छ ।

देशको राजधानीको नजिकै रहेको नगरपालिका भएको हुँदा यहाँको जनसङ्ख्या तथा सामाजिक विविधता दिनदिनै तीव्र गतिमा बढ्दै गएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार गोदावरी नगरपालिकाको कुल घरधुरी सङ्ख्या २४,०४५ र जनसङ्ख्या ९७,६३३ रहेको छ । नेवार, क्षत्री, तामाङ र ब्राह्मणको बाहुल्य रहेको यस नगरपालिकामा २५ भन्दा बढी जातजातिहरूको बसोबास रहेको छ । यहाँका नागरिकहरू हिन्दु, बौद्ध, इसाई र मुस्लिम धर्म मान्दछन् । यहाँ नेपाली, नेवारी र तामाङ भाषाको बाहुल्य रहेको छ । यहाँको साक्षरता ८३ प्रतिशत रहेको छ । यस नगरपालिकाको भौगोलिक, प्राकृतिक, जनसाङ्ख्यिक, सामाजिक र सांस्कृतिक विवरणहरू देहायअनुसार प्रस्तुत गरिएको छ :

### २.१.१ भौगोलिक अवस्था र राजनीतिक तथा प्रशासनिक संरचना

यस नगरपालिकाको भौगोलिक स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १: नगरपालिकाको भौगोलिक स्थिति**

| विषय | विवरण |
|---|---|
| देशान्तर | ८५°१५'०८" देखि ८५°२४'५७" पूर्वी देशान्तरसम्म |
| अक्षांश | २७°३१' ४०" देखि २७° ३८' ५७" उत्तरी अक्षांससम्म |
| उचाइ/एलिभेसन | समुद्र सतहबाट ४५७ मिटरदेखि २८३१ मिटरसम्म |
| क्षेत्रफल | ९६.११ वर्ग किलोमिटर |
| कृषि भूमि र बस्ती भएको जमिन | ४९.२९ वर्ग किलोमिटर |
| तापक्रम | ११.५६ देखि २२.९४ डिग्रीसम्म |
| औसत वर्षा | ३५४.०३ मिलिमिटर |
| सिमाना | पूर्व: कोन्ज्योसोम गाँउपालिका र काभ्रेपलाञ्चोक जिल्ला<br>पश्चिम: ललितपुर महानगरपालिका, काठमाडौं र मकवानपुर जिल्ला<br>उत्तर: ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिका<br>दक्षिण: कोन्ज्योसोम र बागमती गाँउपालिका |
| वडा सङ्ख्या | १४ |

स्रोत : गोदावरी नगरपालिका नगर पार्श्वचित्र, २०७५

**तालिका २: नगरपालिकाको राजनीतिक तथा प्रशासनिक विभाजन**

| हालको वडा नं. | साविकका गा.वि.स. | साविकका वडा |
|---|---|---|
| १ | गोदावरी | १, २ |
| २ | गोदावरी | ३, ४ |
| ३ | गोदावरी | ५ - ७ |
| ४ | गोदावरी | ८, ९ |
| ५ | बज्रवाराही | १४, १५ |
| ६ | बज्रवाराही | १६, १७ |
| ७ | देवीचौर | १ - ९ |
| ८ | कार्यविनायक | १७, १८ |
| ९ | कार्यविनायक | १४ - १६ |

| | | |
|---|---|---|
| १० | बज्रवाराही | ११ - १३ |
| ११ | बज्रवाराही | ८ - १० |
| १२ | बज्रवाराही | ४ - ७ |
| १३ | बज्रवाराही | १ - ३ |
| १४ | गोदावरी | १० - १२ |

स्रोत : गोदावरी नगरपालिकाको नगर पार्श्वचित्र, २०७५

**नक्सा १: गोदावरी नगरपालिकाको वडा विभाजन**




स्रोत : गोदावरी नगरपालिकाको नगर पार्श्वचित्र, २०७५

## २.१.२ प्राकृतिक संरचना

गोदावरी नगरपालिकाको कुल भूमिको अधिकांश क्षेत्र कृषि तथा आवासयोग्य जग्गा र वनजङ्गल क्षेत्रले ढाकेको छ । यहाँको जमिनमध्ये खेतीयोग्य भूमि ४८.६५ वर्ग किलोमिटर (५०.६१ प्रतिशत), वन क्षेत्र ३९.०८ वर्ग किलोमिटर (४०.६५ प्रतिशत) र अन्य क्षेत्र (झाडी, घाँसे क्षेत्र आदि) ८.४६ वर्ग किलोमिटर (८.८० प्रतिशत) रहेको छ । यस

नगरपालिकाको भूबनौट तथा भूउपयोगको विवरण र स्रोत नक्साहरू देहायअनुसार प्रस्तुत गरिएको छ :

### २.१.२.१ नगरपालिकाको भूबनौट तथा भूउपयोग

**तालिका ३: नगरपालिकाको भूउपयोगको अवस्था**

| क्र. सं | भूउपयोगको किसिम | क्षेत्रफल (वर्ग कि. मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजङ्गल | ३९.०८ | ४०.६५ |
| २ | कृषि भूमि तथा वस्ती | ४८.६५ | ५०.६१ |
| ३ | घाँसे क्षेत्र | ०.२९ | ०.३ |
| ४ | झाडी क्षेत्र | ६.९४ | ७.२२ |
| ५ | बलौटे तथा कङ्कड | ०.४३ | ०.४५ |
| ६ | पानीको भाग | ०.३ | ०.३१ |
| ७ | ब्यारेन भूमि | ०.३८ | ०.४ |
| ८ | बाँझो क्षेत्र | ०.०६ | ०.०६ |
|  | **जम्मा** | **९६.१३** | **१००** |

स्रोत : गोदावरी नगरपालिकाको नगर पार्श्वचित्र, २०७५

### २.१.२.२ नगरपालिकाको जैविक विविधता

गोदावरी नगरपालिकामा जैविक विविधता प्रचुर मात्रामा रहेको छ । यस नगरपालिकामा ३९.०८ वर्ग किलोमिटर (४०.६५ प्रतिशत) क्षेत्र वन क्षेत्रले ढाकेको छ । यस नगरपालिकामा विभिन्न किसिमका वन क्षेत्रहरू रहेका छन् । उक्त वनहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४: नगरपालिकाको वन क्षेत्रसम्बन्धी विवरण**

| क्र.सं | वन स्वमित्वको किसिम | सङ्ख्या | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | ६४ | ३२२०.०० | ७५.६७ |
| २ | कबुलियती वन | २ | १३.८४ | ०.३३ |
| ३ | धार्मिक वन | ३ | ६८.५० | १.६१ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सरकारी वन | | ९५२.९० | २२.३९ |
| | जम्मा | | ४२५५.२४ | १०० |

स्रोत : गोदावरी नगरपालिकाको नगर पार्श्वचित्र, २०७५

गोदावरी नगरपालिका समशीतोष्ण हावापानी हुने क्षेत्र भएको हुँदा यहाँ सोही किसिमकै जैविक विविधता रहेको छ । यहाँको जङ्गल क्षेत्रमा काष्ठजन्य वनस्पतिमा चिलाउने, साल, सिसौ, जमुना, पात्ले, बकाइनो आदि पाइन्छ । जङ्गली जीवजन्तुहरूमा स्याल, बाँदर, चितुवा, मृग, दुम्सी, मलसाँप्रो, कालिज, डाँफे, ढुकुर, काग, कोइली, जुरेली, रूपी आदि पाइन्छ । यहाँको वन क्षेत्रमा जडीबुटीजन्य पैदावारहरू पनि पाइन्छ । तसर्थ यहाँका वनहरूमा जडीबुटी संरक्षण तथा सोको उपयोग गर्न सकिने सम्भावना अधिक रहेको छ । साथै, काठमाडौं उपत्यकाभित्र रहेको हुनाले यहाँको वन क्षेत्रमा पर्यटकहरू भ्रमण तथा मनोरञ्जन गर्न आउने गर्छन्। यहाँका वन क्षेत्रहरूमा पर्यापर्यटन विकासका लागि पनि प्रचुर सम्भावना रहेको छ।

### २.१.२.३ गोदावरीको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदा

गोदावरी नगरपालिका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण रहेको छ । यस नगरपालिका काठमाडौं उपत्यकाभित्र चक्रपथबाट १० किलोमिटरको दुरीमा रहेको, जैविक विविधता र धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरूले भरिपूर्ण रहेको हुनाले पर्यटन विकासको प्रचुर सम्भावना बोकेको स्थानीय तहहरू मध्ये एक हो । झरुवारासीको सन्तानेश्वर महादेव, चापागाउँको बज्रवाराही मन्दिर तथा ऐतिहासिक धार्मिक वन, ठेचोको ब्रह्मायणी मन्दिर, नवदुर्गा, बालकुमारी मन्दिर, बाडेगाउँको श्वेतवाराही र कालभैरव मन्दिर, गोदावरी कुण्ड, गोदावरी वनस्पति उद्यान, गोदावरी नौधारा, गोदावरीको बौद्धगुम्बा, फुल्चोकीडाँडा, गोदामचौरको विशङ्खुनारायण, लेलेको सरस्वती कुण्ड, तिलेश्वरधाम टीकाभैरव, मनकामना, जयलकुमारी बालकुमारी, छम्पीदेवी मन्दिर आदि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूले गोदावरी नगरपालिकालाई सजाएका छन्। गोदावरी नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका ५: नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरू**

| क सं | ऐतिहासिक स्थल | वडा नं | स्थान | पर्यटनको उद्देश्य |
|---|---|---|---|---|
| १ | विशङ्खुनारायण | १ | गोदामचौर | धार्मिक र मनोरञ्जन |
| २ | फुल्चोकी | १ | गोदामचौर | " " |
| ३ | गोदामचौर मनकामना | १ | गोदामचौर | " " |

| | | | | |
|---|---|---|---|---|
| ४ | गोदावरी कुण्ड | ३ | गोदावरी | " " |
| ५ | गोदावरी वनस्पति उद्यान | ३ | गोदावरी | " " |
| ६ | गोदावरी नौधारा | ३ | गोदावरी कुण्ड | " " |
| ७ | शान्त वन गोदावरी | ३ | गोदावरी | " " |
| ८ | टपेश्वर महादेव बडिखेल | ४ | बडिखेल | " " |
| ९ | लेल मनकामना | ५ | लेले | " " |
| १० | तिलेश्वरधाम लेले | ५ | लेले | " " |
| ११ | टीकाभैरव लेले | ५ | लेले | " " |
| १२ | चुनदेवी छम्पी | ६ | छम्पी | " " |
| १३ | छम्पी गणेश | ६ | छम्पी | " " |
| १४ | रामचन्द्र मन्दिर | ६ | गोदावरी | " " |
| १५ | देवीचौर माने | ७ | देवीचौर | " " |
| १६ | कटुवाल दह | ७ | देवीचौर | घुमफिर र मनोरञ्जन |
| १७ | बज्रवाराही धार्मिक वन | ११ | बज्रवाराही | धार्मिक र मनोरञ्जन |
| १८ | चन्द्रभैरव चापागाउँ | ११ | चापागाउँ | " " |
| १९ | बौद्धगुम्बा | ११ | गोदावरी | " " |
| २० | कालेश्वर महादेव | ११ | प्याङगाउँ | " " |
| २१ | बुलु महादेव | ११ | बुलु | " " |
| २२ | तीनमुखे महादेव | ११ | चापागाउँ | " " |
| २३ | नाटेश्वर | ११ | प्याङगाउँ | " " |
| २४ | भगवती मन्दिर | ११ | चापागाउँ | " " |
| २५ | गणेश मन्दिर चापागाउँ | ११ | चापागाउँ | " " |
| २६ | नवदुर्गा मन्दिर | १२ | च्हुच्छेटोल | " " |
| २७ | बालकुमारी मन्दिर | १२ | च्वमलाही | " " |
| २८ | ब्रह्मयणी मन्दिर | १२ | कोमलाही | " " |
| २९ | सिद्धिविनायक मन्दिर | १२ | सरस्वतीटोल | " " |
| ३० | दुढेश्वर मन्दिर | १२ | टुरिखेल | " " |
| ३१ | सन्तानेश्वर मन्दिर | १३ | झरुवारासी | " " |
| ३२ | श्वेतवाराही मन्दिर | १४ | बाडेगाउँ | " " |

| | | | | |
|---|---|---|---|---|
| ३३ | कालभैरव | १४ | बाडेगाउँ | " " |

स्रोत : गोदावरी नगरपालिकाको नगर पार्श्वचित्र, २०७५

### २.१.३ जनसाङ्ख्यक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार गोदावरी नगरपालिकामा कुल घरधुरी २४,०४५ र जनसङ्ख्या ९७,६३३ जना रहेको छ । यहाँको औसत परिवार सङ्ख्या ४.०६ र लैङ्गिक (पुरुष/महिला) अनुपात ०.९७ रहेको छ । वडागत घरधुरी तथा जनसङ्ख्या विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ:

#### २.१.३.१ जनसङ्ख्या र पारिवारिक विवरण

**तालिका ६: वडागत जनसङ्ख्या र परिवार सङ्ख्या**

| वडा नं. | जम्मा घरधुरी | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | १,५६९ | ३,१५४ | ३,२१५ | ६,३६९ | ४.०६ | ०.९८ |
| २ | १,२४१ | २,३८३ | २,५७१ | ४,९५४ | ३.९९ | ०.९३ |
| ३ | २,६१८ | ४,९०८ | ५,१४९ | १०,०५७ | ३.८४ | ०.९५ |
| ४ | १,००६ | २,१८३ | २,१२४ | ४,३०७ | ४.२८ | १.०३ |
| ५ | १,२३८ | २,५४२ | २,६९६ | ५,२३८ | ४.२३ | ०.९४ |
| ६ | १,०७० | २,२६९ | २,२०८ | ४,४७७ | ४.१८ | १.०३ |
| ७ | ७१९ | १,४१० | १,४७१ | २,८८१ | ४.०१ | ०.९६ |
| ८ | ६६३ | १,४७५ | १,४९३ | २,९६८ | ४.४८ | ०.९९ |
| ९ | १,४७४ | २,९७१ | ३,०३६ | ६,००७ | ४.०८ | ०.९८ |
| १० | १,७५१ | ३,६४३ | ३,७३६ | ७,३७९ | ४.२१ | ०.९८ |
| ११ | २,९०२ | ५,८२८ | ६,१८२ | १२,०१० | ४.१४ | ०.९४ |
| १२ | ३,००० | ५,८५१ | ६,०७७ | ११,९२८ | ३.९८ | ०.९६ |
| १३ | १,६०१ | ३,३८७ | ३,३३१ | ६,७१८ | ४.२० | १.०२ |
| १४ | ३,१९३ | ६,१३६ | ६,२०४ | १२,३४० | ३.८६ | ०.९९ |
| **जम्मा** | **२४,०४५** | **४८,१४०** | **४९,४९३** | **९७,६३३** | **४.०६** | **०.९७** |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.३.२ उमेरको आधारमा जनसङ्ख्या विवरण

गोदावरी नगरपालिकामा कुल जनसङ्ख्याको ३० प्रतिशत १९ वर्षमुनिका बालबालिकाहरू रहेका छन् भने २० देखि ५९ वर्ष उमेरसमूहका नागरिकहरू ६२ प्रतिशत रहेका छन् । यस नगरपालिकामा उमेरको आधारमा देहायअनुसारको जनसङ्ख्या रहेको छ :

**तालिका ७: उमेर समूहका आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | उमेर | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ००-०४ वर्ष | ३,०८८ | २,७७३ | ५,८६१ | ६ |
| २ | ०५-०९ वर्ष | ३,६२५ | ३,२५६ | ६,८८१ | ७ |
| ३ | १०-१४ वर्ष | ३,९०१ | ३,५७२ | ७,४७३ | ८ |
| ४ | १५-१९ वर्ष | ४,२०६ | ४,१२५ | ८,३३१ | ९ |
| ५ | २०-२४ वर्ष | ४,३५२ | ४,६९१ | ९,०४३ | ९ |
| ६ | २५-२९ वर्ष | ४,४०३ | ४,९३२ | ९,३३५ | १० |
| ७ | ३०-३४ वर्ष | ४,४२५ | ४,८५३ | ९,२७८ | १० |
| ८ | ३५-३९ वर्ष | ४,१५१ | ४,५२० | ८,६७१ | ९ |
| ९ | ४०-४४ वर्ष | ३,७६६ | ३,८६९ | ७,६३५ | ८ |
| १० | ४५-४९ वर्ष . | २,९०७ | २,९९६ | ५,९०३ | ६ |
| ११ | ५०-५४ वर्ष | २,८५६ | २,८१८ | ५,६७४ | ६ |
| १२ | ५५-५९ वर्ष | १,९४१ | १,९८४ | ३,९२५ | ४ |
| १३ | ६०-६४ वर्ष | १,५७६ | १,७०८ | ३,२८४ | ३ |
| १४ | ६५-६९ वर्ष | १,१४५ | १,२१३ | २,३५८ | २ |
| १५ | ७०-७४ वर्ष | ८११ | ९१५ | १,७२६ | २ |
| १६ | ७५-७९ वर्ष | ५२८ | ६३५ | १,१६३ | १ |
| १७ | ८०-८४ वर्ष | २३८ | ३११ | ५४९ | १ |
| १८ | ८५-८९ वर्ष | १४० | १९० | ३३० | ० |
| १९ | ९०-९४ वर्ष | ५९ | ८० | १३९ | ० |
| २० | ९५+ वर्ष | २२ | ५२ | ७४ | ० |
| | **जम्मा** | **४८,१४०** | **४९,४९३** | **९७,६३३** | **१०१** |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.४ सामाजिक तथा सांस्कृतिक अवस्था

गोदावरी नगरपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । नेपालको राजधानी भएको काठमाडौं उपत्यकाभित्र पर्ने नगरपालिका भएकोले दिनदिनै यहाँको जनघनत्व बढ्दो क्रममा रहेको छ । विभिन्न जातजातिहरूको फरक फरक वा साझा मातृभाषा, धर्म र संस्कृति रहेको छ । यस नगरपालिकामा रहेका जातीय तथा धार्मिक विविधतालाई देहायअनुसार प्रस्तुत गरिएको छः

### २.१.४.१ जातजाति र मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

गोदावरी नगरपालिकामा ऐतिहासिक कालदेखि नै नेवार र क्षत्री समुदायको बाहुल्य रहेको छ । यस नगरपालिका राजधानी क्षेत्रमा परेको हुनाले बाहिरबाट बसाइँ सरी आउने क्रम तीव्र रहेको हुनाले विभिन्न स्थानबाट विभिन्न समुदायका नागरिकहरूको बसोबास थपिँदै गएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा कुल जनसङ्ख्या ९७,६३३ जना रहेको र जसमध्ये २४.४० प्रतिशत नेवार, २४.१६ प्रतिशत क्षत्री, १८.२८ प्रतिशत तामाङ, ११.६५ प्रतिशत ब्राह्मण, ४.०४ प्रतिशत पहरी, ३.६९ प्रतिशत मगर, ३.०० प्रतिशत राई र बाँकी अन्य जातजाति बसोबास गरेका छन् । जातजातिको आधारमा जनसङ्ख्याको विवरण देहायअनुसार रहेको छ :

**तालिका ८: जातजातिको आधारमा जनसङ्ख्याको विवरण**

| क्र. सं. | जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेवाः (नेवार) | ११,६५४ | १२,१७३ | २३,८२७ | २४.४० |
| २ | क्षत्री | ११,६३८ | ११,९५२ | २३,५९० | २४.१६ |
| ३ | तामाङ | ८,६८९ | ९,१६२ | १७,८५१ | १८.२८ |
| ४ | ब्राह्मण (पहाड) | ५,६६३ | ५,७१३ | ११,३७६ | ११.६५ |
| ५ | पहरी | २,०२८ | १,९२० | ३,९४८ | ४.०४ |
| ६ | मगर | १,७८० | १,८२६ | ३,६०६ | ३.६९ |
| ७ | राई | १,४०६ | १,५२७ | २,९३३ | ३.०० |
| ८ | विश्वकर्मा | ७७६ | ८१४ | १,५९० | १.६३ |
| ९ | मिजार | ७४१ | ७९४ | १,५३५ | १.५७ |
| १० | परियार | ६६१ | ७१८ | १,३७९ | १.४१ |
| ११ | अन्य | ३,१०४ | २,८९४ | ५,९९८ | ६.१४ |
| | **जम्मा** | **४८,१४०** | **४९,४९३** | **९७,६३३** | **१००** |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.४.२ धर्मको आधारमा जनसङ्ख्या विवरण

गोदावरी नगरपालिकामा धार्मिक विविधता रहेको छ । यहाँ हिन्दु धर्मावलम्बीहरूको बाहुल्य रहेको छ । यहाँ हिन्दु धर्म मान्ने समुदायका जनसङ्ख्या ७७.९१ प्रतिशत, बौद्ध धर्म मान्ने समुदायका जनसङ्ख्या १४.३५ प्रतिशत, इसाई धर्म मान्ने समुदायका जनसङ्ख्या ५.५५ प्रतिशत, किरात धर्म मान्ने समुदायका जनसङ्ख्या १.७८, इस्लाम धर्म मान्ने समुदायका जनसङ्ख्या ०.३१ प्रतिशत र बाँकी अन्य धर्म मान्ने वा धर्म नखुलेका व्यक्तिहरू बसोबास गर्दछन् । यसको जनसङ्ख्या विवरण देहायको तालिकामा दिइएको छ :

तालिका ९: धर्मको आधारमा जनसङ्ख्याको विवरण

| क्र.सं. | जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | ३७,६१३ | ३८,४५० | ७६,०६३ | ७७.९१ |
| २ | बौद्ध | ६,८४१ | ७,१६६ | १४,००७ | १४.३५ |
| ३ | इसाई | २,५७५ | २,८४२ | ५,४१७ | ५.५५ |
| ४ | किरात | ८१५ | ९२१ | १,७३६ | १.७८ |
| ५ | इस्लाम | २०२ | १०२ | ३०४ | ०.३१ |
| ६ | अन्य | ९४ | १२ | १०६ | ०.११ |
| | जम्मा | ४८,१४० | ४९,४९३ | ९७,६३३ | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.४.३ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

यस नगरपालिकामा नेपाली भाषा मातृभाषाको रूपमा रहेको जनसङ्ख्या ४९ प्रतिशत, नेपालभाषा वा नेवारी मातृभाषा भएको समुदायको जनसङ्ख्या २२ प्रतिशत, तामाङ भाषा मातृभाषा भएको समुदायका जनसङ्ख्या १७ प्रतिशत रहेको छ । त्यस्तै पहरी, मगर ढुट, राई, दनुवार, लिम्बू र मैथिली आदि मातृभाषाहरू समुदायहरू न्यून सङ्ख्यामा रहेका छन् । मातृभाषा समुदायका आधारमा जनसङ्ख्या विवरण देहायको तालिकामा दिइएको छ :

**तालिका १०: मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण**

| क्र.सं. | भाषा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | २३,४३२ | २४,१६१ | ४७,५९३ | ४९ |
| २ | नेपाल भाषा (नेवारी) | १०,६५४ | ११,१६६ | २१,८२० | २२ |
| ३ | तामाङ | ८,२०८ | ८,६०९ | १६,८१७ | १७ |

| क्र.सं. | भाषा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ४ | पहरी | १,६८३ | १,५३४ | ३,२१७ | ३ |
| ५ | मगर ढुट | ९११ | ८८१ | १,७९२ | २ |
| ६ | राई | ७५६ | ८४२ | १,५९८ | २ |
| ७ | दनुवार | ४५२ | ४६२ | ९१४ | १ |
| ८ | याक्थुङ/लिम्बू | ३०१ | ३१८ | ६१९ | १ |
| ९ | मैथिली | २९० | १९७ | ४८७ | ० |
| १० | अन्य | १,४५३ | १,३२३ | २,७७६ | ३ |
| | जम्मा | ४८,१४० | ४९,४९३ | ९७,६३३ | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.५ समग्र आर्थिक अवस्था

गोदावरी नगरपालिका केही वर्ष अगाडिसम्म कृषिप्रधान थियो तर अहिले बढ्दो सहरीकरणका कारण खेतीयोग्य जमिनहरू घडेरीमा परिणत भइरहेका छन् । तैपनि बाँकी रहेका खेतीयोग्य जमिनहरूमा खेती तथा पशुपालन गरिन्छ । यहाँका नागरिकहरू कृषि तथा पशुपालनबाट बिस्तारै व्यापार तथा अन्य सेवातिर जाने वा पेसा परिवर्तन गर्ने प्रवृत्ति देखिएको छ । यस नगरपालिकामा बसोबास गर्ने नागरिकहरूको मुख्य पेसाको रूपमा निर्माण तथा उत्पादन क्षेत्रमा दक्ष तथा अदक्ष ज्यालादारी, कृषि तथा पशुपालन, साना उद्योग तथा व्यापार, सरकारी तथा गैरसरकारी क्षेत्रमा जागिर, हस्तकला तथा शिल्पकला, सुरक्षा तथा सशस्त्र क्षेत्र आदिमा संलग्न रही आर्थिक उपार्जन गरिरहेका छन् । औद्योगिक क्षेत्रको हिसाबले हेर्ने हो भने यहाँ कृषि, साना उद्योग, व्यापार र जागिर नै आर्थिक क्रियाकलापका मुख्य क्षेत्रहरू हुन् । यहाँका अधिकांश नागरिकहरू अध्ययन तथा रोजगारीको सिलसिलामा विभिन्न देशहरूमा गएर पनि जीविकोपार्जन गरिरहेका छन् ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको आर्थिक रूपमा सक्रिय (१५ देखि ६४ वर्ष उमेर समूहका) जनसङ्ख्या ७१,०७९ मध्ये ५०,७१२ जना (७१ प्रतिशत) विभिन्न पेसामा संलग्न रहेका छन् । बाँकी जनसङ्ख्या अध्ययन, वैदेशिक रोजगारी र अन्य विधामा संलग्न रहेको देखिन्छ । रोजगारहरूमध्ये २५.२३ सामान्य रोजगारीमा, २१.७९ प्रतिशत कृषि तथा वन क्षेत्रमा, १०.५४ प्रतिशत व्यापार क्षेत्रमा, १२.०३ प्रतिशत आधुनिक प्राविधिक क्षेत्रमा संलग्न रहेका छन् । अन्य जनसङ्ख्या परामर्श सेवा, व्यवस्थापक, कारखानामा कामदार,

सरकारी सेवा, सेना/प्रहरी आदिमा संलग्न रही जीविकोपार्जन गर्दछन् । पेसाको आधारमा रोजगार रहेका नागरिकहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ११: पेसाको आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | रोजगारीको क्षेत्र | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सामान्य वा प्राथमिक पेसाका कामदारहरू | ५,२१६ | ७,५७८ | १२,७९४ | २५.२३ |
| २ | कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरू | ४,६३३ | ६,४१८ | ११,०५१ | २१.७९ |
| ३ | सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू | ३,१८५ | २,१५९ | ५,३४४ | १०.५४ |
| ४ | प्राविधिक तथा सहायक पेसाविद्हरू | ४,१४२ | १,९५८ | ६,१०० | १२.०३ |
| ५ | पेसाविद्हरू | १,७४७ | १,५३४ | ३,२८१ | ६.४७ |
| ६ | व्यवस्थापक | २,९८५ | १,४६१ | ४,४४६ | ८.७७ |
| ७ | शिल्पकला तथा कारिगरी र यससम्बन्धी व्यापार गर्ने कामदारहरू | १,५७२ | ९३७ | २,५०९ | ४.९५ |
| ८ | कार्यालय सहायकहरू | ८५९ | ७४० | १,५९९ | ३.१५ |
| ९ | कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरू | २,८९४ | १७२ | ३,०६६ | ६.०५ |
| १० | सशस्त्र बल | ४२८ | ६० | ४८८ | ०.९६ |
| ११ | उल्लेख नभएको | १९ | १५ | ३४ | ०.०७ |
| | **जम्मा** | **२७,६८०** | **२३,०३२** | **५०,७१२** | **१००** |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

## २.१.६ नगरको शैक्षिक अवस्था

गोदावरी नगरपालिका तीव्र गतिमा सहरीकरण हुँदै गएको स्थानीय तह हो । यहाँ विगतबाटै सञ्चालनमा रहेका सरकारी विद्यालय तथा सामुदायिक क्याम्पसहरू रहेका छन् । बढ्दो सहरीकरणको फलस्वरूप यहाँ निजी विद्यालयहरू पनि त्यतिकै सङ्ख्यामा सञ्चालनमा रहेका छन् । यहाँको साक्षरता पनि त्यत्तिकै तीव्र गतिमा बढिरहेको छ । नगरको शिक्षाको अवस्थालाई देहायअनुसार प्रस्तुत गरिएको छ :

### २.१.६.१ नगरमा सञ्चालित शैक्षिक संस्था

यस नगरपालिकामा सामुदायिक विद्यालय ३५ ओटा, संस्थागत विद्यालय ५४ ओटा, धार्मिक विद्यालय १ ओटा, समुदायद्वारा व्यवस्थित बाल विकास केन्द्र ५ ओटा र संस्थागत

बाल विकास केन्द्र १८ ओटा सञ्चालित रहेका छन् । सरकारीतर्फ प्राविधिक शिक्षा भएको विद्यालय १ ओटा, सामुदायिक क्याम्पस ४ ओटा, संस्थागत क्याम्पस २ ओटा र पुस्तकालय २ ओटा सञ्चालित रहेका छन् । निजीतर्फ दिवा स्याहार केन्द्र ८ ओटा सञ्चालन भइरहेका छन् ।

**तालिका १२: गोदावरी नगरपालिकाको औपचारिक शैक्षिक संस्थाको विवरण**

| क्र.सं. | सञ्चालित तह (सम्म) | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र | ३ | १८ | २१ |
| २ | पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म | ६ | ५ | ११ |
| ३ | पूर्व प्राथमिक कक्षा देखि कक्षा ५ सम्म | ७ | २ | ९ |
| ४ | पूर्व प्राथमिक कक्षा देखि कक्षा ८ सम्म | ४ | २ | ६ |
| ५ | पूर्व प्राथमिक कक्षा देखि कक्षा १० सम्म | ६ | ४० | ४६ |
| ६ | पूर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्म | ११ | ५ | १६ |
| ७ | क्याम्पस (डिप्लोमा, स्नातक, स्नातकोत्तर) | ४ | २ | ६ |
| | **जम्मा** | **४१** | **७४** | **११५** |

स्रोत: गोदावरी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, २०८१

### २.१.६.२ विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण

गोदावरी नगरपालिकाका विद्यालयहरूको विद्यार्थीको तथ्याङ्कविश्लेषण गर्दा शैक्षिक सत्र २०७६ देखि २०८१ सम्ममा नगरपालिकामा ३४.९ प्रतिशतले विद्यार्थीको सङ्ख्या बढेको देखिन्छ । विद्यालयको प्रकृतिअनुसार यो वृद्धिदर सामुदायिक विद्यालयतर्फ २३.३६ प्रतिशत र संस्थागत विद्यालयतर्फ ४४.९६ प्रतिशत रहेको छ । चालु शैक्षिक वर्ष २०८१ मा यस नगरपालिकामा सञ्चालित विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या २६,०३८ जना रहेको छ । जसमध्ये सामुदायिक विद्यालयमा ४१ प्रतिशत र संस्थागत विद्यालयमा ५९ प्रतिशत अध्ययनरत रहेका छन् । साथै कुल विद्यार्थीमध्ये दलित ७ प्रतिशत, जनजाति ६० प्रतिशत र मधेसी २ प्रतिशत विद्यार्थी रहेका छन् । कक्षागत विद्यार्थी विवरण देहायको तालिकामा दिइएको छ :

## तालिका १३: विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०८१)

| तह | विद्यार्थी | सामुदायिक | संस्थागत | जम्मा | दलित | जनजाति | मधेसी |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास तथा शिक्षा | छात्रा | ७१३ | १,१७६ | १,८८९ | १५० | १,२३६ | ५२ |
| | छात्र | ७०३ | १,४५८ | २,१६१ | १६७ | १,३५० | ४१ |
| | जम्मा | १,४१६ | २,६३४ | ४,०५० | ३१७ | २,५८६ | ९३ |
| १ | छात्रा | ३७२ | ६०६ | ९७८ | ८५ | ५९३ | २७ |
| | छात्र | ३८६ | ६९६ | १,०८२ | ८८ | ६२१ | २८ |
| | जम्मा | ७५८ | १,३०२ | २,०६० | १७३ | १,२१४ | ५५ |
| २ | छात्रा | २९८ | ५९५ | ८९३ | ७७ | ५५६ | १८ |
| | छात्र | ३१२ | ७१२ | १,०२४ | ७० | ५९५ | ३५ |
| | जम्मा | ६१० | १,३०७ | १,९१७ | १४७ | १,१५१ | ५३ |
| ३ | छात्रा | ३७४ | ५८७ | ९६१ | ६५ | ५९८ | २० |
| | छात्र | ३३८ | ७१४ | १,०५२ | ८९ | ६१० | ४३ |
| | जम्मा | ७१२ | १,३०१ | २,०१३ | १५४ | १,२०८ | ६३ |
| ४ | छात्रा | ३५६ | ६२९ | ९८५ | ७३ | ५७० | २६ |
| | छात्र | ३८५ | ७२२ | १,१०७ | ६८ | ६६५ | २० |
| | जम्मा | ७४१ | १,३५१ | २,०९२ | १४१ | १,२३५ | ४६ |
| ५ | छात्रा | ३३९ | ६११ | ९५० | ६१ | ५८४ | १८ |
| | छात्र | ३७८ | ७१० | १,०८८ | ७९ | ६२४ | २३ |
| | जम्मा | ७१७ | १,३२१ | २,०३८ | १४० | १,२०८ | ४१ |
| ६ | छात्रा | ३६१ | ५४९ | ९१० | ६६ | ५५० | २२ |
| | छात्र | ३७४ | ६६७ | १,०४१ | ७२ | ५९५ | २८ |
| | जम्मा | ७३५ | १,२१६ | १,९५१ | १३८ | १,१४५ | ५० |
| ७ | छात्रा | ४०५ | ५३२ | ९३७ | ७८ | ५६५ | १३ |
| | छात्र | ४२१ | ६७३ | १,०९४ | ८८ | ६२१ | १६ |
| | जम्मा | ८२६ | १,२०५ | २,०३१ | १६६ | १,१८६ | २९ |
| ८ | छात्रा | ४३२ | ५२६ | ९५८ | ७८ | ५४३ | १७ |
| | छात्र | ४४१ | ५९७ | १,०३८ | ६४ | ६२३ | १६ |
| | जम्मा | ८७३ | १,१२३ | १,९९६ | १४२ | १,१६६ | ३३ |
| ९ | छात्रा | ४६५ | ५२९ | ९९४ | ६६ | ५८६ | २४ |
| | छात्र | ४५४ | ५४९ | १,००३ | ७३ | ५७९ | १५ |
| | जम्मा | ९१९ | १,०७८ | १,९९७ | १३९ | १,१६५ | ३९ |
| १० | छात्रा | ३८२ | ४४९ | ८३१ | ६० | ५०० | १३ |

| तह | विद्यार्थी | सामुदायिक | संस्थागत | जम्मा | दलित | जनजाति | मधेसी |
|---|---|---|---|---|---|---|---|
| | छात्र | ३१७ | ४९६ | ८१३ | ४४ | ४४० | १३ |
| | जम्मा | ६९९ | ९४५ | १,६४४ | १०४ | ९४० | २६ |
| ११ | छात्रा | ४४१ | १४० | ५८१ | २५ | ३८३ | १४ |
| | छात्र | ३७४ | १५१ | ५२५ | ३१ | ३०९ | १२ |
| | जम्मा | ८१५ | २९१ | १,१०६ | ५६ | ६९२ | २६ |
| १२ | छात्रा | ४९१ | ९५ | ५८६ | ५६ | ३७४ | १३ |
| | छात्र | ४६० | ९७ | ५५७ | ३९ | ३३३ | १३ |
| | जम्मा | ९५१ | १९२ | १,१४३ | ९५ | ७०७ | २६ |
| कुल जम्मा | छात्रा | ५,४२९ | ७,०२४ | १२,४५३ | ९४० | ७,६३८ | २७७ |
| | छात्र | ५,३४३ | ८,२४२ | १३,५८५ | ९७२ | ७,९६५ | ३०३ |
| | जम्मा | १०,७७२ | १५,२६६ | २६,०३८ | १,९१२ | १५,६०३ | ५८० |
| प्रतिशत | | ४१ | ५९ | | ७ | ६० | २ |

स्रोतः गोदावरी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, २०८१

### २.१.६.३ साक्षरताको आधारमा जनसङ्ख्या विवरण

यस नगरपालिकाको साक्षरताको स्थितिलाई विश्लेषण गर्दा ५ वर्षदेखि माथिको जनसङ्ख्या ९१,७७४ जनामध्ये पुरुष ४५,०५४ जना र महिला ४६,७२० जना रहेका छन् । कुल पुरुषहरूमध्ये ८२.९६ प्रतिशत पढ्न लेख्न सक्ने, ०.२३ प्रतिशत पढ्न मात्र सक्ने र १६.८१ प्रतिशत पढ्न र लेख्न नसक्ने वा निरक्षर रहेका छन् । त्यस्तै कुल महिलाहरूमध्ये ७५.८७ प्रतिशत पढ्न लेख्न सक्ने, ०.२४ प्रतिशत पढ्न मात्र सक्ने र २३.८८ प्रतिशत पढ्न र लेख्न नसक्ने वा निरक्षर रहेका छन् । तसर्थ, महिलाहरूमा निरक्षरताको अंश धेरै छ । साक्षरताको उमेर तथा लिङ्गगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

## तालिका १४: साक्षरताको आधारमा जनसङ्ख्या विवरण

| उमेर समूह | पढ्नलेख्न सक्ने | | | पढ्न मात्र सक्ने | | | पढ्नलेख्न नसक्ने | | | उल्लेख नभएको | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ५ | ७०३ | ६०६ | १,३०९ | १४ | १० | २४ | ३४ | २८ | ६२ | २ | ० | २ | ७५३ | ६४४ | १,३९७ |
| ६ | ७२६ | ६२६ | १,३५२ | ६ | ५ | ११ | १२ | २१ | ३३ | ० | ० | ० | ७४४ | ६५२ | १,३९६ |
| ७ | ६६३ | ६३० | १,२९३ | ३ | ४ | ७ | ९ | ७ | १६ | ० | ० | ० | ६७५ | ६४१ | १,३१६ |
| ८ | ७५६ | ६९६ | १,४५२ | १ | १ | २ | ५ | ५ | १० | ० | ० | ० | ७६२ | ७०२ | १,४६४ |
| ९ | ६८७ | ६०७ | १,२९४ | १ | २ | ३ | ५ | ८ | १३ | ० | ० | ० | ६९३ | ६१७ | १,३१० |
| १० | ८२९ | ७०३ | १,५३२ | १ | १ | २ | २ | १ | ३ | ० | ० | ० | ८३२ | ७०५ | १,५३७ |
| ११ | ७१९ | ६४५ | १,३६४ | १ | ० | १ | ४ | ४ | ८ | ० | ० | ० | ७२४ | ६४९ | १,३७३ |
| १२ | ८३८ | ७३० | १,५६८ | ० | ० | ० | ४ | ७ | ११ | ० | ० | ० | ८४२ | ७३७ | १,५७९ |
| १३ | ७७४ | ७०५ | १,४७९ | ० | ० | ० | ७ | ४ | ११ | ० | ० | ० | ७८१ | ७०९ | १,४९० |
| १४ | ७१७ | ७६६ | १,४८३ | १ | १ | २ | ४ | ५ | ९ | ० | ० | ० | ७२२ | ७७२ | १,४९४ |
| १५ | ८५३ | ७७१ | १,६२४ | ० | ० | ० | ३ | १० | १३ | ० | ० | ० | ८५६ | ७८१ | १,६३७ |
| १६ - १९ | ३,३०५ | ३,३११ | ६,६१६ | ० | १ | १ | ४५ | ३२ | ७७ | ० | ० | ० | ३,३५० | ३,३४४ | ६,६९४ |
| २० - २४ | ४,२४५ | ४,५४४ | ८,७८९ | ३ | ३ | ६ | १०४ | १४४ | २४८ | ० | ० | ० | ४,३५२ | ४,६९१ | ९,०४३ |
| २५ - २९ | ४,२४१ | ४,६५८ | ८,८९९ | ४ | ३ | ७ | १५८ | २७१ | ४२९ | ० | ० | ० | ४,४०३ | ४,९३२ | ९,३३५ |
| ३० - ३४ | ४,२०८ | ४,३४५ | ८,५५३ | ५ | ७ | १२ | २१२ | ५०१ | ७१३ | ० | ० | ० | ४,४२५ | ४,८५३ | ९,२७८ |
| ३५ - ३९ | ३,८७० | ३,६५४ | ७,५२४ | ७ | ९ | १६ | २७४ | ८५७ | १,१३१ | ० | ० | ० | ४,१५१ | ४,५२० | ८,६७१ |
| ४० - ४४ | ३,३८० | २,७२२ | ६,१०२ | १२ | ११ | २३ | ३७४ | १,१३५ | १,५०९ | ० | १ | १ | ३,७६६ | ३,८६९ | ७,६३५ |
| ४५ - ४९ | २,५१६ | १,७८४ | ४,३०० | ५ | १३ | १८ | ३८६ | १,१९९ | १,५८५ | ० | ० | ० | २,९०७ | २,९९६ | ५,९०३ |
| ५० - ५४ | २,३७० | १,३२९ | ३,६९९ | ५ | १२ | १७ | ४८१ | १,४७७ | १,९५८ | ० | ० | ० | २,८५६ | २,८१८ | ५,६७४ |
| ५५ - ५९ | १,४६९ | ६८७ | २,१५६ | ४ | १३ | १७ | ४६८ | १,२८४ | १,७५२ | ० | ० | ० | १,९४१ | १,९८४ | ३,९२५ |

| उमेर समूह | पढ्नलेख्न सक्ने | | | पढ्न मात्र सक्ने | | | पढ्नलेख्न नसक्ने | | | उल्लेख नभएको | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ६० - ६४ | १,०७६ | ३९७ | १,४७३ | ४ | ७ | ११ | ४९६ | १,३०४ | १,८०० | ० | ० | ० | १,५७६ | १,७०८ | ३,२८४ |
| ६५ - ६९ | ७७६ | २५२ | १,०२८ | ५ | ५ | १० | ३६४ | ९५६ | १,३२० | ० | ० | ० | १,१४५ | १,२१३ | २,३५८ |
| ७० - ७४ | ४७४ | १३८ | ६१२ | ४ | ६ | १० | ३३३ | ७७१ | १,१०४ | ० | ० | ० | ८११ | ९१५ | १,७२६ |
| ७५+ | ४९५ | १४१ | ६३६ | ९ | ० | ९ | ४८३ | १,१२७ | १,६१० | ० | ० | ० | ९८७ | १,२६८ | २,२५५ |
| जम्मा | ४०६९० | ३५,४४७ | ७६,१३७ | ९५ | ११४ | २०९ | ४,२६७ | ११,१५८ | १५,४२५ | २ | १ | ३ | ४५,०५४ | ४६,७२० | ९१,७७४ |
| प्रतिशत | ४४.३४ | ३८.६२ | ८२.९६ | ०.१० | ०.१२ | ०.२३ | ४.६५ | १२.१६ | १६.८१ | ०.०० | ०.०० | ०.०० | | | |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.६.४ शैक्षिक योग्यताको आधारमा जनसङ्ख्या विवरण

नगरपालिकामा ५ वर्षभन्दा माथिका जनसङ्ख्यामध्ये पूर्व प्राथमिक तह पूरा गरेका ३.२ प्रतिशत, प्राथमिक तहको शैक्षिक योग्यता भएको २३.६३ प्रतिशत, निम्न माध्यमिक तह (कक्षा ८ सम्म) को शैक्षिक योग्यता भएको १६.६९ प्रतिशत, माध्यमिक तह (कक्षा १० सम्म) को शैक्षिक योग्यता भएको १२.७७ प्रतिशत, एसइई वा सोसरहको शैक्षिक योग्यता भएको १०.७ प्रतिशत र कक्षा १२ वा प्रमाणपत्र तह वा सोसरहको योग्यता भएको जनसङ्ख्या १८.५५ प्रतिशत रहेका छन् । त्यस्तै गरी, स्नातक तह उतीर्ण गर्ने जनसङ्ख्या ६,१५८ जना (८.१ प्रतिशत) र स्नातकोत्तर उतीर्ण गर्ने जनसङ्ख्या २८७० जना (३.७७ प्रतिशत) रहेका छन् । तहगत साक्षरताको विस्तृत विवरण देहायको तालिकामा दिइएको छ :

**तालिका १५: शैक्षिक योग्यताको आधारमा जनसङ्ख्या विवरण**

| क्र.स. | शैक्षिक तह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक तह | १,३२७ | १,१०९ | २,४३६ | ३.२ |
| २ | प्राथमिक तह | ९,६७० | ८,३०२ | १७,९७२ | २३.६३ |
| ३ | निम्न माध्यमिक तह | ७,०७० | ५,६२१ | १२,६९१ | १६.६९ |
| ४ | माध्यमिक तह | ५,२०८ | ४,५०२ | ९,७१० | १२.७७ |
| ५ | एसइई वा सो सरह | ४,४६९ | ३,६७२ | ८,१४१ | १०.७ |
| ६ | प्रमाण पत्र वा सो सरह | ७,२६४ | ६,८४५ | १४,१०९ | १८.५५ |
| ७ | स्नातक वा सो सरह | ३,२४१ | २,९१७ | ६,१५८ | ८.१ |
| ८ | स्नातकोत्तर वा सो सरह | १,६७१ | १,१९९ | २,८७० | ३.७७ |
| ९ | श्रेणीविहीन | ४८३ | ८८९ | १,३७२ | १.८ |
| १० | उल्लेख नगरिएको | २८५ | ३१२ | ५९७ | ०.७८ |
| **जम्मा** | | **४०,६८८** | **३५,३६८** | **७६,०५६** | **१००** |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

### २.१.६.५ शैक्षिक विकासका लागि हालसम्म गरिएका प्रयासहरू

गोदावरी नगरपालिकाको स्थापनापश्चात् स्थानीय सरकारको तहबाट शिक्षा विकासका लागि ससर्त कार्यक्रम बाहेक विभिन्न प्रयासहरू गरिएका छन् । नगरपालिकाले शिक्षामा सबै नागरिकको पहुँच, शिक्षामा गुणस्तर अभिवृद्धि, शैक्षिक पूर्वाधार विकास, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको रिक्तता तथा न्यूनता व्यवस्थापन तथा क्षमता विकास, विद्यालय पोषण तथा स्वास्थ्य, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र शिक्षामा सुशासन प्रवर्धनका

लागि रणनीतिक कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । गोदावरी नगरपालिकाले शिक्षा विकासका क्षेत्रमा देहायका रणनीतिक प्रयासहरू कार्यान्वयन गरेको छ:

(क) शिक्षा विकासलाई प्रभावकारी तुल्याउनका लागि स्थानीय शिक्षा ऐन, शिक्षा नियमावली तथा शिक्षासँग सम्बन्धित कार्यविधिहरू तर्जुमा तथा लागु गरिएको छ ।

(ख) नगरपालिकाको विद्यालयहरूमा प्रारम्भिक बाल विकास कक्षा सञ्चालनका लागि नियमितरूपमा अनुदान उपलब्ध गराइँदै आएको छ ।

(ग) नगरपालिकाद्वारा समुदायमा आधारित बाडेगाउँ नमुना बाल विकास तथा शिशु स्याहार केन्द्र, ठेचो नमुना बाल विकास तथा शिशु स्याहार केन्द्र र छम्पी नमुना बाल विकास तथा शिशु स्याहार केन्द्र स्थापना गरी सञ्चालनमा रहेका छन् ।

(घ) नगरपालिकाले बाल विकास सहजकर्ताको पारिश्रमिकका लागि विद्यालयहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ ।

(ङ) कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक समेत निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गरिएको छ । स्थानीय पाठ्यक्रम तथा मातृभाषामा प्राथमिक शिक्षा दिन नेपाल भाषा र तामाङभाषाको अध्ययन, अध्यापन लागु गरिएको छ ।

(च) विद्यालयका शैक्षिक गतिविधिहरूलाई नियमित समयमा कार्यान्वयन गर्नका लागि शैक्षिक पात्रो निर्माण तथा कार्यान्वयन गरिँदै आएको छ ।

(छ) विद्यालयहरूमा शैक्षिक सामग्री, विज्ञान प्रयोगशालाका सामग्रीका लागि अनुदान उपलब्ध गराइँदै आएको छ ।

(ज) विद्यालयहरूको शैक्षिक गुणस्तर तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धिका लागि उत्कृष्ट विद्यालय, विद्यार्थी तथा शिक्षकहरूलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

(झ) विद्यालयहरूको आवश्यकता हेरी विद्यालय भवन तथा अन्य पूर्वाधारहरू निर्माण तथा मर्मत सम्भार गरिँदै आएको छ ।

(ञ) विद्यालय शिक्षक तथा कर्मचारीका लागि पेसागत सिप तथा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता विकास तालिमहरू उपलब्ध गराइँदै आइएको छ ।

(ट) प्रधानाध्यापकहरूलाई विद्यालयको जिम्मेवारीप्रति अभिप्रेरित गर्नका लागि कार्यसम्पादन सम्झौता, नेतृत्व विकास तालिम तथा प्रोत्साहन भत्ता उपलब्ध गराइँदै आइएको छ ।

(ठ) विद्यालयमा न्यूनतम शिक्षक व्यवस्थापनका लागि नगरपालिकाले यहाँका योग्य स्थानीय युवाहरूलाई स्वयंसेवक शिक्षकको रूपमा परिचालन गर्दै आएको छ ।

(ड) बालबालिकाहरूलाई विद्यालयमा नियमित उपस्थिति, पढाइप्रति अभिप्रेरित गर्न र विपन्न अभिभावकहरूलाई टेवा पुऱ्याउने उद्देश्यले हरेक वर्ष पोक सा र झोला वितरण गरिँदै आएको छ ।

(ढ) बालबालिकाको सर्वाङ्गीण विकासका लागि राष्ट्रपति रनिङ सिल्डप्रतियोगिता तथा अन्य विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू र तथा विद्यालयमा स्काउट युनिटको स्थापना तथा सञ्चालन गरिँदै आएको छ ।

(ण) विपन्न तथा पिछडा वर्गका परिवारका बालबालिकालाई शिक्षामा पहुँचका लागि विद्यार्थीसँग नगर प्रमुख कार्यक्रम निरन्तर रूपमा रू सञ्चालन गरिँदै आएको छ ।

(त) हरेक वर्ष प्रत्येक वडाबाट एक/एक जना विद्यार्थीलाई एमबिबिएस र इन्जिनियरिङ विषयको अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिँदै आएको छ ।

(थ) नगरपालिकाले स्नातक तहसम्म अध्ययन गर्ने दलित, अल्पसङ्ख्यक तथा विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

(द) विद्यालयहरूलाई प्रविधिमैत्री तुल्याउनका लागि विद्यालयहरूमा इन्टरनेट जडान, कम्प्युटर, प्रिन्टर र स्मार्टबोर्ड उपलब्ध गराइँदै आइएको छ ।

(ध) नगरपालिका क्षेत्रमा उच्च शिक्षाका लागि सञ्चालित सामुदायिकतर्फका जनभावना क्याम्पस, ल्चाकी फुक्याम्पस, बज्रवाराही क्याम्पस र किटिनी क्याम्पसका शैक्षिक विकासका लागि शैक्षिक अनुदान प्रदान गरिँदै आएको छ ।

(न) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्राविधिक विषय अध्यापन गराउन सम्बन्धन प्राप्त फुल्चोकी माध्यमिक विद्यालयलाई शैक्षिक अनुदान प्रदान गरिँदै आएको छ ।

(प) विद्यालय पहुँच नभएका गृहिणी महिलाहरूका लागि अनौपचारिक शिक्षा केन्द्र स्थापना तथा सञ्चालन गरिएको छ ।

(फ) विद्यार्थीको सङ्ख्या न्यून भएका विद्यालयहरूलाई नजिकैको अन्य विद्यालयमा मर्ज गर्ने रणनीति लिइएको छ ।

(ब) नगरमा सञ्चालित नमुना विद्यालयको थप व्यवस्थापन तथा वडास्तरमा नमुना विद्यालय सञ्चालन गर्न नीति तथा कार्यक्रममा समावेश गरी बजेट विनियोजन तथा कार्यान्वयन गरिँदै आएको छ ।

(भ) विद्यालयको तथ्याङ्क तथा सूचनाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि विद्यालय कर्मचारी तथा शिक्षकहरूलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सञ्चालनसम्बन्धी तालिम प्रदान गरिएको छ ।

(म) सामुदायिक विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि विद्युतीय हाजिरी र सिसिटिभी क्यामरा जडान गरी सञ्चालन गरिएको छ ।

(य) शिक्षा तर्फ सुशासनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको बुलेटिन नियमित रूपमा प्रकाशन गरिँदै आएको छ ।

(र) विद्यालयको लेखा प्रणालीलाई चुस्त तथा व्यवस्थित तुल्याउनका लागि विद्यालय कर्मचारीलाई लेखापालनसम्बन्धी तालिम प्रदान गरिँदै आएको छ ।

(ल) विद्यालयहरूका विद्यालय सुधार योजनाको कार्यान्वयन र वार्षिक रूपमा रू सामाजिक परीक्षण कार्य गरिँदै आएको छ ।

### २.१.६.६ शैक्षिक सूचकहरूमा नगरपालिकाको वर्तमान अवस्था

शैक्षिक सूचकहरूमा गोदावरी नगरपालिकाको हालको परिमाणात्मक अवस्था र सोही सूचकहरूमा बागमती प्रदेश र राष्ट्रियस्तरको तुलनात्मक अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १६: शैक्षिक सूचकहरूमा नगरपालिकाको वर्तमान अवस्था**

| क्र. सं. | सूचकहरू | ईकाइ | आधार वर्ष २०८१/८२ | | |
|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | प्रदेश | स्थानीय |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | | | | |
| १.१ | कुल भर्नादर | प्रतिशत | १०१.० | १०९.९ | १२५.६ |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | अनुपात | ७०.२ | ७८.० | ८२.१ |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | प्रतिशत | १०० | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | प्रतिशत | ९१.२ | ८७.१ | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | प्रतिशत | ७६.३ | ७२.३ | ६१.४ |
| २ | आधारभूत शिक्षा | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | प्रतिशत | ११८.५ | १२२.८ | १३६.८ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | प्रतिशत | ९३.७ | ९५.१ | ९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३ | कक्षा १ - ५ मा कुल भर्नादर | प्रतिशत | १३०.५ | १३०.६ | १४४.४ |
| २.४ | कक्षा १ - ५ मा खुद भर्नादर | प्रतिशत | ९४.४ | ९६.१ | ९५ |
| २.५ | कक्षा १ - ५ सम्म विद्यालय शिक्षक अनुपात | अनुपात | ३.६ | २.७ | ४.५ |
| २.६ | कक्षा १ - ५ सम्म शिक्षक विद्यार्थी अनुपात | अनुपात | २४ | २६ | ३६ |
| २.७ | कक्षा १ - ८ मा कुल भर्नादर | प्रतिशत | १२४.८ | १२८.३ | १४१.१ |
| २.८ | कक्षा १ - ८ मा खुद भर्ना दर | प्रतिशत | ९४.१ | ९५.९ | ९५.६ |
| २.९ | कक्षा १ - ८ को खुद भर्ना दरमा लैङ्गिक समानता सूचकाङ्क | अनुपात | १.०० | ०.८८ | ०.८९ |
| २.१ | कक्षा ८ मा टिकाउ दर | प्रतिशत | ८६.५ | ८६.२ | ८६.८ |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | ८२.४ | ८७ | ९० |
| २.१२ | कक्षा ६ - ८ सम्मको विद्यालय शिक्षक अनुपात | अनुपात | २.१० | NA | ३.६ |
| २.१३ | कक्षा ६ - ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | अनुपात | ५१.०० | NA | ४२ |
| २.१४ | ५ - १२ वर्ष उमेरका विद्यालयबाहिर रहेका बालबालिका | प्रतिशत | ६.२ | NA | ०.१७ |
| ग | माध्यमिक तह | | | | |
| ३.१ | कुल भर्नादर (कक्षा ९ - १०) | प्रतिशत | ९९.१ | १०८.८ | ११९.३ |
| ३.२ | खुद भर्नादर (कक्षा ९ - १०) | प्रतिशत | ७५.८ | ७६.६ | ७६.५ |
| ३.३ | कुल भर्नादर (कक्षा ९ - १२) | प्रतिशत | ८०.६ | १००.२ | ९३ |
| ३.४ | खुद भर्नादर (कक्षा ९ - १२) | प्रतिशत | ५५.८ | ६१.२ | ५८.९ |
| ३.५ | कुल भर्नादर (कक्षा ११ - १२) | प्रतिशत | ६८.६ | ९२.१ | NA |
| ३.६ | खुद भर्नादर (कक्षा ११ - १२) | प्रतिशत | ३९.८ | ४६.९ | NA |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | प्रतिशत | ६६.९ | NA | NA |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | प्रतिशत | ४०.६ | NA | NA |
| ३.९ | कक्षा १ - १२ खुद भर्नादरको आधारमा लैङ्गिक समता सूचकाङ्क | सूचकाङ्क | १.०१ | ०.९३ | १.०३ |
| ४ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | प्रतिशत | ७८ | ८२.४१ | ८३.१९ |
| ४.२ | १५ देखि २४ वर्षको साक्षरता दर | प्रतिशत | ९२ | ९७.८५ | ९८.०५ |
| ४.३ | १५ वर्षमाथिको साक्षरता दर | प्रतिशत | ५८ | ७९.२९ | ८.३० |
| ५ | महिला शिक्षक प्रतिशत | | | | |
| ५.१ | आधारभूत तह | प्रतिशत | ५४.६ | NA | NA |
| ५.२ | माध्यमिक तह | प्रतिशत | २५.६ | NA | NA |
| ६ | प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको विद्यालय प्रतिशत | | | | |
| ६.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र | प्रतिशत | ६० | NA | NA |
| ६.२ | आधारभूत विद्यालय | प्रतिशत | ७० | NA | NA |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.३ | माध्यमिक विद्यालय | प्रतिशत | ६० | NA | NA |
| ७ | सरकारको बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | प्रतिशत | ११.६४ | NA | १६.४१ |

स्रोतः Flash Report, 2081, शिक्षा तथा मानव स्रोत विकास केन्द्र,

दोस्रो आवधिक विकास योजना, बागमती प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग

गोदावरी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, २०८१

### २.१.७ दिगो विकास लक्ष्य

नेपाल सरकारले दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गरी ती लक्ष्यहरू पूरा गर्ने प्रतिबद्धता जनाई कार्य गर्दै आएको छ । सन् २०१६ देखि २०३० सम्ममा दिगो विकासका १७ ओटा लक्ष्यहरू र १६९ ओटा परिमाणात्मक लक्ष्यहरूसहित नेपाल सरकारले तयार गरेको ४७९ सूचकहरू छन् । जसमध्ये दिगो विकास लक्ष्यको लक्ष्य नं ४ “समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चतता गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने” रहेको छ । नेपाल सरकारले यही प्रतिबद्धता पूरा गर्न “दिगो विकास लक्ष्य ४: शिक्षा २०३०, राष्ट्रिय कार्यढाँचा, २०१९” कार्यान्वयनमा ल्याएको छ । यस नगरपालिकाको आवधिक शिक्षा विकास योजना तयार गर्दा दिगो विकास लक्ष्य र विकास योजना बिचमा तादात्म्यता कायम गरिएको छ । दिगो विकासका लक्ष्यको स्थानीयकरणसम्बन्धी अवधारणालाई अङ्गीकार गरिएको छ ।

# परिच्छेद-३

# शिक्षाको दीर्घकालीन सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपाल सरकारद्वारा शिक्षा विकासका क्षेत्रमा विगतबाटै रचनात्मक पहलहरू गर्रिदै आएको छ । वि.सं. २०७२ मा सङ्घीय लोकतान्त्रिक संविधान लागु भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको जिम्मेवारीभित्र समावेश गरेपश्चात्विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय सरकारको काँधमा आएको हो । यस अवस्थामा पनि नेपाल सरकारले देशको समग्र शिक्षाको दीर्घकालीन सोच तथा लक्ष्य हासिल गर्नका लागि सबै प्रदेश तथा स्थानीय तहहरूलाई नेतृत्व र मार्गदर्शन गर्दै आएको छ तथापि शिक्षा विकासका क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिएको अवस्था छैन । सरकारी (सामुदायिक) विद्यालयहरूमा शैक्षिक गुणस्तर तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक हुन नसकेको महसुस गरिएको छ । गोदावरी नगरपालिकाको वर्तमान अवस्था पनि यो वास्तविकताभन्दा त्यति फरक छैन ।

गोदावरी नगरपालिकाको शिक्षा क्षेत्रमा वर्तमान समयमा रहेका प्रगतिका परिमाणात्मक सूचकहरूको प्रगतिको अवस्था, शिक्षा विकासका क्षेत्रमा सरोकारवालाहरूबाट महसुस गरिएका समस्या तथा चुनौतीहरूको विश्लेषण गरी शिक्षामा अझ परिमाणात्मक तथा गुणात्मक सुधार ल्याई हरेक नागरिकलाई गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्न यस आवधिक शिक्षा विकास योजना तयार गरिएको छ । शिक्षा विकासका क्षेत्रमा देखिएका सम्भावना तथा अवसर, समस्या तथा चुनौती पहिचान तथा विश्लेषण गरी शिक्षा क्षेत्रमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू छनौट गरी समावेश गरिएको छ ।

## ३.२ प्रमुख सम्भावना र अवसरहरू

### ३.२.१ प्रमुख सम्भावनाहरू

(क) शिक्षा क्षेत्रमा गुणस्तर वृद्धि गर्न र बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्न सकिने

(ख) विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि जडान तथा सञ्चालन गर्न सहज हुने

(ग) विद्यालयहरूमा आवश्यकतानुसार विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थापन गर्न सकिने

(घ) हरेक विद्यालयमा र समुदायमा पुस्तकालय स्थापना र सञ्चालन गर्न सकिने

(ङ) शिक्षामा गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूमा शैक्षिक सामग्री आपूर्ति र शिक्षक तथा विद्यार्थीलाई शैक्षिक सामग्री सङ्कलन तथा निर्माण गर्न प्रेरित गर्न सकिने

(च) नगरपालिकामा आवासीय विद्यालय सञ्चालनको सम्भावना रहेको

(छ) विद्यालयहरूमा व्यावसायिक सिप तथा जीवनोपयोगी शिक्षाको व्यवस्था गर्न सकिने

(ज) माध्यमिक विद्यालयहरूमा प्राविधिक धार सञ्चालन गर्न सम्भाव्यता रहेको

(झ) स्थानीय व्यवसायलाई औपचारिक शिक्षासँग जोडी बालबालिकाहरूलाई उद्यमशीलतातर्फ आकर्षित गर्न सकिने

(ञ) बालबालिकाको शिक्षा, स्वास्थ्य तथा पोषणमा परिवारसँग साझेदारी गर्न सकिने

### ३.२.२ प्रमुख अवसरहरू

(क) शिक्षा क्षेत्रमा विगतमा भएका प्रयासहरूले शिक्षा विकासमा आधार तयार हुनु

(ख) नेपाल सरकारले लागु गरेका शिक्षा नीति, ऐन तथा नियमावली, आवधिक विकास योजनाहरू शिक्षा विकासमा मार्गदर्शकका रूपमा रहनु

(ग) विद्यालय सञ्चालनमा नगरपालिकाको स्थानीय आय लगानी क्षमता सबल हुनु

(घ) विगतदेखि नै विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता हुनु

(ङ) सहरीकरण बढ्दो भएको हुँदा विद्यालय सञ्चालनका लागि बालबालिकाको उपलब्धता राम्रो हुनु

(च) विद्यालयहरूमा स्थानीय पेसागत सिपमा आधारित शिक्षा सञ्चालन गर्न सकिने

(छ) विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि जडान गर्न सहज वातावरण हुनु

(ज) विद्यालयहरूमा सडक पहुँच हुनु

## ३.३ शिक्षा क्षेत्रका समस्या र चुनौतीहरू

आवधिक शिक्षा विकास योजनामा वर्तमान समयमा गोदावरी नगरपालिकाको शिक्षा विकासमा देखिएका समस्या तथा चुनौतीहरूको सरोकारवालाहरूको सहभागितामा पहिचान तथा विश्लेषण गरिएको छ । गोदावरी नगरपालिकाको शिक्षा विकासको क्षेत्रमा रहेका मुख्य समस्या तथा चुनौतीहरू देहायअनुसार उल्लेख गरिएको छ :

### ३.३.१ मुख्य समस्याहरू

(क) विपन्न बालबालिकाको विद्यालयमा टिकाउ दर कमजोर रहेको

(ख) बालबालिकाका लागि शिक्षा सम्बन्धमा अभिभावकहरूमा न्यून चेतना रहेको

(ग) सामुदायिक विद्यालयहरूमा पूरा सेट पाठ्यपुस्तक तथा सामग्रीको उपलब्धता ढिलो हुने समस्या रहेको

(घ) विद्यालयमा शिक्षण सिकाइ विधि परम्परागत रहेको

(ङ) शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोग न्यून रहेको

(च) खोजमा आधारिक सिकाइ विधिको प्रयोग न्यून रहेको

(छ) विद्यालयका आधारभूत तहसम्म (कक्षा ८) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु भइनसकेको

(ज) विद्यालयको शैक्षिक गुणस्तर र विद्यार्थी उत्तीर्णदर कमजोर नै रहेको

(झ) विद्यालयहरूमा प्राविधिक सिप तथा जीवनोपयोगी सिकाइको व्यवस्था नरहेको

(ञ) विद्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन (TQME Audit/QAA) गर्ने व्यवस्था नरहेको

(ट) बालबालिकाका लागि दिवाखाजा, पोषण तथा स्वास्थ्यमा न्यून लगानी रहेको

(ठ) विद्यालयमा तालिमप्राप्त शिक्षकको उपलब्धता सीमित रहेको

(ड) विद्यालय तथा शिक्षक क्षमता विकास कार्यक्रममा संस्थागत विद्यालय समावेश नभएको

(ढ) सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार पुरानो, कमजोर तथा अव्यवस्थित रहेको

(ण) अधिकांश विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण नभएको

(त) अपाङ्गता भएको बालबालिकाका लागि अलग विद्यालय वा शैक्षिक संस्थाको व्यवस्था नभएको

(थ) पुराना र जोखिमपूर्ण संरचनाको पहिचान तथा पुनर्निर्माण कार्य न्यून रहेको

(द) अधिकांश विद्यालयमा सफा खानेपानी र शौचालयको अभाव रहेको

(ध) विद्यालयहरूमा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ न्यून रहेको

(ध) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणमा प्रभावकारिता अपेक्षित स्तरमा नरहेको

### ३.३.२ मुख्य चुनौतीहरू

(क) भौगोलिक दुर्गमता लामो दुरीमा रहेका बालबालिकाको विद्यालयमा पहुँच गराउनु

(ख) विपन्न परिवारका बालबालिकाहरू समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु

(ग) पुरुष निरक्षरता १६.८१ प्रतिशत र महिला निरक्षरता २३.८८ प्रतिशत हुनु

(घ) सामुदायिक विद्यालयमा बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्नु

(ङ) विशेष गरी माध्यमिक विद्यालय तहमा विषयगत शिक्षकको आपूर्ति कमी हुनु

(च) अभिभावकमा रहेको निरक्षरताको कारण बालबालिका प्रभावित हुनु

(छ) सामुदायिक विद्यालयहरूमा बालबालिकाहरूको भर्नादर घट्दै जानु

(ज) सामुदायिक विद्यालयका बहुसङ्ख्यक बालबालिकाहरू अस्थायी बसोबास गर्ने हुनु

(झ) विद्यालयमा पुराना र जोखिमयुक्त भवन तथा अन्य संरचनाहरूको पुनर्स्थापना गर्नु

(ञ) हरेक विद्यालयमा शुद्ध खानेपानी र सफा शौचालयको व्यवस्था नहुनु

(ट) सामुदायिक विद्यालयका लागि यथेष्ट जग्गा व्यवस्था गर्नु

(ठ) विद्यालय, शिक्षक तथा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी र नतिजामुखी बनाउनु

(ड) विद्यालय सञ्चालक समिति र शिक्षकहरूको क्षमता विकास र अद्यावधिक गर्नु

(ढ) विद्यालय विकासमा समुदायको सहभागिता कमजोर हुँदै जानु

## ३.४ निर्देशक सिद्धान्त

गोदावरी नगरपालिकाको शिक्षा विकासका क्षेत्रमा स्थानीय सम्भावना र आवश्यकतालाई मध्यनजर गरी यस आवधिक योजनाका लागि केही महत्त्वपूर्ण निर्देशक सिद्धान्तहरू तयार गरिएको छ । उक्त सिद्धान्तहरू देहायअनुसार दिइएको छ :

(क) प्रतिशत शत नागरिकको शिक्षामा पहुँच

(ख) सबै विद्यालय तथा शैक्षिक संस्थामा गुणस्तरीय र रोजगारमूलक शिक्षा

(ग) सबै विद्यालयमा शैक्षिक पूर्वाधार र शिक्षण सिकाइ सामग्रीको पूर्णता

(घ) सबै विद्यालयमा यथेष्ट सङ्ख्यामा दक्ष शिक्षकको उपलब्धता

(ङ) शिक्षामा स्थानीय भूगोल, समाज र सांस्कृतिक सहिष्णुताको प्रवर्धन

(च) शिक्षामा समता र समावेशीकरण

(छ) शिक्षामा दिगो संस्थागत व्यवस्था तथा सुशासन

## ३.५ आवधिक शिक्षा योजनाको दीर्घकालीन खाका

गोदावरी नगरपालिकाको सुनौलो भविकाष्यका लागि यस आवधिक शिक्षा विकास योजनामा विगतका सिकाइहरूलाई आधार लिई दीर्घकालीन खाका तयार गरिएको छ । यस आवधिक योजनाको परिकल्पना नै गोदावरीका सबै नागरिकहरू साक्षर, शैक्षिक योग्यतायुक्त र प्राविधिक तथा व्यावसायिक दक्षतासहित आर्थिक तथा सामाजिक रूपमा समृद्ध बनुन् भन्ने हो । यस योजनाको दीर्घकालीन खाकामा नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, समग्र उद्देश्यहरू, समग्र परिमाणात्मक लक्ष्य, नीति, रणनीति र कार्यक्रमहरू समेटिएका छन् ।

### ३.५.१ दीर्घकालीन सोच

"गुणस्तरीय शिक्षाको समतामूलक विस्तार, गोदावरी वासीको दिगो समृद्धिको आधार"

### ३.५.२ समष्टिगत लक्ष्य

नगरपालिका क्षेत्रमा गुणस्तरीय शिक्षाको समतामूलक विस्तार गरी सबै नागरिकका सामाजिक तथा आर्थिक समृद्धि सुनिश्चित गर्ने

### ३.५.३ समष्टिगत उद्देश्य

यस आवधिक शिक्षा योजनाको दीर्घकालीन सोच र लक्ष्यलाई सफलतापूर्वक हासिल गर्नका लागि देहायअनुसारका मुख्य उद्देश्यहरू रहेका छन् :

(क) गुणस्तरीय शिक्षामा सबै नागरिकका समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

(ख) नागरिकलाई साक्षर बनाउनु र गुणस्तरीय शिक्षा उपलब्ध गराउनु

(ग) विद्यालयको भौतिक संरचना र वातावरण सुधार तथा स्तरोन्नति गर्नु

(घ) सबै विद्यालयमा यथेष्ट सङ्ख्यामा दक्ष शिक्षकको उपलब्धता सुनिश्चित गर्नु

(ङ) शिक्षा क्षेत्रमा समता र समावेशीकरण अभिवृद्धि गर्नु

(च) विद्यालय नगएका नागरिकको निरक्षरता उन्मूलन गर्नु

(छ) शिक्षामा दिगो संस्थागत व्यवस्था तथा सुशासन सुनिश्चित गर्नु

## ३.६ मूल शिक्षा नीतिहरू

यस योजनामा लिइएका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्नका लागि देहायअनुसारका शिक्षा विकासका मूल नीतिहरू लिइने छ :

(क) सबैका लागि शिक्षा सुनिश्चित गर्न आर्थिक तथा सामाजिक रूपमा पिछडिएका र भौगोलिक रूपमा दुर्गमताबाट प्रभावित परिवारका बालबालिकाको शिक्षामा पहुँच र सहभागिताका लागि सहयोगी कार्यक्रमको पहिचान तथा कार्यान्वयन गरिने छ ।

(ख) नगरपालिकाका सबै नागरिकहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन शिक्षण सिकाइ विधि र शैक्षिक सामग्री र मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ ।

(ग) बालबालिकालाई सिकाइका लागि सुरक्षा तथा सहजताका लागि विद्यालय भवन तथा अन्य संरचनाहरू बालमैत्री, लैङ्गिक तथा अपाङ्गतामैत्री, वातावरणमैत्री र विपद् जोखिममुक्त बनाइने छ ।

(घ) बालबालिकाका लागि शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउनका लागि सबै विद्यालयमा दक्ष शिक्षकको आपूर्ति तथा शिक्षक क्षमता विकास कार्यक्रमहरू निरन्तर सञ्चालन गरिने छ ।

(ङ) बालबालिकाहरूले शिक्षा हासिल गर्ने क्रममा विद्यालयमा टिक्ने, सिक्ने र भविष्यमा बिक्ने शिक्षा प्रणालीको विकास तथा कार्यान्वयन गरिने छ ।

(च) विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै लैजानका लागि विद्यालयको कार्यसम्पादन मूल्याङ्कन (TQME Audit/QAA) र विद्यालय स्तरीकरण (Grading) प्रणाली लागु गरिने छ ।

(छ) सामुदायिक र संस्थागत विद्यालयहरूको गुणस्तर सुधार तथा शिक्षकहरूको क्षमता विकासका क्रियाकलापहरू सँगसँगै कार्यान्वयन गरिने छ ।

(ज) विद्यालय नगएका नागरिकहरूलाई साक्षर सिपयुक्त तुल्याउन प्राविधिक शिक्षा तथा व्यावसायिक सिप, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(झ) गुणस्तरीय शिक्षालाई दिगो व्यवस्थापनका लागि शिक्षा क्षेत्रमा प्रभावकारी संस्थागत व्यवस्था तथा सुशासनका विधिहरू कार्यान्वयन गरिने छ ।

(ञ) गोदावरी नगरपालिकालाई गुणस्तरीय शिक्षाको केन्द्रको रूपमा स्थापित गर्न शैक्षिक विकासमा अध्ययन अनुसन्धानमा आधारित शिक्षा विकासका पहलहरू र विभिन्न विश्वविद्यालयसँग समन्वय तथा सहकार्य गरिने छ ।

## ३.७ परिमाणात्मक लक्ष्य

यस आवधिक शिक्षा विकास योजनाको आधार वर्ष, मध्यम वर्ष र योजना अन्त्य वर्षको लागि अपेक्षित परिमाणात्मक लक्ष्यहरू देहायअनुसार रहेका छन्:

## तालिका १७: प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु, (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु (हजार) | लक्ष्य | बजेट रु (हजार) |
| १५ | २ | २.५ | २.५.१ | सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम | पटक | ५ | ५०० | ५ | ६०० | ५ | ७२० | ५ | ८६४ | ५ | १,०३७ | २५ | ३,७२१ |
| १६ | २ | २.६ | २.६.१ | शिक्षक क्षमता विकास तालिम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १७ | २ | २.७ | २.७.१ | परीक्षा सञ्चालन | पटक | १ | ३०० | १ | ३६० | १ | ४३२ | १ | ५१८ | १ | ६२२ | ५ | २,२३२ |
| | | | | **जम्मा** | | **३८** | **२१,४००** | **३८** | **२२,४८०** | **३८** | **२३,६९६** | **४३** | **२७,२६७** | **४३** | **३०,२५६** | **२००** | **१२५,०९९** |
| | | | | **ससर्त कार्यक्रम** | | | | | | | | | | | | | |
| १८ | २ | २.१ | २.१.१ | आवि शिक्षक तलब भत्ता (ससर्त) | पटक | १ | १९७,०९४ | १ | २०६,९४९ | १ | २१७,२९६ | १ | २२८,१६१ | १ | २३९,५६९ | ५ | १,०८९,०६९ |
| १९ | २ | २.१ | २.१.१ | आ. वि. (कक्षा ६ - ८) अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | पटक | १ | २५५ | १ | २८१ | १ | ३०९ | १ | ३३९ | १ | ४०७ | ५ | १,५९१ |
| २० | २ | २.५ | २.५.१ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | पटक | १ | ७६२ | १ | ७६२ | १ | ७६२ | १ | ७६२ | १ | ७६२ | ५ | ३,८१० |
| २१ | २ | २.१ | २.१.२ | विद्यालयमा शैक्षिक गुणस्तर | पटक | १ | ३,६५० | १ | ३,६५० | १ | ३,६५० | १ | ३,६५० | १ | ३,६५० | ५ | १८,२५० |

| क्र. सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु, (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु (हजार) | लक्ष्य | बजेट रु (हजार) |
| | | | | सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | | | | | | | | | | | | |
| २२ | २ | २.१ | २.१.३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि :शुल्क पाठ्यपुस्तक अनुदान | पटक | १ | ३,१४१ | १ | ३,६१२ | १ | ४,१५४ | १ | ४,७७७ | १ | ५,४९४ | ५ | २१,१७८ |
| २३ | १ | २.३ | १.३.१ | तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालय अनुदान | पटक | १ | ११,१३५ | १ | १३,३६२ | १ | १६,०३४ | १ | १९,२४१ | १ | २३,०९० | ५ | ८२,८६२ |
| २४ | १ | १.१ | १.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | पटक | १ | १,२८९ | १ | १,४१८ | १ | १,५६० | १ | १,७१६ | १ | २,०५९ | ५ | ८,०४१ |
| | | | | **जम्मा** | | **७** | **२१७,३२६** | **७** | **२३०,०३३** | **७** | **२४३,७६५** | **७** | **२५८,६४६** | **७** | **२७५,०३०** | **३५** | **१,२२४,८०१** |
| | | | | **कुल जम्मा** | | **५१** | **२५३,३६१** | **५१** | **२६९,४५०** | **५१** | **२८७,१४९** | **५६** | **३०९,०९१** | **५६** | **३३२,३९९** | **२६५** | **१,४५१,४५०** |

## ४.३ माध्यमिक शिक्षा

शिक्षा ऐन (नवौं संशोधन, २०७४) बमोजिम माध्यमिक शिक्षा भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई जनाउँदछ । माध्यमिक तहको शिक्षा नागरिकहरूलाई आधारभूत सामाजिक मूल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारको विकास गर्ने मूल लक्ष्य लिई तयार गरिएको छ । यस तहको शिक्षाले नागरिकलाई माध्यमिक तहको साक्षरता, गणितीय सिप तथा विज्ञान तथा प्रविधि क्षेत्रको जीवनोपयोगी ज्ञान उपलब्ध गराई गुणस्तरीय जीवनयापन गर्नका लागि सहयोग गर्दछ । साथसाथै, माध्यमिक शिक्षाले नागरिकहरूलाई उच्च शिक्षामा प्रवेश गर्न तथा अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्नका लागि आधारको विकास गर्दछ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नागरिकहरूलाई सिर्जनशीलता, अध्ययनशीलता, रचनात्मकता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको उत्पादनशील, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने उद्देश्यका साथ सान्दर्भिक एवं गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न औपचारिक, अनौपचारिक, वैकल्पिक र खुल्ला शिक्षा प्रणाली अवलम्बन गर्ने नीति लिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ को शिक्षा विकासको लक्ष्य अनुरूप विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तर्जुमा गरी लागु गरिएको छ । यस प्रारूपले कक्षा ९ देखि १२ को शिक्षा लिँदा हासिल हुने सक्षमता तथा अनिवार्य र ऐच्छिक विषयहरू तोकी पाठ्य विषयवस्तुको निर्धारण गरेको छ । नागरिकहरूलाई माध्यमिक शिक्षा निःशुल्क पाउने अधिकारको प्रत्याभूतिका लागि तीनै तहका सरकारहरूलाई जिम्मेवार बनाएको छ । तसर्थ, हरेक स्थानीय तहले माध्यमिक शिक्षालाई योजनाबद्ध तरिकाबाट कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । यस योजनामा गोदावरी नगरपालिकामा माध्यमिक शिक्षाको वर्तमान अवस्था, सम्भावना तथा अवसरहरू, समस्या र चुनौतीहरूको पहिचान गरी आगामी पाँच वर्षका लागि माध्यमिक शिक्षा विकासका उद्देश्य, रणनीति तथा कार्यनीति, कार्यक्रमहरू र अपेक्षित नतिजा तथा परिमाणात्मक लक्ष्यहरू तोकिएको छ ।

### ४.३.१ वर्तमान अवस्था

गोदावरी नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त तथ्याङ्कअनुसार यहाँ कक्षा १० सम्म पढाइ हुने सामुदायिक ६ ओटा र संस्थागत ४० ओटा गरी जम्मा ४६ ओटा माध्यमिक विद्यालयहरू सञ्चालित रहेका छन् । त्यस्तैगरी, कक्षा १२ सम्म पढाइ हुने विद्यालयहरूमा सामुदायिक ११ ओटा र संस्थागत ५ ओटा रहेका छन् । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ५,९१० जना रहेको छ । जसमध्ये सामुदायिक

विद्यालयहरूमा ३,३८४ जना र संस्थागत विद्यालयहरूमा २,५२६ जना अध्ययनरत रहेका छन् । सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा ५४ ओटा स्थायी दरबन्दी, ३४ ओटा राहत दरबन्दी र ६ ओटा सङ्घीय अनुदान करार दरबन्दी रहेको छ । माध्यमिक तहमा महिला शिक्षकको संलग्नता २२ प्रतिशत रहेको छ ।

शैक्षिक वर्ष २०८१ मा गोदावरी नगरपालिकामा माध्यमिक तह (कक्षा ९ - १०) को खुद भर्ना दर ७९.४ प्रतिशत र माध्यमिक तह (कक्षा ९ - १२) को खुद भर्ना दर ५८.९ प्रतिशत रहेको छ । कक्षा १० मा टिकाउ दर ८२.४ र कक्षा १२ मा टिकाउ दर ५६.६ रहेको छ । सामुदायिक विद्यालयको आधार वर्षमा विद्यार्थीको उत्तीर्ण दर कक्षा १० मा ५४.९ र कक्षा १२ मा ७२.०३ रहेको छ । त्यस्तै गरी सामुदायिक विद्यालयहरूमा कक्षा १० को सिकाइ उपलब्धि (जिपिए) नेपाली विषयमा २.९, गणितमा २.२, अङ्ग्रेजीमा २.७ र विज्ञानमा २.४ रहेको छ । विद्यार्थीहरूको खुद भर्नादर र सिकाइ उपलब्धिलाई हेर्दा बालबालिकाहरूलाई माध्यमिक शिक्षामा पहुँच, टिकाउ दर र सिकाइ उपलब्धिका क्षेत्रमा रचनात्मक कार्यहरू गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ४.३.२ समस्या तथा चुनौतीहरू

आवधिक योजना तर्जुमा गर्ने क्रममा कलन सङ्गरिएका सूचना तथा तथ्याङ्क र SWOT विश्लेषणबाट माध्यमिक तहको शिक्षा क्षेत्रमा देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ :

**तालिका २७: माध्यमिक तहको शिक्षा क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| ***क*** | ***माध्यमिक शिक्षामा सबै नागरिकको समतामूलक पहुँच र सहभागिता*** |
| १ | अभिभावकविहीन र विपन्न परिवारका बालबालिकाको विद्यालयमा पहुँच रसिकाइ न्यून रहेको |
| ३ | टाढाको दुरीमा रहेका बालबालिकालाई विद्यालय पहुँच र सिकाइमा कठिनाइ भएको |
| ४ | अपाङ्गता तथा फरक क्षमताका बालबालिकालाई सिकाइमा कठिनाइ भएको |
| ५ | बालबालिकालाई दिवा खाजाको व्यवस्था नरहेको |
| ५ | विपन्न बालबालिकाको टिकाउदर कमजोर रहेको |
| ***ख*** | ***गुणस्तरीय शिक्षा तथा बालबालिकाको सर्वाङ्गीण विकास*** |
| १ | परम्परागत शिक्षण सिकाइ विधिको बढी प्रयोग भएको |

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| २ | सिकाइ सामग्रीको पर्याप्त उपलब्धता नरहेको |
| ३ | अधिकांश विद्यालयहरूमा इ-पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशालाको अभाव रहेको |
| ४ | पाठ्यपुस्तक तथा सिकाइ सामग्री पूरा सेट समयमा आपूर्ति नहुने समस्या रहेको |
| ५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) को व्यवस्था नरहेको |
| ६ | बालबालिकाहरूलाई विद्यालयमा जीवनोपयोगी सिप विकासका गतिविधिमा कमी रहेको |
| ७ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगमा कमी रहेको |
| ८ | विद्यालयहरूमा विषयगत शिक्षकको कमी रहेको |
| ९ | परम्परागत मूल्याङ्कन तथा परीक्षा प्रणाली रहेको |
| १० | बालबालिकाको शिक्षा र सरसफाइमा अभिभावकको सहभागिता र हेरचाह कमजोर रहेको |
| ११ | शिक्षक दरबन्दी तथा आपूर्ति व्यवस्थित हुन नसकेको |
| १२ | शिक्षक-विद्यार्थी अनुपात पूर्ण रूपमा कार्यान्वयन नभएको |
| १३ | कक्षा ११ र १२ माध्यमिक तहको मूलधारमा आउन नसकेको |
| १४ | कक्षा ११- १२ को पाठ्यक्रमको पूरा पाठ्यघण्टा कार्यान्वयनमा समस्या रहेको |

### ४.३.३ उद्देश्य

(क) सबै बालबालिकाको माध्यमिक शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

(ख) माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु

### ४.३.४ रणनीति तथा कार्यनीति

माध्यमिक शिक्षामा नागरिकको पहुँच तथा सिकाइ उपलब्धि वृद्धि गर्नका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयन गरिने छ ।

## तालिका २८: माध्यमिक शिक्षा विकासका रणनीति तथा कार्यनीतिहरू

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| *१* | *माध्यमिक शिक्षामा सबै नागरिकको समतामूलक पहुँच र सहभागिता* | |
| १.१ | अभिभावकविहीन र विपन्न परिवारका बालबालिकाका लागि छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । | अभिभावकविहीन बालबालिकाका लागि शिक्षा तथा आवास कार्यक्रम सञ्चालन गर्ने |
| | | दलित छात्रवृत्ति, छात्रा छात्रवृत्ति तथा विपन्न बालबालिका छात्रवृत्ति कार्यक्रम निरन्तर गर्ने |
| | | विपन्न बालबालिका छात्रवृत्ति कार्यक्रम निरन्तर गर्ने |
| १.२ | टाढाको दुरीमा रहेका बालबालिकाको पहिचान गरी छात्रावास र यातायात सहायताको व्यवस्था गरिने छ । | टाढाको दुरीमा रहेका बालबालिकाका लागि छात्रासवा कार्यक्रम सञ्चालन गर्ने |
| | | टाढाको दुरीमा रहेका बालबालिकाका लागि यातायात सहायता कार्यक्रम सञ्चालन गर्ने |
| १.३ | बृहत् विद्यालय (gaMe School) को अवधारणा कार्यान्वयन गरिने छ । | बृहत् विद्यालय (gaMe School) स्थापना र सञ्चालन गर्ने |
| १.४ | अपाङ्गता तथा फरक क्षमताका बालबालिकालाई सिकाइ सहयोगी उपकरणको व्यवस्था गरिने छ । | अपाङ्गता तथा फरक क्षमताका बालबालिकालाई सिकाइ सहयोगी उपकरण वितरण गर्ने |
| १.५ | अभिभावकसँगको साझेदारीमा बालबालिकालाई दिवा खाजाको व्यवस्था गरिने छ । | बालबालिकालाई दिवा खाजा साझेदारी कार्यक्रम सञ्चालन गर्ने |
| १.६ | विपन्न तथा पिछाडिएका अभिभावक लक्षिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । | अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । |
| *२* | *गुणस्तरीय शिक्षा तथा बालबालिकाको सर्वाङ्गीण विकास* | |
| २.१ | | खोजमूलक, अभ्यास र व्यवहारमा आधारित शैक्षणिक विधि तर्जुमा गर्ने |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | खोजमूलक, अभ्यास र व्यवहारमा आधारित शैक्षणिक विधि तर्जुमा तथा कार्यान्वयन गरिने छ । | खोजमूलक, अभ्यास र व्यवहारमा आधारित शैक्षणिक विधि कार्यान्वयन तथा अनुगमन गर्ने |
| | | कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि उपचारात्मक शिक्षण सिकाइ लागु गर्ने |
| | | पाठयोजना र शिक्षण तथा सिकाइ सामग्री निर्माण गर्ने अभ्यास लागु गर्ने |
| | | पाठ्यक्रममा तोकिएको पूर्ण पाठ्यघण्टा समयको कार्यान्वयन गर्ने |
| २.२ | विद्यालयहरूमा सिकाइ सामग्री आवश्यकता अध्ययन गरी सोही बमोजिम सामग्रीहरूको व्यवस्था गरिने छ । | विद्यालयहरूमा सिकाइ सामग्री आवश्यकता अध्ययन गर्ने |
| | | विद्यालयहरूमा सिकाइ सामग्री वितरण र प्रभावकारी प्रयोगको सुनिश्चित गर्ने |
| २.३ | विद्यालयहरूमा इ-पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशालाको स्थापना र सञ्चालन गरिने छ । | विद्यालयहरूमा इ-पुस्तकालय स्थापना र सञ्चालन गर्ने |
| | | विद्यालयहरूमा विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन गर्ने |
| | | विद्यालयहरूमा कम्प्युटर प्रयोगशालाको स्थापना र सञ्चालन गर्ने |
| २.४ | विद्यालयहरूमा पाठ्यपुस्तक समयमा आपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय, पुराना पुस्तक पुनः प्रयोग र इ-पुस्तकको व्यवस्था गरिने छ । | विद्यालयहरूमा पाठ्यपुस्तक समयमा आपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय र पहल गर्ने |
| | | विद्यालयमा पुराना पाठ्यपुस्तक बैङ्क स्थापना गर्ने |
| | | पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको डिजिटल कपीको व्यवस्था गरी उपयोग गर्ने |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| २.५ | विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक तालिम (TEVT), जीवनोपयोगी सिप, खेलकुद तथा अतिरिक्त क्रियाकलापको व्यवस्था गरिने छ । | माध्यमिक तहको अन्त्यमा ९० घण्टाको पेसागत सिप तालिम सञ्चालन गर्ने |
| | | कक्षाकोठामा जीवनोपयोगी सिपसम्बन्धी सिकाइ तथा अभ्यासको व्यवस्था गर्ने |
| | | विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने |
| २.६ | विद्यालयहरूमा सूचना प्रविधिको पूर्वाधार जडान तथा सोको उपयोग सम्बन्धमा शिक्षकहरूको क्षमता विकास गरिने छ । | सूचना प्रविधिको न्यूनतम पूर्वाधार निर्माण तथा जडान गर्ने |
| | | विद्यालयहरूमा ई-पुस्तकालय स्थापना र सञ्चालन गर्ने |
| | | शिक्षक तथा विद्यालय कर्मचारीका लागि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिप तालिम सञ्चालन गर्ने |
| २.७ | विद्यालय तथा शिक्षक क्षमता विकास योजना तर्जुमा तथा कार्यान्वयन गरिने छ । | विद्यालय तथा शिक्षक क्षमता विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्ने । |
| | | शिक्षक क्षमता विकास तालिम, नवप्रवर्तन तथा कक्षा कोठामा आधारित अनुसन्धानका सञ्चालन गर्ने |
| २.८ | विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणालीमा नवीन विधिहरू पहिचान गरी कार्यान्वयन तथा अनुगमन, प्रगति समीक्षा तथा आवधिक मूल्याङ्कन गरिने छ । | आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने |
| | | निरन्तर मूल्याङ्कनका लागि विद्यार्थी पोर्टफोलियो व्यवस्थापन गर्ने |
| | | कक्षाकोठामा आधारित शिक्षक निर्मित परीक्षा सञ्चालन गर्ने |
| | | परीक्षाको नतिजामा आधारित सुधारात्मक शिक्षण कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | | अर्धवार्षिक अवधिमा सुधारात्मक शिक्षण कार्ययोजनाको प्रगति समीक्षा गर्ने |
| २.९ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी बालबालिकाको शिक्षामा अभिभावकको जिम्मेवारी तथा सहभागिता बढाइने छ । | बालबालिकाको शिक्षामा अभिभावकको जिम्मेवारी तथा सहभागिता सम्बन्धमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने |
| | | विद्यालयको वार्षिक शैक्षिक योजना तर्जुमा प्रक्रियामा विज्ञ अभिभावकहरूको सहभागिता सुनिश्चित गर्ने |
| २.१० | शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि तयार गरी लागु गरिने छ । | शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि तयारी तथा कार्यान्वयन गर्ने |
| | | शिक्षक-विद्यार्थी अनुपात पूर्णरूपमा कार्यान्वयन गर्ने |

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ४.३.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छन्:

(क) नगरपालिकाका सबै बालबालिकाले माध्यमिक शिक्षामा पहुँच र सहभागिता भएको हुने छ ।

(ख) माध्यमिक शिक्षामा शिक्षण सिकाइमा गुणस्तर सुधार भई बालबालिकाको सिकाइ उपलब्धि वृद्धि भएको हुने छ ।

(ग) माध्यमिक शिक्षामा जीपनोपयोगी, व्यावहारिक तथा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ लागु भएको हुने छ ।

### ४.२.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुनेछ :

**तालिका २९: माध्यमिक शिक्षा विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| नगरपालिकाका सबै बालबालिकाले माध्यमिक शिक्षामा पहुँच र सहभागिता भएको हुने छ । | कुल भर्नादर (कक्षा ९ - १०) | प्रतिशत | ११९.३ | ११७.० | ११४.७ | ११२.४ | ११०.१ | १०७.८ | १०७.८ | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | खुद भर्नादर (कक्षा ९ - १०) | प्रतिशत | ७६.५ | ८०.२ | ८३.९ | ८७.६ | ९१.३ | ९५.० | ९५.० | | |
| | कुल भर्नादर (कक्षा ९ - १२) | प्रतिशत | ९३ | ९४ | ९४.५ | ९५ | ९७ | ९७ | ९७ | | |
| | खुद भर्नादर (कक्षा ९ - १२) | प्रतिशत | ५८.९ | ६०.५ | ६२.१ | ६५ | ६७.९ | ७३ | ७३ | | |
| | कुल भर्नादर (कक्षा ११ - १२) | प्रतिशत | ९० | ९१.० | ९२ | ९४ | ९६ | ९७ | ९७ | | |
| | खुद भर्नादर (कक्षा ११ - १२) | प्रतिशत | ४०.७ | ४५.१ | ४९.५ | ५५ | ५८.५ | ६३ | ६३ | | |
| | कक्षा १० सम्मको टिकाउ दर | प्रतिशत | ६२ | ६४.५ | ६७ | ७५ | ८३ | ९२ | ९२ | | |
| | कक्षा १२ सम्मको टिकाउ दर | प्रतिशत | ३८ | ४० | ४२ | ४५ | ४८ | ५२ | ५२ | | |
| | कक्षा १ - १२ खुद भर्नादरको आधारमा लैङ्गिक समता सूचकाङ्क | सूचकाङ्क | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ | | |
| | छात्रवृत्ति पाउने दलित तथा विपन्न तथा लक्षित बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | दुरीको कारणले आवश्यकता भएको मध्ये छात्रावास सुविधा पाएका बालबालिका | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | १०० | | |
| | दुरीको कारणले आवश्यकता भएका मध्ये यातायात सुविधा पाएका बालबालिका | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | १०० | | |
| | सिकाइ सहयोग उपकरण प्राप्त गर्ने अपाङ्गता भएका बालबालिकाका | प्रतिशत | ० | ५० | ५० | ५० | ५० | ५० | ५० | | |
| माध्यमिक शिक्षामा शिक्षण सिकाइमा गुणस्तर सुधार भई बालबालिकाको सिकाइ उपलब्धि | कक्षा १० को सिकाइ उपलब्धि (जिपी) | | | | | | | | | | |
| | नेपाली | जिपी | २.९ | ३.० | ३.१ | ३.२ | ३.२ | ३.२ | ३.२ | | |
| | गणित | जिपी | २.२ | २.५ | २.८ | ३.१ | ३.४ | ३.७ | ३.७ | | |
| | अङ्ग्रेजी | जिपी | २.७ | २.९ | ३.१ | ३.३ | ३.५ | ३.७ | ३.७ | | |
| | विज्ञान | जिपी | २.४ | २.५ | २.६ | २.७ | २.८ | २.८ | २.८ | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| वृद्धि भएको हुने छ । | छात्रासवा सञ्चालन भएको विद्यालय | सङ्ख्या | ० | २ | २ | ४ | ४ | ४ | ४ | | |
| | इ-पुस्तकालय सञ्चालन भएको विद्यालय | सङ्ख्या | ० | १० | १० | १० | १५ | १५ | १५ | | |
| | आधुनिक विज्ञान प्रयोगशाला सञ्चालन भएका विद्यालय | सङ्ख्या | ५ | ८ | १० | १२ | १६ | १८ | १८ | | |
| | कम्प्युटर प्रयोगशाला सञ्चालन विद्यालय | सङ्ख्या | ८ | १० | १२ | १४ | १६ | १८ | १८ | | |
| | प्राविधिक धारको शिक्षा सञ्चालन भएको विद्यालय | सङ्ख्या | ० | १ | ३ | ३ | ३ | ३ | ३ | | |
| | कक्षामा जीवनोपयोगी सिप/ तालिम कार्यक्रम लागु भएको विद्यालय | सङ्ख्या | ० | ५ | १० | १५ | १८ | १८ | १८ | | |
| | पेसागत क्षमता विकास तालिम (वार्षिक ३० घण्टाको) प्राप्त शिक्षक | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | ९० | ९० | | |
| | खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन हुने विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| माध्यमिक विद्यालयहरूमा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ लागु भएको हुने छ । | सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ लागु भएका विद्यालय | सङ्ख्या | ५ | ८ | १० | १२ | १४ | १८ | १८ | | |

## ४.३.६ कार्यक्रम तथा आयोजना

### तालिका ३०: माध्यमिक शिक्षा विकासका कार्यक्रम तथा आयोजना

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| | | | | **समतामूलक पहुँच र सहभागिता** | | | | | | | | | | | | | |
| १ | १ | १.१ | १.१.१ | अभिभावक विहीन बालबालिकाका लागि शिक्षा तथा आवास कार्यक्रम | पटक | १ | १,००० | १ | १,०५० | १ | १,१०३ | १ | १,१५८ | १ | १,२१६ | ५ | ५,५२६ |
| २ | १ | १.१ | १.१.२ | विपन्न बालबालिका छात्र वृत्ति कार्यक्रम | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| ३ | १ | १.२ | १.२.१ | विपन्न बालबालिकाका लागि टोल सिकाइ कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ४ | १ | १.२ | १.२.१ | लामो दुरीका बालबालिकाका लागि विद्यालयमा छात्रास वा कार्यक्रम | पटक | १ | १,००० | १ | १,०५० | १ | १,१०३ | १ | १,१५८ | १ | १,२१६ | ५ | ५,५२६ |
| ५ | १ | १.२ | १.२.२ | लामो दुरीका बालबालिकाका लागि यातायात खर्च | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| ६ | १ | १.३ | १.३.१ | बृहत् विद्यालय (Mega School) स्थापना र सञ्चालन कार्यक्रम | पटक | १ | १,००० | १ | १,००० | १ | १,००० | १ | १,००० | १ | १,००० | ५ | ५,००० |
| ७ | १ | १.४ | १.४.१ | अपाङ्गता तथा फरक क्षमताका बालबालिकाका लागि सिकाइ सहयोग उपकरणवितरण (माध्यमिक तह) | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ७०० | १ | ७०० | ५ | २,९०० |
| ८ | १ | १.५ | १.५.१ | विद्यार्थीको दिवा खाजा साझेदारी कार्यक्रम | पटक | १ | १०,००० | १ | ११,००० | १ | १२,१०० | १ | १३,३१० | १ | १४,६४१ | ५ | ६१,०५१ |
| ९ | १ | १.६ | १.६.१ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १०० | १ | १२० | १ | १४४ | १ | १७३ | १ | २०७ | ५ | ७४४ |
| | | | | **जम्मा** | | ९ | १५,१०० | ९ | १६,२७० | ९ | १७,५५२ | ९ | १९,१५६ | ९ | २०,६९५ | ४५ | ८८,७७२ |
| | | | | **शैक्षिक गुणस्तर सुधार** | | | | | | | | | | | | | |
| १० | २ | २.१ | २.१.१ | मा वि शिक्षक तलब भत्ता (नपा) | पटक | १ | ८,००० | १ | ८,८०० | १ | ९,६८० | १ | १०,६४८ | १ | ११,७१३ | ५ | ४८,८४१ |
| ११ | २ | २.१ | २.१.१ | शिक्षण सिकाइ सुधार कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ६०० | १ | ७२० | ५ | २,८२० |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १२ | २ | २.२ | २.२.१ | विद्यालयमा सिकाइ सामग्री सहयोग | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ६०० | १ | ७२० | ५ | २,८२० |
| १३ | २ | २.२ | २.२.२ | कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि उपचारात्मक शिक्षण कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ६०० | १ | ७२० | ५ | २,८२० |
| १४ | २ | २.३ | २.३.१ | विद्यालयहरूमा इ-पुस्तकालय सञ्चालन | सङ्ख्या | १० | २,००० | १० | २,००० | १० | २,००० | १५ | ३,००० | १५ | ३,००० | ६० | १२,००० |
| १५ | २ | २.३ | २.३.२ | विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन | सङ्ख्या | २ | १,००० | २ | १,००० | २ | १,००० | २ | १,००० | २ | १,००० | १० | ५,००० |
| १६ | २ | २.३ | २.३.३ | विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला स्थापना र सञ्चालन | सङ्ख्या | २ | २,००० | २ | २,००० | २ | २,००० | २ | २,००० | २ | २,००० | १० | १०,००० |
| १७ | २ | २.५ | २.५.१ | विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन | पटक | ५ | ५,००० | ५ | ५,००० | ५ | ५,००० | ५ | ६,००० | ५ | ७,२०० | २५ | २८,२०० |
| १८ | २ | २.५ | २.५.२ | कक्षामा जीवनोपयोगी सिप कार्यक्रम | पटक | ५ | ५०० | ५ | ६०० | ५ | ७२० | ५ | ८६४ | ५ | १,०३७ | २५ | ३,७२१ |
| १९ | २ | २.६ | २.६.१ | सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम | पटक | ५ | ५०० | ५ | ६०० | ५ | ७२० | ५ | ८६४ | ५ | १,०३७ | २५ | ३,७२१ |
| २० | २ | २.७ | २.७.१ | शिक्षक क्षमता विकास तालिम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| २१ | २ | २.८ | २.८.१ | विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन | पटक | १ | ३०० | १ | ३६० | १ | ४३२ | १ | ५१८ | १ | ६२२ | ५ | २,२३२ |
| | | | | **जम्मा** | | **३५** | **२१,३००** | **३५** | **२२,३६०** | **३५** | **२३,५५२** | **४०** | **२७,१९४** | **४०** | **३०,२६८** | **१८५** | **१२४,६७५** |
| | | | | **ससर्त कार्यक्रम** | | | | | | | | | | | | | |
| २२ | २ | २.१ | २.१.१ | मा. वि. शिक्षक तलब भत्ता (ससर्त) | पटक | १ | १४१,६२२ | १ | १४८,७०३ | १ | १५६,१३८ | १ | १६३,९४५ | १ | १७२,१४२ | ५ | ७८२,५५१ |
| २३ | २ | २.१ | २.१.१ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | पटक | १ | २,५९९ | १ | २,८५९ | १ | ३,१४५ | १ | ३,४५९ | १ | ३,८०५ | ५ | १५,८६७ |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| २४ | २ | २.६ | २.६.१ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | पटक | १ | १,४११ | १ | १,४११ | १ | १,४११ | १ | १,४११ | १ | १,४११ | ५ | ७,०५५ |
| २५ | २ | २.१ | २.१.१ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | ७,३०० | १ | ७,३०० | १ | ७,३०० | १ | ७,३०० | १ | ७,३०० | ५ | ३६,५०० |
| २६ | २ | २.२ | २.२.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि :शुल्क पाठ्यपुस्तक अनुदान (माध्यमिक) | पटक | १ | १,९४० | १ | २,१३४ | १ | २,३४७ | १ | २,५८२ | १ | ३,०९९ | ५ | १२,१०२ |
| २७ | २ | २.८ | २.८.१ | संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कन | पटक | १ | ९१३ | १ | १,०९६ | १ | १,३१५ | १ | १,५७८ | १ | १,८९३ | ५ | ६,७९४ |
| २८ | १ | १.१ | १.१.२ | कक्षा ९-१२ मा अध्ययनरत पन्न वि लक्षित छात्रवृत्ति(Pro-Poor Target Scholarship) का लागि छनोट भएका विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा ११ र १२ का विज्ञान विषयसमेतका लागि) | पटक | १ | २०० | १ | २२० | १ | २४२ | १ | २६६ | १ | ३१९ | ५ | १,२४८ |
| २९ | २ | २.५ | २.५.१ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय व्यवस्थापन अनुदान | पटक | १ | ९,००० | १ | ९,००० | १ | ९,००० | १ | ९,००० | १ | ९,००० | ५ | ४५,००० |
| ३० | २ | २.३ | २.३.१ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | पटक | १ | १,३०० | १ | १,३०० | १ | १,३०० | १ | १,३०० | १ | १,३०० | ५ | ६,५०० |
| | | | | **जम्मा** | | **९** | **१६६,२८५** | **९** | **१७४,०२३** | **९** | **१८२,१९८** | **९** | **१९०,८४१** | **९** | **२००,२७०** | **४५** | **९१३,६१७** |
| | | | | **कुल जम्मा** | | **५३** | **२०२,६८५** | **५३** | **२१२,६५३** | **५३** | **२२३,३०२** | **५८** | **२३७,१९२** | **५८** | **२५१,२३३** | **२७५** | **१,१२७,०६४** |

## ४.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिम

नागरिक शिक्षाका धारहरू मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) एक महत्त्वपूर्ण क्षेत्र हो जसले नागरिकहरूलाई उत्पादन तथा सेवामूलक उद्योग, उद्यम तथा व्यवसाय सञ्चालन गर्ने व्यवस्थापकीय तथा प्राविधिक ज्ञान र सिप उपलब्ध गराउँछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले नागरिकहरूलाई रोजगारी दिनका साथै स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा कुल गार्हस्थ्य उत्पादन वृद्धि गर्न योगदान गर्दछ । नेपालमा साधारण शिक्षाले देशमा रोजगारी बढाउन नसकेको गुनासो नागरिकको मुखमा रहिआएको छ र वास्तविकता पनि यही नै छ । विपन्न र न्यून आय भएका परिवारको बाहुल्य रहनु र शिक्षामा प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको अभाव हुनु दुवै अवस्थाले नागरिकहरूमा झन वेरोजगारी विपन्नता निम्त्याउँछ । तसर्थ नेपाल सरकारले माध्यमिक शिक्षासँग प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम जोडेर लैजानुपर्ने आवश्यकता महसुस गरी शिक्षासम्बन्धी नीति, कानुन र योजनामा समावेश गर्रिंदै ल्याइएको छ ।

### ४.४.१ वर्तमान अवस्था

गोदावरी नगरपालिका सहरोन्मुख स्थानीय तह भएकोले जनसङ्ख्याको चाप बढ्दो छ । यहाँ कृषियोग्य भूमिको उपलब्धता रहेकोले कृषिजन्य उत्पादनका लागि दक्ष जनशक्तिको खाँचो छ । त्यस्तै निजी तथा सार्वजनिक भवन संरचनाको निर्माण कार्य निरन्तर भइरहेको हुँदा उक्त निर्माण क्षेत्रमा दक्ष सिकर्मी तथा डकर्मीको माग पनि उत्तिकै रहेको छ । यहाँ उत्पादन हुने जनशक्तिले काठमाडौं उपत्यकाभित्रका सबै स्थानहरूमा पहुँच गर्न सक्ने भएकोले प्लम्बर, इलेक्ट्रिसियन, इलेक्ट्रोनिक्स, कृषि तथा पशु प्राविधिक, इन्जिनियरिङ क्षेत्रका जनशक्तिहरूको बजार माग र सम्भावना उच्च रहेको छ । साथै यहाँ २ दर्जनको हाराहारीमा ऐतिहासिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । पर्यटकीय स्थलहरूमा होटेल तथा अन्य व्यापार व्यवसाय आदि सञ्चालन गर्न सकिने भएको हुँदा सोको लागि दक्ष र सिपालु जनशक्ति उत्पादन गरी रोजगारी बढाउन सकिने सम्भावना रहेको छ । वैदेशिक बजारहरूमा पनि दक्ष र सिपालु जनशक्तिले रोजगारी पाउने भएको हुँदा यहाँका नागरिकहरूलाई प्राविधिक शिक्षामा पहुँच गराउन आवश्यक देखिएको छ ।

गोदावरी नगरपालिकामा विद्यालय उमेरका बालबालिकालाई लक्षित गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा उल्लेखनीय कार्यहरू गरिएका छैनन् । आवधिक शिक्षा विकास योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार यस नगरपालिकामा सामुदायिकस्तरबाट सञ्चालित १ ओटा र संस्थागतस्तरबाट सञ्चालित २ ओटा

डिप्लोमा तहका प्राविधिक धारका शैक्षिक संस्थाहरू रहेका छन् । विद्यालयहरूमा सिप विकास तालिम जस्ता प्याकेज कार्यक्रमहरू सञ्चालन भएका छैनन् । नगरपालिकाको पहल र लगानी वा साझेदारीमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप केन्द्रको सञ्चालन जस्ता कार्यहरू नभएको हुँदा यस क्षेत्रमा योजनाबद्ध तरिकाले विकासका कार्य गर्नुपर्ने अपरिहार्यता रहेको छ।

### ४.४.२ समस्या तथा चुनौतीहरू

आवधिक योजना तर्जुमा गर्ने क्रममा सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क र SWOT विश्लेषणबाट प्राविधिक शिक्षा तथा व्यावसायिक सिप क्षेत्रमा देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ :

**तालिका ३१: प्राविधिक शिक्षा तथा व्यावसायिक सिप क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | विद्यालयहरूमा प्राविधिक धार सञ्चालन नभएको |
| २ | विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप सेवा प्रदायकबिचमा सहकार्य र साझेदारी नभएको |
| ३ | सामान्य साक्षर र निरक्षर महिला/पुरुष प्राविधिक शिक्षा तथा व्यावसायिक सिपबाट वञ्चित रहेको |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका संस्थागत/निजी सेवा प्रदायकहरूसँगको समन्वय र साझेदारीमा कमी भएको |

### ४.४.३ उद्देश्य

(क) नागरिकहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा पहुँच तथा सहभागिता सुनिश्चित गर्नु

(ख) प्राविधिक शिक्षामा गुणस्तर अभिवृद्धि गरी विभिन्न विधामा दक्ष र सिपालु जनशक्ति उत्पादन गर्नु

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रमा निजी सेवा प्रदायकहरूसँग समन्वय र साझेदारी गर्नु

### ४.४.४ रणनीति तथा कार्यनीति

नागरिकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा पहुँच गराई नगरपालिकावासीलाई समृद्ध तुल्याउनका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू लागु गरिने छ:

**तालिका ३२: प्राविधिक शिक्षा तथा व्यावसायिक विकासका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं. | रणनीतिहरू | कार्यनीति |
|---|---|---|
| १ | विद्यालयहरूमा प्राविधिक धार सञ्चालन तथा विपन्न नागरिकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका पहुँचका लागि प्रोत्साहन गरिने छ । | विपन्न विद्यार्थीलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका पहुँचका लागि छात्रवृत्ति प्रदान गर्ने |
| | | सामान्य साक्षर र निरक्षर महिला/पुरुष प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा पहुँच सुनिश्चित गर्ने |
| | | प्राविधिक धारका लागि उपयुक्त विद्यालय तथा विषयहरू छनौट गरी सञ्चालन गर्ने |
| | | साधारण धारका विद्यालयमा व्यवसायिक पको सि क्षेत्रमा छोटो समयका तालिम कार्यक्रम सचालन गर्ने |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक सिप सेवा प्रदायक बीचमा सहकार्य र साझेदारी बढाई नागरिकहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा पहुँच गराइने छ । | विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप सेवा प्रदायक बिचमा सहकार्य र साझेदारीमा बालबालिकाका लागि व्यावसायिक सिप तालिम सञ्चालन गर्ने |

## ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

### ४.४.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुनेछ :

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा नागरिकको पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ ।

(ख) विभिन्न प्राविधिक तथा व्यावसायिक विधामा दक्ष र सिपालु जनशक्ति उत्पादन भएको हुने छ ।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप प्रदायकहरूसँग समन्वय र साझेदारी भएको हुने छ ।

### ४.४.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुनेछ :

**तालिका ३३ः प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| नगरपालिकाका विद्यार्थी/ नागरिकले प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा पहुँच र सहभागिता भएको हुने छ । | प्राविधिक धार सञ्चालित विद्यालय | सङ्ख्या | ० | १ | २ | ३ | ३ | ३ | ३ | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका लागि छात्रवृत्ति पाउने विपन्न विद्यार्थी | प्रतिशत | ० | २० | ३० | ४० | ५० | ६० | ६० | | |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक सिप कार्यक्रममा अवसर पाएका सामान्य साक्षर र निरक्षर महिला/पुरुष | सङ्ख्या | ० | ३०० | ६०० | ९०० | १२०० | १५०० | १५०० | | |
| | सिपमूलक तालिम सञ्चालन भएको माध्यमिक विद्यालय | सङ्ख्या | ० | १ | २ | ३ | ३ | ३ | ३ | | |
| नागरिकहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा पहुँच बढाउन यस क्षेत्रका सेवा प्रदायकहरूसँग समन्वय र साझेदारी बढाइने छ । | प्राविधिक शिक्षा तथा व्यावसायिक सिप सेवा प्रदायकसँग सहकार्य र साझेदारी भएको विद्यालय | सङ्ख्या | ० | ३ | ७ | ११ | १५ | १९ | १९ | | |

### ४.४.६ कार्यक्रम तथा आयोजना

**तालिका ३४: प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रम तथा आयोजना**

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट र. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) |
| | | | | **समतामूलक पहुँच र सहभागिता** | | | | | | | | | | | | | |
| १ | १ | १.१ | १.१.१ | विपन्न विद्यार्थीलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका लागि छात्रवृत्ति | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| २ | १ | १.१ | १.१.२ | सामान्य साक्षर र निरक्षर महिला/पुरुष प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ३ | १ | १.१ | १.१.३ | विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन | पटक | ५ | ४,५०० | ५ | ४,५०० | ५ | ४,५०० | ५ | ५,४०० | ५ | ६,४८० | २५ | २५,३८० |
| | | | | **जम्मा** | | **७** | **५,५००** | **७** | **५,५२५** | **७** | **५,५५१** | **७** | **६,४७९** | **७** | **७,५८८** | **३५** | **३०,६४३** |
| | | | | **सिप विकासमा साझेदारी कार्यक्रम** | | | | | | | | | | | | | |
| ४ | २ | २.१ | २.१.१ | विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप सेवा प्रदायक बिचमा सहकार्य र साझेदारीमा बालबालिकाका लागि व्यावसायिक सिप तालिम | पटक | ५ | ५,००० | ५ | ५,००० | ५ | ५,००० | ५ | ६,००० | ५ | ७,२०० | २५ | २८,२०० |
| | | | | **जम्मा** | | **५** | **५,०००** | **५** | **५,०००** | **५** | **५,०००** | **५** | **६,०००** | **५** | **७,२००** | **२५** | **२८,२००** |
| | | | | | | **१२** | **१०,५००** | **१२** | **१०,५२५** | **१२** | **१०,५५१** | **१२** | **१२,४७९** | **१२** | **१४,७८८** | **६०** | **५८,८४३** |

## ४.५ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ शिक्षा विकासको एक महत्त्वपूर्ण क्षेत्र हो । औपचारिक शिक्षा लिनबाट बञ्चित भएका नागरिकहरूका लागि साक्षरता तथा गणितीय सिपको विकास साथै विषयवस्तु बुझ्न र विश्लेषण गर्ने क्षमतासम्मको ज्ञान, सिप र प्रवृत्तिको विकास गर्न अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवधारणा लागु गरिएको हो । अनौपचारिक शिक्षाले विद्यालय शिक्षामा पहुँच पाउन नसकेका नागरिकहरूलाई निरक्षरताबाट साक्षरतातर्फ र साक्षरताबाट साक्षरोत्तर सिकाइ, शिक्षासँगै जीवन र जीविकोपार्जन सिप र आम्दानी जोड्ने जस्ता पक्षमा योगदान गर्दछ ।

नेपाल सरकारले अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाइ केन्द्र, अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालय, सामुदायिक पुस्तकालय आदि मार्फत नागरिकहरूलाई साक्षरताको ज्ञान तथा सिप दिने कार्यलाई निरन्तरता दिएको छ । साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा अन्य विधिहरूबाट समाजमा साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरू प्रसारण गर्ने गरिएको छ । अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रको अलवा विद्यालय, गैरसरकारी संस्था, सञ्चार माध्यम, नागरिक समाज, अभिभावक, उद्योग/व्यवसाय, कलकारखाना वा सामूहिक कार्यस्थल आदिलाई उपयोग गर्न सकिन्छ ।

नेपाल सरकारले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम निरन्तर सञ्चालन गर्ने मूल अभिप्राय समाजमा रहेको निरक्षरता उन्मुलन गर्दै साक्षर, नैतिकवान् र कर्तव्यनिष्ठ नागरिक तयार गर्ने हो । समाजमा निरक्षरता, अज्ञानता, परम्परागत सोच र प्रवृत्तिले अझै विपन्नता, सामाजिक रीति कुतथा भेदभाव र अपराधिक गतिविधिहरूको निरन्तरता रहेको देखिन्छ । यसैले देशका सबै भौगोलिक क्षेत्रका नागरिकहरू साक्षर र शान्ति तथा सम्मानपूर्वक जीवनयापन गर्न सक्षम बनाउने अभिप्रायले विद्यालय पहुँच नभएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवधारणा लागु गरिएको हो ।

### ४.५.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकाको साक्षरताको अवस्थालाई विश्लेषण गर्दा यहाँको ५ वर्षमाथिको कुल जनसङ्ख्या ९१,७७४ मध्ये १५४२५ जना (१६.८१ प्रतिशत) निरक्षर रहेका छन् । निरक्षरताको घनत्व १६ वर्ष उमेरदेखि माथिका सबै नागरिकहरूमा देखिन्छ । तसर्थ, आर्थिक रूपमा सक्रिय उमेरका नागरिकहरूलाई साक्षर तथा सिपयुक्त तुल्याई सम्मानपूर्ण जीवनयापनका लागि योग्य बनाउनु तीनै तहका सरकारको जिम्मेवारीभित्र पर्दछ । गोदावरी नगरपालिकामा

निरक्षरतालाई निर्मूल गर्नका लागि यहाँ सामुदायिक सिकाइ केन्द्र १४ ओटा र सामुदायिक पुस्तकालय २ ओटा सञ्चालित छन् । नगरपालिकाद्वारा साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रमअन्तर्गत ४ ओटा केन्द्रमा (मातृ विद्यालय समेतमा) कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । चालु शैक्षिक वर्षमा यस कार्यक्रममा १६ वर्षमाथिका प्रौढ महिलाहरू १७० जना सहभागी रहेका छन् । यस कार्यक्रममा ९ जना सहजकर्तामार्फत अध्यापन तह २ का ३ ओटा केन्द्रमा र अध्यापन तह ३ को एउटा केन्द्रमा कार्यक्रम सञ्चालित छन् ।

### ४.५.२ समस्या तथा चुनौतीहरू

आवधिक योजना तर्जुमा गर्ने क्रममा सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क र SWOT विश्लेषणबाट अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ क्षेत्रमा देहायका समस्या तथा चुनौतीहरूको पहिचान गरिएको छ :

**तालिका ३५: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| **क** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सबै नागरिकको समतामूलक पहुँच र सहभागिता** |
| १ | विपन्न परिवारका नागरिकको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पहुँचमा न्यूनता रहेको |
| २ | गृहिणी महिलाहरूलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पहुँच र सिकाइमा कठिनाइ भएको |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सम्बन्धमा नागरिकहरूमा आंशिक सचेतना रहेको |
| ५ | नागरिकहरूमा सचेतनाको कमीले प्रवेश दर र टिकाउदर कमजोर रहेको |
| ६ | नागरिकको सहज पहुँच हने गरी सिकाइ केन्द्रको व्यवस्थापन नभएको |
| **ख** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा गुणस्तरीयता तथा सान्दर्भिकता** |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग मौलिक एवं परम्परागत ज्ञान तथा सिपको पहिचान तथा प्रवर्धन कार्य जोड्न नसकिएको |

| | |
|---|---|
| २ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिपसँग जोड्ने कार्य अपेक्षित स्तरमा नरहेको |
| ३ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा कमी रहेको |
| ४ | सहजकर्ताहरूको दक्षतामा कमी भएकोले शिक्षण सिकाइमा प्रभाव परेको |
| ५ | परम्परागत मूल्याङ्कन तथा परीक्षा प्रणाली रहेको |

### ४.५.३ उद्देश्य

(क) नगरपालिकाका सबै युवा तथा प्रौढहरूलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पहुँच सुनिश्चित गर्नु

(ख) नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमार्फत नैतिकता, सदाचारिता, संस्कृतिमैत्री तथा वहारिक व्यावहारिक सिप प्रदान गर्नु

(ग) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग प्रवर्धन गर्नु

### ४.५.४ रणनीति तथा कार्यनीति

नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा विकास गरी नगरपालिकासीहरूलाई वा साक्षर, सुसंस्कृत र सुखी तुल्याउनका लागि देहायका रणनीति तथा कार्यनीतिहरू पहिचान गरिएको छ :

**तालिका ३६: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ विकासका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| **१** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सबै नागरिकको समतामूलक पहुँच र सहभागिता** | |
| १.१ | नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पहुँच र सहभागिताका लागि गैसस तथा समुदाय समेतको सहकार्यमा सचेतनामूलक अभियान तथा प्रोत्साहनका विधिहरू पहिचान गरी लागु गरिने छ । | निरक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन तथा खण्डीकृत विवरण अद्यावधिक गर्ने |
| | | नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सहभागिताका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने |
| | | समुदायमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |

| २ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा गुणस्तरीयता तथा सान्दर्भिकता | |
|---|---|---|
| २.१ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग मौलिक एवं परम्परागत ज्ञान तथा सिपको पहिचान तथा प्रवर्धन कार्य जोड्ने व्यवस्था कार्यान्वयन गरिने छ। | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममा मौलिक एवं परम्परागत ज्ञान तथा सिपको पहिचान तथा शिक्षण सिकाइ गर्ने |
| | | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप तालिम जोडेर सञ्चालन गर्ने |
| २.२ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइने छ । | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार जडान गरी शिक्षण सिकाइमा प्रयोग गर्ने |
| २.३ | सहजकर्ताको क्षमता विकासका पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिने छ । | सहजकर्ताका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने |
| २.४ | युवा तथा प्रौढ नागरिकहरूका लागि उपयुक्त हुने परीक्षा तथा मूल्याङ्कन विधि अवलम्बन गरिने छ । | लगनशीलता र व्यावहारिक सिकाइमा आधारित मूल्याङ्कन विधि र साक्षरता तथा गणितीय ज्ञानको परीक्षा प्रणाली लागु गर्ने |

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ४.५.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छन् :

(क) नगरपालिकाका युवा तथा प्रौढ नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पहुँच तथा सहभागिता सहज रूपमा भएको हुने छ ।

(ख) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमार्फत नागरिकहरूले नैतिकता, सदाचारिता, संस्कृतिमैत्री तथा व्यावहारिक सिप प्राप्त गरेको हुने छ ।

(ग) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने छ ।

### ४.५.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुने छ :

**तालिका ३७: अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| नगरपालिकाका युवा तथा प्रौढ नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पहुँच तथा सहभागिता सहज रूपमा भएको हुने छ । | अनौपचारिक शिक्षा केन्द्र | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | १० | १० | नगरपालिका प्रोफाइल, शिक्षा शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | सामुदायिक सिकाइ केन्द्र | सङ्ख्या | १४ | २१ | २८ | २८ | २८ | २८ | २८ | | |
| | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा संलग्न महिला | सङ्ख्या | १७० | २०० | २५० | ३०० | ३५० | ४०० | ४०० | | |
| | अनौपचारिक शिक्षा सहजकर्ता | सङ्ख्या | ९ | १४ | २१ | २८ | ३५ | ४२ | ४२ | | |
| | निरक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन तथा खण्डीकृत विवरण अद्यावधीकरण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा संलग्न नागरिक | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | | |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमार्फत नागरिकहरूले नैतिकता, सदाचारिता, संस्कृतिमैत्री तथा व्यवहारिक सिप प्राप्त गरेको हुने छ । | मौलिक एवं परम्परागत ज्ञान तथा सिपको पहिचान तथा शिक्षण सिकाइ लाभान्वित नागरिक | प्रतिशत | ० | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | अनौपचारिक शिक्षामा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप तालिम पाएका नागरिक | सङ्ख्या | ० | २०० | ४०० | ६०० | ८०० | १००० | १००० | | |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने छ । | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार जडान तथा शिक्षण सिकाइमा प्रयोग | सङ्ख्या | ० | ३ | ६ | ९ | १२ | १५ | १५ | | |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा दक्ष सहजकर्ताद्वारा सहजीकरण भएको हुने छ । | सहजकर्ताका लागि क्षमता विकास तालिम | सङ्ख्या | ० | १५ | १५ | १५ | १५ | १५ | ७५ | | |

### ४.५.६ कार्यक्रम तथा आयोजना

**तालिका ३८: अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ विकासका कार्यक्रम तथा आयोजना**

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| | | | | **समतामूलक पहुँच र सहभागिता** | | | | | | | | | | | | | |
| १ | १ | १.१ | १.१.१ | निरक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन तथा खण्डीकृत विवरण अद्यावधीकरण | पटक | १ | ५०० | १ | ५२५ | १ | ५५१ | १ | ५७९ | १ | ६०८ | ५ | २,७६३ |
| २ | १ | १.१ | १.१.२ | नागरिकलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सहभागिताका लागि प्रोत्साहन कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ३ | १ | १.१ | १.१.३ | समुदायमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धमा सचेतनामूलक कार्यक्रम | पटक | १ | २०० | १ | २५० | १ | २८० | १ | ३०० | १ | ३५० | ५ | १,३८० |
| | | | | **जम्मा** | | **३** | **१,२००** | **३** | **१,२७५** | **३** | **१,३३१** | **३** | **१,३७९** | **३** | **१,४५८** | **१५** | **६,६४३** |
| | | | | **गुणस्तरीयता तथा सान्दर्भिकता** | | | | | | | | | | | | | |
| ४ | २ | २.१ | २.१.१ | मौलिक एवं परम्परागत ज्ञान तथा सिपको पहिचान तथा शिक्षण सिकाइ | पटक | १ | २०० | १ | ३०० | १ | ४०० | १ | ५०० | १ | ५०० | ५ | १,९०० |
| ५ | २ | २.१ | २.१.१ | अनौपचारिक शिक्षामा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप तालिम | पटक | १ | २०० | १ | ३०० | १ | ४०० | १ | ५०० | १ | ५०० | ५ | १,९०० |
| ६ | २ | २.२ | २.२.१ | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार जडान तथा शिक्षण सिकाइमा प्रयोग | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० |
| ७ | २ | २.३ | २.३.१ | सहजकर्ताका लागि क्षमता विकास तालिम | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० |
| ८ | २ | २.४ | २.४.१ | सिकाइ उपलब्धि मूल्याङ्कन तथा परीक्षा सञ्चालन | सङ्ख्या | १ | १०० | १ | १२० | १ | १५० | १ | १६० | १ | १७० | ५ | ७०० |
| | | | | **जम्मा** | | **५** | **७००** | **५** | **९२०** | **५** | **१,१५०** | **५** | **१,३६०** | **५** | **१,३७०** | **२५** | **५,५००** |
| | | | | कुल जम्मा | | ८ | १,९०० | ८ | २,१९५ | ८ | २,४८१ | ८ | २,७३९ | ८ | २,८२८ | ४० | १२,१४३ |

# परिच्छेद - ५

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

यस योजनाको अघिल्लो परिच्छेद-४ मा शिक्षाको उपक्षेत्रगत रूपमा वर्तमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी उपक्षेत्रगत विकासका उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि तथा परिमाणात्मक लक्ष्य र कार्यक्रम तथा आयोजना तयार गरिएको छ । शिक्षाको उपक्षेत्रगत योजनामा शिक्षामा नागरिकहरूको पहुँच तथा सहभागिता र शिक्षामा गुणस्तरमा केन्द्रित भई उद्देश्य रणनीति तथा कार्यनीति र कार्यक्रमहरू पहिचान गरी समावेश गरिएको छ । अन्तरसम्बन्धित क्षेत्रमा पर्ने विषयहरूका वर्तमान अवस्था, समस्या तथा चुनौती, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरू यस खण्डमा समावेश गरिएको छ । उपक्षेत्रगत योजनामा यी विषयहरू समेटेर योजना तर्जुमा गर्न सकिने भए तापनि सबै उपक्षेत्रमा साझा रूपमा रहेका विषयवस्तु तथा सवालहरू भएको हुनाले यस खण्डमा राखिएको छ । यसरी योजना तर्जुमा गर्दा उपक्षेत्रगत खण्डमा समावेश गरिएका योजनाहरू अन्तरसम्बन्धित विषयहरूमा दोहोरिएका छन् । यी रणनीति तथा योजनाहरूलाई अन्तरसम्बन्धित विषयभित्र राख्नको कारण सबै क्षेत्रका लागि एउटै पहलमा कार्यान्वयन गर्दा किफायती र कम समयमा प्रगति हासिल गर्न सकिने सम्भावना रहनु हो । उपक्षेत्रगत रूपमै प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्ने विषयवस्तुहरूलाई उस्तै सवाल भएतापनि उपक्षेत्रगत रूपमा अलग अलग रणनीति तथा कार्यक्रमहरू समावेश गरिएको छ । अन्तरसम्बन्धित विषय तथा क्षेत्रभित्र देहायका विषयवस्तुहरू समेटिएका छन् :

(क) पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
(ख) शिक्षक व्यवस्थापन र विकास
(ग) शैक्षिक समता र समावेशीकरण
(घ) विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
(ङ) विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता
(च) विद्यालय भौतिक पूर्वाधार विकास
(छ) विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

योजनाको यस खण्डमा माथिका विषयहरूमा रहेका सवालहरूको लेखाजोखा गरी समाधानका रणनीति तथा कार्यनीतिहरू तयार गरी समावेश गरिएको छ । आगामी पाँच वर्षभित्र

यी विषय क्षेत्रहरूमा प्रगति गर्नुपर्ने परिमाणात्मक लक्ष्यहरू तोकी आयोजना र कार्यक्रमहरू योजनामा राखिएका छन् ।

## ५.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

शिक्षाको तहगत उद्देश्य हासिल गर्नका लागि शिक्षण सिकाइका विषयवस्तु र तरिका बारेमा जानकारी दिने तथा दिशानिर्देश गर्ने औपचारिक शैक्षिक दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमले औपचारिक तथा अनौपचारिक शिक्षामा कानुनबमोजिम तोकिएका तह तथा कक्षाहरूको शैक्षिक उद्देश्यअनुरूप वर्तमान अवस्थामा रहेको समसामयिक पक्षहरूलाई समेटी पाठ्य विषयहरू, तहगत सक्षमता, पाठ्यवस्तु, शिक्षण विधि तथा सिकाइ सामग्री र मूल्याङ्कन पद्धति सम्बन्धमा दिशानिर्देश गर्दछ । नेपालको शिक्षा प्रणालीमा प्रारम्भिक बाल विकास तथा शिक्षा तहदेखि कक्षा १२ सम्मको पाठ्यक्रम सङ्घीय सरकारले तयारी तथा लागु गर्ने गरेको छ । हाल माध्यमिक तहसम्मको लागि नेपाल सरकारले जारी गरेको "विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६" कार्यान्वयनमा रहेको छ । यसैका आधारमा विद्यालय शिक्षामा प्रारम्भिक बाल विकास तथा शिक्षाको सिकाइ क्षेत्र ढाँचा, कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम र त्यसभन्दा माथिका कक्षाहरूमा विषयगत पाठ्यक्रम लागु गरिएको छ । पाठ्यक्रममा तोकिएअनुसारका पाठ्यवस्तुहरू समेटी पाठ्यपुस्तक तयार तथा लागु गरिन्छ । माध्यमिक तहसम्मको पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकहरू पनि नेपाल सरकारले नै निःशुल्क उपलब्ध गराउँदै आएको छ । नेपाल सरकारले स्थानीय आवश्यकतानुसार गाउँपालिका/नगरपालिकाहरूले स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने सक्ने व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार स्थानीय आवश्यकतामा आधारित शिक्षा सम्बन्धमा व्यवस्था गरी आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्म मातृभाषिक सिप वा स्थानीय विषयवस्तुसम्बन्धी विषयमा ५ पाठ्यघण्टा र १६० कार्यघण्टाको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न तोकिएको छ । त्यस्तै कक्षा ४ र ५ तथा ६ देखि ८ मा मातृभाषा वा स्थानीय विषयमा ४ पाठ्यघण्टा तथा १२८ कार्यघण्टाको पाठ्यभारको स्थानीय पाठ्यक्रम तयारी तथा कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ । स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि नेपाल सरकारले "स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ लागु गरेको छ ।

### ५.१.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकाका सामुदायिक विद्यालयहरूले नेपाल सरकारले लागु गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा आधारित रहेर विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् । पाठ्यक्रम तथा पाठ्यपुस्तकले निर्दिष्ट गरेका सिकाइ सामग्रीहरूको व्यवस्था तथा

उपयोग गर्ने कार्य भइरहेको छ । संस्थागत विद्यालयहरूले अनिवार्य विषयहरू बाहेकका पाठ्य विषयहरू विद्यालयको निर्णयअनुसार निजी प्रकाशनबाट लिई लागु गरेका छन् । विशेष गरी यस योजनामा विद्यालयहरूमा राष्ट्रिय र स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी तथा नतिजामुखी उपयोगमा प्रोत्साहित गर्न खोजिएको छ । गोदावरी नगरपालिकाले शैक्षिक सत्र २०७७ बाट सुरू गरेर १-३, ४-५ र ६-८ गरी ३ चरणमा क्रमशः कक्षा १ देखि ८ सम्मको हाम्रो गोदावरी स्थानीय पाठ्यक्रम तर्जुमा गरी लागु गरेको छ । स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा ४ सम्मको हाम्रो गोदावरी स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरिएको छ । यसका अलावा हाल कक्षा १ को हाम्रो गोदावरी स्थानीय पाठ्यपुस्तकलाई नेपाल भाषा र तामाङ भाषामा समेत तयार गरी विद्यालयलाई कार्यान्वयन गर्न उपलब्ध गराइएको छ र आगामी वर्ष क्रमशः माथिल्लो कक्षाका पनि तयार गर्दै लैजाने कार्ययोजना रहेको छ । आधारभूत तह उत्तीर्ण परीक्षा केन्द्रीकृत गर्ने कार्य विगत ४ वर्षदेखि नै हुँदै आएको हुँदा यस परीक्षाको लागि केन्द्रहरू थप गरी विद्यार्थीहरूको परीक्षा केन्द्र पहुँच बढाउने पहल गर्न सकिने सम्भावना देखिन्छ ।

यही शैक्षिक वर्ष, २०८१ मा आवधिक शिक्षा विकास योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षण अनुसार नगरपालिकामा शिक्षण सिकाइका आधारभूत सन्दर्भ सामग्री घरमा उपलब्ध भएका विद्यार्थीहरू २८.५ प्रतिशत रहेको छ । त्यसै गरी, चालु शैक्षिक सत्रमा ६४.२ प्रतिशत विद्यालयहरूले विद्यालय समय बाहिर सिकाइ स्तर कमजोर भएका विद्यार्थीलाई योजनाबद्ध उपचारात्मक सहायता कक्षाहरू सञ्चालन गरेका गरेका छन् । सिकाइ सामग्रीको प्रयोगलाई हेर्दा नगरपालिकामा ४५.१ प्रतिशत शिक्षकहरूसँग शिक्षणमा आवश्यक पर्ने सिकाइ सामग्री पर्याप्त उपलब्ध भएको तथा विद्यार्थीले वार्षिक औसत २२.४ घण्टा समय पुस्तकालयमा उपयोग गरेको पाइएको छ । विद्यालयहरूले पनि अभिभावकको साझेदारीमा केही थप सन्दर्भ पुस्तक लागु गरेका छन् भने ५४.७ प्रतिशत विद्यार्थीसँग वर्षैभरि आवश्यक र पूरै सेट सिकाइ सामग्रीको उपलब्ध भएको अवस्था रहेको छ । संस्थागत विद्यालयका अलावा सामुदायिक विद्यालयमा पनि नेपाली र अङ्ग्रेजी माध्यममा शिक्षण सिकाइ भइरहेको पाइएको छ ।

### ५.१.२ समस्या तथा चुनौतीहरू

आवधिक योजना तर्जुमा गर्ने क्रममा सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क र SWOT विश्लेषणबाट पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रमा देहायका समस्या तथा चुनौतीहरूको पहिचान गरिएको छ :

**तालिका ३९: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धमा पूर्ण बुझाइको कमी रहेको |
| २ | पूर्ण सेट पाठ्यपुस्तक समयमा आपूर्ति नहुने समस्या रहेको |
| ३ | विद्यालयमा सिकाइ सामग्रीको पर्याप्त उपलब्धता नरहेको |
| ४ | विद्यालयमा पुस्तकालय, इ-पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशालाको अभाव रहेको |
| ५ | परम्परागत मूल्याङ्कन तथा परीक्षा प्रणाली कार्यान्वयनमा रहेको |
| ६ | कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण भएको तर लागु नभइसकेको |
| ७ | कक्षा १ देखि ३ को निरन्तर मूल्याङ्कन र कक्षा ४ देखि ८ को आन्तरिक मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन नभएको |

### ५.१.३ उद्देश्य

(क) पाठ्यक्रमको कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्नु
(ख) पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोग बढाउनु
(ग) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा तथा लागु गर्नु
(घ) विद्यालयमा आधारित सिपमूलक पाठ्यक्रम तर्जुमा तथा लागु गर्नु

### ५.१.४ रणनीति तथा कार्यनीति

नगरपालिकामा आधारभूत तथा माध्यमिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रमा प्रभावकारिता अभिवृद्धि गरी नागरिकहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्यलाई पूरा गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू पहिचान गरिएको छन् :

**तालिका ४०: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| **१** | **पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन** | |
| १.१ | हरेक शिक्षकलाई सम्बन्धित विषयको पाठ्यक्रम सम्बन्धमा जानकार तुल्याइने छ । | शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने |

| | | |
|---|---|---|
| १.२ | पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गरिने छ । | त्रैमासिक रूपमा पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने |
| **२** | **पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोग** | |
| २.१ | विद्यालयहरूमा पाठ्यपुस्तक समयमा प्राप्त गर्नका लागि सम्बन्धित निकायसँग समन्वय, पुराना पुस्तक पुनः प्रयोग र इ-कपीको व्यवस्था गरिने छ । | पाठ्यपुस्तक समयमा आपूर्ति गराउनका लागि समन्वय गर्ने |
| | | विद्यालयमा पुराना पाठ्यपुस्तक बैङ्क स्थापना गर्ने |
| | | पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको डिजिटल कपीको व्यवस्था गरी उपयोग गर्ने |
| २.२ | विद्यालयमा सिकाइ सामग्री उपलब्धता र उपयोगका लागि शिक्षक, विद्यार्थी र अभिभावक तीनै पक्षलाई जिम्मेवारी दिई कार्यान्वयन गराइने छ । | विषयगत/पाठगत सिकाइ सामग्री चेकलिस्ट पुस्तिका तयार गरी शिक्षक तथा विद्यार्थीलाई वितरण गर्ने |
| | | सिकाइ सामग्री व्यवस्थापनमा अभिभावकको भूमिका र जिम्मेवारी तोकी लागु गर्ने |
| | | शिक्षक र विद्यार्थीले आफैं निर्माण गर्नुपर्ने शिक्षण सामग्रीको विवरण तयार गरी जम्मेवारी दिने |
| २.३ | विद्यालयहरूमा इ-पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशालाको स्थापना र सञ्चालन गरिने छ । | विद्यालयमा पुरस्तकालय, इ-पुस्तकालय स्थापना र सञ्चालन गर्ने |
| | | विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन गर्ने |
| | | विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना र सञ्चालन गर्ने |
| **३** | **परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार** | |
| ३.१ | विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणालीमा रचनात्मक विधिहरू कार्यान्वयन तथा अनुगमन, प्रगति | आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने |
| | | निरन्तर मूल्याङ्कनका लागि विद्यार्थी पोर्टफोलियो व्यवस्थापन गर्ने |

| | | |
|---|---|---|
| | समीक्षा तथा आवधिक मूल्याङ्कन गरिने छ । | कक्षाकोठामा आधारित शिक्षक निर्मित परीक्षा सञ्चालन गर्ने |
| | | परीक्षाको नतिजामा आधारित सुधारात्मक शिक्षण कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने |
| | | अर्धवार्षिक अवधिमा सुधारात्मक शिक्षण कार्ययोजनाको प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने |
| ३.२ | आधारभूत तह उतीर्ण परीक्षा सञ्चालन गरिने छ । | आधारभूत तह उतीर्णका लागि केन्द्रीकृत परीक्षाका लागि केन्द्र थप गर्ने |
| | | नतिजा विश्लेषण तथा पृष्ठपोषण गर्ने |
| **४** | **स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक र विद्यालयमा आधारित सिपमूलक तालिमको पाठ्यक्रम तर्जुमा तथा लागु गर्ने** | |
| ४.१ | कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण तथा लागु गरिने छ । | कक्षा ८ सम्मके स्थानीय पाठ्यक्रमका लागि पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा शिक्षक स्रोत सामग्रीहरू निर्माण तथा लागु गर्ने |
| ४.२ | विद्यालयमा आधारित सिपमूलक तालिमको पाठ्यक्रम तयारी र लागु गरिने छ । | विद्यालयमा आधारित सिपमूलक/पूर्व/ प्रविधिक तालिमको पाठ्यक्रम तयारी र लागु गर्ने |

### ५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ५.१.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छन् :

(क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको हुने छ ।

(ख) पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोगमा उल्लेख्य वृद्धि भएको हुने छ ।

(ग) परीक्षा तथा आन्तरिक मूल्याङ्कन प्रणालीमा सुधार भएको हुने छ ।

(घ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा तथा लागु भएको हुने छ ।

(ङ) विद्यालयमा आधारित सिपमूलक तालिमको पाठ्यक्रम तर्जुमा तथा लागु भएको हुने छ ।

### ५.१.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुने छ :

**तालिका ४१: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको हुने छ । | पाठ्यक्रम सम्बन्धमा अभिमुखीकरण पाएको शिक्षक | प्रतिशत | ० | ४० | ८० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | ४ | ४ | | |
| पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोगमा उल्लेख्य वृद्धि भएको हुने छ । | पाठ्यपुस्तक समयमा आपूर्ति भएको | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | विद्यालयमा पुराना पाठ्यपुस्तक बैङ्क स्थापना | सङ्ख्या | ० | १४ | २८ | ३५ | ३५ | ३५ | ३५ | | |
| | पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको डिजिटल कपीको व्यवस्था गरी उपयोग गर्ने विद्यालय | प्रतिशत | ३० | ५० | १०० | १०० | १०० | १०० | १०० | | |
| | विषयगत/पाठगत सिकाइ सामग्री चेकलि स्ट पुस्तिका तयार गरी शिक्षक तथा विद्यार्थीलाई वितरण गर्ने विद्यालय | प्रतिशत | ० | ५० | १०० | १०० | १०० | १०० | १०० | | |
| | सिकाइ सन्दर्भ सामग्री व्यवस्थापनमा सहभागी भएका अभिभावक | प्रतिशत | ५० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | अवधिकद्या पुरस्तकालय, इ-पुस्तकालय स्थापना र सञ्चालन भएको विद्यालय | सङ्ख्या | ० | १० | १० | १० | १५ | १५ | १५ | | |
| | आधारभूत विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन भएको विद्यालय | सङ्ख्या | १९ | २२ | २५ | २८ | ३१ | ३५ | ३५ | | |
| | आधारभूत कम्प्युटर प्रयोगशाला स्थापना र सञ्चालन भएको विद्यालय | | १८ | २२ | २५ | २८ | ३१ | ३५ | ३५ | | |
| परीक्षा प्रणालीमा सुधार भएको हुने छ । | आन्तरिक मूल्याङ्कन कार्यान्वयन भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | निरन्तर मूल्याङ्कनका लागि विद्यार्थी पोर्टफोलियो व्यवस्थापन भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | कक्षाकोठामा आधारित शिक्षक निर्मित परीक्षा सञ्चालन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | परीक्षाको नतिजामा आधारित सुधारात्मक शिक्षण कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने विद्यालय | प्रतिशत | १० | ३० | ५० | ७० | ९० | १०० | १०० | | |
| | अर्धवार्षिक अवधिमा सुधारात्मक शिक्षण कार्ययोजनाको प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने विद्यालय | प्रतिशत | ० | ३० | ५० | ७० | ९० | १०० | १०० | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा तथा लागु भएको हुने छ । | कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु भएका कक्षा | कक्षा | ३ | ४ | ५ | ६ | ८ | ८ | ८ | | |
| विद्यालयमा आधारित सिपमूलक तालिमको पाठ्यक्रम तर्जुमा तथा लागु भएको हुने छ । | विद्यालयमा आधारित सिपमूलक/पूर्व/ प्रविधिक तालिमको पाठ्यक्रम लागु गर्ने विद्यालय | सङ्ख्या | ० | ३ | ५ | ८ | १० | १५ | १५ | | |

## ५.१.६ कार्यक्रम तथा आयोजना

### तालिका ४२: पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रका कार्यक्रम तथा आयोजना

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु .(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) |
| | | | | **समतामूलक पहुँच र सहभागिता** | | | | | | | | | | | | | |
| १ | १ | १.१ | १.१.१ | शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धमा अभिमुखीकरण कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| २ | १ | १.२ | १.२.१ | त्रैमासिक रूपमा पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ३ | २ | २.१ | २.१.१ | पाठ्यपुस्तक समयमा आपूर्ति गराउनका लागि समन्वय | पटक | १ | | १ | | १ | | १ | | १ | | ५ | ० |
| ४ | २ | २.१ | २.१.२ | विद्यालयमा पुराना पाठ्यपुस्तक बैङ्क स्थापना र सञ्चालन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ५ | २ | २.१ | २.१.३ | पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको डिजिटल कपी तयारी तथा वितरण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु .(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) |
| ६ | २ | २.२ | २.२.१ | विषयगत/पाठगत सिकाइ सामग्री चेकलिस्ट पुस्तिका तयार गरी शिक्षक तथा विद्यार्थीलाई वितरण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ७ | २ | २.३ | २.३.१ | विद्यालयमा पुस्तकालय, इ-पुस्तकालय स्थापना र सञ्चालन (माध्यमिक शिक्षामा समावेश भएको) | सङ्ख्या | १० | ० | १० | ० | १० | ० | १५ | ० | १५ | ० | ६० | ० |
| ८ | २ | २.३ | २.३.२ | विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना (माध्यमिक शिक्षामा समावेश भएको) | सङ्ख्या | २ | ० | २ | ० | २ | ० | २ | ० | २ | ० | १० | ० |
| ९ | २ | २.३ | २.३.३ | विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना (माध्यमिक शिक्षामा समावेश भएको) | सङ्ख्या | २ | ० | २ | ० | २ | ० | २ | ० | २ | ० | १० | ० |
| १० | ४ | ४.१ | ४.१.१ | स्थानीय पाठ्यक्रमका लागि पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा शिक्षक स्रोत सामग्रीहरू निर्माण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ११ | ५ | ५.१ | ५.१.१ | विद्यालयमा आधारित सिपमूलक तालिमको पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| | | | | **जम्मा** | | २२ | ३,५०० | २२ | ३,५०० | २२ | ३,५०० | २७ | ३,५०० | २७ | ३,५०० | १२० | १७,५०० |

## ५.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षक विना शैक्षिक संस्था सञ्चालन गर्न सम्भव छैन । समाजमा रहेका निरक्षर व्यक्तिलाई साक्षर बनाउने, मानिसलाई चाहिने आधारभूत ज्ञान, सिप, संस्कार, सभ्यता बाँड्ने र यी क्षेत्रमा निरन्तर खोजी गर्ने व्यक्तित्व नै शिक्षक हो । विद्यालय तथा शैक्षिक संस्था सञ्चालनका लागि शिक्षकहरूको नियुक्ति र परिचालन गरिएको हुन्छ । नेपालमा शिक्षा सेवा आयोगद्वारा छनौट गरी शिक्षकको नियुक्ति गर्ने व्यवस्था रहेको छ । यसको अलवा राहत तथा नगरपालिका/प्रदेश/सङ्घको अनुदानबाट पनि करारमा शिक्षकको नियुक्ति गरी परिचालन गरिएको छ । शिक्षा सेवा आयोगले शिक्षकको बढुवाको कार्य पनि गर्ने गरेको छ । शिक्षकहरूलाई नियुक्ति गरी विद्यालयमा पठाउनेबित्तिकै शिक्षण सिकाइमा प्रभावकारिता आइहाल्ने होइन । शिक्षण सिकाइमा सुधार गर्न हरेक शिक्षकलाई पेसागत ज्ञान, सिप र प्रवृति विकास गर्ने अवसरको व्यवस्था गर्नुपर्दछ । शिक्षकको क्षमता विकास गरेमा विद्यालयमा बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्दछन् । तसर्थ शिक्षक व्यवस्थापन तथा शिक्षकको क्षमता विकास कार्य अति संवेदनशील रहेको छ ।

### ५.२.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकामा हाल प्रारम्भिक बाल विकास तथा शिक्षा तर्फ ५९ जना, आधारभूत तह (कक्षा १-५) मा २०३ जना, आधारभूत तह (कक्षा ६-८) मा ७७ जना, माध्यमिक तह (कक्षा ९-१०) मा ७६ जना, माध्यमिक तह (कक्षा ११-१२) मा १८ जना र नगरपालिकाको अनुदानतर्फका २९ जना शिक्षकहरू कार्यरत रहेका छन् । यो सामुदायिक विद्यालयमा कार्यरत पूर्णकालीन शिक्षकको सङ्ख्या हो । यसका अलावा विद्यालयले विशेष गरी माध्यमिक तहमा आफ्नो आन्तरिक स्रोतमार्फत पनि आंशिक तथा करार शिक्षकको व्यवस्थापन गरेका छन् । संस्थागत विद्यालयको हकमा शिक्षक विवरण अद्यावधिक नरहेको अवस्था छ ।

नगरपालिकाले शिक्षा क्षेत्रमा सुधारका लागि कानुन र नियमावली बनाउने योजना बनाएको छ, जसले शिक्षक विकासमा सकारात्मक प्रभाव पारेको पाइन्छ । नगरपालिकाले शिक्षित बेरोजगार युवालाई स्वयंसेवी शिक्षकको रूपमा भर्ना गरी परिचालन गरिएको छ र यसबाट माध्यमिक तहका विद्यालयहरूमा शिक्षक कमीलाई पूरा गर्न मद्दत गरेको छ । नगरपालिकाले बर्सेनि थप कक्षा तथा अतिरिक्ति शिक्षक/कर्मचारी व्यवस्थापनका लागि विद्यालयहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ । तैपनि नगरपालिकाको हकमा शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा विषय शिक्षकको आपूर्ति, शिक्षकहरूलाई पेसागत तालिममा सहभागिता, शिक्षक सरुवा

तथा बढुवा, शिक्षक प्रोत्साहन जस्ता कार्यहरूमा निरन्तर सवालहरू सिर्जना रहने भइ हुनाले यी विषयहरूमा समाधानका दिगो उपायको पहिचान तथा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

शैक्षिक वर्ष २०८१ मा गरिएको शिक्षकको कार्य प्रणालीको सर्वेक्षणअनुसार नगरपालिकमा कार्यरत शिक्षकहरूमा माथिल्लो योग्यता भएका शिक्षक ६७ प्रतिशत र सूचना तथा सञ्चार प्रविधिमा दक्षता भएका शिक्षक ३२ प्रतिशत रहेका छन् । त्यस्तै गरी, ३१ प्रतिशत शिक्षकले सघन शिक्षण विधि प्रयोग गर्ने गरेको र ६६ प्रतिशत शिक्षकले विद्यार्थीको कार्यमा लिखित र सुधारात्मक प्रतिक्रिया निरन्तर दिने गरेको पाइएको छ । यस अवस्थालाई पनि शिक्षक विकासको पक्षमा उत्तिकै ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौतीहरू

शिक्षक व्यवस्थापन तथा विकास क्षेत्रमा देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ :

**तालिका ४३: शिक्षक व्यवस्थापन तथा विकास क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू**

| क.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| **क** | **शिक्षक आपूर्ति तथा व्यवस्थापन** |
| १ | गोदावरी नगरपालिकामा सामुदायिक माध्यमिक विद्यालयहरूमा शिक्षक दरबन्दी अपर्याप्त रहेको |
| २ | विषयगत शिक्षकको अभाव रहेको |
| ३ | करारमा कार्यरत शिक्षकहरूमा प्रतिबद्धता र प्रेरणामा कमी भएको |
| ४ | शिक्षक-विद्यार्थी अनुपात पूर्ण रूपमा कार्यान्वयन नभएको |
| ५ | शिक्षक पदोन्नति, प्रोत्साहन, सरुवा व्यवस्थित हुन नसकेको |
| ६ | शिक्षकहरूका लागि कामप्रति प्रोत्साहन र पुरस्कार प्रणाली प्रभावकारी नभएको |
| ७ | सङ्घीय र स्थानीय तहबिच शिक्षक व्यवस्थापनको जिम्मेवारी बाँडफाँडमा स्पष्टता नभएको |
| ८ | नगरपालिका र शिक्षा मन्त्रालयबिच समन्वयको कमीले शिक्षक व्यवस्थापनमा जटिलता थपिएको |
| ९ | संस्थागत विद्यालयको शिक्षक तथा कर्मचारी विवरण अद्यावधिक नभएको |
| १० | शिक्षकले सुत्केरी, प्रसूति स्याहार, तालिम सहभागी र किरिया जस्ता कार्यमा रहँदा/ अल्पकालिन बिदामा रहँदा कक्षाकोठा खाली हुने समस्या रहेको |

| ख | शिक्षकको पेसागत क्षमता तथा वृत्ति विकास |
|---|---|
| १ | विद्यालयहरूमा सक्षमताको आधारमा दक्ष शिक्षकको कमी रहेको |
| २ | सीमित शिक्षकले धेरैओटा कक्षा र विषयहरू पढाउनुपर्दा कार्यबोझ बढी भई गुणस्तर कमजोर भएको |
| ३ | डिजिटल शिक्षण विधिको प्रयोगमा शिक्षकहरूको सीमित क्षमता रहेको |
| ४ | शिक्षकहरूमा शिक्षक सक्षमता प्रारूप २०७२ अनुसारका सक्षमताहरूमा पूर्णता नभएको |
| ५ | शिक्षकहरूका लागि नियमित र गुणस्तरीय तालिमको अभाव रहेको |
| ६ | शिक्षक व्यवस्थापन र विकासमा ठोस लगानीको अभाव रहेको |
| ७ | सङ्घ र स्थानीय तहबिच शिक्षक व्यवस्थापनको जिम्मेवारी बाँडफाँडमा स्पष्टता नभएको |
| ८ | शिक्षकको कार्य प्रणालीको उपयुक्त अनुगमन र पृष्ठपोषणको अभाव रहेको |
| ९ | संस्थागत विद्यालयका शिक्षकलाई क्षमता विकास कार्यक्रममा समावेश नगरिएको |

### ५.२.३ उद्देश्य

(क) नगरपालिकाका सबै विद्यालयका लागि दक्ष शिक्षकको आपूर्ति गर्नु

(ख) शिक्षकहरूको पदोन्नति, प्रोत्साहन तथा वृत्ति विकासको सुनिश्चित गर्नु

(ग) शिक्षक सक्षमता प्रारूप २०७२ अनुसार शिक्षकहरूको सक्षमता अभिवृद्धि गर्नु

(घ) नवप्रवर्तनात्मक कार्य तथा डिजिटल शिक्षण विधिको प्रयोगमा शिक्षकहरूलाई सक्षम बनाउनु

### ५.२.४ रणनीति तथा कार्यनीति

**तालिका ४४: शिक्षक व्यवस्थापन तथा विकासका रणनीति तथा कार्यनीतिहरू**

| क्र सं | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | हरेक विद्यालयमा पर्याप्त शिक्षकको व्यवस्था गर्ने | विद्यालयहरूको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी शिक्षक दरबन्दी आवश्यकता मापन गरिने छ । |
| | | शिक्षक दरबन्दी मापदण्ड तयारी तथा लागु गरिने छ । |
| | | विद्यालयको आवश्यकतानुसारको सङ्ख्यामा शिक्षक व्यवस्थापन तथा सरुवा व्यवस्था मिलाइने छ । |

| क सं | रणनीति | कार्यनीति |
|---|---|---|
| | | शिक्षक व्यवस्थापनलाई प्रभावकारी तुल्याउन सङ्घ र प्रदेशसँग समन्वय तथा सहकार्य गरिने छ । |
| | | विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीको विवरण अद्यावधिक गरिने छ । |
| | | अल्पकालीन बिदामा रहेको शिक्षकको बिदा अवधिका लागि सहयोगी शिक्षकको व्यवस्थापन गरिने छ । |
| १.२ | शिक्षक व्यवस्थापन र विकासका लागि आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी सोहीबमोजिम व्यवस्थापन गर्ने | शिक्षकको पदोन्नति, सरुवा आदिलाई व्यवस्थित गरिने छ । |
| | | शिक्षकहरूका लागि कामप्रति प्रोत्साहन र पुरस्कार प्रणाली लागु गरिने छ । |
| | | शिक्षकको कार्यबोझसम्बन्धी मापदण्ड तयार गरी लागु गरिने छ । |
| | | शिक्षकका लागि कार्यसम्पादन करार, अनुगमन तथा मूल्याङ्कनको विधि तयार गरी लागु गरिने छ । |
| १.३ | हरेक शिक्षकहरूको पेसागत दक्षता वृद्धि गर्ने | शिक्षक सक्षमता प्रारूप २०७२ अनुसारका पेसागत तालिमको पाठ्यक्रम तयार गरी लागु गरिने छ । |
| | | शिक्षक तालिम पाठ्यक्रमअनुसार पेसागत तालिम दिइने छ । |
| | | शिक्षकहरूलाई वृत्ति विकास, अध्ययन तथा अनुसन्धानको अवसर दिइने छ । |
| | | शिक्षकहरूलाई प्राज्ञिक छलफल तथा सम्मेलनमा सहभागिताको लागि अवसर दिइने छ । |
| | | शिक्षकहरूका लागि सफल विद्यालयहरूको अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिने छ । |
| १.४ | शिक्षकको शिक्षण कार्यमा विज्ञान तथा | विज्ञान तथा नवप्रवर्तनमा आधारित शिक्षण सिकाइलाई प्रवर्धन गरिने छ । |

| क सं | रणनीति | कार्यनीति |
|---|---|---|
| | नवप्रवर्तनलाई प्रवर्धन गर्ने | शिक्षण सिकाइमा कार्यमूलक अनुसन्धानलाई अधिकतम उपयोग गरिने छ । |
| | | नवप्रवर्तनमा आधारित शिक्षण सिकाइ सामग्री व्यवस्था गरिने छ । |

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ५.२.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छ :

(क) नगरपालिकाका सबै विद्यालयका लागि दक्ष शिक्षकको आपूर्ति भएको हुने छ ।

(ख) शिक्षकहरूको पदोन्नति, प्रोत्साहन तथा वृति विकासको सुनिश्चितता भएको हुनेछ ।

(ग) शिक्षकहरूको सक्षमता अभिवृद्धि भएको हुने छ ।

(घ) नवप्रवर्तनात्मक कार्य तथा डिजिटल शिक्षण विधिको प्रयोगमा शिक्षकहरू सक्षम भएका हुने छन् ।

### ५.२.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुने छः

**तालिका ४५: शिक्षक व्यवस्थापन तथा विकास क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| नगरपालिकाका सबै विद्यालयका लागि दक्ष शिक्षकको आपूर्ति भएको हुने छ । | विद्यालयहरूको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, शिक्षा शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | शिक्षक दरबन्दी मापदण्ड तयारी तथा कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणालीमा शिक्षकहरूको विवरण अद्यावधिक गर्ने (सामुदायिक तथा संस्थागत) विद्यालय | प्रतिशत | ४० | ६० | ८० | ९० | १०० | १०० | १०० | | |
| | अल्पकालीन अवधिका लागि सहयोगी शिक्षकको पुल व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | | |
| शिक्षकहरूको पदोन्नति, प्रोत्साहन तथा वृति विकासको सुनिश्चितता भएको हुने छ । | शिक्षक प्रोत्साहन र पुरस्कार कार्यक्रम | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | शिक्षकको कार्यबोझ मापदण्ड तयारी | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | शिक्षकका लागि कार्यसम्पादन करार तथा वार्षिक मूल्याङ्कनको विधि कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| शिक्षक सक्षमता प्रारूप २०७२ अनुसार शिक्षकहरूको सक्षमता अभिवृद्धि भएको हुने छ । | शिक्षक पेसागत तालिम - आधारभूत र माध्यमिक तहमा समावेश | प्रतिशत | ० | २ | २ | २ | २ | २ | १० | | |
| | शिक्षक वृत्ति विकास कार्यक्रम | प्रतिशत | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | प्राज्ञिक सम्मेलनमा शिक्षकको सहभागिता | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | सफल विद्यालयहरूमा शिक्षकको अवलोकन भ्रमण र अनुभव आदानप्रदान कार्यक्रम | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | नवप्रवर्तनमा आधारित शिक्षण सिकाइ गर्न शिक्षक अनुदान कार्यक्रम | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| डिजिटल शिक्षण विधिको प्रयोगमा शिक्षकहरूलाई सक्षम भएको हुने छ । | शिक्षणमा डिजिटल शिक्षण विधि प्रयोग गर्न सक्ने शिक्षक | सङ्ख्या | ० | २० | ४० | ६० | ८० | १०० | १०० | | |

## ५.२.६ कार्यक्रम तथा आयोजना

### तालिका ४६: शिक्षक व्यवस्थापन तथा विकासका कार्यक्रम तथा आयोजना

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १ | १ | १.१ | १.१.१ | विद्यालयहरूको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण | पटक | १ | १,००० | | | | | | | | | १ | १,००० |
| २ | १ | १.१ | १.१.२ | शिक्षक दरबन्दी मापदण्ड तयारी तथा कार्यान्वयन | पटक | १ | ५०० | | | | | | | | | १ | ५०० |
| ३ | २ | २.१ | २.१.१ | शिक्षक प्रोत्साहन र पुरस्कार | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| ४ | २ | २.१ | २.१.२ | शिक्षकको कार्यबोझसम्बन्धी मापदण्ड तयारी | सङ्ख्या | | | १ | ५०० | | | | | | | १ | ५०० |
| ५ | २ | २.१ | २.१.३ | शिक्षकका लागि कार्यसम्पादन करार तथा वार्षिक मूल्याङ्कनको विधि तयारी | सङ्ख्या | | | १ | ५०० | | | | | | | १ | ५०० |
| ६ | २ | २.१ | २.१.४ | विद्यालयमा अल्पकालीन अवधिको सहयोगी घुम्ती शिक्षक व्यवस्थापन | सङ्ख्या | १ | ५०० | १ | ६०० | १ | ७०० | १ | ७०० | १ | ८०० | ५ | ३,३०० |
| ७ | ३ | ३.१ | ३.१.१ | शिक्षक पेसागत तालिम (आधारभूत र माध्यमिक तहमा समावेश भएको) | सङ्ख्या | | | | | | | | | | | ० | ० |
| ८ | ३ | ३.१ | ३.१.२ | शिक्षक वृत्ति विकास कार्यक्रम | पटक | १ | ५०० | १ | ६०० | १ | ७०० | १ | ७०० | १ | ८०० | ५ | ३,३०० |
| ९ | ३ | ३.१ | ३.१.३ | प्राज्ञिक सम्मेलनमा शिक्षकको सहभागिता | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १० | ३ | ३.१ | ३.१.४ | सफल विद्यालयहरूमा शिक्षकको अवलोकन भ्रमण र अनुभव | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| | | | | आदानप्रदान कार्यक्रम | | | | | | | | | | | | | |
| ११ | ३ | ३.१ | ३.१.५ | शिक्षकलाई डिजिटल शिक्षण विधिसम्बन्धी तालिम | पटक | १ | ५०० | १ | ५०० | १ | ६०० | १ | ६०० | १ | ६५० | ५ | २,८५० |
| १२ | ३ | ३.१ | ३.१.६ | शिक्षकलाई कक्षाकोठामा आधारित अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य प्रोत्साहन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| | | | | **जम्मा** | | ९ | ५,००० | ९ | ४,७०० | ७ | ४,००० | ७ | ४,००० | ७ | ४,२५० | ३९ | २१,९५० |

## ५.३ शैक्षिक समता र समावेशीकरण

नेपालमा विभिन्न जातजाति तथा समुदाय बसोबास गर्ने हुनाले यहाँ भाषा, संस्कृति, धर्म, मान्यता तथा चालचलनमा विविधता रहेको छ । सामाजिक मान्यताका कारण यहाँ महिला र पुरुषका बिचमा असमानता रहेको छ । विपन्न र सम्पन्नका बिच र विभिन्न जातीय तथा क्षेत्रीय समुदायका बिचमा असमानता देखिएको छ । आज पनि समाजमा सामाजिक तथा आर्थिक रूपमा रहेका विभेदीकरण तथा वञ्चितीकरणको अवस्था निर्मूल हुन सकेको छैन । वि. सं. २०७२ मा जारी गरिएको पछिल्लो र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान नै मानव अधिकार तथा लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवधारणाको संरक्षण तथा विकासका लागि प्रमुख ऐतिहासिक खम्बाका रूपमा स्थापना गरिएको छ ।

ऐतिहासिक समयदेखि बालक र बालिकाबिच अभिभावक र परिवारबाटै गरिने विभेद र वहिष्करण, दलित र आदिवासीहरूको पारिवारिक स्थिति र विद्यालयहरूबाट भएका बेवास्ता जस्ता परिस्थितिहरूले वास्तवमा शिक्षामा समता तथा समानताको अनुभूति गर्न सकिएको थिएन । वि. स. २०४७ पछि शिक्षामा समता तथा समानताका जागारण अभिभावकसम्म पुगेको छ । तर पनि समाजमा परम्परागत मान्यता रहिरहेकोले पुरुष र महिलाबिचको अहिलेसम्म पनि असमानता निर्मूल भइनसकेको अवस्था छ । विपन्न र पिछाडिएका वर्गको शिक्षामा पहुँच अपेक्षाकृत स्तरमा प्रगति भएको छैन । उनीहरूको परिवार तथा समुदायमा चेतनाको स्तर पूर्ण रूपमा सुधार भइसकेको छैन । साथै, अभिभावकविहीन बालबालिका, द्वन्द्वत पीडित तथा सहिद परिवारका बालबालिका, सडक बालबालिका आदिका लागि शिक्षामा पहुँच तथा सहभागिताको सुनिश्चितता लागि ठोस कार्यहरू हुन नसकेको अवस्था रहेको छ । तसर्थ, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले लैङ्गिक तथा सामाजिक समुदायबिच शैक्षिक समता तथा समावेशीकरणको क्षेत्रमा निरन्तर रूपमा कार्य गरिरहनु अपरिहार्य देखिएको छ ।

### ५.३.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकामा सामुदायिक विद्यालयबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने कार्य निरन्तर रूपमा चलिरहेको छ । सङ्घीय सरकारको ससर्त अनुदानबाट प्रारम्भिक बाल विकास तहदेखि कक्षा ५ सम्मका बालबालिकाहरूलाई दिवा खाजा, छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण, शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका छन् । त्यसै गरी ससर्त अनुदानकै कार्यक्रमको रूपमा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूर्ण तथा अन्य विपद्को समयमा भएको सिकाइ आपूरण कार्यक्रम, दलित छात्रवृति, छात्रा छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, कक्षा ६-१२ मा अध्ययनरत

विपन्न लक्षित छात्रवृत्ति (Pro-Poor Target Scholarship) बापतका अनुदानहरू प्राप्त भई कार्यक्रमहरू सञ्चालन भइरहेको छ । प्रदेश सरकारबाट प्राप्त हुने छात्रा शिक्षा छात्रवृत्ति जस्ता कार्यक्रम पनि कार्यान्वयनमा रहेको छ । यसकारण, गोदावरी नगरपालिकाको शिक्षा क्षेत्रमा सङ्घीय तथा प्रदेश अनुदान र स्थानीय लगानीबाट समता र समावेशीकरणमा रचनात्मक कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ ।

शैक्षिक क्षेत्रमा समता र समावेशीकरणमा सुधारका लागि विभिन्न प्रयासहरूको बावजुद पनि नगरपालिकामा विपन्न बालबालिकाहरूको विद्यालय छोड्ने, विद्यालयमा नियमित हाजिर हुन नसक्ने र कक्षामा कमजोर सिकाइ उपलब्धि रहेको अवस्था छ । नगरपालिकामा कक्षा १ मा कक्षा छोड्ने दर २.१ प्रतिशत तथा आधारभूत तह कक्षा ६-८ मा कक्षा छोड्ने दर १.४ प्रतिशत रहेको छ । अभिभावकविहीन बालबालिकाहरूको विद्यालयमा पहुँच तथा सहभागितामा कठिनाइ भइरहेको अवस्था छ । विद्यालयहरूमा फरक पृष्ठभूमिका बालबालिकाको फरक सिकाइ क्षमता र सिकाइ उपलब्धि रहेको पाइएको छ । सबै विद्यालयहरू बालमैत्री तथा अपाङ्गतामैत्री भइनसकेको अवस्था रहेको छ । त्यसै गरी, नगरपालिकाको निशुल्क आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्ने नीति रहे तापनि सामुदायिक विद्यालयको माध्यमिक तहमा आर्थिक स्रोतको खाँचो भई अभिभावकहरूबाट सहयोग लिएर विद्यालय सञ्चालनमा रहेको पनि अवस्था छ । संस्थागत विद्यालयले नियमानुसार प्रदान गर्ने छात्रवृत्ति कार्यक्रम पारदर्शी रूपमा लागु भइनसकेको अवस्था रहेको छ । तसर्थ यस क्षेत्रमा केही समस्या तथा चुनौतीहरूको अनुभूति गरिएको छ । जुन समस्या तथा चुनौतीहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ :

### ५.३.२ समस्या तथा चुनौतीहरू

शैक्षिक समता तथा समावेशीकरण क्षेत्रमा देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ :

**तालिका ४७: शैक्षिक समता तथा समावेशीकरणका समस्या र चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | बालबालिकाको विपन्नताका कारण विद्यालयमा पहुँच र सिकाइमा न्यूनता हुनु |
| २ | अभिभावकविहीन बालबालिकाको सुरक्षा र शिक्षामा पहुँच न्यून हुनु |
| ३ | बालबालिकाहरूको सिकाइ क्षमता फरक भएको कारणले सिकाइ उपलब्धि कमजोर भएको |
| ४ | विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाको लागि पूर्वाधार तथा वातावरण तयार नभएको |

| | |
|---|---|
| ५ | विद्यालयको पहुँच नभएका निरक्षर तथा विपन्न वर्गका नागरिकलाई साक्षर र सिपयुक्त बनाउनु |
| ६ | विपन्न, दलित र अल्पसंख्यक नागरिकहरू प्राविधिक क्षेत्रमा उच्च शिक्षाबाट वञ्चित भएको |
| ७ | सामुदायिक विद्यालयको माध्यमिक तहमा अभिभावकबाट आर्थिक स्रोतमा योगदान गराउनु परेको |
| ८ | संस्थागत विद्यालयमा छात्रवृत्ति पारदर्शी नभएको |

### ५.३.३ उद्देश्य

(क) नगरपालिकाको शिक्षामा विपन्न र विशेष परिस्थितिमा परेका नागरिकको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु

(ख) विद्यालयहरूलाई लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री तुल्याउनु

(ग) विद्यालयको पहुँच नभएका निरक्षर तथा विपन्न वर्गका नागरिकलाई साक्षर र सिपयुक्त बनाउनु

(घ) बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम पारदर्शीरूपमा सञ्चालन गर्नु

### ५.३.४ रणनीति तथा कार्यनीति

शिक्षामा समता तथा समावेशीकरण कार्यान्वयन गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू पहिचान गरिएको छ :

**तालिका ४८ः शिक्षामा समता तथा समावेशीकरणका रणनीति तथा कार्यनीतिहरू**

| क्र. सं | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | विपन्नता तथा अभिभावकविहीन बालबालिकाको लागि विद्यालय पहुँच तथा सहभागिताका लागि पूर्ण छात्रवृत्ति उपलब्ध गराउने | विद्यालय पहुँचमा कठिनाइ हुने बालबालिकालाई विशेष सहयोग तथा प्रोत्साहन गर्ने । |
| | | अभिभावकविहीन बालबालिकाका लागि सहायता व्यवस्था गर्ने । |
| | | विपन्न, दलित र अल्पसङ्ख्यक विद्यार्थीका लागि इन्जिनियरिङ, एमबिबिएस र बिडीएस छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने |
| १.२ | कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि | कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि उपचारात्मक शिक्षण सिकाइ कार्यक्रम लागु गर्ने । |

| क्र. सं | रणनीति | कार्यनीति |
|---|---|---|
| | उपचारात्मक शिक्षण सिकाइ लागु गर्ने | |
| २.१ | विद्यालयहरूमा लैङ्गिकमैत्री र अपाङ्गतामैत्री पूर्वाधार तथा वातावरण तयारी गर्ने | सबै विद्यालयहरूमा लैङ्गिकमैत्री र अपाङ्गतामैत्री पूर्वाधार निर्माण गर्ने |
| ३.१ | निरक्षर तथा विपन्न वर्ग लक्षित शिक्षा तथा सिप विकास कार्यक्रम सञ्चालन गरिने छ | महिला शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने र थप महिला विद्यालयहरू समुदायसँगको साझेदारीमा सञ्चालन गर्ने |
| | | अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने |
| | | सामुदायिक सिकाइ केन्द्रको सुव्यवस्थापन गर्ने |
| ४.१ | संस्थागत विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति केन्द्रीकृत गरी सञ्चालन गरिने छ । | प्रचलित कानुनबमोजिम बालबालिकाका लागि छात्रवृत्ति सुनिश्चित गर्ने |
| | | छात्रवृत्ति बैङ्कमार्फत वितरण गर्ने व्यवस्था मिलाउने |
| | | सबै विद्यालयका लागि एकीकृत छात्रवृत्ति मापदण्ड लागु गर्ने |

### ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ५.३.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छ :

(क) नगरपालिकाको शिक्षामा विपन्न र विशेष परिस्थितिमा परेका नागरिकको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुने छ ।

(ख) विद्यालयहरूमा लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री संरचना निर्माण भएको हुने छ ।

(ग) निरक्षर तथा विपन्न वर्गका नागरिकको सक्षरता र सिप विकास बढोत्तरी भएको हुने छ ।

(घ) संस्थागत विद्यालयको छात्रवृत्ति केन्द्रीकृत र समतामूलक रूपमा वितरण भएको हुने छ ।

### ५.३.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुने छ

**तालिका ४९: शिक्षामा समता तथा समावेशीकरण क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| नगरपालिकाको शिक्षामा विपन्न, पिछाडा वर्ग र विशेष परिस्थितिमा परेका नागरिकको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुने छ । | पूर्ण छात्रवृत्ति पाएका विपन्न तथा अभिभावकविहीन बालबालबालिका | सङ्ख्या | ० | ५० | ५० | ५० | ५० | ५० | २५० | नगरपालिका प्रोफाइल, शिक्षा शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | इन्जिनियरिङ, एमबिबिएस र बिडीएसछात्रवृत्ति पाएका विपन्न, दलित र अल्पसङ्ख्यक नागरिक | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| विद्यालयहरू अपाङ्गमैत्री तथा बालमैत्री भएको हुने छ । | अपाङ्गमैत्री तथा बालमैत्री विद्यालय | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| निरक्षर तथा विपन्न वर्गका नागरिकलाई साक्षर र सिपयुक्त भएको हुने छ । | व्यवस्थित महिला विद्यालय | प्रतिशत | ० | २ | २ | ४ | ४ | ५ | ५ | | |
| | अनौपचारिक शिक्षा कार्यक्रम | प्रतिशत | ० | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | सामुदायिक सिकाइ केन्द्र सुधार | सङ्ख्या | ० | ५ | १० | १० | १४ | १४ | १४ | | |
| संस्थागत विद्यालयमा एकीकृत छात्रवृत्ति कार्यविधि लागु गरी बैङ्कमार्फत वितरण भएको हुने छ । | एकीकृत संस्थागत विद्यालय छात्रवृत्ति कार्यविधि तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | एकीकृत छात्रवृत्ति कार्यक्रममा आवद्ध संस्थागत विद्यालय | सङ्ख्या | ० | ० | ६० | ६० | ६० | ६० | ६० | | |

## ५.३.६ कार्यक्रम तथा आयोजना

### तालिका ५०: शिक्षामा समता तथा समावेशीकरण क्षेत्रका कार्यक्रम तथा परियोजनाहरू

| क्र सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १ | १ | १.१ | १.१.१ | विपन्न तथा अभिभावकविहीन बालबालबालिकालाई पूर्ण छात्रवृत्ति | पटक | १ | १००० | १ | ११०० | १ | १२१० | १ | १३३१ | १ | १४६४ | ५ | ६,१०५ |
| २ | १ | १.१ | १.१.३ | विपन्न, दलित र अल्प सङ्ख्यक विद्यार्थीका लागि इन्जिनियरिङ, एमबिबिएस र बिडीएस छात्रवृत्ति कार्यक्रम (निरन्तर) | पटक | १ | ३००० | १ | ३३०० | १ | ३६३० | १ | ३९९३ | १ | ४३९२ | ५ | १८,३१५ |
| ३ | १ | १.२ | १.२.१ | कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि उपचारात्मक शिक्षण सिकाइ कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ४ | २ | २.१ | २.१.१ | सबै विद्यालयहरूमा अपाङ्गतामैत्री पूर्वाधार निर्माण | सङ्ख्या | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ५ | ३ | ३.१ | ३.१.१ | महिला शिक्षा कार्यक्रम | सङ्ख्या | १ | १००० | १ | ११०० | १ | १२१० | १ | १३३१ | १ | १४६४ | ५ | ६,१०५ |
| ६ | ३ | ३.१ | ३.१.२ | अनौपचारिक शिक्षा कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ७ | ३ | ३.१ | ३.१.३ | सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन सुधार कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ८ | ४ | ४,१ | ४.१.१ | एकीकृत छात्रवृत्तिको मापदण्ड निर्माण | पटक | १ | ३०० | | | | | | | | | १ | ३०० |
| | | | | जम्मा | | ८ | ७,८०० | ७ | ८,००० | ७ | ८,५५० | ७ | ९,१५५ | ७ | ९,८२१ | ३६ | ४३,३२६ |

## ५.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (२०१८) को अध्ययनअनुसार सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वा विपन्नता भएका परिवारका बालबालिका भोक र कुपोषणको कारण विद्यालयमा नियमित उपस्थिति भई सिकाइमा सक्रिय भूमिका निर्वाह गर्न नसक्ने अवस्थाबाट गुज्रिएको पाइएको छ । विपन्न परिवारका अधिकांश बालबालिकाहरू प्राय: भोकै विद्यालय जाने गरेका छन् । त्यसमा पनि छात्राहरूको अवस्था अझ गम्भीर रहेको पाइएको छ । बालबालिकाले विद्यालयमा विताउने र घरबाट विद्यालय जाने तथा आउने समय हिसाब गर्दा करिब ७-८ घण्टा हुने भएकोले बालबालिकाका लागि विद्यालयमा खाना/खाजाको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यसै गरी विद्यालयमा बालबालिकाले स्वास्थ्य तथा पोषण र सरसफाइसम्बन्धी शिक्षाले उनीहरूमा यस क्षेत्रको ज्ञान, सिप तथा प्रवृत्ति विकास भई स्वस्थ जीवन निर्माणमा सहयोग पुग्दछ । बालबालिकाहरूलाई व्यक्तिगत तथा सामूहिक सरसफाइको अभ्यास गराउने, सरसफाइ परीक्षण गर्ने, १२ वर्षमाथिका छात्राहरूका लागि महिनावारीको समयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा तथा सहयोगले बालबालिकामा सरसफाइसम्बन्धी ज्ञान, सिप तथा प्रवृत्ति विकास गर्न महत्त्वपूर्ण टेवा पुग्दछ । बालबालिकामा स्वास्थ्य तथा पोषण र सरसफाइ सन्तुलित भएमा विद्यालयमा नियमित रूपमा उपस्थित भई शिक्षा हासिल गर्ने कार्यमा बढोत्तरी हुने कुरा प्रमाणित भइसकेको छ ।

नेपालमा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सहयोग गर्नका लागि विद्यालयमा दिवा खाजाको व्यवस्था विश्व खाद्य कार्यक्रमको सहयोगमा सन् १९७४ देखि प्रारम्भ भएको थियो । त्यस समयमा केही लक्षित आधारभूत विद्यालयहरूमा बालबालिकाका लागि दिवा खाजा दिने व्यवस्था गरिएको थियो । हाल नेपाल सरकारद्वारा ससर्त अनुदानमार्फत सबै स्थानीय तहका सामुदायिक विद्यालयहरूमा अध्ययनरत प्रारम्भिक बाल विकास तथा शिक्षा तहदेखि कक्षा ५ सम्मका बालबालिकालाई दिवाखाजा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा रहेको छ । शिक्षा क्षेत्र योजना (२०२१-२०३०) र विद्यालय शिक्षा क्षेत्र विकास योजना (२०७९-२०८८)ले विद्यालय स्वास्थ्य तथा पोषण क्षेत्रलाई महत्त्वका साथ प्राथमिकता दिई कार्यक्रमहरू समावेश गरेको छ । यसकारण, गोदावरी नगरपालिकाले पनि विद्यालयमा अध्ययनरत बालबालिकाका लागि स्वास्थ्य तथा पोषण र सरसफाइ क्षेत्रमा योजनाबद्ध कार्यहरू निरन्तररूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा स्थानीय तहले दिवा खाजालाई पुग्दो परिमाणमा व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ५.४.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकाको हकमा सामुदायिक विद्यालयहरूमा पोषण तथा स्वास्थ्यका केही कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । सङ्घीय ससर्त अनुदानबाट प्रारम्भिक बाल विकास तथा शिक्षा तहबाट कक्षा ५ सम्मका बालबालिकाहरूलाई विद्यालय दिनको लागि दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको छ । दिवा खाजा कार्यक्रममा प्रति विद्यार्थी रु १५।०० ले बालबालिकालाई सन्तुलित पोषण सहितको खाजा यथेष्ट मात्रामा छैन । तसर्थ सो रकममा नगरपालिकाले प्रति विद्यार्थी रू.५।०० थप गरी विद्यालयलाई प्रदान गरेको छ । विद्यालयहरूमा सीमित जनशक्ति भएको हुँदा दिवा खाजा व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ ।

सामुदायिक र संस्थागत विद्यालयहरूले पाठ्यक्रममा स्वास्थ्य शिक्षा समावेश गरी शिक्षण सिकाइ भइरहेको छ । बालबालिकाहरूलाई स्वास्थ्य शिक्षा विषय पठनपाठनका साथै नगरपालिकाको स्वास्थ्य शाखाले विद्यालयहरूसँग सहकार्य गरी खोप कार्यक्रम र नियमित स्वास्थ्य जाँच गर्ने गरेको छ । त्यस्तै गरी नगरपालिकाका ११ ओटा माध्यमिक विद्यालयमा प्रदेश सरकारको सहयोगमा विद्यालय नर्स कार्यक्रम सञ्चालनमा रहेको छ । यसमार्फत विद्यालयहरूमा स्वास्थ्य शिक्षा, पोषणसम्बन्धी सचेतना र प्राथमिक उपचारका कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ । यी कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सन्तुलित आहार, स्वच्छता, र रोग रोकथामबारे जानकारी दिइन्छ । सामुदायिक विद्यालयमा पोषण तथा स्वास्थ्यको कार्यक्रममा अझ न्यूनता रहेको र विद्यालयको वातावरण नै स्वस्थ्यकर तुल्याउन नसकिएको अवस्था रहेको छ । साथसाथै बालबालिकाको स्वास्थ्य तथा पोषणमा अभिभावकहरूको सहभागिता कमजोर हुनाले विद्यालयगत स्वास्थ्य तथा पोषण क्षेत्रमा रचनात्मक कार्यहरू गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ५.४.२ समस्या तथा चुनौतीहरू

यस योजना तर्जुमा गर्ने क्रममा सम्बन्धित सरोकारवालाहरूसँगको छलफल, विद्यालय सर्वेक्षण तथा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गरी विद्यालय पोषण तथा स्वास्थ्य क्षेत्रमा पाइएका समस्या तथा चुनौतीहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५१ः विद्यालय पोषण तथा स्वास्थ्य सुधारका समस्या तथा चुनौतीहरू**

| क.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | ग्रामीण र कम आय भएका परिवारका विद्यालय उमेरका बालबालिकामा कुपोषण, ख्याउटेपन, रक्तअल्पता, पुड्कोपनको समस्याबाट ग्रसित हुने समस्या रहेको |

| | |
|---|---|
| २ | प्राथमिक स्वास्थ्य उपचार र विद्यालय नर्स कार्यक्रम सबै विद्यालयमा पुग्न नसकेको |
| ३ | बालबालिकाको स्वास्थ्य तथा व्यक्तिगत सरसफाइमा अभिभावकको हेरचाह कमजोर रहेको |
| ४ | प्रशोधित खानाको बढ्दो प्रयोगले विद्यालय उमेरका बालबालिकामा पोषणको कमी र मोटोपनको समस्या देखिएको |
| ५ | नगरपालिकाका अधिकांश विद्यालयमा स्वच्छ पिउने पानी र सरसफाइको अभावले झाडापखाला र अन्य सङ्क्रामक रोगको जोखिम बढाएको |
| ६ | नगरपालिकाका ३० प्रतिशत विद्यालयमा महिनावारी स्वच्छतासहितको शौचालयको व्यवस्था नभएको |
| ७ | अधिकांश विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्रीहरू जस्तै साबुन, फिनेल, डस्टबिनको व्यवस्था नभएको |
| ८ | विद्यालय परिसर तथा कक्षाकोठामा स्वच्छता तथा सरसफाइ व्यवस्थाका लागि कर्मचारी नपुग रहेको |

### ५.४.३ उद्देश्य

(क) विद्यालयमा बालबालिकाको पोषण तथा स्वास्थ्य सुधार गरी सिकाइ उपलब्धिमा वृद्धि गर्नु

(ख) विद्यालयमा स्वच्छ खानेपानी र पूर्ण सरसफाइको सुनिश्चित गर्नु

### ५.४.४ रणनीति तथा कार्यनीति

विद्यालय पोषण तथा स्वास्थ्य सुधारका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू पहिचान गरिएको छः

**तालिका ५२: विद्यालय पोषण तथा स्वास्थ्य सुधारका रणनीति तथा कार्यनीतिहरू**

| क्र. सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | स्वास्थ्य शाखाको साझेदारीमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षण र बालबालिका तथा अभिभावकमा पोषण, स्वास्थ्य तथा सरसफाइ | बालबालिका तथा अभिभावकका लागि पोषण तथा स्वास्थ्य र सरसफाइसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |
| | | विद्यालय नर्स कार्यक्रम सबै विद्यालयमा विस्तार गर्न बागमती प्रदेश सरकारमार्फत पहल गर्ने |

| | | |
|---|---|---|
| | सम्बन्धी सचेतना अभिवृद्धिका पहल गरिने छ । | विद्यालयमा प्राथमिक स्वास्थ्य उपचार/नर्सिङ कक्षको व्यवस्था सम्भव नभएका विद्यालय र स्वास्थ्य संस्थाबिच साझेदारी कार्यक्रम सञ्चालन गर्ने |
| | | स्वास्थ्य शाखाको साझेदारीमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने |
| १.२ | बालबालिकाको पोषणको लागि दिवा खाजामा नगरपालिकाको योगदान बढाइने छ । | दिवा खाजा वापत नगरपालिकाले थप गरेको रकममा समयानुसार बृद्धि गर्ने |
| | | दिवा खाजा कार्यक्रमलाई माध्यमिक तहसम्म विस्तार गर्ने |
| | | शिक्षक कर्मचारीलाई पनि विद्यार्थीसँगै खाजा खाने प्रबन्ध मिलाउने |
| १.३ | विद्यालय परिसरमा प्रशोधित खाना प्रयोग न्यूनीकरण गर्ने सम्बन्धमा नीतिगत व्यवस्था लागु गरिने छ । | बालबालिकाका लागि प्रशोधित खानेकुरा सम्बन्धमा सचेतनामूलक कक्षा सञ्चालन गर्ने |
| | | प्रशोधित खानेकुरा न्यूनीकरण सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |
| २.१ | सबै विद्यालयमा स्वच्छ खानेपानीको सुविधा तथा सरसफाइको व्यवस्था गरिने छ । | सबै विद्यालयमा स्वच्छ खानेपानीको सुविधा तथा सरसफाइको व्यवस्था गर्ने |
| | | सबै विद्यालयमा महिनावरी स्वच्छता सहितको शौचालय निर्माण गरी नियमित सरसफाइको व्यवस्था गर्ने |
| | | हरेक विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्रीहरू जस्तै साबुन, फिनेल, कुचो, डस्टबिनको नियमित रूपमा व्यवस्था गर्ने |
| २.२ | विद्यालय स्वच्छता तथा सरसफाइका लागि अभिभावक तथा विद्यार्थीको सहभागिता बढाइने छ । | विद्यालय स्वच्छता तथा सरसफाइका लागि अभिभावक तथा विद्यार्थीको सहभागिताका लागि मापदण्ड/कार्यविधि तयार गरी लागु गर्ने |

### ५.४.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ५.४.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुनेछ:

(क) विद्यालयमा बालबालिकाको पोषण तथा स्वास्थ्य सुधार गरी सिकाइ उपलब्धिमा वृद्धि भएको हुने छ ।

(ख) विद्यालयमा स्वच्छ खानेपानी र पूर्ण सरसफाइको सुनिश्चित भएको हुने छ ।

### ५.४.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुने छ :

**तालिका ५३: विद्यालय पोषण तथा स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| विद्यालयमा बालबालिकाको पोषण तथा स्वास्थ्य सुधार गरी सिकाइ उपलब्धिमा वृद्धि भएको हुने छ । | बालबालिकाको पोषण, स्वास्थ्य र सरसफाइ सम्बन्धी जानकार अभिभावक | प्रतिशत | ५२ | ७० | ८५ | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | प्राथमिक स्वास्थ्य उपचार/ नर्सिङ कक्षको व्यवस्था भएको विद्यालय | प्रतिशत | ४१.२ | ४५ | ४८ | ५१ | ५४ | ५७ | ५७ | | |
| | विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन भएको विद्यालय | सङ्ख्या | ११ | १४ | १७ | २० | २३ | २६ | २६ | | |
| विद्यालयमा स्वच्छ खानेपानी र पूर्ण सरसफाइको सुनिश्चित भएको हुने छ । | शुद्ध खानेपानी नियमित आपूर्तिको व्यवस्था भएको विद्यालय | प्रतिशत | ७०.६ | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| | महिनावरी स्वच्छता सहितको शौचालयको व्यवस्था भएको विद्यालय | प्रतिशत | ७०.६ | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| | न्यूनतम स्वास्थ्य सामग्रीहरू जस्तै साबुन, फिनेल, कुचो, डस्टबिन व्यवस्था भएको विद्यालय | प्रतिशत | २२ | ५० | १०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय स्वच्छता तथा सरसफाइ कार्यविधि लागु भएको विद्यालय | प्रतिशत | ० | १० | ३० | ५० | ७० | १०० | १०० | | |

## ५.४.६ कार्यक्रम तथा आयोजना

### तालिका ५४: विद्यालय पोषण तथा स्वास्थ्य क्षेत्रका कार्यक्रम तथा आयोजनाहरू

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १ | १ | १.१ | १.१.१ | अभिभावकलाई बालबालिकाको पोषण, स्वास्थ्य र सरसफाइसम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| २ | १ | १.१ | १.१.२ | विद्यालयमा प्राथमिक स्वास्थ्य उपचार/ नर्सिङ कक्ष कार्यक्रम | पटक | १ | १००० | १ | ११०० | १ | १२१० | १ | १३३१ | १ | १४६४ | ५ | ६,१०५ |
| ३ | १ | १.१ | १.१.३ | विद्यालय र स्वास्थ्य संस्थाबीच साझेदारी कार्यक्रम (न्यूनतम औषधी | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ४ | १ | १.१ | १.१.४ | बालबालिकाको नियमित स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ५ | १ | १.२ | १.२.१ | बालबालिकाका लागि जङ्कफुड तथा प्रशोधित खानेकुरा सम्बन्धमा सचेतनामूलक कक्षा | पटक | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |
| ६ | २ | २.१ | २.१.१ | सबै विद्यालयमा स्वच्छ खानेपानीको सुविधा तथा सरसफाइ कार्यक्रम | सङ्ख्या | १ | १००० | १ | १२०० | १ | १२०० | १ | १४०० | १ | १४०० | ५ | ६,२०० |
| ७ | २ | २.१ | २.१.२ | सबै विद्यालयमा महिनावारी स्वच्छता सहितको शौचालय निर्माण गरी नियमित सरसफाइ कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ८ | २ | २.१ | २.१.३ | हरेक विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्रीहरू जस्तै : साबुन, फिनेल, कुचो, डस्टबिन कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ९ | २ | २.१ | २.१.३ | विद्यालय स्वच्छता तथा सरसफाइ मापदण्ड कार्यक्रम | सङ्ख्या | १ | ५०० | | | | | | | | | १ | ५०० |
| | | | | जम्मा | | ९ | ५,५०० | ८ | ५,३०० | ८ | ५,४१० | ८ | ५,७३१ | ८ | ५,८६४ | ४१ | २७,८०५ |

## ५.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता

विद्यालय सुरक्षाभित्र भवन तथा भौतिक संरचनात्मक सुरक्षाका साथै विपद्‌जन्य महामारी र सामाजिक विभेद र हिंसाजन्य व्यवहारबाट सुरक्षा भन्ने बुझिन्छ । विद्यालय भवन तथा अन्य संरचनाबाट बालबालिकाहरू दुर्घटनातथा जोखिममा पर्न सक्दछन् । विद्यालयका भौतिक संरचनाहरू बालमैत्री नभएमा बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा नकारात्मक प्रभाव परी उनीहरूको सिकाइ उपलब्धि कमजोर हुने, स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पर्ने जस्ता समस्या तथा चुनौतीहरू आउन सक्दछन् । भूकम्प, बाढी/पहिरो, महामारी जस्ता प्राकृतिक विपत्तिको समयमा आम नागरिक तथा बालबालिका सुरक्षित राख्दै उनीहरूको नियमित शिक्षण सिकाइमा आउने कठिनाइ वा समस्यालाई न्यूनीकरण गर्ने सम्बन्धमा हरेक विद्यालयहरू संवेदनशील रही कार्य गर्नुपर्ने हुन्छ । त्यस्तै, समयसमयमा आइरहने सामाजिक तथा राजनीतिक द्वन्द्वको समयमा पनि बालबालिकाहरू प्रत्यक्ष प्रभावित हुने र बालबालिकाहरू हिंसा, बहिष्करण र बेवास्तामा पर्ने हुन्छन् । यस्ता अवस्थाहरूमा बालबालिकाहरूको जीवन रक्षा गर्दै उनीहरूको सिकाइलाई नियमित राख्नका लागि योजनाबद्ध तरिकाबाट कार्य गर्नुपर्ने भएको हुँदा यस योजनामा विद्यालय सुरक्षाका विषयलाई पनि समावेश गरिएको छ ।

### ५.५.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लागु भएको भएता पनि विद्यालय क्षेत्रमा यसको कार्यान्वयन प्रभावकारी रूपमा भएको छैन । अधिकांश विद्यालय भवन तथा अन्य भौतिक संरचनाहरू भवन संहिता र सुरक्षाको दृष्कोणले भरपर्दो गरी निर्माण नभएको अवस्था रहेको छ । यस योजना तर्जुमाको क्रममा चालु आर्थिक वर्षमा गरिएको सर्वेक्षणअनुसार कुल सामुदायिक विद्यालयहरूमध्ये ५७ प्रतिशतमा पुराना भवन संरचनाहरू रहेका छन् । उक्त सर्वेक्षणअनुसार बालबालिकाहरूलाई बर्सात, जाडो तथा गर्मीबाट सुरक्षित गर्न उपयुक्त संरचना भएका विद्यालयहरू ६०.७ प्रतिशत मात्र रहेको देखिन्छ । त्यस्तै, विद्यालय परिसरमा उपयुक्त खेलमैदान तथा खाली जग्गा भएको विद्यालयहरू २९.४ प्रतिशत रहेको छ । बाँकी विद्यालयहरूमा पुग्दो क्षेत्रफलमा खेलमैदान नभएको अवस्था रहेको छ । यसैगरी, गत वर्ष परेको अविरल बर्सातको कारणले नगरपालिकाको धेरै विद्यालयका भौतिक संरचनाहरूमा जोखिम थपेको छ । प्राकृतिक प्रकोपको समयमा खाली जग्गा र खेलमैदानले शिक्षक, बालबालिका, विद्यालय कर्मचारी र वरिपरिका नागरिकहरूलाई आश्रय लिन सहजता प्रदान गर्दछ । नगरपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता सम्बन्धमा केही पहलहरू भएको भएता पनि प्रभावकारी हुन नसकेको अवस्था रहेको छ ।

तसर्थ यस क्षेत्रमा संवेदनशील ढङ्गबाट विद्यालय सुरक्षा मापदण्ड तयार गरी बालबालिका तथा अभिभावकलाई सचेतनामूलक जानकारी र विपद् पूर्वतयारी क्षेत्रमा कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ५.५.२ समस्या तथा चुनौतीहरू

यस नगरपालिकाको विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलता क्षेत्रमा रहेका समस्या तथा चुनौतीहरू देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ५५: विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलताका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | नगरपालिकाले भवन तथा पूर्वाधार विकास र विपद् व्यवस्थापनसम्बन्धी नीतिहरू तर्जुमा गरेको तर प्रभावकारी कार्यान्वयन नभएको |
| २ | विद्यालयमा वातावरण संरक्षण तथा विकासका लागि नीतिगत व्यवस्थाको अभाव रहेको |
| २ | विद्यालयमा भूकम्प प्रतिरोधी भवन, अग्नि सुरक्षा उपकरण, र सुरक्षित प्रवेश-निकासको अभाव रहेको |
| ३ | अधिकांश विद्यालयहरूमा पुराना भवन तथा संरचनाहरू जोखिमपूर्ण रहेको |
| ४ | विद्यार्थी, शिक्षक र अभिभावकहरूमा सुरक्षासम्बन्धी सचेतनाको कमी रहेको |
| ५ | विद्यालयहरूमा प्राकृतिक प्रकोपको जोखिम मूल्याङ्कन र नक्साङ्कन तथा जोखिम न्यूनीकरण कार्ययोजनाको अभाव रहेको |
| ६ | विद्यालयहरूमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति उपलब्धता नरहेको |

### ५.५.३ उद्देश्य

(क) विद्यालय भवन तथा अन्य संरचना विपद् प्रतिरोधी र सुरक्षित बनाउने

(ख) विद्यालयहरूमा वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि सचेतना बढाउने र पूर्वतयारी गर्ने

(ग) हरेक विद्यालयमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति तयारी र परिचालन गर्ने

(घ) विद्यालयको विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारी बढाउने

### ५.५.४ रणनीति तथा कार्यनीति

विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलता अभिवृद्धिका लागि देहायका रणनीति तथा कार्यनीतिहरूपहिचानगरी समावेश गरिएको छ । यस योजना अवधिभित्र यी रणनीति तथा कार्यनीतिहरूलाई कार्यान्वयनमा ल्याइने छ ।

**तालिका ५६: विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलताका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन निर्माण र सुरक्षा उपकरण जडानमा लगानी बढाइने छ । | विद्यालयहरूमा विपद् जोखिम नक्साङ्कन गरी विपद् न्यूनीकरण कार्ययोजना तर्जुमा गर्ने |
| | | विपद् जोखिम नक्साङ्कनबाट जोखिमपूर्ण देखिएका भवन तथा संरचनाहरू हटाउने र पुनःनिर्माण गर्ने |
| | | विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई विपद् जोखिमबाट बचाउन सुरक्षा उपकरणहरू जडान गर्ने |
| १.२ | विद्यालयहरूमा वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा सचेतनामूलक कार्य गरिने छ । | सुरक्षित हरित विद्यालय निर्माणका लागि एक विद्यालय एक बगैंचा (सामुदायिक. संस्थागत दुवै) को अवधारणा लाग गर्ने |
| | | विद्यालयमा शिक्षक तथा बालबालिकालाई वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा विस्तृत कक्षा सञ्चालन गर्ने |
| १.३ | हरेक विद्यालयमा विपद् व्यवस्थापन र सुरक्षा सम्बन्धी दक्ष जनशक्ति तयारी र परिचालन गरिने छ । | विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् व्यवस्थापनसम्बन्धी प्राविधिक सिप तालिम सञ्चालन गर्ने |
| | | तालिमप्राप्त शिक्षक तथा कर्मचारीहरूलाई विपद् नक्साङ्कन, पूर्वतयारी, जोखिमपूर्ण संरचना व्यवस्थापनमा परिचालन गर्ने |

| | | |
|---|---|---|
| १.४ | विद्यालय खेलमैदान, खाली क्षेत्र तथा सार्वजनिक खाली क्षेत्रलाई आवश्यक परेमा विद्यालयका लागि प्रयोगमा ल्याइने छ । | विद्यालय खेलमैदान, खाली क्षेत्र तथा सार्वजनिक खाली क्षेत्रको सर्वेक्षण गरी सोको उपयोगको मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने |
| १.५ | विद्यालयको विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारी बढाइने छ । | विद्यालयको विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारीका लागि सञ्जाल निर्माण र परिचालन गर्ने |

### ५.५.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ५.५.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छ :

(क) भूकम्प प्रतिरोधी र सुरक्षित विद्यालय भवन तथा अन्य संरचना निर्माण भएको हुने छ ।

(ख) विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक तथा कर्मचारी वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापनका आधारभूत सचेनता वृद्धि भएको हुने छ ।

(ग) हरेक विद्यालयमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति तयार भएको हुने छ ।

### ५.५.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुनेछ :

**तालिका ५७: विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| भूकम्प प्रतिरोधी र सुरक्षित विद्यालय भवन तथा अन्य संरचना निर्माण कार्यमा उल्लेख्य प्रगति भएको हुने छ । | पुरानो भवन तथा संरचना रहेका विद्यालय | प्रतिशत | ५७.१ | ५२ | ५० | ४८ | ४६ | ४४ | ४४ | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | वर्सात, जाडो, गर्मी आदिबाट सुरक्षित विद्यालय | प्रतिशत | ६०.७ | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | | |
| | उपयुक्त खेलमैदानको व्यवस्था भएको विद्यालय | प्रतिशत | २९.४ | ३२ | ३४ | ३६ | ३८ | ४० | ४० | | |
| | विद्यालयहरूमा विपद् जोखिम नक्साङ्कन गरी विपद् न्यूनीकरण कार्ययोजना तर्जुमा | प्रतिशत | ० | ५० | १०० | १०० | १०० | १०० | १०० | | |
| | विपद् जोखिम नक्साङ्कनबाट जोखिमपूर्ण देखिएका भवन तथा संरचनाहरू हटाउने र पुन:निर्माण | प्रतिशत | ० | ४८ | ५० | ५२ | ५४ | ५६ | ५६ | | |
| | विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई विपद् जोखिमबाट बचाउन सुरक्षा उपकरणहरू जडान | प्रतिशत | ० | ३० | ५० | ७० | ९० | १०० | १०० | | |
| | विद्यालयको स्वमित्वमा रहेका तथा आवश्यक पर्ने खेल मैदान तथा खाली जग्गा उपयोग मापदण्ड | प्रतिशत | ० | ० | १०० | १०० | १०० | १०० | १०० | | |
| बालबालिका, शिक्षक अभिभावक तथा विद्यालय कर्मचारीको वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापनका आधारभूत सचेनता वृद्धि भएको हुने छ । | वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा विस्तृत कक्षा सञ्चालन भएका विद्यालय | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | १०० | | |
| | वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा विस्तृत कक्षामा सहभागी भएका बालबालिका, शिक्षक र कर्मचारी | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | १०० | | |

## ५.५.६ कार्यक्रम तथा आयोजना

### तालिका ५८: विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशीलताका कार्यक्रम तथा आयोजनाहरू

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | इकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु (हजार) | लक्ष्य | बजेट रु (हजार) | लक्ष्य | बजेट रु (हजार) |
| १ | १ | १.१ | १.१.१ | अभिभावकलाई सचेतनामूलक कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| २ | १ | १.१ | १.१.२ | विद्यालयलाई सुरक्षा औजार तथा उपकरण वितरण | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ३ | २ | २.१ | २.१.१ | एक विद्यालय एक बगैंचा कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ४ | २ | २.१ | २.१.१ | विद्यालयमा वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण सम्बन्धमा कक्षा सञ्चालन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ५ | ३ | ३.१ | ३.१.१ | शिक्षक तथा कर्मचारीलाई वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् व्यवस्थापन सम्बन्धी प्राविधिक सिप तालिम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ६ | ३ | ३.१ | ३.१.१ | विद्यालयको स्वमित्वमा रहेका तथा आवश्यक पर्ने खेल मैदान तथा खाली जग्गा उपयोग मापदण्ड निर्माण | पटक | १ | ३०० | | | | | | | | | १ | ३०० |
| | | | | **जम्मा** | | ६ | ३,३०० | ५ | ३,००० | ५ | ३,००० | ५ | ३,००० | ५ | ३,००० | २६ | १५,३०० |

## ५.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा बालबालिकालाई पाठ्यक्रममा तोकिएका शिक्षण सिकाइ क्रियाकलापहरू निरन्तर रूरूपमा सञ्चालन गरिन्छ । विद्यालयमा बालबालिकालाई जम्मा गरी शिक्षण सिकाइ गर्न र सर्वाङ्गीण विकासका लागि विद्यालय भवन तथा कक्षाकोठा, खेलमैदान, सुरक्षित पानी तथा शौचालय जस्ता भौतिक पूर्वाधारहरूको आवश्यकता रहन्छ । शिक्षा नियमावली, २०५९ को नियम ४, अनुसूची ३ मा विद्यालय खोल्नका लागि चाहिने न्यूनतम पूर्वाधारहरू तोकिएको छ । जसमा कक्षाकोठाको क्षेत्रफल र उचाइ, हावा र प्रकाशको व्यवस्था, फर्निचर, शौचालय, शैक्षिक सामग्री, खेलमैदान र कम्पाउन्ड आदिको उपलब्धता हुनुपर्ने अनिवार्य गरिएको छ । विद्यालयका भौतिक पूर्वाधारहरू सबै विपद् जोखिमुक्त बनाउँदै विद्यालयलाई सुरक्षित एवं बालमैत्री र हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था भएको छ । तसर्थ, विद्यालयको भौतिक पूर्वाधार संरचना बालमैत्री, वातावरणमैत्री र विपद् जोखिममुक्त हुन जरुरी रहन्छ ।

### ५.६.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकामा ३५ ओटा सामुदायिक विद्यालयहरू सञ्चालित रहेका छन् । यीमध्ये अधिकांश विद्यालयहरूको भौतिक पूर्वाधार नपुग र कमजोर अवस्थामै रहेको छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेको विद्यालयहरू न्यून सङ्ख्यामा रहेका छन् । नगरपालिकाका विद्यालयहरूको सर्वेक्षण, २०८१ अनुसार नगरपालिकाका २० ओटा (५७ प्रतिशत) सामुदायिक विद्यालयहरूमा पुराना भवन तथा भौतिक संरचनाहरू रहेका छन् भने बालबालिकालाई सुविधाजनक संरचना भएका विद्यालयहरू २१ ओटा (६१ प्रतिशत) रहेका छन् । त्यस्तै छुट्टै पुस्तकालय (कक्ष) हुने विद्यालय २५ ओटा (७० प्रतिशत), आइसिटी ल्याबको व्यवस्था भएको विद्यालय १८ ओटा (५०प्रतिशत), विज्ञान प्रयोगशालाको व्यवस्था भएको विद्यालय १९ ओटा (५३ प्रतिशत), विद्यालयका कक्षाकोठामा बुक कर्नर जम्मा ९३ ओटा, उपयुक्त खेलमैदानको व्यवस्था भएको विद्यालय १० ओटा (२९ प्रतिशत), सभाहलको व्यवस्था भएको विद्यालय ११ ओटा (३२ प्रतिशत), विद्यार्थीको उमेर सुहाउँदो फर्निचरको व्यवस्था भएको विद्यालय १७ ओटा (४८ प्रतिशत) रहेको छ ।

त्यस्तै, बाल विकास कक्षामा उपयुक्त फर्निचर तथा कार्पेट बिछ्याइएको विद्यालय ३३ ओटा (९४ प्रतिशत) र कक्षाकोठामा उपयुक्त रङ्ग रोगन भएको विद्यालय २० ओटा (५६ प्रतिशत) रहेको छ । उक्त सर्वेक्षणअनुसार विद्यालय परिसर कम्पाउन्ड घेराबार निर्माण/मर्मत आवश्यकता भएको विद्यालय २८ ओटा (७९ प्रतिशत) रहेका छन् । सबै विद्यालयमा कुल

१२४ ओटा कक्षाकोठा तत्काल थप गर्नुपर्ने आवश्यकता रहेको छ । यी सूचकहरूमा आधारित रहेर कार्य गर्दा पनि विद्यालय पूर्वाधारमा ठुलै लगानीको आवश्यकता देखिन्छ । नगरपालिकाका संस्थागत विद्यालयहरूमा सामान्यतः विद्यालय भौतिक पूर्वाधारको व्यवस्थापन राम्रै रहेको पाइएको छ । तथापि धेरै विद्यालयको आफ्नै भवन नहुँदा विद्यालयले चाहेर पनि अपेक्षित रूपमा पूर्वाधार यथेष्ट व्यवस्था गर्न नसकेको यथार्थता रहेको छ ।

### ५.६.२ समस्या तथा चुनौतीहरू

यस नगरपालिकाको विद्यालय भौतिक पूर्वाधार विकासमा रहेका समस्या तथा चुनौतीहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५९: विद्यालय भौतिक पूर्वाधार विकास क्षेत्रका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | विद्यालयको भौतिक पूर्वाधार मापदण्ड लागु नभएको |
| २ | अधिकांश विद्यालयका लागि यथेष्ट जग्गाको अभाव रहेको |
| ३ | अधिकांश विद्यालयको भवन तथा अन्य पूर्वाधार पुरानो र जोखिमपूर्ण भएको |
| ४ | विद्यालय भवनहरूमा सुविधाजनक भऱ्याङ, रेलिङ र बारहरू नरहेको |
| ५ | अधिकांश विद्यालयहरूमा कम्पाउन्ड वा घेराबार नभएको |
| ६ | विद्यालयहरूमा कक्षाकोठा नपुग रहेको र हाल उपलब्ध कक्षाकोठाहरू आधारभूत स्तरको रहेको |
| ७ | अधिकांश विद्यालयहरूमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री संरचना निर्माण नभएको |
| ८ | सामुदायिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र पुस्तकालयहरू अपर्याप्त वा पुरानो प्रविधिमा आधारित रहेको |
| ९ | विद्यालयहरूमा खानेपानी र शौचालय सुविधाहरू आधारभूत स्तरमा रहेको र नियमित मर्मत तथा सरसफाइ नभएको |

### ५.६.३ उद्देश्य

(क) विद्यालय शिक्षा पूर्वाधार मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन गर्नु,

(ख) हरेक विद्यालयमा बालमैत्री, वातावरणमैत्री र विपद् जोखिममुक्त भौतिक पूर्वाधार निर्माण गर्न

(ग) विद्यालय शिक्षा पूर्वाधार विकासका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय तथा साझेदारी बढाउनु ।

## ५.६.४ रणनीति तथा कार्यनीति

गोदावरी नगरपालिकाको विद्यालय भौतिक पूर्वाधार विकासका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरूको पहिचान गरी समावेश गरिएको छः

**तालिका ६०: विद्यालय भौतिक पूर्वाधार विकासका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | विद्यालयमा भौतिक पूर्वाधार मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ । | विद्यालयमा भौतिक पूर्वाधार मापदण्ड तर्जुमा गर्ने |
| १.१ | विद्यालयहरूका लागि सम्भव भएसम्म जग्गा थप गरिने छ । | विद्यालयहरूका लागि भूमिदानबाट वा उपयुक्त सार्वजनिक जग्गा थप गर्ने |
| २.१ | विद्यालयहरूको भवन तथा भौतिक संरचनाको अवस्था र आवश्यकता सर्वेक्षण गरी सोको पुनर्निर्माण, मर्मत सम्भारका कार्य गरिने छ । | विद्यालयहरूको भवन तथा भौतिक संरचनाको अवस्था र आवश्यकता सर्वेक्षण गर्ने |
| | | विद्यालय भवन तथा अन्य भौतिक संरचना निर्माण परियोजनाहरू पहिचान गरी ५ वर्षे योजना तयार गर्ने |
| | | हाल सञ्चालनमा रहेका विद्यालय भवनहरूमा सुरक्षाको हिसाबले उपयुक्त र सुविधाजनक भऱ्याङ, रेलिङ र बारहरू निर्माण गर्न वार्षिक योजनामा समावेश गर्ने |
| | | विद्यालय कम्पाउन्ड निर्माण तथा मर्मत योजना कार्यान्वयन गर्ने |
| | | विद्यालयहरूमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री संरचना तयारीका लागि योजनाहरू पहिचान गरी कार्यान्वयन गर्ने |

| | | |
|---|---|---|
| ३.१ | विद्यालय शिक्षा पूर्वाधार विकासका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय तथा साझेदारी बढाइने छ । | विद्यालय शिक्षा पूर्वाधार विकासका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय तथा साझेदारीका आयोजनाहरू बनाई सम्बन्धित मन्त्रालयमा पेस गर्ने |

### ५.६.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ५.६.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छ :

(क) विद्यालय शिक्षा पूर्वाधार मापदण्ड तर्जुमा तथा कार्यान्वयन भएको हुने छ ।

(ख) हरेक विद्यालयमा बालमैत्री, वातावरणमैत्री र विपद् जोखिममुक्त भौतिक पूर्वाधार निर्माण भएको हुने छ ।

(ग) सङ्घ तथा प्रदेशसँग समन्वय तथा साझेदारीमा शैक्षिक पूर्वाधारहरू निर्माण भएको हुने छ ।

### ५.६.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुनेछ :

**तालिका ६१: विद्यालय भौतिक पूर्वाधार विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| विद्यालय शिक्षा पूर्वाधार मापदण्ड तर्जुमा तथा कार्यान्वयन भएको हुने छ । | विद्यालयमा भौतिक पूर्वाधार सम्बन्धी स्थानीय मापदण्ड तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| हरेक विद्यालयमा बालमैत्री, वातावरणमैत्री र विपद् जोखिममुक्त भौतिक पूर्वाधार निर्माण र पुराना भवन तथा अन्य संरचना मर्मतसम्भार भएको हुने छ । | बर्सात, जाडो, गर्मी आदिबाट सुरक्षित विद्यालय | प्रतिशत | ६०.७ | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | | |
| | पुरानो भवन तथा संरचना पुनर्निर्माण भएको विद्यालय | प्रतिशत | ४२.९ | ४५ | ४८ | ५१ | ५४ | ५७ | ५७ | | |
| | छुट्टै पुस्तकालय (कक्ष) हुने विद्यालय | प्रतिशत | ७०.५ | ७३ | ७६ | ७९ | ८२ | ८५ | ८५ | | |
| | सभा तथा कार्यक्रम हलको व्यवस्था भएको विद्यालय | प्रतिशत | ३२.४ | ३५ | ३९ | ४३ | ४७ | ५१ | ५१ | | |
| | इसिडी कक्षामा कार्पेट बिच्छ्याइएको विद्यालय | प्रतिशत | ९४.१ | ९६ | ९८ | १०० | १०० | १०० | १०० | | |
| | विद्यार्थीको उमेर सुहाउँदो फर्निचरको भएको विद्यालय | प्रतिशत | ४८.३ | ५२ | ५६ | ६० | ६४ | ६८ | ६८ | | |
| | कक्षाकोठामा उपयुक्त रङ्गरोगन भएको विद्यालय | प्रतिशत | ५५.९ | ५८ | ६३ | ६८ | ७३ | ७८ | ७८ | | |
| सङ्घ तथा प्रदेशसँग समन्वय तथा साझेदारीमा शैक्षिक पूर्वाधारहरू निर्माण भएको हुने छ । | सङ्घ तथा प्रदेशसँग समन्वय तथा साझेदारीमा निर्माण भएका शैक्षिक पूर्वाधार | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ | २५ | | |

## ५.६.६ कार्यक्रम तथा आयोजना

### तालिका ६२: विद्यालय भौतिक पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू

| क्र सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेटरु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १ | १ | १.१ | १.१.१ | विद्यालयमा भौतिक पूर्वाधार सम्बन्धी स्थानीय मापदण्ड तर्जुमा तथा अद्यावधिकीकरण | पटक | १ | ३०० | | | | | | | | | १ | ३०० |
| २ | १ | १.१ | १.१.२ | विद्यालयहरूको भवन तथा भौतिक संरचनाको अवस्था र आवश्यकता सर्वेक्षण तथा ५ वर्षे कार्ययोजना तयारी | पटक | १ | १००० | | | | | | | | | १ | १,००० |
| | | | | **जम्मा** | | २ | १,३०० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १,३०० |

## ५.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

आजको विश्व सूचना तथा सञ्चार प्रविधिमा निर्भर भइसकेको छ । एउटा मोबाइल फोनमा बसेर आफूलाई चाहिएको विश्वको कुनै पनि सूचना मिनेटभित्र प्राप्त गर्न सकिने समय आएको छ । त्यसैले विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको जडान र उपयोग जति प्रभावकारी रूपमा गर्न सकिन्छ त्यतिनै सिकारुहरूलाई विश्वव्यापी ज्ञान तथा विज्ञान प्रणालीमा प्रवेश गराउन र तीव्र गतिमा उनीहरूको सिकाइ उपलब्धि बढाउन सकिन्छ । नेपालका सम्पूर्ण शैक्षिक संस्थाहरूलाई सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारयुक्त बनाई विद्यार्थीहरूलाई आजको डिजिटल र अनलाइन जनजीवनमा प्रवेश गराउने र डिजिटल तथा अनलाइन प्रणालीमा शिक्षण सिकाइमा अभ्यस्त गराउने जिम्मेवारी सरकारको काँधमा आएको छ । तसर्थ सङ्घ, प्रदेश र स्थानीय तहले शिक्षा विकासका लागि रणनीतिक वा आवधिक र वार्षिक योजना तर्जुमा गर्दा शैक्षिक संस्थामा सूचना तथा सञ्चार प्रविधिलाई कसरी उपयोग गर्ने भन्ने बारेमा रणनीति तथा कार्यक्रम समावेश गरी लैजानुपर्ने आवश्यकता रहेको छ ।

### ५.७.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकाका विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दो रूपमा रहेको छ । यस नगरपालिका आफैंले सबै विद्यालयहरूमा सूचना प्रविधि जडान गर्ने कार्यमा प्रतिबद्ध भई कार्यान्वयनमा लागेको अवस्था रहेको छ । विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई आफ्नो घरपरिवार, विद्यालय, साथीभाइ र वरिपरिका वातावरणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले तीव्र गतिमा यस क्षेत्रमा अभ्यस्त बनाउँदै ल्याएको छ । तसर्थ विद्यालयहरूमा इन्टरनेट जडान गर्ने, कम्प्युटरबाट प्रशासनिक कागजात तयार गर्ने, बालबालिकाका लागि कम्प्युटर ल्याबको स्थापना र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने जस्ता प्रविधिमैत्री गतिविधिहरू तीव्र गतिमा बढेर गएको पाइन्छ । विद्यालयमा शिक्षक तथा कर्मचारीहरूका बिच छिटो र सहज ढङ्गबाट सूचना प्रवाह गर्नका लागि भाइबर तथा म्यासेन्जर समूह बनाई प्रयोग गर्ने गरिएको छ ।

यस योजनाको तर्जुमा गर्नका लागि यही शैक्षिक वर्ष २०८१ मा गरिएको विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार नगरपालिकाका ९६.४% विद्यालयमा विद्युत् सेवासहित सूचना प्रविधि जडान भएको देखिएको छ । त्यस्तै गरी प्रति विद्यालय औसतमा १४.७ ओटा कम्प्युटर/ल्यापटपको उपलब्धता रहेको, प्रति विद्यालयमा शिक्षकले कक्षा शिक्षणमा प्रयोग गर्न उपलब्ध कम्प्युटर ल्यापटपको औसत सङ्ख्या ७.३ रहेको र प्रतिविद्यालय औसत २.७ कक्षा कोठामा स्मार्ट टिभी वा स्मार्ट बोर्ड जडान भएको पाइएको छ । नगरपालिकाका ३२.४

प्रतिशत शिक्षकहरू सूचना तथा सञ्चार प्रविधिमा दक्ष रहेको पाइएको छ । यस तथ्याङ्कबाट विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको उपलब्ध भए तापनि यस क्षेत्रमा दक्ष जनशक्तिको कमी रहेको, विद्यालयहरूमा इ-पुस्तकालय र शिक्षण सिकाइमा डिजिटल प्रविधिको प्रयोगमा कमी रहेको जस्ता अवस्था देखिन्छ । साथै विद्यालयहरूमा इ-व्यवस्थापनको अभ्यास लागु भएको छैन, जसमा इ-हाजिरी, विद्यालयमा सिसिटिभी क्यामरा र इ-अनुगमन तथा मूल्याङ्कन आदिको कार्यान्वयनमा कमी रहेको छ । तसर्थ नगरपालिका तथा विद्यालयहरूले सूचना तथा सञ्चार प्रविधिलाई प्रशासनिक कार्य तथा शिक्षण सिकाइमा अधिकतम उपयोग गर्नका लागि योजनाबद्ध गतिविधि सञ्चालन गर्नपर्ने आवश्यकता देखिएको छ ।

### ५.७.२ समस्या तथा चुनौतीहरू

यस नगरपालिकाको विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विकासमा रहेका समस्या तथा चुनौतीहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६३: विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विकासका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | अधिकांश विद्यालयमा उपयुक्त सूचना प्रविधि पूर्वाधार जडान र सञ्चालन नभएको |
| २ | विद्यालयहरूमा डिजिटल तथा अनलाइन शिक्षण सिकाइ सञ्चालन नभएको |
| ३ | अधिकांश विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला र इ-पुस्तकालय स्थापना र सञ्चालन नभएको |
| ४ | शिक्षक तथा विद्यालय कर्मचारीमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान र सिपमा कमी रहेको |
| ५ | विद्यालयहरूमा इ-व्यवस्थापनको अभ्यास न्यून भएको |
| ६ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको |

### ५.७.३ उद्देश्य

(क) सबै विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्नु
(ख) सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइ कार्यान्वयन गर्नु
(ग) सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइका लागि दक्ष जनशक्ति तयार गर्नु
(घ) सबै विद्यालयहरूमा इ-व्यवस्थापन लागु गर्नु

## ५.७.४ रणनीति तथा कार्यनीति

नगरपालिकाका विद्यालय तथा शैक्षिक संस्थामा सूचना तथा सञ्चार प्रविधि विकासका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरूको पहिचान गरी समावेश गरिएको छ :

**तालिका ६४: सूचना तथा सञ्चार प्रविधि विकासका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | सबै विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार जडान गरिने छ । | सबै विद्यालयमा इन्टरनेट जडान गर्ने |
| | | विद्यालयहरूमा शिक्षण सिकाइका लागि कम्प्युटर, स्मार्ट बोर्ड आदिको व्यवस्था गर्ने |
| २.१ | सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइ कार्यान्वयन गरिने छ । | विद्यालयहरूमा डिजिटल शिक्षण सिकाइ विधि तयार गरी कार्यान्वयन गर्ने |
| | | विद्यालयहरूमा कम्प्युटर ल्याब र इ-पुस्तकालय स्थापना र सञ्चालन गर्ने |
| | | सबै विद्यालयका लागि नगरपालिकास्तरीय एकीकृत डिजिटल/अनलाइन लाइब्रेरी स्थापना तथा सञ्चालन गर्ने |
| | | शारीरिक अपाङ्गता भएका र टाढा दुरीमा रहेका बालबालिकालाई दूरशिक्षाको व्यवस्था गर्ने |
| ३.१ | सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइका लागि दक्ष जनशक्ति गरी परिचालन गरिने छ । | शिक्षकहरूलाई शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगसम्बन्धी तालिम दिने |
| | | सूचना प्रविधिमैत्री शिक्षण सिकाइ सुधार कार्यक्रम सञ्चालन गर्ने |
| ४.१ | सबै विद्यालयहरूमा इ-व्यवस्थापन कार्यान्वयन गरिने छ । | विद्यालयहरूमा इ-हाजिरी, इ-सूचना प्रणाली (IEMIS) लागु |
| | | विद्यालयमा शिक्षक तथा कक्षाकोठाको इ-अनुगमन, इ-मूल्याङ्कन विधि लागु गर्ने |
| | | विद्यालयहरूमा कम्प्युटराइज्ड लेखाप्रणाली लागु गर्ने |

### ५.७.५ प्रमुख उपलब्धि तथा नतिजा

### ५.७.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छन् :

(क) सबै विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको जडान भएको हुने छ ।

(ख) सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइ कार्यान्वयन भएको हुने छ ।

(ग) सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइका लागि दक्ष जनशक्ति परिचालन भएको हुने छ ।

(घ) सबै विद्यालयहरूमा इ-व्यवस्थापन लागु भई शैक्षिक तथ्याङ्क अद्यावधिक र अधिकतम उपयोग भएको हुने छ ।

### ५.७.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुने छ:

**तालिका ६५: विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| सबै विद्यालय तथा शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको जडान भएको हुने छ । | विद्युत् सेवा भएको विद्यालय | प्रतिशत | ९६.४ | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | इन्टरनेट जडान भएको विद्यालय | प्रतिशत | ९६.४ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | शिक्षण सिकाइका लागि कम्प्युटर, स्मार्ट बोर्ड जडान भएका विद्यालय | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइ कार्यान्वयन गरिने छ । | डिजिटल शिक्षण सिकाइ विधि तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | कम्प्युटर ल्याब भएको विद्यालय | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| | इ-पुस्तकालय भएको विद्यालय | सङ्ख्या | ० | १० | १० | १० | १५ | १५ | १५ | | |
| | सबै विद्यालयका लागि नगरपालिकास्तरीय एकीकृत डिजिटल/ अनलाइन लाइब्रेरी स्थापना तथा सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | अनलाइन शिक्षाबाट लाभान्वित शारीरिक अपाङ्गता भएका र टाढा दुरीमा रहेका बालबालिका | सङ्ख्या | ० | ५० | ५० | ५० | १०० | १०० | १०० | | |
| सबै विद्यालयमा डिजिटल शिक्षण सिकाइका लागि दक्ष जनशक्ति गरी परिचालन गरिने छ । | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगसम्बन्धी तालिम पाएका शिक्षक | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | १०० | | |
| | सूचना प्रविधिमैत्री शिक्षण सिकाइ सुधार कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| सबै विद्यालयहरूमा इ-व्यवस्थापन कार्यान्वयन गरिने छ । | इ-हाजिरी सञ्चालन र प्रयोग भएको विद्यालय | प्रतिशत | २० | ५० | १०० | १०० | १०० | १०० | १०० | | |
| | इ-सूचना प्रणाली (EMIS) सञ्चालन भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | विद्यालयमा शिक्षक तथा कक्षाकोठाको इ-अनुगमन, इ-मूल्याङ्कन विधि लागु | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | १०० | | |
| | विद्यालयहरूमा कम्प्युटराइज्ड लेखा प्रणाली सञ्चालन | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | १०० | | |

## ५.७.६ कार्यक्रम तथा आयोजना

### तालिका ६६: विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विकासका कार्यक्रम तथा आयोजनाहरू

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १ | १ | १.१ | १.१.१ | विद्यालयमा इन्टरनेट जडान र इ हाजिरी कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | | | | | | | २ | १,००० |
| २ | १ | १.१ | १.१.२ | विद्यालयहरूमा शिक्षण सिकाइका लागि कम्प्युटर, स्मार्ट बोर्ड जडान | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ३ | २ | २.१ | २.१.१ | विद्यालयहरूमा डिजिटल शिक्षण सिकाइ विधि तर्जुमा | पटक | १ | ५०० | | | | | | | | | १ | ५०० |
| ४ | २ | २.१ | २.१.२ | विद्यालयहरूमा कम्प्युटर ल्याब र इ-पुस्तकालय स्थापना (आधारभूत र माध्यमिक तहमा समावेश भएको) | पटक | | | | | | | | | | | ० | ० |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| ५ | २ | २.१ | २.१.३ | सबै विद्यालयका लागि नगरपालिकास्तरीय एकीकृत डिजिटल/ अनलाइन लाइब्रेरी स्थापना तथा सञ्चालन | पटक | १ | १००० | १ | १००० | | | | | | | २ | २,००० |
| ६ | २ | २.१ | २.१.४ | शारीरिक अपाङ्गता भएका र टाढा दुरीमा रहेका बालबालिकालाई अनलाइन शिक्षा | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ७ | ३ | ३.१ | ३.१.१ | शिक्षकहरूलाई शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगसम्बन्धी तालिम | सङ्ख्या | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ८ | ३ | ३.१ | ३.१.२ | सूचना प्रविधिमैत्री शिक्षण सिकाइ सुधार कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ९ | ४ | ४.१ | ४.१.२ | विद्यालयमा शिक्षक तथा कक्षाकोठाको इ-अनुगमन, इ-मूल्याङ्कन विधि लागु | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १० | ४ | ४.१ | ४.१.३ | विद्यालयहरूमा कम्प्युटराइज्ड लेखा प्रणाली सञ्चालन | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| | | | | **जम्मा** | | ९ | ६,५०० | ८ | ६,००० | ६ | ४,५०० | ६ | ४,५०० | ६ | ४,५०० | ३५ | २६,००० |

## परिच्छेद- ६

# सुशासन तथा व्यवस्थापन

शिक्षामा सबै नागरिकको समान पहुँच तथा सहभागिताका लागि यस क्षेत्रमा सुशासन तथा सक्षम संस्थागत व्यवस्थाको अधिक महत्त्व रहन्छ । सुशासनले जनमैत्री शासन व्यवस्थालाई जनाउँदछ । सुशासनले नागरिक प्रतिको जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व, विधिको शासन, समता तथा समावेशितालाई आत्मासात् गर्दछ । शिक्षाको वितरण तथा व्यवस्थापन संविधान तथा कानुनसम्मत र समतामूलक गराउनका लागि सुशासनको अवधारणालाई कार्यान्वयन गर्न जरुरी छ । नागरिकको शिक्षामा पहुँच तथा अधिकार सम्बन्धमा संविधानमा भएको मौलिक हकको व्यवस्था तथा शिक्षा ऐन तथा नियमावलीहरू र शिक्षा सम्बन्धी नगरपालिकाले लागु गरेका स्थानीय ऐन, नियमावली तथा कार्यविधिहरूको प्रभावकारी कार्यान्वयन गर्न सक्षम संस्थागत संरचना तथा जनशक्ति, विद्यालय तथा शैक्षिक संस्थाहरूको व्यवस्थापन जस्ता विषयहरू आजको समयमा निकै पेचिला र सवालपूर्ण बन्दै गएका छन् । शिक्षामा विद्यालय व्यवस्थापन, विपन्न नागरिकको समतामूलक पहुँच, सिकाइ गुणस्तर आदिमा प्रश्नहरू उठेको अवस्था छ । नागरिकहरूको शिक्षामा पहुँच र सहभागितामा देखिएको विभिन्नता र सिकाइ उपलब्धिमा देखिएका अन्तरहरूलाई समाधान गर्दै भौगोलिक रूपमा दुर्गम र आर्थिक सामाजिक रूपमा विपन्न तथा पिछाडिएका परिवारका बालबालिकाहरूलाई शिक्षामा समान पहुँच, गुणस्तरीय शिक्षा, शिक्षा व्यवस्थापनमा निष्पक्षता जस्ता विषयहरूमा परिणाममुखी कार्य गर्नका लागि सुशासनका विषयवस्तुहरूको अनुसरण गर्नुपर्ने आवश्यकता रहन्छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम तोकिएका आधारभूत तथा माध्यमिक तहको शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका क्षेत्रमा स्थानीय तहको जिम्मेवारीहरू तोकिएको हुँदा नगरपालिकामा शिक्षा तथा खेलकुद शाखा स्थापना गरी नगरका शिक्षा प्रशासन तथा विकासका कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ । तैपनि नगरपालिकाको शिक्षा क्षेत्रमा स्थानीय सरकारको मात्र एकल अधिकार र लगानीको अवस्था भने छैन । सङ्घीय तथा प्रदेश सरकारले उपलब्ध गराउने समानीकरण अनुदान, राजस्व बाँडफाँड र ससर्त अनुदानको रकम नै शिक्षा क्षेत्रमा पनि लगानी हुने भएको हुँदा शिक्षा व्यवस्थामा तीनै तहका सरकारहरूको दायित्व उत्तिकै देखिन्छ ।

विद्यालय शिक्षाको प्रशासन तथा विकासका गतिवधिहरू स्थानीय तहले सञ्चालन गरे पनि कक्षा १० र कक्षा १२ को सार्वजनिक परीक्षा सञ्चालन गर्ने कार्य राष्ट्रिय परीक्षा बोर्डले

गर्दछ । विद्यालयका लागि शिक्षकहरूको परिचालन, सरुवा तथा शिक्षक कर्मचारी प्रशासनसम्बन्धी कार्य नगरपालिकाले गरेता पनि शिक्षक छनौट, बढुवा र अध्यापन अनुमतिपत्रसम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ । शिक्षक अभिलेख तथा निवृत्तिभरण, निवृत्त शिक्षकको सेवा सुविधाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय किताबखानाअन्तर्गत रहेको शिक्षक किताबखानाले गर्दछ । तसर्थ शिक्षाको व्यवस्थापन र सुशासन क्षेत्रमा तीनै तहका सरकारहरूको उत्तिकै भूमिका रहेको छ । स्थानीय तहमा हेर्दा शिक्षामा सुशासन कायम गर्नका लागि नगरपालिकादेखि विद्यालयसम्मको संस्थागत व्यवस्था चुस्त र व्यवस्थित हुन जरुरी छ । तसर्थ यस खण्डमा सुशासन तथा संस्थागत विकासअन्तर्गत पर्ने शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास, शिक्षा योजनाको कार्यान्वयन प्रबन्ध र अनुगमन तथा मूल्याङ्कनलाई समावेश गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालमा शिक्षा विकास तथा व्यवस्थापनमा तीनै तहका सरकारहरूको पारस्पारिक जिम्मेवारी रहेको छ । प्रारम्भिक बाल विकास तथा शिक्षाको तहबाट आधारभूत र माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा स्थानीय तहको अधिकार तथा भूमिका अधिक रहेको छ । गोदावरी नगरपालिकाको शिक्षा ऐन, २०७९ र शिक्षा नियमावली, २०७४ अनुसार शिक्षा क्षेत्रको नियमन, प्रशासन तथा विकासका गतिविधिहरू सञ्चालन गर्रिंदै आएको छ । नगरपालिका शिक्षा ऐन, २०७९ को दफा १२ बमोजिम नगर शिक्षा समिति गठन गरी नगरपालिकाको शिक्षा तर्फको प्रशासन, नियमन र शिक्षा विकासका गतिविधिहरूलाई नतिजामुखी तुल्याउन जिम्मेवारी दिइएको छ । नगर शिक्षा समितिको काँधमा शिक्षासम्बन्धी प्रचलित ऐन तथा अन्य कानुनी व्यवस्थाहरूको अधीनमा रही नगरपालिकाको शिक्षा क्षेत्रमा संस्थागत सुधार तथा सुशासन अभिवृद्धि गर्ने जिम्मेवारी रहेको छ । त्यस्तै, गोदावरी नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा २० तथा शिक्षा नियमावली, २०७४ को परिच्छेद ५ बमोजिम विद्यालय स्तरमा संस्थागत सुधार तथा सुशासन कायम गर्न विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । साथै विद्यालय व्यवस्थापन समितिले विद्यालयमा सुशासन कायम गर्न आफ्नो विद्यालयप्रतिको उत्तरदायित्व तथा जवाफदेहिता इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने जिम्मेवारी रहेको छ । हरेक विद्यालयमा शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था रहेको छ । शिक्षक अभिभावक सङ्घले विद्यालय विकासमा अभिभावकहरूको सहभागितालाई बढाई विद्यालयको संस्थागत व्यवस्था तथा बालबालिकाको शिक्षण सिकाइमा सकारात्मक वातावरण तयार गर्न मद्दत गर्दछ ।

नगरपालिकाभित्रको शिक्षा क्षेत्रको प्रशासन, व्यवस्थापन र विकासका गतिविधि सञ्चालन गर्नका लागि कानुनतः शिक्षा, युवा तथा खेलकुद शाखाको स्थापना गरिएको छ । तसर्थ शिक्षा, युवा तथा खेलकुद शाखाले नगरका आधारभूत तथा माध्यमिक तहको शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप क्षेत्रमा प्रशासन, नियमन र विकासका गतिविधिहरू सञ्चालन गर्दै आएको छ । उच्च शिक्षाको व्यवस्थापन र विकासका कार्यमा नगरपालिकाले कानुनतः नियमन गर्दैन तर विकासका गतिविधिमा लगानी तथा साझेदारीका कार्यहरू भने निरन्तर भइरहेको छ ।

सुशासनका गतिविधितर्फ हेर्दा विद्यालयहरूमा गरिएका शिक्षा विकासका कार्यहरूको पारदर्शिताका लागि अभिभावक भेला, सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाइ, सामाजिक परीक्षण, जस्ता कार्य नियमित रूपमा गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । विद्यालयको आर्थिक लेखा परीक्षण, विद्युतीय माध्यमबाट विद्यालयका गतिविधि सार्वजनिक गर्नाले पनि विद्यालय सुशासनको प्रत्याभूत गर्छ । यस्तै विद्यालयको वार्षिक कार्यतालिका, दैनिक कार्य तालिका, सूचना अधिकारीको व्यवस्था, नागरिक बडापत्र, गुनासो पेटिका आदिले पनि विद्यालय सुशासन कार्यमा मद्दत पुऱ्याउँछ ।

शिक्षाको संस्थागत व्यवस्था तथा सुशासन क्षेत्रमा रहेको वर्तमान अवस्था, समस्या तथा चुनौतीहरूको पहिचान र सोको आधारमा यस क्षेत्रको उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरू यस खण्डमा समावेश गरिएको छ ।

### ६.१.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकाको शिक्षा तथा खेलकुद क्षेत्रलाई व्यवस्थापन गर्नका लागि नगर शिक्षा समिति क्रियाशील रहेको छ । विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घले विद्यालय व्यवस्थापन र सुशासनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । त्यसै गरी शिक्षा तथा खेलकुद शाखाबाट नगरक्षेत्रको आधारभूत तथा माध्यमिक तहको शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा कानुनतः तोकिएका जिम्मेवारीहरू बहन गर्ने कार्य भइरहेको छ । नगरपालिकाले शिक्षा क्षेत्रमा प्रभावकारिताका लागि शिक्षकहरूलाई क्षमता विकास तालिम, विद्यार्थी भर्ना अभियान, शैक्षिक क्यालेन्डर निमाण तथा कार्यान्वयन, विद्यालय अनुगमन तथा सुपरिवेक्षण, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयारी र कार्यान्वयन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन र आधारभूत तह उत्तीर्ण परीक्षा व्यवस्थापन जस्ता कार्यहरू सञ्चालन गर्दै आएको छ ।

गोदावरी नगरपालिकामा विद्यालयको संस्थागत व्यवस्थापनतर्फ हेर्दा अधिकांश विद्यालयहरूमा शिक्षक, अभिभावक र विद्यार्थीको आचारसंहिता लागु गरिएको पाइएको छ । गत शैक्षिक वर्षमा सामाजिक परीक्षण भएका सामुदायिक विद्यालयहरू ९४ प्रतिशत रहेको छ । विद्यालय सुधार योजना कार्यान्वयन गर्ने विद्यालयहरू पनि ९४ प्रतिशत रहेको छ । विद्यालयहरूमा शिक्षक अभिभावक छलफल वार्षिक औसत ६ पटक गरिएको छ । गत वर्ष विद्यालय व्यवस्थापन समितिको औसत वार्षिक बैठक ९ पटक भएको छ । त्यस्तै गरी ५५ प्रतिशत सामुदायिक विद्यालयमा बाल क्लब गठन भएको छ । यस तथ्याङ्कबाट सुशासन तथा जवाफदेहिताको क्षेत्रमा नगरपालिका तथा विद्यालयबाट निकै राम्रा कार्यहरू भएको देखिन्छ । तैपनि सामुदायिक विद्यालय र सरकारी शिक्षा प्रणालीप्रति अभिभावक तथा सरोकारवालाहरूको गुनासो र नकारात्मक सोचमा भने कमी आएको देखिँदैन । तसर्थ, विद्यालय तथा शिक्षक व्यवस्थापन, कक्षामा नियमितरूपमा शिक्षक व्यवस्था, कला, खेलकुद, साहित्य र सिप जस्ता क्षेत्रमा अतिरिक्त शिक्षकको उपलब्धता, शिक्षा विकासमा सार्वजनिक निजी साझेदारी जस्ता विषय क्षेत्रहरूमा नगरपालिकाले थप कार्य गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ६.१.२ समस्या तथा चुनौतीहरू

यस नगरपालिकाको शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकासमा रहेका समस्या तथा चुनौतीहरू देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ६७: शिक्षामा सुशासन तथा संस्थागत विकासका समस्या तथा चुनौतीहरू**

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| १ | विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शासकीय प्रबन्धको कार्यान्वयन नभइसकेको |
| २ | शिक्षा नीति र कार्ययोजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको |
| ३ | विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा सरुवा प्रक्रियामा व्यावहारिक कठिनाइ भएको |
| ४ | शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन सम्झौताको व्यवस्था नभएको |
| ५ | कार्यसम्पादन सम्झौताको आधारमा शिक्षक तथा विद्यालय कर्मचारीको मूल्याङ्कन व्यवस्था नभएको |
| ६ | विद्यालय व्यवस्थापन समितिको संस्थागत क्षमता अपेक्षित स्तरमा नभएको |

| क्र.सं. | समस्या तथा चुनौतीहरू |
|---|---|
| ७ | शिक्षाको व्यवस्थापन र सुशासन क्षेत्रमा शिक्षक अभिभावक सङ्घको भूमिका अपेक्षित स्तरमा नभएको |
| ८ | अतिरिक्त क्रियाकलाप सञ्चालन तथा प्रवर्धन गर्न जनशक्तिको व्यवस्था नभएको |
| ९ | विद्यालय निरीक्षण तथा सुपरिवेक्षण प्रभावकारी नभएको |
| १० | विद्यालय विकास तथा व्यवस्थापनमा जनसहभागिता बढाउने नीतिगत व्यवस्था लागुनभएको |
| ११ | विद्यालय र समुदायबिच सम्बन्ध र सहकार्य स्थापित गर्ने उपायको खोजी तथा उपयोग नभएको |
| १२ | विद्यालयमा सूचना अधिकारीको व्यवस्था, नागरिक बडापत्र, गुनासो पेटिकाको व्यवस्था पूरा नभएको |
| १३ | विद्यालयहरूमा सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सोको सुझावहरू कार्यान्वयन नभएको |

### ६.१.३ उद्देश्य

(क) विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शासकीय प्रबन्ध प्रवर्धन गर्नु

(ख) विद्यालयको संस्थागत व्यवस्था, शिक्षक तथा कर्मचारीको प्रभावकारी व्यवस्थापन गर्नु

(ग) बालक्लब र स्काउट गठन गरी बालबालिकाको क्षमता विकास र सुशासनमा सहभागिता बढाउनु

(घ) विद्यालय व्यवस्थापन र सुशासन क्षेत्रमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ तथा समुदायको भूमिका प्रभावकारी बनाउनु

(ङ) शिक्षा क्षेत्रमा सुशासन तथा पारदर्शिता अभिवृद्धि गर्नु

### ६.१.४ रणनीति तथा कार्यनीति

नगरपालिकाका शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकास गरी नगरवासीलाई सुशिक्षित र उत्पादनशील बनाउनका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू पहिचान गरी योजनामा समावेश गरिएको छ :

**तालिका ६८: शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू**

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १.१ | विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शासकीय प्रबन्ध प्रवर्धनका लागि पूर्वाधार तथा दक्ष जनशक्ति तयार गरिने छ । | विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका लागि पूर्वाधार जडान गर्ने |
| | | शिक्षक तथा कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धमा तालिम दिई दक्ष जनशक्ति तयार गर्ने |
| २.१ | विद्यालयको संस्थागत व्यवस्था, शिक्षक तथा कर्मचारी व्यवस्थापन प्रभावकारी तुल्याउन अनुगमन तथा मूल्याङ्कन, जनशक्ति आपूर्ति र उत्कृष्ट विद्यालय प्रोत्साहन जस्ता कार्य गरिने छ । | शिक्षा नीति र कार्ययोजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने |
| | | विद्यालयमा शिक्षक तथा कर्मचारीको आवश्यकता सर्वेक्षण गरी जनशक्ति आपूर्ति गर्ने |
| | | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न अतिरिक्त शिक्षक/प्रशिक्षकको व्यवस्था गर्ने |
| | | सामुदायिक तथा संस्थागत विद्यालयहरूमध्ये उत्कृष्ट छनौट गरी प्रोत्साहनका लागि नगद पुरस्कारको व्यवस्था गर्ने |
| २.२ | शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन सम्झौताको व्यवस्था लागु गरी सोको प्रभावकारिताका लागि पहल गरिने छ । | शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन सम्झौताको व्यवस्था लागु गर्ने |
| | | कार्यसम्पादन सम्झौताको आधारमा शिक्षक तथा विद्यालय कर्मचारीको अनुगमन तथा मूल्याङ्कन व्यवस्था लागु गर्ने |
| ३.१ | विद्यालय व्यवस्थापन समितिको सशक्तीकरण गरी विद्यालय व्यवस्थापनमा अझ जिम्मेवार बनाइने छ । | विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तथा सशक्तीकरणका गतिविधि सञ्चालन गर्ने |
| | | विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको निर्णय प्रक्रियामा सहभागी गराउने तथा जिम्मेवारी थप गर्ने व्यवस्था लागु गरिने छ । |
| ३.२ | शिक्षक अभिभावक सङ्घको सशक्तीकरण, विद्यालय विकास | शिक्षक अभिभावक सङ्घको सशक्तीकरण तथा क्षमता विकास तालिमको व्यवस्था गर्ने |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | तथा सुशासन कार्यमा अभिभावक तथा समुदायको सक्रिय सहभागिता गराइने छ | विद्यालयको निर्णय प्रक्रिया, भौतिक निर्माण तथा विकासका अन्य गतिविधिमा समुदायको सहभागिता गराउने |
| ३.३ | विद्यालयहरूमा बालक्लब र स्काउट गठन गरी शैक्षिक गुणस्तर तथा सुशासनका गतिविधिमा सहभागी गराइने छ । | विद्यालयहरूमा बालक्लव र स्काउट गठन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने |
| ४.१ | शिक्षा क्षेत्रमा सुशासन तथा पारदर्शिता अभिवृद्धि गर्न सुशासनका विधिहरू लागु गरिने छ । | विद्यालयहरूमा शैक्षिक क्यालेन्डरअनुसार शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्ने |
| | | विद्यालयमा सूचना अधिकारीको व्यवस्था, नागरिक बडापत्र, गुनासो पेटिका व्यवस्थापन गर्ने |
| | | शैक्षिक वर्षको हरेक त्रैमासमा अभिभावक भेला र सार्वजनिक सुनुवाइ गरी प्राप्त सुझावहरूको कार्ययोजना तयारी तथा कार्यान्वयन गर्ने |
| | | हरेक वर्षको प्रथम चौमासिकमा सामाजिक परीक्षण तथा सुधारका कार्ययोजना तर्जमा तथा कार्यान्वयन गर्ने |
| | | शिक्षक कर्मचारीको तलब भत्ता, अनुदान रकम तथा विकास कार्यक्रमका निकासा समयबद्ध तथा नियमित गर्ने |
| | | लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रशासनिक गतिविधिहरू उपयुक्त माध्यमहरूबाट सार्वजनिक गर्ने |

### ६.१.५ प्रमुख उपलब्धि तथा नतिजा

#### ६.१.५.१ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने छ :

(क) विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शासकीय प्रबन्ध लागु भएको हुने छ ।

(ख) विद्यालयको संस्थागत व्यवस्था, शिक्षक तथा कर्मचारीको प्रभावकारी व्यवस्थापन भएको हुने छ ।

(ग) बालक्लब र स्काउट गठन गरी बालबालिकाको क्षमता विकास र सुशासनमा सहभागिता भएको हुने छ ।

(घ) शिक्षाको व्यवस्थापन र सुशासनमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ तथा समुदायको सहभागिता भएको हुने छ ।

(ङ) शिक्षा क्षेत्रमा सुशासन तथा पारदर्शिता अभिवृद्धि भएको हुने छ ।

### ६.१.५.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट देहायका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुनेछ:

**तालिका ६९: शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकासमा अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शासकीय प्रबन्ध लागु भएको हुने छ । | इन्टरनेट जडान भएको विद्यालय | प्रतिशत | ९६.४ | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिवेदनहरू | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने |
| | सूचना तथा सञ्चार प्रविधि तालिम लिएका शिक्षक तथा विद्यालय कर्मचारी | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | १०० | | |
| विद्यालयको संस्थागत व्यवस्था, शिक्षक तथा कर्मचारीको प्रभावकारी व्यवस्थापन भएको हुने छ । | विद्यालय सुधार योजना लागु भएका विद्यालय | प्रतिशत | ९४ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | शिक्षा नीति र कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | प्रतिशत | ० | १ | १ | १ | १ | १ | १ | | |
| | प्रधानाध्यापकबाट शिक्षकको कक्षा अवलोकन तथा पृष्ठपोषण प्रदान | प्रतिशत | ४६.५ | ६० | ८० | १०० | १०० | १०० | १०० | | |
| | निरीक्षक/ विज्ञबाट कक्षा अवलोकन तथा पृष्ठपोषण प्रदान | प्रतिशत | १०.१ | ३० | ५० | ७० | ९० | १०० | १०० | | |
| | विद्यालयमा शिक्षक तथा कर्मचारीको आवश्यकता सर्वेक्षण | सङ्ख्या | ० | १ | ० | ० | ० | ० | १ | | |
| | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न अतिरिक्त शिक्षक/प्रशिक्षकको व्यवस्था | सङ्ख्या | ० | १० | १० | १० | २० | २० | २० | | |
| | शिक्षा ऐन तथा नियमावलीको पुनरावलोकन र संशोधन | सङ्ख्या | ० | १ | | | | १ | २ | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन सम्झौताको व्यवस्था लागु | पटक | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | कार्यसम्पादन सम्झौताको आधारमा शिक्षक तथा विद्यालय कर्मचारीको अनुगमन तथा मूल्याङ्कन व्यवस्था लागु | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | विद्यालयमा शिक्षक- कर्मचारी वार्षिक औसत बैठक | सङ्ख्या | ९.१ | १२ | १८ | १८ | १८ | १८ | १८ | | |
| | शिक्षकहरूको लागि आचारसंहिता पालना भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | अभिभावकहरूको लागि आचारसंहिता लागु भएको विद्यालय | प्रतिशत | ८५.२ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | विद्यार्थीहरूको लागि आचारसंहिता लागु भएको विद्यालय | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ तथा समुदायको सक्रिय सहभागिताले शिक्षाको व्यवस्थापन र सुशासन क्षेत्रमा सहयोग पुगेको हुने छ । | विद्यालय व्यवस्थापन समितिको औसत वार्षिक बैठक | सङ्ख्या | ९.२ | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | क्षमता विकास तालिम पाएका विद्यालय व्यवस्थापन समितिका सदस्य | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | १०० | | |
| | विद्यालयमा शिक्षक अभिभावक छलफल वार्षिक औसत | सङ्ख्या | ६.५ | ८ | ८ | १२ | १२ | १२ | १२ | | |
| | विद्यालयमा शिक्षक अभिभावक बैठक वार्षिक औसत | सङ्ख्या | ३.६ | ४ | ६ | ८ | १२ | १२ | १२ | | |
| | क्षमता विकास तालिम पाएका शिक्षक अभिभावक सङ्घका अभिभावक | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | १०० | | |

| नतिजा | सूचक/लक्ष्य | एकाइ | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| बाल क्लब र स्काउट गठन गरी बालबालिकाको क्षमता विकास र सुशासनमा सहभागिता भएको हुने छ । | विद्यालयमा आधारित बालक्लब | प्रतिशत | ७५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | बाल क्लबको वार्षिक औसत बैठक | सङ्ख्या | ३.६ | ६ | ६ | ८ | ८ | १२ | १२ | | |
| | क्षमता विकास तालिम पाएका बालक्लबका बालबालिका | सङ्ख्या | ० | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | स्काउट कार्यक्रम लागुभएको विद्यालय | प्रतिशत | ६९ | ७५ | ८५ | ९२ | १०० | १०० | १०० | | |
| शिक्षा क्षेत्रमा सुशासन तथा पारदर्शिता अभिवृद्धि भएको हुने छ । | शैक्षिक क्यालेन्डर अनुसार शिक्षण सिकाइ गतिविधि सञ्चालन भएका विद्यालय | प्रतिशत | ५० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | सूचना अधिकारीको नियुक्ति भएका विद्यालय | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | नागरिक बडापत्र, गुनासो पेटिका व्यवस्थापन भएका विद्यालय | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | अभिभावक भेला र सार्वजनिक सुनुवाइ गरी प्राप्त सुझावहरूको कार्ययोजना तयारी तथा कार्यान्वयन गर्ने विद्यालय | प्रतिशत | ० | ५० | १०० | १०० | १०० | १०० | १०० | | |
| | सामाजिक परीक्षण तथा सुधारका कार्ययोजना तर्जमा र कार्यान्वयन गर्ने विद्यालय | प्रतिशत | ९४.१ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | लेखा परीक्षण प्रतिवेदन तथा अन्य प्रशासनिक गतिविधिहरू उपयुक्त माध्यमहरूबाट सार्वजनिकीकरण गर्ने विद्यालय | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

### ६.१.६ कार्यक्रम तथा आयोजना

#### तालिका ७०: शिक्षा क्षेत्रमा सुशासन तथा संस्थागत विकासका कार्यक्रम तथा आयोजना

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १ | १ | १.१ | १.१.१ | विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका लागि पूर्वाधार जडान (सूचना तथा सञ्चार प्रविधि विकासमा समावेश भएको) | पटक | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |
| २ | १ | १.१ | १.१.२ | विद्यालयहरूमा शिक्षक तथा कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धमा तालिम (सूचना तथा सञ्चार प्रविधि विकासमा समावेश भएको) | पटक | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |
| ३ | २ | २.१ | २.१.१ | विद्यालय सुधार योजना तयारी र कार्यान्वयन | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ४ | २ | २.१ | २.१.२ | शिक्षा नीति र कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | पटक | १ | | १ | | १ | | १ | | १ | | ५ | |
| ५ | २ | २.१ | २.१.३ | विद्यालयमा शिक्षक तथा कर्मचारीको आवश्यकता सर्वेक्षण | पटक | १ | ५०० | | | | | | | | | १ | ५०० |
| ६ | २ | २.१ | २.१.४ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न अतिरिक्त शिक्षक/प्रशिक्षकको व्यवस्था | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५,००० |
| ७ | २ | २.१ | २.१.४ | उत्कृष्ट विद्यालय प्रोत्साहन पुरस्कार | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |

| क्र सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| ८ | २ | २.२ | २.२.१ | शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन सम्झौताको व्यवस्था लागु | सङ्ख्या | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |
| ९ | २ | २.२ | २.२.२ | कार्यसम्पादन सम्झौताको आधारमा शिक्षक तथा विद्यालय कर्मचारीको मूल्याङ्कन व्यवस्था लागु | सङ्ख्या | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |
| १० | ३ | ३.१ | ३.१.१ | विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| ११ | ३ | ३.२ | ३.२.१ | शिक्षक अभिभावक सङ्घको सशक्तीकरण तथा क्षमता विकास तालिम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १२ | ३ | ३.३ | ३.३.१ | बालक्लब गठन तथा सशक्तीकरण तथा क्षमता विकास तालिम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १३ | ३ | ३.३ | ३.३.२ | स्काउट गठन तथा सशक्तीकरण तथा क्षमता विकास तालिम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १४ | ४ | ४.१ | ४.१.१ | एकीकृत शैक्षिक क्यालेन्डर निर्माण शिक्षण सिकाइ गतिविधि सञ्चालन | सङ्ख्या | १ | ४०० | १ | ४०० | १ | ४०० | १ | ४०० | १ | ४०० | ५ | २,००० |
| १५ | ४ | ४.१ | ४.१.२ | विद्यालयमा सूचना अधिकारीको नियुक्ति तथा परिचालन | सङ्ख्या | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्रियाकलापको नाम | एकाइ | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| १६ | ४ | ४.१ | ४.१.३ | विद्यालयमा नागरिक बडापत्र, गुनासो पेटिका व्यवस्थापन | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १७ | ४ | ४.१ | ४.१.४ | वडास्तरमा अभिभावक शिक्षा कार्यक्रम | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १८ | ४ | ४.१ | ४.१.५ | सामाजिक परीक्षण तथा सुधारका कार्ययोजना तर्जमा | सङ्ख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २,५०० |
| १९ | ४ | ४.१ | ४.१.६ | लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रशासनिक गतिविधिहरू उपयुक्त माध्यमहरूबाट सार्वजनिकीकरण | सङ्ख्या | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० |
| | | | | **जम्मा** | | **१९** | **६,९००** | **१८** | **६,४००** | **१८** | **६,४००** | **१८** | **६,४००** | **१८** | **६,४००** | **९१** | **३२,५००** |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस आवधिक शिक्षा विकास योजनाको कार्यान्वयनका लागि शिक्षा नीति तथा कानुनहरूको अधीनमा रही आर्थिक स्रोतको सुनिश्चितता, कार्यान्वयनका लागि सङ्गठन र जनशक्ति महत्त्वपूर्ण कुराहरू हुन् । स्थानीय तहले गर्ने शिक्षा व्यवस्थापन तथा विकासका गतिविधिहरू नगरपालिकाको एकल लगानी र पहलले मात्र नहुने हुँदा शिक्षा विकासका योजनाको कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश अनुदान वा लगानीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । स्थानीय शिक्षा योजना कार्यान्वयनको क्रममा नगरपालिकाले व्यवस्थापकीय भूमिका निर्वाह गर्ने गर्दछ । आवधिक शिक्षा योजना कार्यान्वयन प्रबन्धअन्तर्गत आवधिक शिक्षा विकास योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा परियोजनामा आधारित रहेर शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, कार्यक्रम तथा परियोजनाहरूको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू पर्दछन् ।

### ६.२.१ वर्तमान अवस्था

नगरपालिकामा आवधिक शिक्षा विकास योजना कार्यान्वयनका लागि नगर कार्यपालिकाको मातहतमा नगर शिक्षा समिति र शिक्षा तथा खेलकुद शाखाको प्रमुख भूमिका रहन्छ । यस योजनामा समावेश गरिएका उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयवस्तुहरूमा देखिएका समस्या तथा चुनौतीहरूको समाधान गर्दै नागरिकहरूलाई गुणस्तरीय शिक्षामा पहुँच गराउनका लागि पहिचान गरिएका रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनका लागि वार्षिक नगर विकास योजनामा शिक्षा क्षेत्रका परिवर्तनकारी तथा नियमित शिक्षा व्यवस्थापनका लागि निरन्तर चलिआएका योजनाहरू समावेश गर्ने र सोको लागि बजेट अनुमान तथा प्रस्ताव गर्ने कार्य नगर शिक्षा समिति र शिक्षा तथा खेलकुद शाखाले गर्दछ । यसरी कार्यक्रमहरू छनौट गर्दा नेपाल सरकारबाट प्राप्त हुने ससर्त अनुदान अन्तर्गतका नियमित कार्यक्रमहरू लगायत नगरपालिकाले पहिचान गरेका शिक्षा विकासमा आवश्यक कार्यक्रमहरू समावेश गरिन्छ । प्रस्ताव गरिएका कार्यक्रम तथा बजेट माथि विषयगत समिति र कार्यपालिकामा छलफलपश्चात् कार्यक्रम तथा बजेट स्वीकृतिको चरणमा पुग्दछ ।

आवधिक योजनामा रहेका योजना तथा कार्यक्रमहरू वार्षिक योजनामा समावेश तथा बजेट विनियोजनपश्चात् कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवारी पुनः नगर शिक्षा समिति र शिक्षा तथा खेलकुद शाखाको काँधमा आउँछ । नगरपालिकाबाट दिइएका विद्यालय व्यवस्थापन तथा शिक्षण सिकाइका कार्यक्रमहरू विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकले कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । विद्यालयमा समुदायको सहभागिता र योगदान बढाउनका

लागि शिक्षक अभिभावक सङ्घको गठन तथा परिचालन गर्ने व्यवस्था रहेको छ । शिक्षक अभिभावक सङ्घले शिक्षा विकासमा समुदायको प्रतिनिधित्व तथा सहकार्य अभिवृद्धि गर्दछ । तसर्थ नगरपालिकाको नेतृत्वमा माथि उल्लेख गरिएका सङ्गठनात्मक संरचनाले स्थानीय तहमा शिक्षा व्यवस्थापन तथा विकासका गतिविधिहरू सञ्चालनमा सहभागिता तथा सहयोग गर्दछन् ।

### ६.२.२ उद्देश्य

(क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु

### ६.२.३ रणनीति तथा कार्यनीति

नगरपालिकाका आवधिक शिक्षा विकास योजना कार्यान्वयन प्रबन्धका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू यस योजनामा समावेश गरिएको छ :

**तालिका ७१: आवधिक शिक्षा विकास योजना कार्यान्वयन प्रबन्धका रणनीतिहरू**

| क्र.सं. | रणनीतिहरू |
|---|---|
| **१** | **नगरपालिकाको जिम्मेवारीभित्रका रणनीतिहरू** |
| १.१ | शिक्षा व्यवस्थापन तथा विकासका लागि आवश्यक पर्ने नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा तथा लागु गरिने छ । |
| १.२ | आवधिक शिक्षा विकास योजनाका रणनीति तथा कार्यक्रमहरू समेटी शिक्षा विकासमा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिने छ । |
| १.३ | वार्षिक योजनामा समावेश भएका शिक्षा विकासका कार्यक्रमहरू सञ्चालन, नियमन, अनुगमन र मूल्याङ्कन गरिने छ । |
| १.४ | विद्यालय सुधार योजना तर्जुमा तथा कार्यान्वयनको नियमन तथा अनुगमन गरिने छ । |
| १.५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन (IEMIS) सञ्चालन, सुधार तथा अद्यावधिक गरिने छ । |
| १.६ | शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि नगरपालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास र सञ्चालन गरिने छ । |
| **२** | **विद्यालयको जिम्मेवारीभित्रका रणनीतिहरू** |
| २.१ | हरेक विद्यालयले विद्यालय सुधार योजना तर्जुमा, कार्यान्वयन र वार्षिक रूपमा अध्यावधिक गर्ने छ । |

| क.सं. | रणनीतिहरू |
|---|---|
| २.२ | विद्यालय व्यवस्थापन समितिले नगरपालिकाबाट प्राप्त हुने र विद्यालयको आफ्नै आयमा आधारित रही वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने छ । |
| २.३ | विद्यालयको व्यवस्थापन तथा शिक्षा विकासका कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी दिने र उत्तरदायी बनाइने छ । |
| २.४ | विद्यालयले शिक्षक व्यवस्थापन, खरिद तथा वित्तीय व्यवस्थापन आदिको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने छ । |
| २.५ | विद्यालयले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने छ । |
| २.६ | विद्यालयले विद्यार्थीका लागि पोषण, स्वास्थ्य र सरसफाइसम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापन सम्बन्धी सिप प्रदान गर्ने कार्य गर्ने छ । |
| २.७ | विद्यालयले विषयगत सिकाइका साथै विभिन्न अतिरिक्त क्रियाकलाप र सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी र कार्ययोजना लागु गर्ने छ । |

# परिच्छेद - ७

# लगानी र स्रोत व्यवस्थापन

शिक्षा क्षेत्रको व्यवस्थापन र विकास सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीभित्र पर्दछ । आधारभूत तह, माध्यमिक तह, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा स्थानीय तहको व्यवस्थापकीय तथा नियमन गर्ने जिम्मेवारी रहेको छ । तर शिक्षामा नेपाल सरकारबाट वित्तीय हस्तान्तरणअन्तर्गत विभिन्न कार्यक्रमका लागि आवश्यक बजेट रकम ससर्त अनुदानका रूपमा निकासा हुने गर्दछ । स्थानीय तहले शिक्षा क्षेत्रमा रहेको सम्भावना तथा अवसरको सदुपयोग गर्न र समस्या तथा चुनौतीहरूको समाधान गर्न पहिचान गरिएको कार्यक्रमका लागि स्थानीय तहको आन्तरिक आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजस्व बाँडफाँड तथा अन्य स्रोतबाट प्राप्त हुने आयबाट बजेट विनियोजन गर्ने व्यवस्था र प्रचलन रहेको छ ।

वर्तमान समयमा शिक्षामा सरकारी लगानीको अलवा निजी क्षेत्रको पनि ठुलो मात्रामा लगानी भएको छ । नेपाल सरकारको प्रचलित कानुनबमोजिम निजी विद्यालय तथा शैक्षिक संस्थाहरू स्थापना भई नागरिकहरूलाई औपचारिक शिक्षा प्रदान गर्ने कार्यमा ठुलो योगदान गरेको छन् । तथापि, यस खण्डमा नेपाल सरकारले स्थापना र सञ्चालन गरिरहेका सरकारी वा सामुदायिक विद्यालय, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका क्षेत्रमा लगानी तथा स्रोत व्यवस्थापनलाई समावेश गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकामा विगत आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०८०/८१ सम्ममा शिक्षा क्षेत्रमा भएको लगानी रकम बढ्दै गएको तर आयको तुलनामा प्रतिशतचाहिँ घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा ससर्ततर्फको सहित कुल खर्चको २८ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको देखिन्छ । शिक्षामा भएको कुल खर्चमा ससर्त चालु अनुदान तर्फको खर्च ९७ प्रतिशत र नगरपालिकातर्फबाट भएको खर्च ३ प्रतिशत मात्र रहेको छ । शिक्षा क्षेत्रमा ससर्ततर्फको लगानी शिक्षक तथा कर्मचारी तलब तथा कार्यालय सञ्चालन खर्चअन्तर्गत पर्दछ । यस आर्थिक वर्षमा ससर्तबाहेकको कुल खर्चमा नगरपालिकाको आन्तरिक आय तथा अन्य स्रोतबाट १ प्रतिशत मात्र लगानी भएको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा शिक्षा क्षेत्रमा खर्चको प्रवृत्ति निकै परिवर्तन भएको छ ।

यस आर्थिक वर्षमा शिक्षा क्षेत्रमा भएको कुल खर्चमा नगरपालिकातर्फको लगानी बढेर ११ प्रतिशत पुगेको छ भने ससर्तबाहेकको कुल खर्चमा २ प्रतिशत पुगेको छ । यस आर्थिक वर्षको खर्चको अंकमा ससर्तबाहेकको कुल खर्चमा १ प्रतिशत बढोत्तरी हुनु भनेको रु.३५,४७,६९०.०० बढ्नु हो । तसर्थ शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, शिक्षामा दक्ष जनशक्ति विकास, शिक्षामा संस्थागत विकास तथा सुशासन सुनिश्चित गर्न नगरपालिकाको लगानी वृद्धि हुँदै आएको छ । आर्थिक वर्ष २०८०/८१ मा शिक्षामा भएको कुल लगानीलाई हेर्दा यस नगरपालिकाका सामुदायिक विद्यालयहरूमा अध्ययनरत प्रति विद्यार्थी लागत रु.३२,९३४.०० रहेको छ ।

## तालिका ७२ः गत ५ वर्षको यथार्थ आय तथा शिक्षामा गरिएको खर्चको प्रवृत्ति र चालु आर्थिक वर्षको बजेट अनुमान

| क्र. सं. | बजेटको स्रोत | गत आर्थिक वर्षको यथार्थ खर्च विवरण | | | | | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| | | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | अनुमान |
| १ | आन्तरिक आय | ६९,०००,००० | ५५५,४११,२४१ | २५९,६८४,८६० | २२०,९५३,३२१ | ३९०,३९८,९८५ | ४५४,४००,००० |
| २ | राजस्व बाँडफाँड | ३२७,०४३,५८६ | २१५,६४७,४८५ | ९५४,३२१,०५१ | ५०५,९४४,०८८ | ५३४,९४३,५८४ | ५६५,७७०,००० |
| ३ | सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान | ५५१,२८१,५०० | ६१०,६६७,६६६ | ५९७,४१६,२५१ | ६५२,९८९,३८६ | ६१९,३०१,३८९ | ६९३,४३०,००० |
| ४ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | ३६,३७५,००० | ४३,६४९,१४४ | ४२,३७१,०३० | ६३,७६६,५०२ | ६६,८२७,४४३ | ८७,२८०,००० |
| ५ | विविध आय | २००,००० | १३,५४७,१२५ | १७,५६३,९९२ | १४,८२१,४१२ | १३,३०२,३०४ | २५,०००,०००.०० |
| | **जम्मा आय** | **९८३,९००,०८६** | **१,४३८,९२२,६६१** | **१,८७१,३५७,१८५** | **१,४५८,४७४,७०९** | **१,६२४,७७३,७०४** | **१,८२५,८८०,०००** |
| | नगद/बैङ्क मौज्दात | ५०६,२४८,८२३ | ८१२,२७०,१२९ | १,०५६,५२७,४४५ | १,५६६,५८८,९४६ | १,३७०,४२९,९९४ | ६०५,६३४,००० |
| | **कुल जम्मा** | **१,४९०,१४८,९०९** | **२,२५१,१९२,७९०** | **२,९२७,८८४,६३०** | **३,०२५,०६३,६५५** | **२,९९५,२०३,६९९** | **२,४३१,५१४,०००** |
| क | कुल खर्च | ८८६,५९१,११० | १,१९५,८३५,६४६ | १,३६१,२९५,६८३ | १,६५४,६३३,६६१ | २,०५५,१६८,४२२ | २,०५५,१६८,४२२ |
| **ख** | **ससर्ततर्फ बाहेकको खर्च** | **६५०,०३६,३३८** | **९३२,९९७,०१०** | **१,१०७,२८२,८३८** | **१,३६६,८०६,७५६** | **१,७३८,५५८,८२७** | **१,७०६,८९७,८६७** |
| क | शिक्षामा नगरपालिकातर्फको खर्च | ७,७९७,३८६ | १४,०१३,७६२ | ३५,२९७,२०४ | ३३,५४८,५९८ | ३८,१५९,३९७ | ५८,४५०,००० |
| ख | शिक्षामा ससर्त अनुदानतर्फको खर्च | २३६,५५४,७७२ | २६२,८३८,६३६ | २५४,०१२,८४५ | २८७,८२६,९०५ | ३१६,६०९,५९६ | ३४८,२७०,५५५ |
| | **शिक्षा क्षेत्रमा कुल खर्च/अनुमान** | **२४४,३५२,१५८** | **२७६,८५२,३९८** | **२८९,३१०,०४९** | **३२१,३७५,५०३** | **३५४,७६८,९९३** | **४०६,७२०,५५५** |
| | शिक्षा क्षेत्रमा लगानी प्रतिशत | २८ | २३ | २१ | १९ | १७ | २० |
| क | ससर्त अनुदानतर्फको खर्चको % | ९७ | ९५ | ८८ | ९० | ८९ | ८६ |
| ख | नगरपालिकातर्फको खर्चको % | ३ | ५ | १२ | १० | ११ | १४ |
| | शिक्षा क्षेत्रमा ससर्तबाहेक लगानी % | १ | २ | ३ | २ | २ | ३ |
| ४ | प्रति विद्यार्थी लागत | | | | | ३२,९३४ | ३७,७५७ |

स्रोतः गोदावरी नगरपालिका, आर्थिक प्रशासन शाखा, २०८१

## ७.२ उद्देश्य

(क) शिक्षा क्षेत्रमा लगानीका लागि स्रोतहरूको पहिचान गर्नु

(ख) शिक्षा क्षेत्रमा उपक्षेत्रगत तथा कार्यक्रमगत बजेट प्रक्षेपण गर्नु

## ७.३ रणनीति

(क) नगरपालिकाको शिक्षा क्षेत्रमा विगतमा भएको लगानी तथा स्रोतहरूको विश्लेषण गरी स्रोत तथा आयको अनुमान गरिने छ ।

(ख) शिक्षामा ससर्त चालु तथा पुँजीगत अनुदानबाहेक अन्य स्रोतबाट शिक्षामा लगानी बढाइने छ ।

(ग) शिक्षा क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरूमा वित्तीय अनुशासन तथा पारदर्शिता कायम गरिने छ ।

(घ) शिक्षामा थप वित्तीय स्रोत जुटाउनका लागि सार्वजनिक निजी साझेदारीको अवधारणा लागु गरिने छ ।

## ७.४ क्षेत्रगत आयोजना तथा कार्यक्रम र बजेट अनुमान

गोदावरी नगरपालिकाको यस आवधिक शिक्षा विकास योजनामा समावेश गरिएका कार्यक्रम तथा आयोजनाका लागि आयोजनागत बजेट आवश्यकता अनुमान तथा प्रक्षेपण गरिएको छ । आय अनुमान, कार्यक्रम सङ्ख्या र बजेट सीमा निर्धारण गर्दा देहायका आधारहरू लिइएको छ :

(क) आगामी ५ वर्षको आय अनुमान गर्दा विगतका आर्थिक वर्ष २०७६÷७७ देखि २०८०/८१ को यथार्थ आय र चालु आर्थिक वर्ष २०८१÷८२ को संशोधित अनुमानलाई मुख्य आधारको रूपमा लिई सोको वृद्धिदरलाई हेरी आय अनुमान गरिएको छ ।

(ख) कार्यक्रमगत बजेट अनुमान गर्दा नगरपालिकाबाट विगतका वर्षहरूमा शिक्षा क्षेत्रका उस्तै किसिमका कार्यक्रमहरूमा भएको खर्चको सीमालाई आधारको रूपमा लिइएको छ ।

(ग) कार्यक्रमगत बजेट वृद्धिदर अनुमान गर्दा कार्यक्रमको आवश्यकता, जनसङ्ख्या वृद्धिदर र मुद्रास्फीति दरलाई मध्यनजर गरी सामान्य दर निर्धारण गरिएको छ ।

(घ) ससर्त अनुदान तर्फका खर्चहरू प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा तर्फका उपक्षेत्रगत कार्यक्रम तथा बजेट अनुमानमा अलग्गै शीर्षक राखी समावेश गरिएको छ ।

गोदावरी नगरपालिकामा आगामी ५ वर्षमा शिक्षा विकासमा हुन सक्ने आय र व्ययको अनुमान तथा प्रक्षेपण देहायका तालिकाहरूमा विगतको अनुभवको आधारमा गरिएको छ ।

## तालिका ७३: आगामी ५ वर्षको आय र शिक्षामा गरिने खर्चको अनुमान तथा प्रक्षेपण

| क्र.सं. | बजेटको स्रोत | आ. व. २०८१/८२ अनुमान | आगामी ५ वर्षको स्रोत अनुसार प्रक्षेपण रकम रु. (हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) | चौथो वर्ष (२०८५/८६) | पाचौं वर्ष (२०८६/८७) | |
| १ | आन्तरिक आय | ४५४,४००,००० | ४७७,१२०,००० | ५००,९७६,००० | ५२६,०२४,८०० | ५५२,३२६,०४० | ५७९,९४२,३४२ | २,६३६,३८९,१८२ |
| २ | राजस्व बाँडफाँड | ५६५,७७०,००० | ५९४,०५८,५०० | ६२३,७६१,४२५ | ६८६,१३७,५६८ | ७५४,७५१,३२४ | ८३०,२२६,४५७ | ३,४८८,९३५,२७३ |
| ३ | सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान | ६९३,४३०,००० | ७६२,७७३,००० | ८३९,०५०,३०० | ९२२,९५५,३३० | १,०१५,२५०,८६३ | १,११६,७७५,९४९ | ४,६५६,८०५,४४२ |
| ४ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | ८७,२८०,००० | ९६,००८,००० | १०५,६०८,८०० | ११६,१६९,६८० | १२७,७८६,६४८ | १४०,५६५,३१३ | ५८६,१३८,४४१ |
| ५ | विविध आय | २५,०००,००० | २६,२५०,००० | २७,५६२,५०० | २८,९४०,६२५ | ३०,३८७,६५६ | ३१,९०७,०३९ | १४५,०४७,८२० |
| | **जम्मा आय** | **१,८२५,८८०,०००** | **१,९५६,२०९,५००** | **२,०९६,९५९,०२५** | **२,२८०,२२८,००३** | **२,४८०,५०२,५३२** | **२,६९९,४१७,१००** | **११,५१३,३१६,१५९** |
| | नगद/बैङ्क मौज्दात | ६०५,६३४,००० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | **२,४३१,५१४,०००** | **१,९५६,२०९,५००** | **२,०९६,९५९,०२५** | **२,२८०,२२८,००३** | **२,४८०,५०२,५३२** | **२,६९९,४१७,१००** | **११,५१३,३१६,१५९** |
| | शिक्षामा ससर्त अनुदान आय | ३४८,२७०,५५५ | ४०३,४८१,००० | ४४२,८४९,००० | ४८६,४१८,००० | ५३४,६६०,००० | ५८८,५९४,००० | २,४५६,००२,००० |
| | **ससर्तबाहेकको कुल आय** | **२,०८३,२४३,४४५** | **१,५५२,७२८,५००** | **१,६५४,११०,०२५** | **१,७९३,८१०,००३** | **१,९४५,८४२,५३२** | **२,११०,८२३,१००** | **९,०५७,३१४,१५९** |
| | शिक्षामा नगरपालिका तर्फको खर्च | ५८,४५०,००० | १७९,७८५,००० | १८७,४५४,००० | १९६,६६२,००० | २२०,४९०,००० | २३७,८२७,००० | १,०२२,२१८,००० |
| | शिक्षामा ससर्त अनुदानतर्फको खर्च | ३४८,२७०,५५५ | ४०३,४८१,००० | ४२४,९८७,००० | ४४८,०१५,००० | ४७२,७२४,००० | ४९९,७८९,००० | २,२४८,९९६,००० |
| | **शिक्षा क्षेत्रमा जम्मा खर्च/ अनुमान** | **४०६,७२०,५५५** | **५८३,२६६,०००** | **६१२,४४१,०००** | **६४४,६७७,०००** | **६९३,२१४,०००** | **७३७,६१६,०००** | **३,२७१,२१४,०००** |
| | शिक्षा क्षेत्रमा लगानी प्रतिशत | १७ | ३० | २९ | २८ | २८ | २७ | २८ |

| क्र.सं. | बजेटको स्रोत | आ. व. २०८१/८२ अनुमान | आगामी ५ वर्षको स्रोत अनुसार प्रक्षेपण रकम रु. (हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) | चौथो वर्ष (२०८५/८६) | पाचौं वर्ष (२०८६/८७) | |
| क | नगरपालिकातर्फको खर्चको प्रतिशत | १४ | ३१ | ३१ | ३१ | ३२ | ३२ | ३१ |
| ख | ससर्त अनुदानतर्फको खर्चको प्रतिशत | ८६ | ६९ | ६९ | ६९ | ६८ | ६८ | ६९ |
| | शिक्षा क्षेत्रमा ससर्तबाहेक लगानी प्रतिशत | ३ | १२ | ११ | ११ | ११ | ११ | ११ |

## तालिका ७४: आगामी ५ वर्षको उपक्षेत्रगत बजेट अनुमान तथा प्रक्षेपण

| क्र. सं. | क्रियाकलापको नाम | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु.(हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) | लक्ष्य | बजेट रु. (हजार) |
| क | शिक्षाका मुख्य उपक्षेत्र | | | | | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ६२ | ७५,०२० | ७४ | ८०,७१९ | ८२ | ८५,८३४ | ९१ | ९५,४२८ | ९० | ९९,०३४ | ३९९ | ४३६,०३६ |
| २ | आधारभूत तह | ५१ | २५३,३६१ | ५१ | २६९,४५० | ५१ | २८७,१४९ | ५६ | ३०९,०९१ | ५६ | ३३२,३९९ | २६५ | १,४५१,४५० |
| ३ | माध्यमिक तह | ५३ | २०२,६८५ | ५३ | २१२,६५३ | ५३ | २२३,३०२ | ५८ | २३७,१९२ | ५८ | २५१,२३३ | २७५ | १,१२७,०६४ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक सिप | १२ | १०,५०० | १२ | १०,५२५ | १२ | १०,५५१ | १२ | १२,४७९ | १२ | १४,७८८ | ६० | ५८,८४३ |
| ५ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | ८ | १,९०० | ८ | २,१९५ | ८ | २,४८१ | ८ | २,७३९ | ८ | २,८२८ | ४० | १२,१४३ |
| | **जम्मा** | **१८६** | **५४३,४६६** | **१९८** | **५७५,५४२** | **२०६** | **६०९,३१७** | **२२५** | **६५६,९२९** | **२२४** | **७००,२८२** | **१०३९** | **३,०८५,५३५** |
| ख | अन्तरसम्बन्धित विषय क्षेत्र | | | | | | | | | | | | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | २२ | ३,५०० | २२ | ३,५०० | २२ | ३,५०० | २७ | ३,५०० | २७ | ३,५०० | १२० | १७,५०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ९ | ५,००० | ९ | ४,७०० | ७ | ४,००० | ७ | ४,००० | ७ | ४,२५० | ३९ | २१,९५० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ८ | ७,८०० | ७ | ८,००० | ७ | ८,५५० | ७ | ९,१५५ | ७ | ९,८२१ | ३६ | ४३,३२६ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ९ | ५,५०० | ८ | ५,३०० | ८ | ५,४१० | ८ | ५,७३१ | ८ | ५,८६४ | ४१ | २७,८०५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय सुरक्षा, विपद् व्यवस्थापन तथा उत्थानशीलता | ६ | ३,३०० | ५ | ३,००० | ५ | ३,००० | ५ | ३,००० | ५ | ३,००० | २६ | १५,३०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | २ | १,३०० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १,३०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ९ | ६,५०० | ८ | ६,००० | ६ | ४,५०० | ६ | ४,५०० | ६ | ४,५०० | ३५ | २६,००० |
| | जम्मा | ६५ | ३२,९०० | ५९ | ३०,५०० | ५५ | २८,९६० | ६० | २९,८८६ | ६० | ३०,९३५ | २९९ | १५३,१८१ |
| | सुशासन तथा संस्थागत विकास | | | | | | | | | | | | |
| १३ | सुशासन तथा संस्थागत विकास | १९ | ६,९०० | १८ | ६,४०० | १८ | ६,४०० | १८ | ६,४०० | १८ | ६,४०० | ९१ | ३२,५०० |
| | जम्मा | १९ | ६,९०० | १८ | ६,४०० | १८ | ६,४०० | १८ | ६,४०० | १८ | ६,४०० | ९१ | ३२,५०० |
| | कुल जम्मा | २७० | ५८३,२६६ | २७५ | ६१२,४४२ | २७९ | ६४४,६७७ | ३०३ | ६९३,२१५ | ३०२ | ७३७,६१६ | १४२९ | ३,२७१,२१६ |
| | ससर्त खर्च | | ४०३,४८१ | | ४२४,९८७ | | ४४८,०१५ | | ४७२,७२५ | | ४९९,७८९ | | २,२४८,९९७ |
| | नगरपालिकातर्फको खर्च | | १७९,७८५ | | १८७,४५५ | | १९६,६६२ | | २२०,४९० | | २३७,८२७ | | १,०२२,२१९ |

नोटः उपक्षेत्रभित्रका कार्यक्रम तथा आयोजनाहरूको अनुमानित बजेट विवरण सम्बन्धित उपक्षेत्रको खण्डमा दिइएको छ । शिक्षा विकासका लागि आवश्यक भौतिक पूर्वाधारका लागि अलग्लै आवधिक योजना तर्जमा गरी कार्यान्वयन गर्नुपर्ने हुनाले यस क्षेत्रमा कार्यक्रम पहिचान तथा बजेट अनुमान समावेश गरिएको छैन ।

# परिच्छेद-८
# अनुगमन तथा मूल्याङ्कन

आवधिक शिक्षा योजनामा अपेक्षा गरिएको समग्र लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू पूरा गर्नका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गर्दा तथा कार्यान्वयनको क्रममा निरन्तर रूपमा रेखदेख वा निगारानी र निरीक्षण गर्ने कार्य नै अनुगमन हो । साथै, कुनै उद्देश्य पूरा गर्नका लागि सञ्चालन गरिएका कार्यक्रमको सान्दर्भिकता, लाभदायकता, दक्षता तथा प्रभावकारिताको लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुमगन तथा मूल्याङ्कनको आवश्यकता रहन्छ ।

## ८.१ वर्तमान अवस्था

स्थानीय तहको शिक्षा व्यवस्थापन तथा विकासका गतिविधिहरूको अनुगमन सङ्घीय, प्रदेश, जिल्ला समन्वय समिति र स्थानीय तह आफैंले गर्न सक्ने व्यवस्था रहेको छ ।

## ८.२ उद्देश्य

(क) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धति लागु गर्नु
(ख) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्नु
(ग) शिक्षा क्षेत्रमा सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धति लागु गर्नु
(घ) नगरपालिकाका अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने समिति तथा व्यक्तिको क्षमता विकास गर्नु,
(ङ) अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधि उपयोग गर्नु
(च) शिक्षा क्षेत्रमा विधिको शासन तथा सुशासन प्रवर्धन गर्नु

## ८.३ रणनीति

शिक्षा क्षेत्रका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याउनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछ :

**तालिका ७५: अनुगमन तथा मूल्याङ्कनका रणनीतिहरू**

| क्र.सं. | रणनीति |
|---|---|
| १ | एकीकृत शिक्षा सूचना प्रणाली (IEMIS) लाई चुस्त र प्रभावकारी व्यवस्थापन गरिने छ । |

| | |
|---|---|
| २ | शिक्षा लगायत नगरपालिकाको कार्यक्रम तथा परियोजनाको नतिजामा आधारित अनगुमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा गरी सोही बमोजिम अनुगमन तथा मूल्याङ्कन कार्य गरिने छ । |
| ३ | अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा सुझावहरूको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिने छ । |
| ४ | अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याउनका लागि सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धति लागु गरिने छ । |
| ५ | शिक्षा क्षेत्रका कार्यक्रमहरू अनुगमन तथा मूल्याङ्कनका लागि अधिकारप्राप्त समिति तथा व्यक्तिहरूको अनुगमन तथा मूल्याङ्कन विधि सम्बन्धमा अनुशिक्षण तथा क्षमता विकासका गतिविधिहरू सञ्चालन गरिने छ । |
| ६ | अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र छरितो बनाउन सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन विधिहरूको पहिचान तथा कार्यान्वयन गरिने छ । |
| ७ | शिक्षा विकासका आयोजना तथा कार्यक्रमहरूको अनुगमन र उपलब्धि तथा प्रभाव मूल्याङ्कनका लागि तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कन पद्धति कार्यान्वयन गरिने छ । |

## ८.४ अपेक्षित उपलब्धि

(क) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धति लागु भएको हुने छ ।

(ख) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा सुझावहरूको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

(ग) शिक्षा क्षेत्रमा सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धति लागु भएको हुने छ ।

(घ) अनुगमन तथा मूल्याङ्कन गर्न अधिकारप्राप्त समिति तथा व्यक्तिको क्षमता विकास भएको हुने छ ।

(ङ) अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधि प्रयोग भएको हुने छ ।

(च) शिक्षा क्षेत्रमा विधिको शासन तथा सुशासन प्रवर्धन भएको हुने छ ।

## ८.५ अनुगमन तथा मूल्याङ्कनका क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

यस योजनाको अवधिमा गरिने अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यहरू देहायका तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका ७६: अनुगमन तथा मूल्याङ्कनका क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | योजना अवधिको लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | एकीकृत शिक्षा सूचना प्रणाली (IEMIS) सञ्चालन तथा सुधार | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | नतिजामा आधारित अनगुमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा | सङ्ख्या | १ | | | | | १ |
| ३ | अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा सुझावहरूको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धति कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | अनुगमन तथा मूल्याङ्कन विधि सम्बन्धमा अनुशिक्षण तथा क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन विधि तयारी र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | आयोजना तथा कार्यक्रमको तेस्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ |

# अनुसूचीहरू

## अनुसूची - १

### गोदावरी नगरपालिकाको सामुदायिक शैक्षिक संस्थाको सूची

| क्र.सं. | संस्थाको नाम | वडा नं. | सञ्चालन हुने तह |
|---|---|---|---|
| १ | श्री विशङ्खुनारायण माध्यमिक विद्यालय | १ | ०-१० |
| २ | श्री दमाईटार आधारभूत विद्यालय | १ | ०-८ |
| ३ | श्री चापाखर्क आधारभूत विद्यालय | २ | ०-३ |
| ४ | श्री फुल्चोकी आधारभूत विद्यालय | २ | बाल विकास |
| ५ | श्री कृष्ण आधारभूत विद्यालय | २ | ०-८ |
| ६ | श्री तुलसादेवी आधारभूत विद्यालय | २ | ०-३ |
| ७ | श्री किटिनी माध्यमिक विद्यालय | ३ | ०-१२ |
| ८ | श्री सिद्धेश्वर आधारभूत विद्यालय | ३ | ०-७ |
| ९ | श्री किटिनी क्याम्पस | ३ | स्नातक |
| १० | श्री पथप्रदर्शक माध्यमिक विद्यालय | ४ | ०-१० |
| ११ | श्री जयलकुमारी आधारभूत विद्यालय | ५ | ०-५ |
| १२ | श्री सरस्वती माध्यमिक विद्यालय | ५ | ०-१२ |
| १३ | श्री देउराली आधारभूत विद्यालय | ६ | ०-५ |
| १४ | श्री सरस्वती आधारभूत विद्यालय | ६ | ०-८ |
| १५ | श्री भीमसेन आदर्श माध्यमिक विद्यालय | ७ | ०-१० |
| १६ | श्री छोटीडाँडा आधारभूत विद्यालय | ७ | ०-३ |
| १७ | श्री ज्वलादेवी आधारभूत विद्यालय | ७ | ०-५ |
| १८ | श्री दुधेश्वर दुर्गा आधारभूत विद्यालय | ७ | ०-३ |
| १९ | श्री देवी माध्यमिक विद्यालय | ७ | ०-१२ |
| २० | श्री चण्डीदेवी आधारभूत विद्यालय | ८ | ०-५ |
| २१ | श्री चित्रकुमारी आधारभूत विद्यालय | ८ | ०-५ |

| क्र.सं. | संस्थाको नाम | वडा नं. | सञ्चालन हुने तह |
|---|---|---|---|
| २२ | श्री कालीदेवी आधारभूत विद्यालय | ८ | ०-३ |
| २३ | श्री गणेश माध्यमिक विद्यालय | ८ | ०-१० |
| २४ | श्री बुद्ध माध्यमिक विद्यालय | ९ | ०-१२ |
| २५ | श्री छम्पीदेवी माध्यमिक विद्यालय | ९ | ०-१२ |
| २६ | श्री गणेश आधारभूत विद्यालय | ९ | ०-५ |
| २७ | श्री इन्द्रकमल बाल विकास केन्द्र | ९ | बाल विकास |
| २८ | श्री बागेश्वरी आधारभूत विद्यालय | १० | ०-५ |
| २९ | श्री लुम्बिनी बाल विकास केन्द्र | १० | बाल विकास |
| ३० | श्री बुलु सामुदायिक सिकाइ केन्द्र | १० | सामुदायिक सिकाई केन्द्र |
| ३१ | श्री उदय खर्क माध्यमिक विद्यालय | १० | ०-१० |
| ३२ | श्री वाणीविलास माध्यमिक विद्यालय | १० | ०-१२ |
| ३३ | श्री जनभावना क्याम्पस | १० | स्नातकोत्तर |
| ३४ | श्री बज्रवाराही माध्यमिक विद्यालय | ११ | ०-१२ |
| ३५ | श्री बज्रवाराही क्याम्पस | ११ | स्नातक |
| ३६ | श्री सरस्वती माध्यमिक विद्यालय | १२ | ०-१२ |
| ३७ | श्री ब्रह्मयणी आधारभूत विद्यालय | १२ | ०-३ |
| ३८ | श्री जनविकास माध्यमिक विद्यालय | १३ | ०-१० |
| ३९ | श्री नवज्योति बाल विकास केन्द्र | १३ | बाल विकास |
| ४० | श्री नवज्योति माध्यमिक विद्यालय | १३ | ०-१२ |
| ४१ | श्री बुद्ध माध्यमिक विद्यालय | १४ | ०-१२ |
| ४२ | श्री फुल्चोकी माध्यमिक विद्यालय | १४ | ०-१२ |
| ४३ | श्री फुल्चोकी कलेज | १४ | स्नातक/ डिप्लोमा |

स्रोतः गोदावरी नगरपालिका, आवधिक विकास योजना सर्वेक्षण, २०८१

# अनुसूची-२

# गोदावरी नगरपालिकाको संस्थागत शैक्षिक संस्थाको सूची

| क.सं. | शैक्षिक संस्थाको नाम | वडा नं. | सञ्चालन हुने तह |
|---|---|---|---|
| १ | श्री बाल मैत्री प्रतिष्ठान | १ | ०-३ |
| २ | श्री लिटल गार्डेन इङ्लिस स्कुल | १ | ०-५ |
| ३ | श्री न्यू ब्लुबर्ड स्कुल | १ | बाल विकास |
| ४ | श्री रिडभान एकेडेमी माध्यमिक विद्यालय | १ | ०-१० |
| ५ | श्री सम्बिदा मन्टेश्वरी ट्रेनिङ एन्ड डे कियर सेन्टर | १ | बाल विकास |
| ६ | श्री सूर्य शिक्षा सदन विद्यालय | १ | ०-१० |
| ७ | श्री राइजिङ ब्लुबर्ड स्कुल | १ | बाल विकास |
| ८ | श्री डल्फिन इङ्लिस विद्यालय | २ | ०-१० |
| ९ | श्री ज्वालादेवी विद्या मन्दिर माध्यमिक विद्यालय | २ | ०-१० |
| १० | श्री लाइफ भिजन एकेडेमी | २ | ०-१० |
| ११ | श्री प्राविधिक क्याम्पस | २ | क्याम्पस (प्रस्तावित) |
| १२ | श्री अनुग्रह मोन्टेश्वरी | ३ | बाल विकास |
| १३ | श्री चंतल मौदुइत एकेडेमी | 3 | ०-१० |
| १४ | श्री क्रेसेन्ट एकेडेमी इङ्लिस स्कुल | ३ | ०-१० |
| १५ | श्री ह्यापी होम मन्टेश्वरी | ३ | बाल विकास |
| १६ | श्री किङ्डम स्टार इङ्लिस स्कुल | ३ | ०-१० |
| १७ | श्री पुष्पाञ्जली माध्यमिक विद्यालय | ३ | ०-१२ |
| १८ | श्री शान्ति रानी इङ्लिसबोर्डिङ स्कुल | ३ | ०-३ |
| १९ | श्री सेन्ट जेभियर्स स्कुल | ३ | ०-१२ |
| २० | श्री सूर्योदय शैक्षिक विकास प्रतिष्ठान माध्यमिक विद्यालय | ३ | ०-१० |
| २१ | श्री विद्या सागर बोर्डिङ स्कुल | ३ | ०-१० |

| क्र.सं. | शैक्षिक संस्थाको नाम | वडा नं. | सञ्चालन हुने तह |
|---|---|---|---|
| २२ | श्री ब्रिजभ्यु मोन्टेश्वरी स्कुल | ४ | बाल विकास |
| २३ | श्री फुल्चोकी इङ्लिस स्कुल | ४ | ०-१० |
| २४ | श्री सूर्यकिरण स्कुल | ४ | ०- २ |
| २५ | श्री अमरकान्ति इङ्लिस बोर्डिङ स्कुल | ५ | ०-१० |
| २६ | श्री ब्लुबेरी मोन्टेश्वरी | ५ | बाल विकास |
| २७ | श्री गङ्गाजमुना इङ्लिसमाध्यमिक विद्यालय | ५ | ०-१० |
| २८ | श्री अर्बिट स्कुल | ६ | ०-३ |
| २९ | श्री अर्किड एकेडेमी | ६ | ०-५ |
| ३० | श्री सत्य उद्यान अधारभूत विद्यालय | ९ | ०-५ |
| ३१ | श्री होली टेम्पल माध्यमिक विद्यालय | ९ | ०-१० |
| ३२ | श्री मयूर माध्यमिक विद्यालय | ९ | ०-१० |
| ३३ | श्री नोबेल एजुकेसन सिस्टम स्कुल | ९ | ०-१० |
| ३४ | श्री ग्लोबल होम स्कुल | १० | ०-५ |
| ३५ | श्री यससिइआरसी स्कुल (अपाङ्गमैत्री विद्यालय) | १० | ०-१० |
| ३६ | श्री साङ्ग्रिला इन्टरनेसनल स्कुल | १० | ०-१० |
| ३७ | श्री बज्रवाराही मन्टेश्वरी | ११ | बाल विकास |
| ३८ | श्री वशिष्ठ माध्यमिक विद्यालय | ११ | ०-१० |
| ३९ | श्री क्रियटिभ किड्स | ११ | बाल विकास |
| ४० | श्री एमऱ्याल्ड माध्यमिक इङ्लिस स्कुल | ११ | ०-१० |
| ४१ | श्री इटर्नल स्यालोम माध्यमिक विद्यालय | ११ | ०-१० |
| ४२ | श्री ग्रिन हाउस स्कुल | ११ | ०-५ |
| ४३ | श्री हिलटप माध्यमिक विद्यालय | ११ | ०-१२ |
| ४४ | श्री ज्योतिदय सहकारी विद्यालय | ११ | ०-१० |
| ४५ | श्री कञ्चन माध्यमिक इङ्लिस स्कुल | ११ | ०-१० |

| क्र.सं. | शैक्षिक संस्थाको नाम | वडा नं. | सञ्चालन हुने तह |
|---|---|---|---|
| ४६ | श्री कोहिनुर मन्टेश्वरी | ११ | बाल विकास |
| ४७ | श्री कृषि क्याम्पस | ११ | क्याम्पस |
| ४८ | श्री लुम्बिनी किन्डर गार्डेन | ११ | बाल विकास |
| ४९ | श्री साम्य स्कुल | ११ | ०-८ |
| ५० | श्री भ्याली इङ्लिसमाध्यमिक बोर्डिङ स्कुल | ११ | ०-१० |
| ५१ | श्री बालअङ्कुर माध्यमिक विद्यालय | १२ | ०-१० |
| ५२ | श्री बाल मन्दिर इङ्लिस स्कुल | १२ | बाल विकास |
| ५३ | श्री डनबस्को प्राविधिक शिक्षालय | १२ | प्राविधिक तालिम शिक्षालय |
| ५४ | श्री दीपमाला इङ्लिसबोर्डिङ स्कुल | १२ | ०-१० |
| ५५ | श्री एकता एकेडेमी | १२ | ०-१० |
| ५६ | श्री इन्द्रेणी माध्यमिक इङ्लिस स्कुल | १२ | ०-१० |
| ५७ | श्री लिटल स्टार इङ्लिसस्कुल | १२ | ०-१० |
| ५८ | श्री नेवा स्टार इङ्लिस स्कुल | १२ | ०-१० |
| ५९ | श्री सोमाङ एकेडेमी | १२ | ०-१२ |
| ६० | श्री सेन्ट पल स्कुल | १२ | ०-१० |
| ६१ | श्री सन्तानेश्वर विद्या मन्दिर | १३ | ०-१० |
| ६२ | श्री बज्र एकेडेमी | १३ | ०-१० |
| ६३ | श्री ब्लुबर्ड स्कुल | १४ | ०-१० |
| ६४ | श्री एभेरेस्ट माध्यमिक बोर्डिङ स्कुल | १४ | ०-१२ |
| ६५ | श्री गोदावरी आवासीय विद्यालय | १४ | ०-१० |
| ६६ | श्री लालीगुराँस आवासीय माध्यमिक विद्यालय | १४ | ०-१० |
| ६७ | श्री नमस्ते किड्स वर्ल्ड मन्टेश्वरी | १४ | बाल विकास |
| ६८ | श्री शुभम् मन्टेश्वरी प्रि स्कुल | १४ | बाल विकास |
| ६९ | श्री सुरचना इङ्लिस बोर्डिङ स्कुल | १४ | ०-१० |

| क्र.सं. | शैक्षिक संस्थाको नाम | वडा नं. | सञ्चालन हुने तह |
|---|---|---|---|
| ७० | श्री लिटल ब्लेसिङ | १४ | बाल विकास |
| ७१ | श्री एकता पाठशाला | १४ | बाल विकास |
| ७२ | श्री स्प्रिन्गवेल स्कुल | १४ | बाल विकास |
| ७३ | श्री दीपालय स्कुल | १४ | बाल विकास |

स्रोतः गोदावरी नगरपालिका, आवधिक विकास योजना सर्वेक्षण, २०८१

# अनुसूची-३

# सन्दर्भ सामग्रीको सूची


१. सोह्रौं आवधिक योजना (२०८१/८२ – २०८५/८६)

२. बागमती प्रदेश दोस्रो आवधिक योजना (२०८१/८२ – २०८५/८६)

३. फ्लास प्रतिवेदन, २०८१, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

४. एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS, २०८१)

५. शैक्षिक योजना डायरी, शिक्षा, युवा तथा खेलकुद शाखा, गोदावरी नगरपालिका, २०८१

६. गोदावरी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ व २०८१/८२)

७. शिक्षकको तलबी प्रतिवेदन (२०८१), गोदावरी नगरपालिका

८. गोदावरी नगरपालिका, आवधिक विकास योजना सर्वेक्षण, २०८१

९. गोदावरी नगरपालिका, आवधिक शिक्षा विकास योजना सर्वेक्षण, २०८१

१०. गोदावरी नगरपालिका, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सर्वेक्षण, २०८१

११. प्रधानाध्यापक सक्षमता प्रारूप, २०८१

१२. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (२०२३ - २०२८)

१३. विद्यार्थी सिकाइ आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८०

१४. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०

१५. विद्यार्थी सिकाइ आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८०

१६. शिक्षक पेसागत विकास प्रारूप, २०८०

१७. गोदावरी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ.व. २०८०/८१)

१८. आधारभूत तह उत्तीर्ण परीक्षाको परीक्षाफल (२०८०), गोदावरी नगरपालिका

१९. गोदावरी नगरपालिकाको शिक्षा ऐन, २०७९

२०. शिक्षाको सोचपत्र, २०७९

२१. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जन, २०८१)

२२. गोदावरी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ.व.२०७९/८०)

२३. शिक्षा क्षेत्रको योजना (२०२१-२०३०)

२४. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७८

२५. गोदावरी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ.व.२०७८/७९)

२६. राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८

२७. सङ्घ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
२८. विद्यालय शिक्षा क्षेत्र योजना (२०७७ - २०८८)
२९. विद्यालय शिक्षामा समता रणनीति, २०७७
३०. दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, २०७७
३१. प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम, २०७७
३२. गोदावरी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ.व.२०७७/७८)
३३. राष्ट्रिय शिक्षा नीति, २०७६
३४. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६
३५. गोदावरी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ.व.२०७६/७७)
३६. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
३७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३८. गोदावरी नगरपालिकाको शिक्षा, २०७४
३९. नेपालको संविधान, २०७२

# अनुसूची-४

## योजना निर्माण गर्दा प्राप्त भएको सैद्धान्तिक अन्तर्दृष्टि तथा बुझाइ

विद्यालय व्यवस्थापनसँग सम्बन्धित व्यक्तिहरू, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी र नगरपालिकाका अन्य सरोकारवालाहरूसँगको अन्तरक्रिया तथा विद्यालयको स्थलगत भ्रमणको आधारमा हामीले गोदावरी नगरपालिकाको शैक्षिक परिवर्तन र बाधाहरूको सम्बन्धमा निम्नानुसारको सैद्धान्तिक अन्तर्दृष्टिको बुझाइ विकास गरेका छौं :

**(क) समान हस्तक्षेपको सम्भावित घट्दो प्रभाव**

योजना अवधिमा सरोकारवालाहरूसँगको हाम्रो अन्तरक्रियाले विद्यार्थी र अभिभावकहरूको परिवर्तनशील मागलाई सम्बोधन गर्न विद्यालयहरू सधैं अद्यावधिक कार्यप्रणालीको प्रवाहमा रहन आवश्यक हुन्छ भन्ने बुझाइको विकास भएको छ । हालसम्म सञ्चालित कार्यक्रमहरूले शिक्षा क्षेत्रमा विकासका लागि महत्त्वपूर्ण योगदान गरिरहेको वास्तविकतालाई सरोकारवालाहरूले स्विकारेका छन् । यद्यपि, विद्यार्थी, अभिभावक, शिक्षक र सरोकारवालाहरूले थप नयाँ आवश्यकता र मागहरू व्यक्त गरेका छन् । उनीहरूको अपेक्षा तथा मागहरूबाट शिक्षा क्षेत्रमा विकासका लागि एकै किसिमका गतिविधिहरूले बदलिँदो परिस्थिति अनुसारका शिक्षा प्रतिको अपेक्षा पूरा नहुने सङ्केत देखिन्छ ।

प्रधानाध्यापक र शिक्षकका अभिव्यक्तिहरू जस्तैः *विद्यालयमा शिक्षकका लागि ल्यापटप र विद्यालयका लागि कम्प्युटर र प्रिन्टर मेसिनको सहयोग आवश्यक छ [१]; विद्यार्थीका लागि पोसाकको आवश्यकता छ [२]; हामी आइसिटीको थप तालिम साथै आइसिटी सामग्रीको सहयोग चाहन्छौं [३]; विद्यार्थी सङ्ख्या बढ्दै गएकाले हामीलाई थप शिक्षकहरूको आवश्यकता छ [४]; विद्यार्थीहरूलाई सबै पक्षमा राम्रो सुविधा चाहिन्छ- विद्यार्थीहरूलाई राम्रो सुविधा प्रदान गर्न र उपयुक्त भौतिक व्यवस्था विकास गर्न धेरै कार्यक्रमको आवश्यकता छ [५]; मलाई लाग्छ कि गोदावरी नगरपालिकाले नमुना शिक्षा योजना विकास गर्ने समय हो जसमा सबै विद्यालयले राम्रो गुणस्तरको शिक्षा प्रदान गर्न आफ्ना सबै प्रयासहरू एकजुट गर्न सकुन् [६]* ले समान प्रकृतिको कार्यक्रमगत हस्तक्षेपले लामो समयसम्म समान प्रभाव कायम राख्न सक्दैन भन्ने वास्तविकताको उजागर गरेको छ । शिक्षामा सदाबहार प्रकृतिका आवश्यकताहरू छन् । जब विद्यालयहरूले नयाँ कार्यक्रमहरूको माग गर्दछन्, त्यो वेला विगतका समान कार्यक्रम दोहोरिँदा हस्तक्षेपको प्रभाव ऋणात्मकतर्फ जाने र कम प्रभावकारी हुने स्थिति रहन सक्ने बुझाइ प्राप्त भएको छ ।

**(ख) क्षेत्रगत तुलनात्मक प्रभाव**

शिक्षक र अभिभावकहरूसँगको अन्तरक्रियाले हामीलाई मानिसहरूले आफ्ना गतिविधिहरू अरूका गतिविधिहरूसँग तुलना गर्छन् र उनीहरू संलग्न भएका गतिविधिहरूको फाइदा र नोक्सानको गणना गर्छन् भन्ने विचारको अन्तर्दृष्टि दिलाएको छ । शिक्षक र अभिभावकहरूले कार्यक्रमको सकारात्मक र नकारात्मक दुवै तरिकामा तुलनात्मक प्रभावलाई निम्नानुसार बुझेको पाइयो :

(क) शिक्षकहरूले आफ्नो विगत र वर्तमान अवस्थाबिचको तुलना गर्दा विद्यालय सञ्चालन र शिक्षण सिकाइका लागि उनीहरूसँग भएको सिप र कलाको सन्दर्भमा उनीहरू राम्रो स्थितिमा रहेको महसुस गरे । उनीहरूले शिक्षा क्षेत्रमा कार्य गरेकोमा गर्व र सन्तुष्टि पनि व्यक्त गरे । यद्यपि, नजिकैका विद्यालयहरू, विशेष गरी संस्थागत विद्यालयहरूसँग उनीहरूका क्रियाकलापको उपलब्धि तुलना गर्दा उनीहरूले चिन्ताको भावना व्यक्त गरे र आफूलाई कमजोर स्थितिमा रहेको महसुस गरे । शिक्षा क्षेत्रमा रहेका सरोकारवालाहरूको भावना तथा क्रियाकलापले अन्य पेसागत क्षेत्रको तुलनामा सम्मान र प्रोत्साहन कमी रहेको गुनासो शिक्षकहरूले व्यक्त गरे । शिक्षकहरूका कथनहरू "*मलाई लाग्छ कि प्रभावकारी शिक्षणको लागि विद्यार्थीहरूको यति धेरै निरन्तर कागजात तयार गर्नुपर्ने (रेकर्डिङ कार्य) आवश्यकता छैन* [१]; *हामी कक्षा समय, कागजी कार्य, आदानप्रदान तथा प्रतिवेदनमा कडा परिश्रम गर्दैछौं; तर नजिकका संस्थागत विद्यालयहरूले दिइरहेका कुराहरू हामीले दिन सकेका छैनौं* [२]; *विद्यालयमा विभिन्न बाधाहरूका कारण सरकारले दिएका सबै निर्देशन तथा कार्यक्रम कार्यान्वयन गर्न सजिलो छैन* [३]; *शैक्षिक कार्यक्रमहरू राम्रा छन्, तर तिनीहरूलाई विद्यालयको वास्तविक क्षेत्रमा लागु गर्न साँच्चै गाह्रो छ* [४]" मा शिक्षकहरूले उनीहरूको कार्यक्षेत्र तथा अन्य समान कार्यक्षेत्रको तुलना गर्दा उनीहरूमा रहेको भावनात्मक अशान्तिको अन्तर्दृष्टि प्राप्त भएको छ ।

(ख) शिक्षक र अभिभावकहरूले आफू सम्बन्धित विद्यार्थी र विद्यार्थीका परिवारका क्रियाकलापहरूसँग छरछिमेकका विद्यालयहरू र त्यहाँका विद्यार्थी र विद्यार्थीका परिवारहरूको क्रियाकलापहरूको तुलना गरेका छन् र उनीहरूको पारिवारिक पृष्ठभूमिको कारणले गर्दा पछिल्ला समुहका बालबालिकाहरूले आफू सम्बन्धित बालबालिकाहरू भन्दा राम्रो तरिकाले सिकिरहेको महसुस गरेका छन् । उनीहरूले परिवारसँग सम्बन्धित चुनौतीहरूलाई सरकारी पहल मार्फत न्यूनीकरण गर्नुपर्ने

तथा बालबालिकाको पृष्ठभूमि जस्तोसुकै भएपनि सबै बालबालिकालाई समान तवरको शिक्षा प्रदान गर्नुपर्ने अन्तर्दृष्टिको बुझाइ उनीहरूको अभिव्यक्तिबाट विकास भएको छ । शिक्षक र अभिभावकहरूका अभिव्यक्तिहरू *"यस क्षेत्रका धेरै बालबालिका स्कुल बसबाट अन्य विद्यालयमा जाने भएकाले हाम्रा बालबालिकाका लागि पनि स्कुल बस चाहिन्छ* [*१*]; *हाम्रा अधिकांश बालबालिकाको शिक्षामा अभिभावक वा परिवारको सहभागिता कमजोर छ* [*२*]; *हामीसँग शिक्षकको पूरा आपूर्ति रहेको छैन, जनशक्ति र आर्थिक श्रोतको अभावमा खेलकुद तथा अन्य सहपाठ्य क्रियाकलापहरू व्यवस्थापन गर्न पनि कठिनाइ रहेको छ* [*३*]; *नजिकैका निजी विद्यालयमा चाहेको कार्यक्रम निर्बाध रूपमा सञ्चालन हुन सक्छ किनभने तिनीहरू व्यवस्थापन र संसाधनमा लचिलो छन् तर हाम्रोमा सोकको व्यवस्थापनका लागि स्रोतको सीमितता रहेको छ* [*४*]; *हामीले गत वर्ष पनि नगरपालिकालाई स्रोतको लागि अनुरोध गरेका थियौँ तर हालसम्म प्राप्त गरेका छैनौँ* [*५*]; *हामी नगरपालिकाले विद्यार्थी र विद्यालयको सर्वाङ्गीण विकासका लागि आफ्ना कार्यक्रमहरू व्यापक रूपमा विस्तार गरोस् भन्ने चाहन्छौँ* [*६*]" जस्ता अभिव्यक्तिहरूबाट सबै बालबालिकाको शिक्षालाई समान स्तरको बनाउन विद्यालयहरूमा उच्च स्तरको संसाधन परिचालन गरी सरोकारवालाहरूमा रहेको तुलानात्मक प्रभावलाई सम्बोधन गर्नुपर्ने आवश्यकताको बुझाइ प्राप्त भएको छ ।

### (ग) शैक्षिक कार्यक्रमहरूको विस्तार र विविधीकरण

बसाइँसराइको गतिशीलता, सामाजिक गतिशीलता, साक्षरता र अभिभावकको बदलिँदो आकाङ्क्षाका साथसाथै राजनितिक परिप्रेक्ष्यमा आएको परिवर्तनले शिक्षक र अभिभावकमा शैक्षिक कार्यक्रमको विविधीकरणको आवश्यकताको मनोभावना विकास भएको देखिन्छ । शिक्षक तथा अभिभावकहरूको भनाइबाट सबै विद्यालय जाने बालबालिकाहरूले न्युनतम स्तरको समान न्याय पाउन सकुन् भन्ने अभिप्रायले कार्यक्रमगत हस्तक्षेपको दायरा विस्तार गरेर कार्यक्रमहरूलाई विविधीकरण गर्न आवश्यक रहेको अन्तर्दृष्टिको विकास भएको छ । "*यस नगरपालिकाका सबै विद्यालयहरूलाई समान रूपमा कार्यक्रम सहयोग पुऱ्याउन नगरपालिका र सरकारलाई हाम्रो धेरै अनुरोध छ* [*१*]; *एउटै विद्यालयले राम्रो सहयोग पाइरहने हो भने अन्य विद्यालयहरूले यसलाई सकारात्मक रूपमा लिँदैनन्, यो अन्याय हो* [*२*]; *हाम्रो क्षेत्रका प्रत्येक विद्यालयमा समान किसिमका आवश्यकताहरू छन्; विद्यालयहरूलाई पनि समान सहयोगको आवश्यकता छ* [*३*] जस्ता अभिव्यक्तिहरूले सबै बालबालिकाको लागि समान शिक्षाको

आवश्यकता हुनाले कुनै पनि सन्दर्भमा कुनै पनि बालबालिकालाई गुणस्तरीय शिक्षाबाट वञ्चित गर्नु हुँदैन भन्ने अन्तर्दृष्टि प्राप्त भएको छ ।

**(घ) प्रभावी पक्षहरूको नियन्त्रणमा सीमितता**

सरोकारवालाहरूद्वारा व्यक्त रायमार्फत विद्यालय प्रणाली र विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई असर गर्ने विभिन्न प्रभावी पक्षहरूको नियन्त्रण गर्न नगरपालिकाको सक्षमतामा सीमितता रहेको अन्तर्दृष्टिको विकास भएको छ । शिक्षा क्षेत्रलाई प्रभाव पार्ने विभिन्न पक्षहरूमा नगरपालिकाको प्रचलित कानुनको दायराभन्दा बाहिरका अवरोधहरूको कारण नगरपालिकालाई 'निश्चित बिन्दुभन्दा माथि कार्य गर्न गाह्रो हुने वा असम्भव हुने' विषयमा निम्न अवस्थाको भूमिका रहने कुराको अन्तर्दृष्टि प्राप्त भएको छ :

(क) प्रधानाध्यापक र शिक्षकको योग्यता, भर्ना, सरुवा, पुरस्कार र सजायसम्बन्धी नीतिहरू

(ख) अधिकार र सुविधाका लागि वकालत गर्ने शिक्षकहरूको ट्रेड युनियनको शक्ति र शिक्षकको ट्रेड युनियनमा संलग्नता

(ग) सामुदायिक र संस्थागत विद्यालयहरूको स्थापना तथा सञ्चालनमा सन्तुलन र भौगोलिक क्षेत्र विभाजनमा नीतिगत अस्पष्टता

(घ) सामुदायिक विद्यालयहरूमा आधुनिक तथा सिपमूलक शिक्षा र स्थानीय संस्कृति, भाषा, मूल्यमान्यता तथा पहिचानको शिक्षाबिचमा सन्तुलनका लागि नीतिगत अस्पष्टता र अभिभावकको सोचमा विवादित अवस्था

(ङ) संस्थागत विद्यालयहरूको विकास र नियमनमा नगरपालिकाको अधिकार तथा जिम्मेवारी र नगरपालिकाप्रति संस्थागत विद्यालयहरूको जवाफदेहितामा हालसम्म रहेको व्यवहारिक अस्पष्टता

गोदावरी नगरपालिकाको आवधिक शिक्षा योजना (२०८२/८३ -२०८६/८७) को कार्यमा संलग्गन रहँदा हासिल भएका माथि उल्लेखित सैद्धान्तिक अन्तर्दृष्टिले शिक्षा योजना कार्यान्वयनमा सबै पक्षलाई उपयुक्त सैद्धान्तिक सुझबुझको विकास गर्न योगदान पुग्ने छ भन्ने आशा गरिएको छ ।

# अनुसूची-५

# आवधिक शिक्षा योजना तर्जुमा गोष्ठीमा संलग्न विज्ञ सरोकारवाला प्रतिनिधिहरूको नामावाली

| नाम | पद | प्रतिनिधि/ संस्था |
|---|---|---|
| श्री गजेन्द्र महर्जन | नगर प्रमुख | गोदावरी नगरपालिका |
| श्री मुना अधिकारी | नगर उपप्रमुख | गोदावरी नगरपालिका |
| श्री मानबहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत | गोदावरी नगरपालिका |
| श्री शेखर न्यौपाने | सामाजिक विकास समिति संयोजक | गोदावरी नगरपालिका |
| श्री दीनानाथ पन्थी | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | गोदावरी नगरपालिका |
| श्री सुनिता महर्जन | वरिष्ठ विद्यालय निरीक्षक | गोदावरी नगरपालिका |
| श्री पदमबहादुर कुँवर | शिक्षा अधिकृत | गोदावरी नगरपालिका |
| श्री सरोजकुमार के. सी. | प्रधानाध्यापक | किटिनी माध्यमिक विद्यालय |
| श्री शान्ति कुमारी अधिकारी | प्रधानाध्यापक | पथप्रदर्शक माध्यमिक विद्यालय |
| श्री दिलिप नगरकोटी | | उदयखर्क माध्यमिक विद्यालय |
| श्री रविन कार्की | सहायक प्रधानाध्यापक | छम्पीदेवी माध्यमिक विद्यालय |
| श्री रोहित लामा | बालक्लब अध्यक्ष | छम्पीदेवी माध्यमिक विद्यालय |
| श्री सुकुमाया मल्ल | सहायक प्रधानाध्यापक | देउराली आधारभूत विद्यालय |
| श्री विश्वकृष्ण महत | शिक्षक | छोटीडाँडा आधारभूत विद्यालय |
| श्री अक्युट लिम्बू | बालक्लब अध्यक्ष | सिद्धेश्वर आधारभूत विद्यालय |
| श्री सरोज सिल्वाल | शिक्षक | दमाईंटार आधारभूत विद्यालय |
| श्री दिनेश विष्ट | शिक्षक | उदयखर्क माध्यमिक विद्यालय |
| श्री मधु थापा | शिक्षक | सिद्धेश्वर आधारभूत विद्यालय |
| श्री सृष्टि भुलुन | विद्यार्थी | उदयखर्क माध्यमिक विद्यालय |
| श्री निग्मल तामाङ | विद्यार्थी | उदयखर्क माध्यमिक विद्यालय |
| श्री केशव विष्ट | शि.अ.सं. अध्यक्ष | छम्पीदेवी माध्यमिक विद्यालय |
| श्री आत्माराम घिमिरे | शिक्षक | भीमसेन आदर्श माध्यमिक विद्यालय |
| श्री विना नगरकोटी | कार्यपालिका सदस्य | गोदावरी नगरपलिका |

| नाम | पद | प्रतिनिधि/ संस्था |
|---|---|---|
| श्री रामप्रसाद बस्याल | शिक्षक | देवी माध्यमिक विद्यालय |
| श्री अनिश बजगाईँ | विद्यार्थी | देवी माध्यमिक विद्यालय |
| श्री विकास लोप्चन | विद्यार्थी | देवी माध्यमिक विद्यालय |
| श्री प्रेमबहादुर बयलकोटी | अविभावक | सरस्वती माध्यमिक विद्यालय |
| श्री दीपसुजा धिमाल | विद्यार्थी | किटिनी माध्यमिक विद्यालय |
| श्री लबराम के. सी. | सहायक प्रधानाध्यापक | उदयखर्क माध्यमिक विद्यालय |
| श्री अन्जना श्रेष्ठ | शिक्षक | नवज्योति माध्यमिक विद्यालय |
| श्री सरस्वती जिम्बा | विद्यार्थी | नवज्योति माध्यमिक विद्यालय |
| श्री जनार्दन आचार्य | क्याम्पस प्रमुख | किटिनी कलेज |
| श्री नानीराम सन्जेल | शिक्षक | सरस्वती माध्यमिक विद्यालय |
| श्री सावित्री नेपाली | शिक्षक | तुलसादेवी आधारभूत विद्यालय |
| श्री गिरिप्रसाद तिमल्सिना | सहायक प्रधानाध्यापक | बज्रवाराही माध्यमिक विद्यालय |
| श्री प्रकाशमान तामाङ | शि.अ.सं. अध्यक्ष | भीमसेन आदर्श माध्यमिक विद्यालय |
| श्री युनिशा दिम्दुङ तामाङ | विद्यार्थी | भीमसेन आदर्श माध्यमिक विद्यालय |
| श्री तुल्सीराम महर्जन | शिक्षक | ब्रह्मायानी आधारभूत विद्यालय |
| श्री रिकेना पहरी | विद्यार्थी | पथप्रदर्शक माध्यमिक विद्यालय |
| श्री बाबुराम महर्जन | सहायक प्रधानाध्यापक | बुद्ध माध्यमिक विद्यालय |
| श्री सुमित्रा तामाङ | विद्यार्थी | बुद्ध माध्यमिक विद्यालय |
| श्री बृटिशा के. सी. | विद्यार्थी | सरस्वती माध्यमिक विद्यालय |
| श्री विदुर कुँवर | शिक्षक | सरस्वती माध्यमिक विद्यालय |
| श्री उमेश कमार लो तामाङ | वि.व्य.स. अध्यक्ष | दुधेश्वरी आधारभूत विद्यालय |
| श्री ज्ञानेन्द्र महर्जन | वि.व्य.स. अध्यक्ष | वाणी विलास माध्यमिक विद्यालय |
| श्री सानु माया लो | प्रधानाध्यापक | सरस्वती आधारभूत विद्यालय |
| श्री सुजन घिसिङ | शि. अ. सं. अध्यक्ष | बज्रवाराही माध्यमिक विद्यालय |
| श्री सम्पूर्ण महर्जन | शि. अ. सं. अध्यक्ष | वाणीविलास माध्यमिक विद्यालय |
| श्री सुकुराम महर्जन | कार्यालय सहयोगी | गोदावरी नगरपालिका |
| श्री गणेशबहादुर नगरकोटी | शि. अ. सं. अध्यक्ष | सरस्वती आधारभूत विद्यालय |
| श्री रोशन दाहाल | शिक्षक | सरस्वती माध्यमिक विद्यालय |
| श्री विश्वास चेपाङ | विद्यार्थी | सरस्वती माध्यमिक विद्यालय |

| नाम | पद | प्रतिनिधि/ संस्था |
|---|---|---|
| श्री कर्ण तामाङ | वि.व्य.स. अध्यक्ष | तुलसादेवी आधारभूत विद्यालय |
| श्री सुधन श्रेष्ठ | वि.व्य.स. अध्यक्ष | फुल्चोकी माध्यमिक विद्यालय |
| श्री नवराज सञ्जेल | शिक्षक | फुल्चोकी माध्यमिक विद्यालय |
| श्री उमा विशुङ्के | व्यवस्थापक | गोदावरी अनौपचारिक विद्यालय |
| श्री लक्ष्मी कार्की | व्यवस्थापक | गोदावरी अनौपचारिक विद्यालय |
| श्री प्रवीणप्रकाश श्रेष्ठ | प्रधानाध्यापक | वाणीविलास माध्यमिक विद्यालय |
| श्री प्रेमपति जोशी | प्रधानाध्यापक | बुद्ध माध्यमिक विद्यालय |
| श्री राजकुमार योन्जन | प्रधानाध्यापक | सोमाङ एकेडेमी |
| श्री सुवर्णराज के. सी. | सहायक प्रधानाध्यापक | सेन्ट जेभियर्स स्कुल |
| श्री पविन थापा | प्रधानाध्यापक | बालमैत्री प्रतिष्ठान |
| श्री जलकृष्ण सिंह | संस्थापक | सन्तानेश्वर विद्या मन्दिर |
| श्री रामेश्वर देशार | प्रधानाध्यापक | ज्योतिदय सहकारी माध्यमिक विद्यालय |
| श्री कृष्णहरि महर्जन | सञ्चालक | नेवा इङ्लिस स्कुल |
| श्री कृष्णहरि महर्जन | निर्देशक | नेवा इङ्लिस स्कुल |
| श्री खामसुम लोप्ची | | |
| श्री लखन बेसरा सतार | कार्यालय सहायक | सेन्ट जेभियर्स स्कुल |
| श्री हिराकाजी डंगोल | प्रधानाध्यापक | इन्द्रेणी सेकेन्डरी इङ्लिस स्कुल |
| श्री दीपक महर्जन | प्रधानाध्यापक | साङ्ग्रिला स्कुल |